# परिच्छेद – एक
# परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोध शीर्षक 'नेकपा (मसाल) को सङ्क्षिप्त इतिहास' रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र, सङ्काय अन्तर्गत इतिहास केन्द्रीय विभागको स्नातकोत्तर इतिहास विषयको दशौँ पत्र प्रयोजनार्थका लागि हो ।

## १.३ विषय परिचय

नेकपा (मसाल) नेपालको विभाजित कम्युनिष्ट आन्दोलनको एउटा मार्क्सवादी लेनिनवादी शक्ति हो । नेकपा (मसाल) को मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ विचारधारालाई पथप्रदर्शक सिद्धान्त मानेको छ । पार्टीको लक्ष्य र उद्देश्य दीर्घकालीन सशस्त्र संघर्षद्वारा विद्यमान अर्धसामन्ती-अर्ध उपनिवेश अवस्थालाई समाप्त गरी नयाँ जनवाद, समाजवाद, साम्यवादको स्थापना घोषणा गरिएको छ । देशको वस्तुगत परिस्थितिलाई विश्लेषण गर्दै नेकपा (मसाल) ले कार्यनीति र रणनीति तय गर्दै आएको छ । तत्कालीन परिस्थितिमा जनसंघर्षलाई संघर्षको प्रधान रुप बताएको छ ।

नेकपा (मसाल) ले आफ्नो इतिहासलाई नेकपाको स्थापनाको इतिहाससँग जोडेको छ । नेकपाको स्थापना २२ अप्रिल सन् १९४९ मा लेनिनको जन्म दिवसको आधारमा कलकत्तामा भएको थियो । पुष्पलाल संस्थापक महासचिव रहेको सो पार्टीको संस्थापक सदस्यहरुमा नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य र नारायण विलास यादव थिए । सन् १९५१ मा राणा शासनको अन्त भए पश्चात् नेकपाको संगठन र प्रभावमा व्यापकमा आयो । नेकपाको प्रथम महाधिवेशन सन् १९५४ मा सम्पन्न भयो । जसको महासचिव मनमोहन अधिकारी चुनिए ।

सन् १९५७ दोस्रो महाधिवेशन, सन् १९६२ मा तेस्रो महाधिवेशन सम्पन्न भए । सन् १९६२ तेस्रो महाधिवेशनमा पार्टीमा विभाजन भयो । सन् १९७१ मा मोहन विक्रम सिंहको नेतृत्वमा केन्द्रीय न्युक्लियस गठन गरियो । जसको पहलमा सन् १९७४ मा चौथो महाधिवेशन भयो । जसले पार्टीको नाम नेकपा (चौथो महाधिवेशन) ठहर गऱ्यो ।

सन् १९८३ मा चौथो महाधिवेशनमा विभाजन भएपछि सन् १९८३ को तेस्रो राष्ट्रिय सम्मेलनले नेकपाको पछाडि 'मसाल' जोड्ने निर्णय गरेको थियो । सन् १९८५ मा भएको पाँचौं महाधिवेशनमा पुनः फुट र विभाजन देखा परेको थियो । त्यसपछि नेकपा (मशाल) र नेकपा (मसाल) देखा परेका थिए । नेकपा (मशाल), नेकपा (एकता केन्द्र) हुँदै नेकपा ( माओवादी) मा परिणत भएको छ । नेकपा (मसाल) ले राजतन्त्र र भारतीय विस्तारवादसँग प्रधान अन्तर्विरोध रहेको बताएको छ । जसका विरुद्धमा सम्झौताहीन संघर्ष समेत गरेको छ । नेकपा (मसाल) ले सन् १९९० को जनआन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । सन् १९९१ मा संसदीय चुनाव बहिष्कार गऱ्यो । सार्वभौम सत्ता जनतामा हस्तान्तरणको लागि संविधान सभाको माग गऱ्यो । देशको विद्यमान आर्थिक/सामाजिक संरचनामा आमूल परिवर्तन गर्ने तथा नयाँ जनवाद, समाजवाद, साम्यवाद स्थापना गर्ने उद्देश्यले क्रियाशील रहेको नेकपा (मसाल) ले देशको तत्कालीन राजनीतिमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यस पार्टीको सन् १९९६ मा छैठौं र सन् २००६ मा सातौं महाधिवेशन सम्पन्न भइसकेका छन् । यस शोधपत्रको उद्देश्य नेकपा (मसाल) को नेपालको कम्युनिष्ट आन्दोलन, राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा निर्वाह गरेको भूमिका, नेकपा (मसाल) को उद्देश्य, लक्ष्य र सांगठनिक स्वरुपको विषयमा केन्द्रित रहनु हुनेछ ।

## १.४ समस्या कथन

नेकपा (मसाल) को भूमिका, इतिहासको विषयमा विभिन्न रुपमा पुस्तक, पत्रपत्रिका, टिकाटिप्पणी, लेख, समाचार तयार गरिने भए पनि त्यसको समष्टिगत, सूक्ष्म अध्ययन/अनुसन्धान गर्ने कार्य अधुरो रहेको हुँदा यो शोधकार्यलाई बढाइएको हो । नेपालमा कम्युनिष्ट आन्दोलनसँग सम्बन्धित सामग्रीको अभाव छ । खास गरेर नेपालको कम्युनिष्ट आन्दोलनसँग जोडिएका महत्वपूर्ण पाटोलाई अझै पनि प्रकाश ल्याउन सकिएको छैन । यस सन्दर्भमा नेकपा (मसाल) को इतिहास, यस पार्टीको रणनीति, कार्यनीति, पार्टीले राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका प्रश्नमा सञ्चालन गरेको आन्दोलन, किसान आन्दोलनको

विषयमा अध्ययन अनुसन्धानको आवश्यकता खड्किएको छ । यस शोधकार्यसँग जोडिएका प्रश्नहरुमा अन्य समस्या निम्नलिखित छन् :–

क) नेकपा (मसाल) को इतिहासको निरुपण र संश्लेषण हुन सकेको छैन ।

ख) नेकपा (मसाल) मा विचारधारात्मक संघर्ष विकासको इतिहास कस्तो छ ?

ग) नेकपा (मसाल) मा बेलाबेला हुने गरेका फुट र विभाजनको स्थिति कस्तो छ ?

## १.५ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रमा नेकपा (मसाल) को इतिहासको विषयमा प्रकाश पार्ने कार्य गरिनेछ । मुख्यतः नेकपाको स्थापना, उदय र विकास, फुट र विभाजन, अन्तसंघर्ष, नेपालको कम्युनिष्ट आन्दोलनमा नेकपा (मसाल) को भूमिका, राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोनलमा यो पार्टीको भूमिकाको विषयमा अध्ययन/अनुसन्धान गर्नु यस शोधपत्रको उद्देश्य रहने छ । यसको मुख्य उद्देश्यसँग अन्य निम्न उद्देश्य गरिएका छन् :-

1_ नेकपा (मसाल) को इतिहासलाई संक्षिप्त रुपमा प्रस्तुत गर्नु ।

2_ नेकपा (मसाल) को उद्देश्य र लक्ष्यको विषयमा अध्ययन गर्नु ।

3_ नेकपा (मसाल) को फुट र विभाजनका पछाडि कारण सहित विश्लेषण गर्नु ।

## १.६ पूर्व कार्य समीक्षा

नेपाली कम्युनिष्ट आन्दोलनको विषयमा इतिहासकार, पत्रकार, विदेशी लेखकहरुले अध्ययन अनुसन्धान गरेका छन् । नेकपा (मसाल) को संक्षिप्त इतिहासको यो शोधपत्र तयारी गर्नको लागि गरिएको पूर्वकार्य समीक्षा निम्नरुपमा गरिएको छ ।

**1_ पार्टी इतिहास सम्बन्धी प्रस्ताव आश्विन ५०, नेकपा (मसाल), केन्द्रीय कार्यालय**

प्रस्तुत पुस्तिकामा पार्टीको इतिहासको विषयमा सामान्य चर्चा गरिनेछ । नेपालको कम्युनिष्ट आन्दोलनका महत्वपूर्ण घटनाक्रम, अन्तरसंघर्ष, पार्टी इतिहासको तयारी गर्ने विषयमा चर्चा गरिएको छ । नेकपा (मसाल) को संक्षिप्त इतिहासको शोधपत्रको लागि यो पुस्तिका महत्वपूर्ण छ ।

2. **डा. सुरेन्द्र के.सी., नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास (भाग १) वैशाख २०५६, काठमाडौं : विद्यार्थी पुस्तक सदन**

कम्युनिष्ट आन्दोलनमा विद्यावारिधि गरेका डा. सुरेन्द्र के.सी. ले उपरोक्त पुस्तिका नै त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र सङ्कायअन्तर्गत इतिहास केन्द्रीय विभागको विद्यावारिधिको उपाधिको प्रयोजनको लागि तयार गरेका हुन् । पुस्तिकामा नेपालको कम्युनिष्ट आन्दोलन सन् १९४९ देखि सन् २०६२ सम्मको सूक्ष्म, गहन अध्ययन गरिएको छ ।

3. **डा. सुरेन्द्र के.सी., नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास (भाग २) वि.सं. २०६०, काठमाडौं : विद्यार्थी पुस्तक सदन**

डा. सुरेन्द्र के.सी. को नेपालको कम्युनिष्ट आन्दोलन सम्बन्धी अर्को कृति हो उपरोक्त पुस्तक । पुस्तकमा नेकपा (मसाल) को विषय पनि प्रकाश हालिएको छ ।

4. **रातो तरवार दस्तावेज विशेशाङ्क वि.सं. २०५९ श्रावण, नेकपा (मसाल), केन्द्रीय कार्यालय**

नेकपा (मसाल) को मुखपत्र 'रातो तलवार' दस्तावेज विशेषाङ्कमा पार्टी दस्तावेज, घोषणा पत्र, प्रतिवेदन आदि छन् । नेकपा (मसाल) को इतिहासको अध्ययनको लागि उपरोक्त पुस्तिकाको महत्वपूर्ण भूमिका हुने देखिन्छ ।

5. **मोहनविक्रम सिंह, चार दशक (भाग १) वि.सं. २०४९, गोरखपुर : विमल शर्मा, जनसाहित्य प्रकाशन**

यो पुस्तिका नेकपा (मसाल) को इतिहास राजनीतिसँग जोडिएको सामग्री हो । अध्ययन/अनुसन्धानको लागि उपयुक्त हुन सक्दछ । पुस्तकमा नेपालको कम्युनिष्ट आन्दोलन, विश्व कम्युनिष्ट आन्दोलनको विषयमा कयौं लेख सामग्रीहरु रहेका छन् ।

६_ **मोहन विक्रम सिंह, चार दशक (भाग २) वि.सं. २०४६, (गोरखपुर : विमल शर्मा, जनसाहित्य प्रकाशन**

चार दशक भाग २ मा नेकपाको इतिहाससँग जोडिएका कयौँ सामग्री सहितका लेखहरु प्रकाशन गरिएका छन् । लेखक स्वयम् नेकपा (मसाल) को महामन्त्री भएको कारणले सो पुस्तिकामा प्रकाशित लेख/रचना इतिहाससँग मेल खाने आधिकारिकताको पुष्टि गर्दछ ।

७_ **मोहन विक्रम सिंह द्वितीय महाधिवेशन देखि दरभङ्गा प्लेनमसम्म, वि.सं. २०४७ गोरखपुर, जनशिक्षा गृह**

प्रस्तुत कृतिले लेखकद्वारा पार्टीको प्रस्तावित तेस्रो महाधिवेशनमा प्रस्तुत गरिएको थियो । त्यसमा नेकपा भित्रको अन्तर संघर्षमा उल्लेख गरिएको छ ।

८_ **मोहन विक्रम सिंह, माओवादी कथित जनयुद्ध र रिम वि.सं. २०६० : जनशिक्षा प्रकाशन गृह**

यो पुस्तिकामा नेकपा (मसाल) को माओवादी "जनयुद्ध" सँग आलोचनात्मक टिप्पणी, रिम (अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन) सँग नेकपा (मसाल) को दुई लाइन संघर्षको बारेमा प्रकाश पारिएको छ । पुस्तिकामा उल्लेख गरिएका सामग्रीहरु शोधपत्रको लागि उपयुक्त छन् ।

९_ **सम्झनाको तरेलीमा क. निर्मल लामा वि.सं. २०५८ : क. निर्मल लामा संकलित रचना तथा स्मारिका प्रकाशन समिति, काठमाडौँ**

नेकपा (चौथो महाधिवेशन) का महासचिव समेत रहनुभएका निर्मल लामा सित सम्बन्धित नेपालका वरिष्ठ लेखक, साहित्यकार र नेताहरुको संस्मरण रहेको सो पुस्तिका इतिहासको अध्ययनको लागि उपयुक्त सामग्री बन्न पुगेको छ ।

## १.७ शोधपत्रका औचित्य, महत्व र उपयोगिता

प्रस्तावित शोधपत्रको अध्ययनले नेकपा (मसाल) को इतिहासको विषयमा प्रष्ट पार्ने छ । नेपाल (मसाल) को नेपालको कम्युनिष्ट आन्दोलन, लोकतान्त्रिक आन्दोलनमा रहेको भूमिकाको विषयमा समेत प्रष्ट पार्ने हुँदा यसको औचित्य, महत्व र उपयोगिता प्रष्ट छ ।

## १.८ शोधपत्रको सीमाङ्कन

नेकपा (मसाल) को इतिहास राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थिति तथा विश्व कम्युनिष्ट आन्दोलन, नेपालको कम्युनिष्ट आन्दोलनसँग घनिष्ट रुपमा जोडिएको छ । तथापि यस शोधपत्रमा सन् १९७४ को चौथो महाधिवेशन देखि नेकपा (मसाल) को सन् २००६ को सातौं महाधिवेशन सम्मलाई लिइनेछ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तावित शोधपत्रको लागि आवश्यक सामग्री विधिमा विशेषतः पुस्तकालीय विधि प्रयोग गरिनेछ । यस बाहेक नेकपा (मसाल) का नेताका प्रकाशित अन्तर्वार्तालाई पनि प्रयोग गरिनेछ ।

## १.१० शोधपत्रको रुपरेखा

शोधपत्रलाई स्पष्ट, सुव्यवस्थित एवम् सुसंगठित पार्नको लागि विषयवस्तु अनुसार परिच्छेद र शीर्षकहरु दिइएको छ ।

पहिलो परिच्छेद : परिचय

दोस्रो परिच्छेद : नेपालको कम्युनिष्ट आन्दोलनको ऐतिहासिक पृष्ठभूमि

तेस्रो परिच्छेद : नेपालको कम्युनिष्ट आन्दोलनमा चौथो महाधिवेशन

चौथो परिच्छेद : नेकपा (मसाल) को सङ्क्षिप्त परिचय

पाँचौं परिच्छेद : नेकपा (मसाल) को उदय र पाँचौं महाधिवेशन

छैठौं परिच्छेद : २०४६ को जनआन्दोलन र नेकपा (मसाल

सातौं परिच्छेद : २०४८ को संसदीय चुनावको बहिष्कार र त्यस पश्चात्को एक दशकको मूल्याङ्कन

आठौं परिच्छेद : २०६२/०६३ को जनआन्दोलन र नेकपा (मसाल) को सातौं महाधिवेशनको पृष्ठभूमि

नवौं परिच्छेद : उपसंहार

# परिच्छेद – दुई

# नेपालमा कम्युनिष्ट आन्दोलनको ऐतिहासिक पृष्ठभूमि

## २.१ विश्व कम्युनिष्ट आन्दोलनको पृष्ठभूमि

सन् १८४८ मा कम्युनिष्ट पार्टीको घोषणापत्र प्रकाशित हुनुभन्दा पूर्व मजदुर आन्दोलन र समाजवादको विकास फरक फरक किसिमले भइरहेको थियो । इङ्गल्याण्ड, फ्रान्स, स्पेन, स्वीजरल्याण्ड, जर्मनी र अमेरिकालगायतका देशहरूमा ठूला-ठूला मजदुर आन्दोलनको विकास भइरहेको थियो । यी मजदुर आन्दोलनहरूले समाजवादी विचारधाराको बहसलाई पनि अगाडि ल्यायो । रबर्ट ओवेन, एच सेन्ट साइमन, फुरिये, क्योवेट लगायतका काल्पनिक समाजवादीहरूले समाजवादी विचारधाराको बहसलाई अगाडि बढाए । जुन काल्पनिक समाजवादी विचारधाराका प्रवर्तकहरू थिए । युटोपियन (Utopian) समाजवादीहरू सबैभन्दा न्यायसंगत प्रणाली अर्थात् समाजवाद् र कम्युनिज्मको विषयमा कल्पना गर्दथे । तर उनीहरूको विचारले समाजको क्रमिक विकासका नियम र पूँजीवादी दासताबाट मुक्ति पाउने मार्ग प्रस्तुत गर्न सकेको थिएन । यद्यपि उनीहरूको विचारले निर्ममतापूर्वक पूँजीवादको आलोचना भने गर्दथ्यो ।

मार्क्स ऐंगेल्सले पहिलो पटक काल्पनिक समाजवादलाई कल्पनाबाट बाहिर निकालेर वैज्ञानिक समाजवादमा परिणत गरे । एउटा युटोपियन सङ्गठनले सम्पूर्ण मानव जाति भाइबन्धुको मानवतावादी नारा प्रचलनमा ल्याएको थियो । सन् १८४७ मा मार्क्स र ऐंगेल्सले पहिलो अन्तर्राष्ट्रिय सर्वहारा सङ्गठन कम्युनिष्ट लीगको स्थापना गरे । जसले युटोपियन सङ्गठनको सम्पूर्ण मानव जाति भाइबन्धुको नारालाई "विश्वका मजदुर एक हौं" मा परिणत गऱ्यो ।[1] सन् १८४७ मा लण्डन सम्पन्न कम्युनिष्ट लीगको दोस्रो कांग्रेस सम्पन्न भयो । जसमा विभन्नि राष्ट्रका कम्युनिष्टहरूले भाग लिएका थिए । कांग्रेसले मार्क्स र एंगेल्सलाई कम्युनिष्ट पार्टीको घोषणा पत्र तयार गर्ने जिम्मा सुम्पयो । जुन सन् १८४८ को प्रारम्भमा जर्मनी भाषामा प्रकाशित भयो । त्यसपछि अंग्रेजी, फ्रोन्सीसी, इटली, फ्लोरिश र

---

[1] अ.ज. मानेफ्रेद, *संक्षिप्त विश्व इतिहास* (हिन्दी संस्करण), सन् १९८०, मास्को : प्रगति प्रकाशन, पृ. ४६७ ।

डेनिश भाषामा प्रकाशन भयो । अहिले कम्युनिष्ट पार्टीको घोषणा पत्र विश्वका धेरैजसो भाषामा अनुवाद भइसकेको छ । मार्क्स र एंगेल्सले तयार पारेको कम्युनिष्ट पार्टीको घोषणापत्रले मजदुर आन्दोलन र समाजवादलाई एकीकृत गऱ्यो । अहिलेसम्मको मानव जातिको लिपिबद्ध इतिहास वर्गसङ्घर्षको इतिहास हो । सारमा उत्पीडक र उत्पीडित वर्ग निरन्तर एक अर्काको विरोध गर्दै आइरहेका छन् । प्रकट/अप्रकट रूपमा एक अर्कासँग लड्दै आइरहेका छन् । जसको लडाइको अन्त प्रत्येक पटक सम्पूर्ण समाजको पुनर्गठन वा सङ्घर्षरत वर्गको बर्बादीमा भइरहेको घोषणा पत्रमा उल्लेख गरियो ।[२] मार्क्स र ऐंगेल्सले कुन कुराको घोषणा गरे भने जुन हतियारले पूँजीपतिवर्गले सामन्तवादको अन्त गऱ्यो त्यही हतियार अब पूँजीपति वर्गको विरुद्धमा खडा भएको छ । पूँजीपति वर्गले ती हतियारहरूलाई प्रयोग गर्ने सर्वहारा वर्ग पनि उत्पन्न गरेका छन् । आधुनिक उद्योगको विकासले बुर्जआवर्गको खुट्टामुनिको जमीनलाई पर घचेटिदिने छ, जसको आधारमा नै पूँजीपति वर्ग सर्वदा आफ्नो खाल्डो खन्नेहरूलाई नै उत्पन्न गर्दछ । उसको पतन र सर्वहारा वर्गको विजय दुवै समान रूपले अनिवार्य छ ।[३] मार्क्स र एगेल्सले तयार गरेको कम्युनिष्ट पार्टीको घोषणा पत्रले वैज्ञानिक समाजवाद, साम्यवादका आधारभूत सिद्धान्तको प्रतिपादन गरेर मानव जातिको इतिहासमा नयाँ युगको सूत्रपात गऱ्यो । लेनिनका अनुसार यो लघुपुस्तिका पूरा खण्डहरू बराबर छ । आजसम्म त्यसको आत्माले सम्पूर्ण संगठित र सङ्घर्षरत सर्वहारा वर्गलाई प्रेरित र मार्ग निर्देशित गर्दछ ।[४]

सन् १८६४ मा मार्क्स र एगेल्सले विश्वको मजदुर आन्दोलनलाई संगठित गर्नको निम्ति पहिलो अन्तर्राष्ट्रिय "अन्तर्राष्ट्रिय मजदुर जनताको संघ" (The International Working Men's Association) को स्थापना गरे । जसलाई "पहिलो अन्तर्राष्ट्रिय" पनि भनिन्छ । मार्क्स र ऐंगेल्सले 'कम्युनिष्ट पार्टीको घोषणा पत्र' कम्युनष्टि लिगको निम्ति तयार गरेका थिए । जुन पहिलो अन्तर्राष्ट्रियको प्रारम्भ थियो । पहिलो अन्तर्राष्ट्रियमा मार्क्स र

---

२ मार्क्स, एंगेल्स, *कम्युनिष्ट पार्टीको घोषणापत्र* (हिन्दी संस्करण), सन् १९६०, मास्को : प्रगति प्रकाशन, पृ. ३५, ३६ ।

३ *ऐजन* ।

४ ये.फ. बोरीसोब (सम्पा.) *समाज विज्ञान प्रवेशिका* (भाग २), सन् १९८७, मास्को : प्रगति प्रकाशन, पृ. १४ ।

एंगेल्सले वाकुनिनवादी, प्रुधोवादी, ब्लाकींवादी र लासलवादी विरुद्ध विचारधारात्मक सङ्घर्ष गरे । सबैभन्दा पेचिलो सङ्घर्ष वा कुनिनवादीहरूसँग हुन गयो ।[5]

प्रुधोवादी र लावादीहरू दक्षिणपन्थी अवसरवाद तथा सुधारवाद, ब्लाकींवादी र वाकुनिनवादी उग्र वामपन्थ तथा अराजकतावादको प्रतिनिधित्व गर्दथे । पहिलो अन्तर्राष्ट्रियमा सुधारवाद र अराजकतावादका विरुद्धमा दुई लाइनको सङ्घर्ष कठोर रूपमा चलेको थियो । यी दुवै किसिमका अवसरवादको विरुद्धको सैद्धान्तिक र विचार धारात्मक सङ्घर्षको बीचबाट क्रान्तिकारी मार्क्सवादको विकास भयो । सन् १८७२ मा पहिलो अन्तर्राष्ट्रियबाट फुटपरस्त गतिविधिमा लागेका वाकुनिनवादीहरूलाई निष्कासन गरियो । सन् १८७६ मा पहिलो अन्तर्राष्ट्रियको विघटनको घोषणा गरियो । मार्क्सले "सिद्धान्तमा कुनै सम्झौता गर्न सकिँदैन" भन्ने घोषणा गरे ।[6]

"पहिलो अन्तर्राष्ट्रिय" ले ती मजदुर आन्दोलनहरूको नेतृत्वदायी भूमिका निभायो । पहिलो अन्तर्राष्ट्रियको समयावधिमा सन् १८७१ मा पेरिसका मजदुरहरूले विश्वको पहिलो सर्वहारा राज्यको स्थापना गरेका थिए । पेरिस कम्युन फ्रांसीसी सर्वहारावर्गको क्रान्तिकारी प्रदर्शन, विश्व इतिहासमा पहिलो सर्वहारा क्रान्ति र मजदुरवर्गको पहिलो सरकार थियो । पेरिस कम्युन ७२ दिन मात्र टिक्न सक्यो । पेरिस कम्युनको स्थापना र रक्षार्थ २७ हजार फ्रान्सका मजदुरहरूले बलिदान दिए ।

मार्क्स, एगेल्सले पेरिस कम्युनका अनुभवहरूको गहन विश्लेषण गर्नुभयो । भविष्यका अन्य क्रान्तिहरूलाई असफलताबाट जोगाउन तथा प्रतिक्रान्तिलाई परास्त गर्न र 'पेरिस कम्युन' का अनुभवहरूले मद्दत पुऱ्यायो । मार्क्सले लेखेका छन् – "पूँजीवाद र कम्युनिष्ट समाजको बीचमा एक अर्कामा क्रान्तिकारी रूपान्तरणको समय छ । यसको समवर्ती एक

---

[5] *महान् बहस,* (लेखक/सम्पा. नभएको) (हिन्दी संस्करण), सन् १९९८, मुजफ्फरनगर (उ.प्र.) : अन्तर्राष्ट्रिय प्रकाशन, पृ. २९७ ।

[6] *ऐजन,* पृ. २३७ ।

राजनीतिक संक्रमणकाल पनि छ, जसमा राज्य सर्वहाराको क्रान्तिकारी अधिनायकत्व बाहेक केही हुन सक्दैन ।"[7]

पेरिस कम्युनको अनुभवबाट के स्पष्ट भयो भने सर्वहारा क्रान्ति त्यसबेलासम्म सफलतापूर्वक सम्पन्न गर्न सकिँदैन, जबसम्म वैज्ञानिक कम्युनिज्मको सिद्धान्तबाट निर्देशित आम सर्वहारा पार्टी त्यसको नेतृत्व नगरोस् । त्यसकारण प्रत्येक देशमा यस किसिमका पार्टीहरूको स्थापना आधारभूत महत्वको कार्य बन्न सक्यो ।

"पेरिस कम्युन" को असफलताबाट क्रान्तिकारी मजदुर आन्दोलनमा निराशा देखा परे पनि केही वर्षपश्चात् मजदुर आन्दोलन तीव्र रूपमा विकास हुन थाल्यो । रुस, अमेरिका, स्पेन, फ्रान्स, अष्ट्रिया, स्वीडेन, इटली, स्वीजरलैण्ड, जापान, चीनमा सामाजिक जनवादी पार्टीहरू गठन भएका थिए । 'दोस्रो अन्तर्राष्ट्रिय' को गठन हुनुभन्दा पूर्व जर्मनीको सामाजिक जनवादी पार्टीले विश्वको मजदुर आन्दोलनको नेतृत्वदायी भूमिका खेलेको देखिन्छ ।

सन् १८८९ जुलाई मा फ्रान्सको राजधानी पेरिसमा २० देशका कम्युनिष्ट पार्टीका प्रतिनिधि भेला भए र एंगेल्सको नेतृत्वमा 'दोस्रो अन्तर्राष्ट्रिय' गठन भयो । 'दोस्रो अन्तर्राष्ट्रिय'मा कार्ल काउत्सकी, बेबल, वर्नस्टिन, क्लरा, जेहकिल, प्लेखानोव, विलहेम, लित्कनख्त आदि नेता थिए । 'दोस्रो अन्तर्राष्ट्रिय' काल विश्वको मजदुर आन्दोलन दुई भागमा विभाजन भयो । एक, क्रान्तिकारी मार्क्सवाद र अर्को छद्म मार्क्सीय अवसरवाद ।[8]

एंगेल्सले छद्म मार्क्सवादी (दक्षिणपन्थी अवसरवाद) का विरुद्धमा निर्ममतापूर्वक सङ्घर्ष सञ्चालन गरे । उनले पूँजीवादको शान्तिपूर्ण तरिकाले समाजवादमा संक्रमण गर्ने छदम मार्क्सवादी तर्कको जबर्दस्त खण्डन गरे । सन् १८९५ मा एंगेल्सको मृत्युपश्चात् 'दोस्रो अन्तर्राष्ट्रिय' मा मार्क्सवादलाई खुला रूपमा तोड/मरोड गर्ने प्रवृत्ति देखा पऱ्यो । 'दोस्रो अन्तर्राष्ट्रिय' मा छद्म मार्क्सवादीहरूको हालीमुहाली कायम भयो । 'दोस्रो अन्तर्राष्ट्रिय' का नेता काउत्सकी, वर्नस्टीनले मार्क्सवाद पुरानो भएकोले त्यसको थप

---

[7] कार्ल मार्क्स, "गोथा कार्यक्रमको आलोचना", *मार्क्स, एंगेल्स संकलित रचना* (भाग १), सन् १९७८, मास्को : प्रगति प्रकाशन, पृ. २७ ।

[8] *महान् बहस, पूर्ववत्* पा.टि.सं. ५, पृ. २३८ ।

व्याख्या, विश्लेषण गर्नु पर्ने तर्क पेश गरे । रुसी सामाजिक जनवादी पार्टी र लेनिनले 'दोस्रो अन्तर्राष्ट्रिय' मा दक्षिणपन्थी अवसरवादका विरुद्धमा सङ्घर्ष गरेर मार्क्सवादको रक्षा र विकास गरे ।

रुसी सामाजिक जनवादी पार्टीमा बोल्शेविक र मेन्शिविक गरी दुई किसिमका समूह देखा परे । लेनिनले 'दोस्रो अन्तर्राष्ट्रिय' कालमा भएको पूँजीवादको शान्तिपूर्ण विकास, पूँजीवादको सकेन्द्रीकरणका प्रवृत्तिको विश्लेषण गरेर पूँजीवादले चरम रूपमा विकास गरेर सामाज्यवादको स्वरूप ग्रहण गरेको बताए । उनले 'साम्राज्यवाद पूँजीवादको चरम अवस्था' नामको कृति तयार गरे ।

'दोस्रो अन्तर्राष्ट्रिय' मा सर्वहारा अन्तर्राष्ट्रियवादलाई अगाडि बढाउने प्रयत्न गरियो । तर 'दोस्रो अन्तर्राष्ट्रिय' मा सहभागी अन्य पार्टीले सर्वहारा अन्तर्राष्ट्रियवादसँग गद्दारी गरेका थिए । उनीहरू आफ्नो देशका सरकारलाई समर्थन गर्न पुगे । जसमा सबैभन्दा अगाडि जर्मन सामाजिक जनवादी पार्टी नै देखा पऱ्यो । सन् ४ अगस्त १९१४ मा 'दोस्रो अन्तर्राष्ट्रिय' मा सबैभन्दा ठूलो शक्तिशाली पार्टी, जर्मन सामाजिक, जनवादी पार्टीले आफ्नो पहिलेको निर्णय विपरीत संसदमा सरकारलाई युद्धको निम्ति ऋण दिन पक्षमा मतदान गऱ्यो । फ्रान्स, बेल्जियम, अष्ट्रियाका पार्टीहरूले पनि त्यही बाटो समाते । रुसका मेन्सेविकहरुले पनि यही निर्णय गरेका थिए । सन् १९१४ मा पूँजी र श्रमबीचको अन्तर्विरोध, पूँजीको चरम विकास, अति उत्पादनको संकट, विश्व बजारको विभाजन आदि कारणले प्रथम विश्वयुद्धको सुरुवात भयो । प्रथम विश्वयुद्धमा रुसको सामाजिक जनवादी पार्टी (बोल्शेविक) बाहेक अन्यले आफ्ना सरकारको समर्थन गरे । जुन 'दोस्रो अन्तर्राष्ट्रिय' को पतनको कारण बन्यो ।[९]

रुसको सामाजिक जनवादी पार्टी (वोल्शेविक) पक्षले रुसको दुमा (संसद) मा विश्वयुद्धको विरुद्धमा विचार व्यक्त गऱ्यो । सन् १९१४ मा उसले युद्धको अवस्थामा "क्रान्तिकारी कार्यभार" को एउटा नयाँ कार्यक्रम प्रस्तुत गऱ्यो । लेनिनले भविष्यमा युद्धका संकटहरू असम्भव बनाउनको निम्ति साम्राज्यवादको तख्ता पल्टाउनु पर्दछ भन्ने कुरामा जोड दिए । उनले साम्राज्यवादी युद्धलाई गृहयुद्धमा परिणत गर्नु पर्ने बताए ।

[९] अ.ज. मानफ्रेद, *पूर्ववत्,* पा.टि.सं. १, पृ. ६५० ।

वोल्शेविकहरूको सक्रियता र उत्साहमा सन् १९१७ मा फरवरी क्रान्ति सम्पन्न भयो । रुसमा निकोलस द्वितीयको शासन समाप्त भयो । केरेन्सकीको नेतृत्वमा संयुक्त अस्थायी सरकारको स्थापना भयो । रुसी सामाजिक जनवादी पार्टीको छैठौँ महाधिवेशन अगस्त सन् १९१७ मा सम्पन्न भयो । छैठौँ महाधिवेशनले लेनिनको 'रुसमा समाजवादको विजय सम्भव छ' भन्ने रणनीतिमा जोड दिँदै शसस्त्र विद्रोहको रणनीति अख्तियार गऱ्यो । सन् १९१७ मा बोल्शेविकहरूको नेतृत्वमा रुसमा महान् समाजवादी अक्टुबर क्रान्ति सम्पन्न भयो । जसलाई 'वोल्शेविक क्रान्ति' भनिन्छ । वोल्शेविक क्रान्तिले रुसमा समाजवादलाई अगाडि बढायो । रुसका उद्योगधन्दा राष्ट्रियकरण गरिए । किसानहरूलाई शोषणबाट मुक्त गरियो । वोल्शेविकहरूले लेनिनको अध्यक्षतामा मन्त्रीमण्डल गठन गरे । रुसमा सर्वहारावर्गको अधिनायकत्वको आधारमा किसान र मजदुरको समाजवादी सरकारको स्थापना भयो । रुसी क्रान्तिले विश्वमा पहिलो पटक मार्क्सवादी सिद्धान्तलाई व्यावहारिक रूप दियो । सन् १७८९ को फ्रेन्च क्रान्तिले राजतन्त्रको अन्त गरेर स्वतन्त्रता, समानता र बन्धुत्वको सिद्धान्त स्थापना गरेको थियो । तर व्यक्तिगत स्वतन्त्रता मजदुरको आर्थिक स्वतन्त्रतासँग सम्बन्ध राख्दैन थियो । मजदुर श्रम बेच्नको निम्ति स्वतन्त्र थिए पूँजीपतिले दिएको दाममा । यो वर्गीय अन्तर्विरोध नै समाजवादी आन्दोलनको जग थियो ।

रुसको क्रान्तिले सामाजिक, राजनीतिक र आर्थिक समानताको वकालत गऱ्यो । रुसी क्रान्तिले विश्वमा कम्युनिष्टहरूको लहरलाई तीव्रता दियो । जसको प्रभावमा विश्वव्यापी रूपमा मुख्यतः युरोप, एशिया, ल्याटिन अमेरिका, अफ्रिकामा पऱ्यो । ल्याटिन अमेरिका, एशिया, अफ्रिकाका मुलुकहरू राष्ट्रिय मुक्ति आन्दोलन, क्रान्तिको तुफानी केन्द्र बन्न थाले । चीनको नयाँ जनवादी क्रान्ति (सन् १९४९), भारतको स्वतन्त्रता संग्राम (सन् १९४७), क्युबाको क्रान्ति आदि त्यसका उदाहरण हुन् । रुसी क्रान्तिले एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका औपनिवेशिक मुलुकहरूलाई साम्राज्यवादको विरुद्धमा सङ्घर्ष गर्न अभिप्रेरित गऱ्यो । सन् १९१९ मा लेनिनले कमिन्टर्न (Comintern) को गठन गरे । जुन कम्युनिष्ट पार्टीको 'तेस्रो अन्तर्राष्ट्रिय' थियो । समाजवाद, साम्यवादको विश्वका अन्य देशमा

प्रसार गर्नु यसको मुख्य उद्देश्य थियो । जसको प्रधान कार्यालय मास्कोमा स्थापना गरिएको थियो ।[10]

## २.२ नेपालमा कम्युनिष्ट पार्टीको स्थापना

२० औं शताब्दीको सुरुवातमा एशियामा साम्राज्यवाद तथा उपनिवेशवादका विरुद्ध सङ्घर्षका विभिन्न रूप देखापर्न थाले । एशियाका ठूला देश चीन र भारतमा साम्राज्यवाद उपनिशदवाद तथा अर्धउपनिवेशका विरुद्धमा राष्ट्रिय मुक्ति आन्दोलनले गति लिन थाल्यो । मुख्यतः १९१७ को वोल्शेविक क्रान्तिले एशियामा आएको जागरण, यसले सृजना गरेको उत्साह, उत्प्रेरणाले राष्ट्रिय मुक्ति आन्दोलन तथा साम्राज्यवाद विरुद्धको युद्धले कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउनको निम्ति महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । चीनको सन् १९४९ को नयाँ जनवादी क्रान्ति १९२७ देखि सुरु भएको माओत्सेतुङको गाउँले शहर घेर्ने, दीर्घकालीन जनयुद्धको रणनीति अन्तर्गत सम्पन्न भएको थियो । त्यसको प्रभाव मुख्यतः ल्याटिन अमेरिका, अफ्रीका र एशियामा पऱ्यो ।

वोल्शेविक क्रान्ति औद्योगिक शहरी इलाकाका मजदुरवर्गको सशस्त्र विद्रोहको माध्यमबाट सम्पन्न भएको थियो । तर चीनियाँ क्रान्ति त्यसभन्दा पृथक ढंगले आधार इलाका खडा गर्दै सत्ता कब्जा गर्ने दीर्घकालीन प्रतिरोधको माध्यमबाट सम्पन्न भएको थियो । वोल्शेविक क्रान्तिले जस्तै चीनियाँ क्रान्ति र त्यसका नेता माओत्सेतुङको सिद्धान्तले पनि विश्वव्यापी प्रभाव पारेको थियो । भारतमा कमिन्टर्नको नेतृत्वमा सन् १९२८ मा भारतीय कम्युनिष्ट पार्टीको गठन भएको थियो । तर १७ अक्टोबरमा भारतीय सोभियत संघको तासकातमा एम.एन. रायले भारतीय कम्युनिष्ट पार्टीको स्थापना गरिएका थिए भन्ने भनाइ पनि छ । 'तेस्रो अन्तर्राष्ट्रिय' तथा कमिन्टर्नमा भारतीय कम्युनिष्टहरूले पनि भाग लिएका थिए ।[11] भारतीय कम्युनिष्ट पार्टीले ब्रिटिश साम्राज्यविरुद्धको स्वतन्त्रता संग्राममा

---

[10] गुन्थर नो लाउ, *इन्टरनेशनल कम्युनिज्म एण्ड वर्ल्ड रिभोल्युशन,* सन् १९६१, नयाँ दिल्ली : फ्रेडरिक पब्लिशर्स, पृ. १४ ।

[11] "सि.पि.आई. डेलिगेशन्स डिस्कसन विथ सिपिएसयु लिडर्स एण्ड स्टालिन इन फरवरी १९५१", रेडस्टार प्लेटफर्म अफ कम्युनिष्ट रिभोल्नसरीस, भोलम ८, अंक ३, मार्च २००७, पृ. ३५ ।

महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । एशियाका विभिन्न देशहरू भियतनाम, मङ्गोलिया, इण्डोनेशिया, मलेशिया, फिलिपिन्स, सिलोन, वर्मा, कम्बोडिया, लाओसामा कम्युनिष्ट पार्टी गठन भए । एशियामा मङ्गोलिया (१९२४ इ.सं.), चीन (१९४९ इ.सं.), उत्तर कोरिया (१९४६ इ.सं.), उत्तरी भियतनाम (१९४५ इ.सं.) मा कम्युनिष्ट पार्टीहरूले राज्यसत्ता आफ्नो हातमा लिए ।

दक्षिण एशियाको भूपरिवेष्ठित देश नेपाल पनि सन्. १८४६ मा स्थापना भएको राणा शासनको अन्धकारको युगबाट गुज्रिरहेको थियो । दोस्रो विश्वयुद्ध पश्चात् जनचेतना र जनजागरणका लहरहरू देखा पर्न थाले । जसको मुख्य कारण अन्तराष्ट्रिय राजनीतिको प्रभाव थियो । नेपाल विश्व मानचित्रमा उत्तरी गोलार्द्धमा पर्ने एशिया महादेशको एउटा सानो देश हो । भौगोलिक भाषामा नेपाल हिमाली शृङ्खलाको दक्षिण पूर्वी काखमा २० देखि ३० डिग्री उत्तरी अक्षांश र ८० देखि ८८ डिग्री पूर्वी देशान्तरमा फैलिएको छ । जसको कुल क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर छ । नेपाल विश्वको सबैभन्दा ठूलो हिमाली राष्ट्र हो ।[12]

विश्वमा आइरहेको परिवर्तनको लहर, भारतमा ब्रिटिश साम्राज्यका विरुद्धमा भारतीय स्वतन्त्रता संग्रामले नेपालको आन्तरिक राजनीतिमा असर गर्न थाल्यो । राणा शासनको विरोधमा सन् १९३५ (वि.सं. १९९३ जेठ २२) काठमाडौंमा नेपाल प्रजा परिषद्को गठन भयो । जसको उद्देश्य वैधानिक राजतन्त्रसहितको प्रजातन्त्रको स्थापना गर्नु थियो । राणा शासनको विरोध गरेको आरोपमा सन् १९४० (वि.सं. १९९७) मा नेपाल प्रजा परिषद्का चार जना सदस्य दशरथचन्द, गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा, शुक्रराज शास्त्रीलाई फाँसीको सजाय दिइएको थियो । अन्य नेताहरूलाई जेलमा बन्दी बनाइयो । त्यही बेला भारतको बनारस, कलकत्ता, पटना, गोरखपुरमा कैयौं नेपाली युवाहरू अध्ययनका लागि गएका थिए । जसमा भारतीय स्वतन्त्रता संग्रामको गहिरो प्रभाव पर्न थालेको देखिन्छ । भारतमा चलेको ब्रिटिश साम्राज्यका विरुद्धको 'भारत छोड' आन्दोलनमा वि. पि. कोइराला, सुवर्णशमशेर, मनमोहन अधिकारी, डि.आर रेग्मीलगायत कैयौं युवाहरू सहभागी भएका थिए । कयौं नेपाली युवाहरू सुभाषचन्द्र बोसको 'आजाद हिन्द फौज' मा भर्ती भएका थिए ।

[12] कृष्णबहादुर थापा र अन्य, *आधुनिक नेपालको आर्थिक इतिहास,* वि.सं. २०५४, काठमाडौं : नेपाल एशियाली अनुसन्धान केन्द्र, पृ. ६८ ।

भारतीय स्वतन्त्रता संग्राममा सहभागी भएका युवाहरूमा मार्क्सवादी विचारधारा र प्रजातान्त्रिक विचारधाराको प्रभाव पर्न थाल्यो । प्रारम्भमा वि. पि. कोइराला पनि भारतीय कम्युनिष्ट पार्टीको अस्थायी (Probationary) सदस्य बनेका थिए । तर उनी केही समयपश्चात् प्रजातान्त्रिक विचारधारातर्फ आकर्षित भएका थिए ।[13]

यसै सेरोफेरोमा कलकत्तामा राणाविरोधी तीन दल नेपाली राष्ट्रिय कांग्रेस, नेपाल प्रजातन्त्र कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी गठन भएका थिए ।[14] दुवै काग्रेसको उद्देश्य राजाको वैधानिक नायकत्वमा बेलायती मोडलको संसदीय प्रजातन्त्र स्थापना गर्नु थियो । सन् १९५० अप्रिल ५ मा कलकत्तामा नेपाल प्रजातन्त्र कांग्रेस, नेपाली राष्ट्रिय कांग्रेस, संयुक्त भएर 'नेपाली कांग्रेस' गठन गरेका थिए । नेपाली कांग्रेसको २६ र २७ सेप्टेम्बर सन् १९५० मा सम्पन्न वैरगनिया सम्मेलनले राणा शासनको विरुद्ध देशव्यापी सशस्त्र सङ्घर्षको घोषणा गऱ्यो ।[15]

नेपाल कम्युनिष्ट पार्टीको स्थापना २२ अप्रिल १९४९ (वि.सं. २००६ वैशाख १० ) दिन कलकत्ताको श्याम बजार इलाकाको २८, नवीन सरकार लेनमा भएको थियो । २२ अप्रिलमा लेनिन दिवस पर्दछ । पार्टी स्थापना बैठकमा पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य, नारायण विलाश जोशी सहित ४ जना थिए । बैठकले पुष्पलाललाई महासचिवमा चुन्यो । मोतीदेवीलाई पनि नेकपाको केन्द्रीय समितिमा राखिएको थियो । यद्यपि मोतीदेवी श्रेष्ठ उपस्थित थिइनन् । उनको उपस्थितिका बारेमा अझै विवाद कायम छ ।[16] यो बैठकले पुष्पलाललाई केन्द्रीय सङ्गठन गर्न, नारायण विलास जोशी, मोतीदेवी श्रेष्ठलाई काठमाडौँ नरबहादुर कर्मचार्यलाई विराटनगर, जोगवनीमा मजदुरहरूको बीचमा काम गर्ने जिम्मेवारी दियो । नेकपाले सोही बैठकबाट देशवासीको नाममा अपील जारी गर्दै

---

[13] मार्टीन हफटन र अन्य, *पिपुल पोलिटिक्स एण्ड आइडोलोजी,* सन् १९९९, काठमाडौँ : मण्डला बुक प्वाइन्ट, पृ. २३४ ।

[14] मिहिर कुमार ठाकुर, *नेपाली संविधान र राजनीति निर्णायक घटना र मोड,* वि.सं. २०५१, राजविराज : एम. आई. पब्लिकेशन, पृ. १९ ।

[15] *ऐजन* ।

[16] *पार्टी इतिहास सम्बन्धी प्रस्ताव,* आश्विन, वि.सं. २०५०, नेकपा (मसाल), केन्द्रीय कार्यालय, पृ. ३ ।

आफ्नो लक्ष्य र उद्देश्य स्पष्ट गरेको थियो । नेकपाको 'अपीलमा जनवादी आन्दोलनलाई जनवादी क्रान्तिको युगमा नेतृत्व गरी समाजवादमा संक्रमण' गर्ने कुरा उल्लेख गरिएको थियो ।  सेप्टेम्बर १९४९ मा नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्र जारी गरिएको थियो । घोषणापत्रमा नेपाल अर्धसामन्ती, अर्धउपनिवेशक अवस्थामा रहेको विश्लेषण गरिएको थियो । नेपाल कम्युनिष्ट पार्टीले राणाशाहीका विरुद्धमा सत्याग्रह घोषणा समेत गरेको थियो । नेकपा कार्यकर्ताहरूले सङ्घर्षका विभिन्न मोर्चामा भाग लिएका थिए ।[17] नेपाली कांग्रेसले राणा शासनका विरुद्धमा गरेको सशस्त्र सङ्घर्षले उच्च रूप लिन थालेपश्चात् भारत संरकारले राणा कांग्रेस र राजाको बीचमा सम्झौताको निम्ति पहल गऱ्यो ।

नोवेम्बर १९५१ (वि.सं. २००७  कार्तिक २६) राजा त्रिभुवन सपरिवार नाति ज्ञानेन्द्र शाहलाई छोडेर भारतीय दूतावासमार्फत भारतीय वायुसेनाको विशेष विमानबाट दिल्ली शरण लिन पुगेका थिए । १२ फरवरी १९५१ (वि.सं. २००७ फागुन १) मा भारत सरकारको मध्यस्थतामा राजा त्रिभुवन, राणाका प्रतिनिधि र कांग्रेसको बीचमा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको पहलमा दिल्ली सम्झौता भयो । जसमा भारत सरकारले नै तयार गरेका निम्न बुँदाहरू रहेका थिए :

1_ बालिक मताधिकारको आधारमा निर्वाचन गरी संविधानसभा गठन गरी सो मार्फत नेपालको नयाँ संविधान तयार गर्ने,

2_ राणा प्रधानमन्त्रीको अध्यक्षतामा जनप्रतिनिधि (कांग्रेस) सहितको नयाँ सरकार गठन गर्ने,

3_ राजा त्रिभुवनलाई नेपालको राजा मान्ने,

4_ राजनीतिक बन्दीहरूलाई मुक्त गर्ने,

5_ राजनीतिक सङ्गठन बनाउनको अधिकार प्रदान गर्ने ।[18]

---

[17] पुष्पलाल, नेकपाको घोषणा पत्र, १५ सेप्टेम्बर १९४९, नेपाल कम्युनिष्ट पार्टी केन्द्रीय संगठन समिति, पृ. ३ ।

[18] मुकुन्द रेग्मी, संवैधानिक विकास र नेपाल अधिराज्यको संविधान २०४७, वि.सं. २०६१, काठमाडौं : सीतादेवी रेग्मी, पृ. ७३ ।

राणाहरूले त्रिभुवनलाई राजा मान्न अस्वीकार गर्दै त्रिभुवन र ज्ञानेन्द्रमध्ये विधानसभाले जसलाई राजा मान्दछ, त्यसलाई नै नेपालको राजा मान्ने किसिमको खबर पठाए । तर भारत सरकार आफ्नै पञ्चसूत्रीय प्रस्तावना अडिग रहेकाले मोहन शमशेरले भारतीय प्रस्ताव स्वीकार गर्दै ९ जनवरी १९५१ (वि.सं. २००७ पुष २४) विधानसभाले सन् १९५३ भित्र नयाँ संविधान निर्माण गर्ने घोषणा गरे । १० जनवरी १९५१ (वि.सं. २००७ पुष २५) देखि ज्ञानेन्द्र शाहलाई त्रिभुवनको प्रतिनिधि घोषणा गरियो । दिल्ली सम्झौताअनुसार मोहन शमशेर ज.ब.रा. प्रधानमन्त्री रहेको १० सदस्यीय मन्त्रीमण्डल गठन गर्नेमा सहमति भयो । जसमा पाँच जना राणाका तर्फबाट पाँच जना कांग्रेसका तर्फबाट मन्त्रीहरू रहने भए । त्रिभुवन राजा र राष्ट्र प्रमुख रहने कुरा पनि तिनै पक्षले स्वीकार गऱ्यो ।

नेपाल कम्युनिष्ट पार्टीले 'दिल्ली सम्झौता' लाई धोका हो भन्ने घोषणा गऱ्यो । सन् १९५१ मा कम्युनिष्ट पार्टीले गरेको सङ्घर्षको आह्वानलाई देशव्यापी रूपमा समर्थन प्राप्त भएको थियो । 'दिल्ली सम्झौता धोका हो' भन्ने नाराका साथ सुरु गरिएको सङ्घर्षले ठूलो मात्रामा विकास गरेको थियो । ने.क.पा. को सक्रियतामा नवगठित अखिल नेपाल विद्यार्थी फेडरेशन, अखिल नेपाल महिला संघ, अखिल नेपाल किसान संघ आदि खोलिएका थिए । भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको पहिलो नेपाल भ्रमण जुन सन् १९५१ (वि.सं. २००८ असार) मा नेकपाको नेतृत्वमा 'कालो झण्डा' प्रदर्शन गरिएको थियो । जसमा कयौं गिरफ्तार भएका थिए । नोवेम्बर १९५१ (वि.सं. २००८) मा फेडरेशनको नेतृत्वमा "दिल्ली सम्झौता" का विरुद्ध विद्यार्थी आन्दोलन भएका थियो । जुन विद्यार्थी आन्दोलनमा २ नोवेम्बर १९५१ (वि.सं. २००८  कार्तिक २०) चीनियाँ काजी श्रेष्ठले शहादत प्राप्त गरे ।[19]

अर्कोतिर नेपाली कांग्रेसको सशस्त्र सङ्घर्षमा सहभागी रहनु भएका डा. के. आई सिंहले पनि "दिल्ली सम्झौता" को विरोध गरे । डा. के. आई. सिंहले "दिल्ली सम्झौता" को विरुद्धमा अन्तरिम सरकार गठन भएको दोस्रो दिन भैरहवामाथि सैन्य टुकडीसाथ सशस्त्र आक्रमण गरे । भारतीय सैनिक सहायतामा नेपाल सरकारले डा. के. आई. सिंहको

---

[19] *नेहरुलाई नेपाल कम्युनिष्ट पार्टीको खुला पत्र,* कम्युनिष्ट मासिक, वर्ष ३, अंक १, वि.सं. २०५५ श्रावण/भदौ, पृ. २९ ।

विद्रोहलाई दमन गऱ्यो । डा. के.आई. सिंह सहितका विद्रोहीहरू कैद गरिए ।[20] सुदूर पश्चिममा भीमदत्त पन्तले "दिल्ली सम्झौता" को विरोध गर्दै कि त जोत हलो, कि त छोड थलो, नत्र छैन, भलो" भन्ने नाराको साथ किसान विद्रोहको नेतृत्व गरेका थिए । सन् १९५३ (वि.सं. २०१०) मा भारतीय सेनाले डडेल्धुराको खलङ्गामा उनको टाउको काटेर बाँसको टुप्पोमा झुण्ड्यायो ।[21] सरकारले डाँका घोषित गरी भैरहवाबाट सिंहदरबारमा कैदीको रूपमा ल्याइएका डा. के.आई सिंहले सिंहरदबार सचिवालय, विमानघाट, नेपाल रेडियो, बारुदखाना, तोपखाना, बन्दुकखाना, हुलाक, संचार विभाग कब्जा गरेका थिए । २४ जनवरी १९५२ ( वि.सं. २००९) मा मातृका सरकारले सभा, जुलस गर्न नपाइने आदेश जारी गर्दै संकटकालको घोषणा गरेको थियो । राज्यले नै विद्रोही डा. के.आई. सिंहलाई देशद्रोही घोषणा गऱ्यो । रक्षादललाई अवैधानिक घोषणा गर्दै प्रतिबन्ध लगाइयो । डा. के.आई.. सिंहको यस विद्रोहलाई सहयोग गरेको आरोपमा नेपाल कम्युनिष्ट पार्टी र राष्ट्रिय महासभा माथि प्रतिबन्ध लगाइयो । डा. के.आई. तिब्बततर्फ भागेर चीनमा शरण लिन पुगे ।[22]

सन् १९५१ (वि.सं. २००७) को परिवर्तनपश्चात् नेकपा देशको राजनीतिमा महत्वपूर्ण शक्तिको रूपमा स्थापना भयो । सन् १९५१ मा नेकपाका ५१ जना सदस्य थिए । सन् १९५४ मा १६,००० पार्टी सदस्य हुन गए ।[23] नेकपाले आफ्नो प्रारम्भिक कालमा, किसान, महिला, मजदुर, साहित्यकार, न्यून वैतनिक कर्मचारी लगायतका जनसमूहको सङ्गठन निर्माण गऱ्यो । त्यस समयमा विद्यार्थी फेडरेशन, अखिल नेपाल महिला संघ, प्रगतिशील अध्ययन मण्डल, अखिल नेपाल ट्रेड युनियन कांग्रेस, प्रगतिशील लेखक संघ, न्यून वैतनिक कर्मचारी संघ गठन भए ।[24] महासचिव पुष्पलाल श्रेष्ठले नेतृत्व गरेको

---

[20] ग्रीष्मबहादुर देवकोटा, *नेपालको राजनीतिक दर्पण* (भाग १), वि.सं. २०३६, काठमाडौं : अर्जुन देवकोटा, पृ. ५१ ।

[21] कल्यान ओझा, *शहीद भीमदत्त पन्त,* वि.सं. २०५०, महेन्द्रनगर, पृ. २० ।

[22] देवकोटा, *पूर्ववत,* पा.टि.स. २०, पृ. ६१ ।

[23] बाबुराम भट्टराई (सम्पा.), "नेकपा भित्रको राजावादी धार", *झिल्को* (त्रैमासिक), वि.सं. २०४७, पृ. १५ ।

[24] पुष्पलाल, *नेपाल कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास,* वि.सं. २०४६, काठमाडौं : पुष्पलाल स्मृति प्रतिष्ठान, पृ. ५३ ।

नेकपाले “दिल्ली सम्झौता” को भण्डाफोर गऱ्यो । अर्कोतिर, ग्रामीण वर्गसङ्घर्षलाई अगाडि बढाउन किसान आन्दोलन सञ्चालन गरिए । नेकपाले “जमिन कस्को - जोत्नेको” नारामा आधारित क्रान्तिकारी भूमिसुधारको निम्ति आफ्नो स्थापनाकालको आरम्भमा नेतृत्वदायी भूमिका निर्वाह गरेको देखिन्छ । त्यसबेला बाँके, बर्दिया, बारा, पर्सा, सर्लाही, रौतहटमा ठूलाठूला किसान आन्दोलन भएका थिए । पश्चिम तराईको बाँके बर्दियामा मोहियानी हक कायम गर्ने, सूदको रकम कम गराउने, प्रतिजग्गा/जमीन कब्जा गर्ने आन्दोलन सञ्चालन गरिएका थिए । घुम्ती जेल पनि कायम गरिएका थिए । राजधानीमा मोहयानी हक, त्रिखण्डी (२३ पाथी) विरुद्ध किसान सङ्घर्ष भएका थिए । पूर्वमा भोजपुर र रामेछाप, पश्चिममा गोर्खा, तनहुँ, पाल्पा, कास्की, डोटीमा किसान सङ्घर्ष भए । किसान सङ्घर्षहरूमा सामन्तहरूलाई गाउँबाट बहिष्कार गर्ने, कालो मुसो पोत्ने, माफी मगाई छोड्ने, दण्ड कुण्ड गर्ने र जेल हाल्ने सम्मका कार्वाही भएका थिए ।[25] राणा/कांग्रेस सरकारले आपसी मतभेद, आन्तरिक विवादको कारणले सही ढंगले मुलुक सञ्चालन गर्न सकिरहेको थिएन । “दिल्ली सम्झौता” बाट कायम भएको “नेपाल भारत विशेष-सम्बन्ध” को आयाममा नेपाल सरकार दिल्लीको कठपुतली जस्तै भएको थियो ।

सन् १९५२ (वि.सं. २००८) मा वटेश्वरमा नेकपाको पोलिटब्युरो (राजनीतिक समिति) को बैठकले पुष्पलाललाई महासचिवबाट हटायो । मनमोहन अधिकारीलाई नेकपाको महासचिवमा नियुक्त गऱ्यो । नेकपाको इतिहासमा यस बैठकलाई विशेष चर्चा गरिन्छ । सो बैठकबाट नै नेकपाको नेतृत्वमा परिवर्तन भएपश्चात् पार्टीको लडाकुपन र क्रान्तिकारितामा ह्रास आउन थाल्यो । पार्टीमा सैद्धान्तिक, वैचारिक विचलन देखापर्न थाले ।[26]

तर त्यसको प्रकटीकरणचाहिँ प्रथम महाधिवेशन पश्चात् भएको थियो । प्रथम महाधिवेशनमा राज्यको प्रधान (राजा) लाई कुनै वैधानिक अधिकार नदिइयोस् भन्ने नाउँमा नेकपाले वैधानिक राजतन्त्रको बाटो अख्तियार गऱ्यो । प्रथम महाधिवेशनले जनआन्दोलन र प्रजातन्त्रको विरुद्धमा देखा परेको राजतन्त्रको विषयमा सही, स्पष्ट विश्लेषण किटान गरेन । नेकपाको प्रथम महाधिवेशन सन् ३० जनवरी, १९५४ (वि.सं. २०१० मा माघ १७) भूमिगत

---

[25] *ऐजन,* पृ. ७७ ।

[26] भट्टराई, *पूर्ववत्,* पा.टि.सं. २३, पृ. १६ ।

रूपमा काठमाडौँ र पाटनमा सम्पन्न भएको थियो । करिव ९ दिनसम्म सञ्चालन भएको सो महाधिवेशनले घुमाउरो ढंगले सन् १९५१ (वि.सं. २००७) को जनक्रान्तिको उपलब्धिलाई रक्षा गर्ने नाउँमा वैधानिक राजतन्त्रलाई स्वीकार गऱ्यो । महाधिवेशनले मनमोहन अधिकारीलाई महासचिवमा नियुक्त गऱ्यो । महाधिवेशनले मनमोहन अधिकारी, पुष्पलाल, शम्भुराम श्रेष्ठ, डि.पि. अधिकारी र शैलेन्द्रकुमार उपाध्यायलाई पोलिटब्युरो, केशरजङ्ग रायमाझी, कमर शाह, कृष्णराज वर्मा, हिक्मत सिंह भण्डारी, गोपाल प्रसाई, धनुषचन्द्र गौतम, केदार उपाध्याय, नरबहादुर कर्माचार्य, मधु सिंहलाई केन्द्रीय समितिमा चयन गरेको थियो ।[27]

प्रथम महाधिवेशनमा पार्टीलाई 'आफ्नो कामको दौरानमा नै हिन्दुस्तान र विदेशी पूँजीपतिप्रति गलत नीति लिएका छौँ' भन्ने अनुभव भयो । यसको आधारमा औद्योगिक नीति पनि तय गऱ्यो । जसले नेकपालाई क्रमशः दक्षिणपन्थी दिशामा अग्रसर गरायो ।

१३ मार्च, १९५४ (वि.सं. २०११ फागुन ३०) राजा त्रिभुवनको स्वीटजरल्याण्डमा मृत्यु भयो । चैत्र १ युवराज महेन्द्र राजा घोषणा गरिए । महेन्द्रको राज्यारोहण भन्दा पहिले नै मातृकाप्रसाद कोइरालाको सरकार विघटन भएको थियो । अतः राजा महेन्द्रले अप्रिल १९५६ (वि.सं. २०१२ वैशाख १) पाँच जनाको शाही सल्लाहकार नियुक्त गरी प्रत्यक्ष शासनको सुरु गरे । शाही सल्लाहकारको विरोध भएपछि राजा महेन्द्रले २६ जनवरी १९५६ (वि.सं. २०१२ माघ १३) नेपाल प्रजा परिषद्का नेता टंकप्रसाद आचार्यको नेतृत्वमा सात सदस्यीय मन्त्रीमण्डल गठन गरे । प्रजा परिषद्सँग नेकपाको निकट सम्बन्ध थियो । यही समयमा मनमोहन अधिकारीले प्रधान न्यायालय र सरकारसमक्ष आफ्नो पार्टीमाथिको प्रतिबन्ध फुकुवा गर्न अनुरोध गरेका थिए । तर प्रधान न्यायालयबाट जनताको मौलिक अधिकारसम्बन्धी मुद्दा हेर्ने अधिकार माथि कुठाराघात भयो । पार्टीलाई कानुनी बनाउन न्यायालयको ढोका बन्द भयो । तसर्थ दरबारसँग सम्झौता गर्नुबाहेक अर्को विकल्प रहेन ।[28]

---

[27] भीम रावल, *नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास* (द्वितीय संस्करण), वि.सं. २०४७, काठमाडौँ : पैरवी प्रकाशन, पृ. ३८ ।

[28] सुरेन्द्र के.सी., *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास,* वि.सं. २०५८, भोटाहिटी, काठमाडौँ : विद्यार्थी पुस्तक सदन, पृ. १०३ ।

सन् १९५६ (वि.सं. २०१३) मा महासचिव मनमोहन अधिकारीले समाजवादी व्यवस्थालाई स्थापना गर्ने पार्टीको उद्देश्य शान्तिपूर्ण तवरबाट पनि प्राप्त गर्न सकिन्छ । वर्तमान कालमा पार्टीले राजालाई वैधानिक प्रमुख मानी समाजवादी सिद्धान्तलाई जनतामा प्रचार गर्दै लानेछ । पार्टीले आजसम्म शान्तिपूर्ण र वैधानिक तरिकाले लड्दै आएको हो र अब पनि वैधानिक तथा शान्तिपूर्ण तरिकाले अगाडि बढ्नेछ भन्ने वक्तव्य प्रकाशित गरे ।[२९] वक्तव्यमा शम्भुराम र पि.एन. राणालाई सरकारसँग वार्ताको निम्ति पठाएको खुलासा पनि गरियो । मनमोहन अधिकारी महासचिव रहेको बेला द्वितीय महाधिवेशन भन्दा पूर्व नै नेपाल कम्युनिष्ट पार्टीले मार्शल टिटोको संशोधनवादी धार र राजापरस्त धारलाई स्वीकार गरिसकेको थियो । सेप्टेम्बर १९५६ महिनामा चीनियाँ कम्युनिष्ट पार्टीको निमन्त्रणामा आठौं राष्ट्रिय कांग्रेसमा भाग लिन महासचिव मनमोहन अधिकारी, केन्द्रीय सदस्यहरू शम्भुराम श्रेष्ठ र कमर शाह चीन गए । अधिकारी उपचारका निम्ति भनेर लामो समय चीन बसेका थिए । नेकपाले कार्यवाहक महासचिवमा पोलिटब्युरो सदस्य डा. केशरजङ्ग राजमाझीलाई चुन्यो । डा. रायमाझीले नेकपाले अख्तियार गरेको राजापरस्त धारलाई तेज गतिमा बढाए ।

## २.३ द्वितीय महाधिवेशन : दक्षिणपन्थी अवसरवादका संक्रमण

नेकपाको नेतृत्वमा मनमोहन अधिकारी आएपश्चात् पार्टीमा नरमपन्थी धारको विकास भएको देखिन्छ । तर पनि त्यस अवधिमा नेकपाले सत्याग्रह आन्दोलन, गण्डक सम्झौताको विरोध, किसान आन्दोलन लगायतका जनसङ्घर्षमा लडाकु र सक्रिय भूमिका निर्वाह गरेको देखिन्छ । तर नेकपाको नेतृत्वमा क्रमिक रूपमा सैद्धान्तिक, राजनीतिक विचलनहरू देखा पर्नथाले । १९५७, मई २८ देखि जून ६ (वि.सं. २०१४ जेठ १५-२५) मा नेपाल कम्युनिष्ट पार्टीको द्वितीय महाधिवेशन फोहरा दरबारमा सम्पन्न भयो । फोहरा दरबार दामोदर शमशेरको थियो । दामोदर शमशेर दरबार निकटका व्यक्ति थिए । उनी पछिसम्म दरबारपरस्त कम्युनिष्टहरूको केन्द्र बनिरहे । द्वितीय महाधिवेशनको प्रारम्भसँगै नेकपाको नेतृत्वले दरबारसँग गोप्य रूपमा साठगाँठ गर्न थालेको थियो । महासचिव मनमोहन अधिकारी चीनियाँ कम्युनिष्ट पार्टीको आठौं महाधिवेशनमा भाग लिनका निम्ति

---

[२९] *ऐजन,* पृ. १०३ ।

चीन गएका थिए । महाधिवेशनका सम्पूर्ण गतिविधि नारायणहिटी दरबारमा पुग्न सक्ने व्यवस्था समेत गरिएको थियो ।

सन् १९५७ मा मास्कोमा सोभियत कम्युनिष्ट पार्टी (वोल्सेविक) को बीसौं कांग्रेसले खुश्चेवको नेतृत्वमा समाजवादमा शान्तिपूर्ण संक्रमण र शान्तिपूर्ण सहअस्तित्वको राजनीतिक कार्य दिशालाई पारित गऱ्यो । यसको प्रभाव त्यसबेला विश्वका सबै जसो कम्युनिष्ट पार्टीमा पर्न गयो । नेकपाको केन्द्रीय समितिमा समाजवादमा 'शान्तिपूर्ण संक्रमण' को प्रभाव थियो । रुसको कम्युनिष्ट पार्टीको बीसौं कांग्रेसको झन ठूलो प्रभाव नेकपा माथि पऱ्यो । द्वितीय महाधिवेशनले घोषित, खुला र वैधानिक रूपमा नेकपालाई दक्षिणपन्थी अवसरवादीमा संक्रमण गरायो । दोस्रो महाधिवेशनले 'सशस्त्र क्रान्ति' को मुख्य नारालाई परित्याग गऱ्यो । 'संसदीय प्रजातन्त्र' लाई क्रान्तिको एक मात्र साधन नमान्ने विषयमा छलफल गरेर पनि त्यस विषयमा औपचारिक निर्णय गरिएन .[30]

द्वितीय महाधिवेशनमा नयाँ जनवाद, राजतन्त्र, गणतन्त्र सशस्त्र सङ्घर्ष लगायत विषयमा मतभेद, विवाद, बहस भएका थिए । दोस्रो महाधिवेशनमा डा. रायमाझी, डि.पि. अधिकारीले वैधानिक राजतन्त्रको पक्षमा वकालत गरेका थिए । पुष्पलाल, कमलराज रेग्मी, पि. वि. मल्ल गणतन्त्रको पक्षमा थिए । मोहन विक्रम सिंह राजतन्त्रको विषयमा तटस्थ थिए ।

मोहनविक्रम सिंहले सो सम्बन्धमा लेखेका छन्[31]

> *'महाधिवेशनमा सुरुमा टि.एल. शम्भुराम र कमलराज रेग्मीहरूले गणतन्त्रको र पी.एल., केशरजंग, डि.पी. अधिकारी, कमर शाह आदिले वैधानिक राजतन्त्रको प्रस्तावलाई समर्थन गरेका थिए । तर जिल्लाहरूबाट आएका प्रतिनिधिहरूको जनमत देखेपछि पी.एल. ले हलमा नै आफ्नो मत बदले र गणतन्त्रको मतलाई समर्थन गरे । त्यसरी हलमा आएर नै उनले आफ्नो मत बदलेकोले उनले आफ्ना प्रस्तावका पक्षमा कुनै दस्तावेज पनि*

[30] मोहन विक्रम सिंह, *द्वितीय महाधिवेशनदेखि दरभंगा प्लेनमसम्म,* २०४७, गोरखपुर (उ.प्र.) : जनशिक्षा गृह, पृ. १३ ।

[31] *ऐजन,* पृ. २ ।

*तयार परेका थिएनन र कागजको सानो टुक्रामा आफ्नो प्रस्ताव लेखेर प्रस्तुत गरेका थिए । माइन्युट लेख्ने साथीहरूले उनले दिएको कागजको टुक्रालाई माइन्युट बुकमा राखेर त्यसलाई कापीमा लेखेनन् । पछि त्यो कतै हरायो । त्यसपछि उनको प्रस्तावको मूलप्रति कैल्यै प्राप्त भएन र पछि खाली सम्झनाको आधारमा नै त्यसको व्याख्या गर्न प्रयत्न भयो । मेरो सम्झनाअनुसार पी.एल. को केही पंक्ति लेखिएको प्रस्तावको मुख्य भनाइ यही थियो – 'गणतन्त्रको नारालाई सुरक्षित राख्दै विधान सभाको सङ्घर्षमा जोड दिने ।'*

द्वितीय महाधिवेशनले गणतन्त्र र संविधानसभाको नारालाई पारित गऱ्यो । तर पुष्पलालको प्रस्ताव पारित भए पनि महासचिवमा डा. केशरजंग रायमाझी नै चुनिए । नेकपाको केन्द्रीय समितिमा पनि रायमाझीको बहुमत कायम हुन पुग्यो । उनले योजनाबद्ध रूपमा द्वितीय महाधिवेशनको नीतिलाई उल्लंघन गर्दै आफ्ना अस्वीकृत कार्यक्रमलाई अगाडि बढाएका थिए । द्वितीय महाधिवेशनको सैद्धान्तिक विचलनको दिशामा संक्रमण पश्चात् नेतृत्वमा राजनीतिक, आर्थिक र सांस्कृतिक विचलन देखा पर्न थाले । महाधिवेशनले पारित गरेको गणतन्त्रको नारा परित्याग गर्नु, कम्युनिष्ट पार्टीको सिद्धान्त र चरित्रलाई परिवर्तन गर्नु, राजापरस्त विचार अनुसार नेकपालाई निर्देशित गरिनु त्यसको मूल चरित्र रहन गएको देखिन्छ । दोस्रो महाधिवेशनबाट निर्वाचित डा. रायमाझी, डि.पी. अधिकारी, कमर शाह, पि.एन. राणा, पी.वी. मल्ल, कमलराज रेग्मी, कृष्णप्रसाद अधिकारी, अरविन्द रिमाल लगायतको भूमिका नेतृत्वको राजापरस्त लाइनलाई समर्थन गर्नु थियो । जसलाई बहुमत पक्ष पनि भनियो । उनीहरूले घोषणा गरे, 'राजाको विरुद्धमा गणतन्त्रका पक्षमा शब्दसम्म पनि उच्चारण गर्ने हो भने राजाले पार्टीलाई गैरकानुनी घोषणा गरी दिन्छन् ।'[३२]

पोलिटब्युरोको बहुमतद्वारा प्रस्तावित दस्तावेजमा उल्लेख गरियो । 'राजतन्त्रलाई वैधानिक परिधिभित्र राख्नको निम्ति अगाडि बढ्नु पर्दछ ।' महाधिवेशनपश्चात् डा. केशरजङ्ग

---

[३२] *ऐजन,* पृ. ५३ ।

रायमाझीको पक्षमा नौ जना, पुष्पलालको पक्षमा पाँच जना, अन्य तीन जना तटस्थ रहेका थिए ।[33]

देशमा सन् १९५१ (वि.सं. २००७) को परिवर्तनपश्चात् पनि सरकारको गठन, विघटनका प्रक्रियाहरू चलिरहेका थिए । जसले राजनीतिक अस्थिरता, संवैधानिक संकटलाई पनि निम्त्याएको थियो । अन्तरिम संविधानमा पटक/पटक गरिएका संशोधनहरूले संवैधानिक संकटलाई हल गर्नुको सट्टा राजाका विशेषाधिकारहरूलाई बढाउँदै लगेको थियो । १ फरवरी १९५७ (वि.सं. २०१४ माघ १९) मा आम चुनाव संसदको निम्ति हुने घोषणा राजा महेन्द्रबाट भयो । यस अघि शाही घोषणा हुनुभन्दा पूर्व सिद्धान्ततः संविधानसभाको चुनाव हुने कुरामा विवाद थिएन । आमचुनाव हुने शाही घोषणाको नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी, नेपाल राष्ट्रवादी गोर्खा परिषद् लगायतका दलहरूले स्वागत गरे । नेकपाको केन्द्रीय समितिले शाही सन्देशले संविधानसभाको ठाउँमा अब संसदको निर्वाचन हुने भन्ने जुन कुरा भनेको छ यो सरासर अन्तरिम संविधानको मर्यादा विपरीत गएको र यसले देशको प्रजातान्त्रिक प्रणालीमा आघात पुऱ्याएको छ । यस परिस्थितिमा यो विश्वासको साथ संसदलाई पनि स्वीकार गर्दछ कि संसदीय प्रणालीद्वारा पनि देशमा सुसंगठित प्रजातान्त्रिक प्रणालीको जग बन सकिने भन्ने निर्णय गरेको थियो ।[34]

नेकपाले जून १९५८ (वि.सं. २०१५ जेठ २०) मा राजा महेन्द्रबाट गठन गरिएको सल्लाहकार सभामा नेकपाको तर्फबाट कमरशाह र कमलराज रेग्मीलाई पठायो । पार्टीले वि.सं. २०१५ को संसदको आम चुनावमो 'प्रतिक्रियावादी र पुनरुत्थानवादी तत्वलाई हटाएर प्रजातान्त्रिक तत्वलाई जिताउने' नारा दियो । सन् १९५८ को चुनावमा आम निर्वाचनमा नेकपाले उम्मेदवारी दिएको ४० जनामध्ये केवल ४ जना उम्मेदवार मात्र विजयी भए । पार्टीले कुल मतदाताको ७ प्रतिशत मात्र मत प्राप्त गऱ्यो । १० स्थानमा निकटतम प्रतिस्पर्धा भएको थियो । कुल १,२९,१४२ मत प्राप्त गरेको थियो । नौ राजनीतिक पार्टीले भाग लिएको संसदको चुनावमा कुल १०८ मा ७४ सिट प्राप्त गरी नेपाली कांग्रेसले दुई तिहाई बहुमत हासिल गरेको थियो । मई १९५९ (वि.सं. २०१६ जेठ १३) वि.पि. कोइराला

---

33 रावल, *पूर्ववत्,* पा.टि.सं. २७, पृ. ४६ ।

34 ठाकुर, *पूर्ववत्* पा.टि.स. ४, पृ. ५९ ।

प्रधानमन्त्रीमा नियुक्त भए ।[35] १९ जनाको मन्त्रीमण्डल गठन गरियो । वि. पि. कोइराला नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री भए पनि देशमा उत्पन्न अस्थिरता, संवैधानिक संकट र दलहरूको खिचातानीमा कुनै कमी थिएन । ६ जनवरी १९६० (वि.सं. २०१७ पुष १) राजा महेन्द्रले १२ फरवरी १९६० (वि.सं. २०१५) को संविधानमा टेकेर संकटकाल घोषणा, सरकार, संसद विघटन र संविधानका दुई तिहाई भन्दा बढी धाराहरूलाई निलम्बन गरे । मार्च १९६१ (वि.सं. २०१७ पुष २२) को शाही घोषणाबाट सबै राजनीतिक दल र जनसङ्गठनहरूलाई अवैध घोषणा गरी प्रतिबन्ध लगाइयो । वि.सं. २०१७ फागुन १ राजा महेन्द्रको शाही कदमलाई नेकपाका महासचिव डा. केशरजंग रायमाझीले मास्कोबाट समर्थन गरेका थिए । दोस्रो महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिका सदस्य डि.पि. अधिकारी, पि.एन. राणा, वी.पी. मल्ल, कमलराज रेग्मी, कृष्णप्रसाद अधिकारी, अरविन्दनाथ रिमाल आदि रायमाझीको पक्षमा थिए । नेकपाको पोलिटब्युरोको तर्फबाट प्रकाशित पर्चामा भने राजा महेन्द्रको कदमको विरोध गरिएको थियो । वि.सं. २०१७ फागुन १७ भारतको दरभङ्गामा नेकपाको विस्तारित बैठक (प्लेनम) बस्यो । दरभङ्गा प्लेनममा पोलिटब्युरोको बहुमतद्वारा रायमाझीलाई राजापरस्तको आरोप लगाइयो । पोलिटब्युरोको बहुमतमा पुष्पलाल, तुलसीलाल र डि.पी. अधिकारी थिए । तर त्यस प्रस्तावमाथि छलफल हुँदा केन्द्रीय समितिमा बराबर मत परेका थिए । साथै यो विषयलाई प्लेनमा छलफलको निम्ति पनि लगिएन । तर दरभङ्गा प्लेनमले एकमतले प्रजा परिषद्, संयुक्त प्रजातन्त्र पार्टीहरू अवसरवादी चरित्रले गर्दा उनीहरू प्रजातन्त्रका विरोधको षडयन्त्रमा प्रायः फस्दै आएका छन् भन्ने निर्णय गरेको थियो ।[३६]

दरभङ्गा प्लेनमको नेपाली कम्युनिष्ट आन्दोलनमा छुट्टै महत्व रहेको छ । यसको मुख्य कारण दरभङ्गा प्लेनमले केन्द्रीय समितिको बहुमतको प्रस्तावका विरुद्ध संविधानसभाको नारा पारित गर्नु हो । दरभङ्गा प्लेनममा तीनवटा प्रस्ताव प्रस्तुत भएका थिए । केन्द्रीय समितिको बहुमतद्वारा संसदीय प्रणालीको पुनर्स्थापना, विघटित संसदको पुनर्स्थापनाको प्रस्ताव, संविधानसभा र अन्तरिम सरकारको प्रस्ताव ।[37] पहिलो प्रस्ताव महासचिव डा. रायमाझी,

---

[35] लक्ष्मन बहादुर के.सी., *रिसेन्ट नेपाल,* सन् १९९३, नयाँ दिल्ली : निरला पब्लिकेशन, पृ. २८ ।

[36] सिंह, *पूर्ववत्,* पा.टि.सं. ३०, पृ. १६ ।

[37] *पार्टी इतिहास सम्बन्धी प्रस्ताव, पूर्ववत्* पा.टि.सं. २३ पृ. २३ ।

दोस्रो पुष्पलाल र तेस्रो प्रस्ताव मोहन विक्रम सिंहबाट आएको थियो । केन्द्रीय समितिमा अन्तरिम सरकार र संविधानसभाको प्रस्तावको पक्षमा मोहनविक्रम सिंह एक्लै थिए । तर सो प्रस्ताव प्लेनममा बहुमतले पारित भएको थियो । दरभङ्गा प्लेनममा केन्द्रीय समिति विघटन र नयाँ सङ्गठन समितिको प्रस्ताव पनि आएको थियो । तर पारित हुन सकेन । प्लेनमले ९ महिनाभित्र महाधिवेशन गर्ने निर्णय गऱ्यो । रायमाझीलाई महासचिवबाट हटाएर तीन जनाको सेक्रेटरियट (सचिवालय) बनाउने तथा त्यसको कार्यालय काठमाडौँमा राख्ने निर्णय गरियो । सेक्रेटरियटमा केशरजंग रायमाझी, शम्भुराम श्रेष्ठ र डि.पी. अधिकारीलाई राख्ने निर्णय भयो ।[38]

तर दरभङ्गा प्लेनमका निर्णयहरूलाई केन्द्रीय समिति अगाडि बढाउन तयार भएन । केन्द्रीय समितिले दरभङ्गा प्लेनमको निर्णय मान्न तयार बाध्य नभएको बताउँदै रायमाझीको राजापरस्त लाइनलाई नै अगाडि बढायो । यहाँ सम्मकी दरभङ्गा प्लेनमको ९ महिनाभित्र महाधिवेशन गर्ने निर्णयलाई पनि कार्यान्वयन गर्न चाहेन । उल्टै चार/पाँच वर्षसम्म महाधिवेशन गर्न नसकिने कुरा अगाडि सारेको थियो । दरभङ्गा प्लेनमको सर्कुलर समेत तलसम्म पठाइएन । १५ दिसम्बर १९६० (वि.सं. २०१७ पुष १) को शाही कदम पश्चात् नेताहरू गिरफ्तार हुन थाले । नेकपाको केन्द्रीय समितिले दरभङ्गा प्लेनम निर्णयलाई कार्यान्वयन नगर्ने स्थिति देखा पऱ्यो ।[39] अगस्त १९६१ (वि.सं. २०१८ भाद्र) मा अञ्चल समन्वय समितिको गठन भयो । विश्वका अन्य देशहरूका कम्युनिष्ट पार्टीहरूमा १/३ पार्टी सदस्यहरूको बहुमत जिल्लाहरूले माग गरेको खण्डमा महाधिवेशन बोलाउने सिद्धान्तअनुसार त्यस बेलाका २७ वटा जिल्ला कमिटीमध्ये २३ जिल्लाको माग अनुसार तस्रो महाधिवेशन बोलाइने निर्णय भयो ।

अञ्चल समन्वय समितिको आयोजनामा अप्रिल १९६२ (वि.सं. २०१९ बैशाख ४-१५) मा नेकपाको तेस्रो महाधिवेशन सम्पन्न भयो । महाधिवेशनले तुलसीलाल अमात्यलाई महासचिवमा निर्वाचित गऱ्यो । ७ सदस्यीय पोलिटब्युरो, १७ सदस्यीय केन्द्रीय समितिले

[38] भरतमोहन अधिकारी (संयोजक), “नेपाल कम्युनिष्ट पार्टी : आरम्भदेखि छैठौं महाधिवेशनसम्म” *स्मारिका, सातौँ राष्ट्रिय महाधिवेशन,* वि.सं. २०५९, काठमाडौँ : नेकपा (एमाले) पृ. ६ ।

[39] *ऐजन,* पृ. ७ ।

चयन गरेको ५१ सदस्यीय राष्ट्रिय परिषद् निर्माण गऱ्यो ।[५०] पोलिटब्युरोमा पूर्ण सदस्यमा तुलसीलाल अमात्य, मनमोहन अधिकारी, पुष्पलाल, हिक्मत सिंह भण्डारी, कृष्णराज वर्मा, मोहनविक्रम सिंह र कमलराज रेग्मी तथा वैकल्पिक सदस्यमा भरतमोहन अधिकारी, पुण्यप्रताप राणा, भरतराज जोशी र जयगोविन्द शाह चुनिए । तेस्रो महाधिवेशनले राजावादी गुटलाई पार्टीबाट निष्कासन गऱ्यो । जसमा केशरजङ्ग रायमाझी, शम्भुराम श्रेष्ठ, कमर शाह, डि.पि. अधिकारी र पि.वि. मल्ल थिए । तेस्रो महाधिवेशनमा तीनवटा राजनीतिक लाइन प्रस्तुत गरिएका थिए । जसमा पुष्पलालले विघटित संसदको पुनर्स्थापना, तुलसीलाल अमात्यले सर्वसत्तासम्पन्न संसद, मोहनविक्रम सिंहको तर्फबाट बलराम उपाध्यायद्वारा संविधानसभा । महाधिवेशनले तुलसीलाल अमात्यको सर्वसत्तासम्पन्न संसदको नारालाई पारित गरेको थियो । तेस्रो महाधिवेशनले 'राष्ट्रिय प्रजातन्त्र' को कार्यक्रमलाई एक मतले पारित गऱ्यो । तेस्रो महाधिवेशनले घोषित रूपमा नेकपालाई खुश्चेवको आधुनिक संशोधनवादको पक्षमा उभ्यायो ।

तेस्रो महाधिवेशनले राजावादी डि.पी., रायमाझी गुटलाई पार्टीबाट निष्कासित गऱ्यो ।  जुन तेस्रो महाधिवेशनको सबैभन्दा महत्वपूर्ण कार्य थियो । तर नेकपा तेस्रो महाधिवेशनसम्म आइपुग्दा "कम्युनिष्ट पार्टी" को सामाजिक जनवादी तथा दक्षिणपन्थी अवसरवादमा शृङ्खलाबद्ध रूपमा पतन भइसकेको थियो ।

त्यतिबेला रुस र चीनको बीचमा चलेको 'महान बहस' को प्रभाव विश्वभरिका कम्युनिष्ट पार्टीमा पऱ्यो । तेस्रो महाधिवेशनमा चीनको पक्षमा तथा माओत्सेतुङको पक्षमा एक जनाले पनि आवाज उठाएन । तर पुष्पलालले तेस्रो महाधिवेशन पश्चात् चीनको (नयाँ जनवाद) पक्ष लिए । भारतको मार्क्सवादी कम्युनिष्ट पार्टीसँग सम्पर्क बढाए । तेस्रो महाधिवेशन पश्चात् पार्टी केन्द्र विघटन, विसर्जन जस्तै भयो । अर्धअराजक स्थिति देखा पर्न थाल्यो । पार्टीमा इलाकावाद, स्थानीयवाद देखा पऱ्यो । पार्टीका स्थानीय इलाकावादी र प्रान्तीय कमिटिले केन्द्रसँग सम्बन्ध विच्छेदको घोषणा गरे । तेस्रो महाधिवेशनबाट निष्कासित गरिएका डा. केशरजंग रायमाझीले सन् १९६६ (वि.सं. २०२३) मा अलग पार्टी घोषणा गरे । सन् १९६६ मा पुष्पलालले पनि छुट्टै सम्मेलन गरी केन्द्रीय समितिको निर्माण

---

[५०] पुष्पलाल, *पूर्ववत्,* पा.टि.सं. २४, पृ. १२३ ।

गरे । सन. १९६७ (वि.सं. २०२५) मा पुष्पलाल समूहले तेस्रो राष्ट्रिय सम्मेलन गरी बेग्लै पार्टीको घोषणा गरे । त्यसको महासचिव पनि पुष्पलाल नै भए ।[51]

सन् १९७१ (वि.सं. २०२८) मा जेलबाट रिहा भए पश्चात् मनमोहन अधिकारी, मोहन विक्रम सिंह, निर्मल लामा लगायतले छरिएर रहेका कम्युनिष्टहरू एउटै केन्द्र गठन गर्ने भनेर केन्द्रीय न्युक्लियस गठन गरे । जुन नेकपा (चौम) को आधारशिला बने तापनि यसबाट पुराना नेताहरू बाहिरिए । सन् १९७१ मा पूर्वी प्रान्तीय कमिटि सम्बद्ध झापा जिल्ला कमिटिले विद्रोह गऱ्यो । चिनीया सर्वहारा सांस्कृतिक क्रान्तिको प्रभावमा भारतको नक्सलवादी आन्दोलनबाट प्रेरित यस समूहले 'वर्ग शत्रु सफाया' अभियान सञ्चालन गऱ्यो ।

यसरी सन् साठीको दशक नेपाली कम्युनिष्ट आम्दोलन फूट, विभाजन, अन्तर सङ्घर्षको प्रक्रियाबाट अगाडि बढ्यो । सिद्धान्त, राजनीतिक विचार र निष्ठाको आधारमा सन् साठीको दशकमा टुट, फुट र विभाजनको पीडा बोकेको कम्युनिष्ट पार्टी अझै एकताबद्ध हुन सकेको छैन ।

नेपालको कम्युनिष्ट आन्दोलन करिव ६ दशक लामो यात्रा तय गरिसकेको छ । उग्र वामपन्थी, दक्षिणपंथी भडकावका अनेक रूपहरू बेहोर्दै आज पनि मार्क्सवाद–लेनिनवाद–माओत्सेतुङ विचारधाराको झण्डामुनि एकिकृत कम्युनिष्ट आन्दोलन संगठित गर्न सकिएको छैन । १५ डिसेम्बर १९६० (वि.सं. २०१७ को पुष १) को शाही कदमको समर्थन गर्दै अन्ततः दरबारमा पुगेका डा. केशरजंग रायमाझीले आफूले ५० वर्ष अघि बुझेको कुरा एमालेले सन् १९९१ पछि बुझ्यो, अब त्यसमा छर्लङ्ग हुने पालो माओवादीको आएको बताएका छन् ।[52]

यसबाट नेपाली कम्युनिष्ट आन्दोलनको ठूलो तप्का उग्र वामपन्थ, दक्षिणपन्थीको अवसरवादको गोल चक्करमा फसेको पुष्टि हुन्छ । डा. केशरजंग रायमाझीले एमाले र माओवादीलाई आफूले लिएको मार्गमा पुगेको टिप्पणी गर्नुले नै कम्युनिष्ट आन्दोलन स्थितिको मर्मलाई सही ढंगले बुझ्न सकिन्छ । जुन अन्ततः विसर्जनवादको एउटा रूप हो । तर पनि नेपालको कम्युनिष्ट आन्दोलनलाई सही ढंगले परिभाषित गर्न र अगाडि बढाउने प्रयास भने निरन्तर जारी छ ।

---

[51] रावल, *पूर्ववत्,* पा.टि.सं. २७, पृ. ६८ ।

[52] केशरजंग रायमाझी, "कम्युनिष्ट राजनीति र सत्ताको अप्ठेरो", *समय साप्ताहिक,* जेठ १६, वि.सं. २०६४, पृ. १३ ।

# परिच्छेद – तीन

# नेपालको कम्युनिष्ट आन्दोलनमा चौथो महाधिवेशन

## ३.१ चौमको ऐतिहासिक पृष्ठभूमि

सन् १९५७ मा रुसी कम्युनिष्ट पार्टी (वोल्शेविक) को बीसौँ राष्ट्रिय कांग्रेसले समाजवादमा "शान्तिपूर्ण रूपमा संक्रमण", "शान्तिपूर्ण सह-अस्तित्व", "सम्पूर्ण जनताको पार्टी" को नारालाई पारित गऱ्यो । खुश्चेवको आधुनिक संशोधनवादको नारालाई सुरुमा चीनियाँ कम्युनिष्ट पार्टीले बेवास्ता गऱ्यो । तर सन् १९६० को विश्वभरिका भाइचारा कम्युनिष्ट/मजदुर पार्टीहरूको बैठकमा चीनी कम्युनिष्ट पार्टीले आफ्ना मतभेदलाई स्पष्ट रूपमा अगाडि ल्यायो ।[1] विश्व कम्युनिष्ट आन्दोलन रुस र चीनको ध्रुवमा बाँडियो । रुस र चीनका बीच महान बहसको सुरुवात भयो । सन् १९६६ मा चीनिया कम्युनिष्ट पार्टीमा देखा परेका संशोधनवादको विरुद्धमा माओत्सेतुङले 'पूँजीवादी हेडक्वार्टरमा बम वर्षा गर' भन्ने मूल नारासहित महान सर्वहारा सांस्कृतिक क्रान्तिको घोषणा गरे । जसको प्रभाव विश्वका प्रायः जसो सबै देशका कम्युनिष्ट पार्टी र समाजवादी देशमा पऱ्यो ।

त्यसको प्रभाव निश्चय नै विघटित बहुकेन्द्र, अर्धअराजकतावाद, इलाकावादमा सीमित हुन गएको नेपालको कम्युनिष्ट आन्दोलनमा पनि पऱ्यो । तेस्रो महाधिवेशनमा रुसको पक्षमा देखापरेका पुष्पलाल पनि क्रमशः सन् १९६३ (वि.सं. २०२०) मा माओत्सेतुङ विचारधारा, नयाँ जनवाद, महान सर्वहारा सांस्कृतिक क्रान्तिको समर्थन गर्न पुगे । सन् १०६६ मा पुष्पलाल श्रेष्ठले केन्द्रीय समितिको निर्माण गर्दै राष्ट्रिय भेला गरे । सन् १९६७ मा तेस्रो सम्मेलनबाट वेग्लै पार्टी नेपाल कम्युनिष्ट पार्टी घोषणा गरे । जसको महामन्त्री पुष्पलाल स्वयं भए । तर पुष्पलालले माओत्सेतुङ विचारधाराको समर्थन गर्ने, त्यसको पक्षमा आवाज उठाउने विभिन्न प्रान्तीय, जिल्ला कमिटी र अन्य व्यक्तिहरूलाई समेट्न सकेनन् ।

---

[1] *महान बहस,* (लेखक/सम्पा. नभएको) (हिन्दी संस्करण), सन् १९९८, मुजफ्फरनगर : अन्तर्राष्ट्रिय प्रकाशन, पृ. viii।

चीनको महान सर्वहारा सांस्कृतिक क्रान्तिको प्रभावले केन्द्रसँग सम्बन्ध विच्छेद गरेका प्रान्तीय कमिटि, जिल्ला कमिटि, अन्य स्वतन्त्र व्यक्ति, पार्टी कमिटिहरू माओत्सेतुङ विचारधारा, नयाँ जनवादको पक्षमा उभिएका थिए । अर्कोतिर, भद्रगोल जेलमा रहेका नेताहरू मनमोहन अधिकारी, मोहनविक्रम सिंह, निर्मल लामा, भरतमोहन अधिकारी, कमल कोइराला लगायतको सन् १९६८ (वि.सं. २०२६ माघ) महिनामा सम्पन्न बैठकले एकीकृत कम्युनिष्ट पार्टीको निर्माणको बहसलाई अगाडि सारे । सो बहस पश्चात् तीन वटा दस्तावेज तयार गरिए : (१) माओत्सेतुङ विचारधारा (२) राष्ट्रिय क्रान्ति र संयुक्त मोर्चा र (३) को-अर्डिनेशन बारे ।[2] त्यस बेला माओत्सेतुङ विचारधारा, नयाँ जनवादको समर्थन, राजा र कांग्रेसको विरोध लगायतका सवालमा एकीकृत पार्टी निर्माण गर्ने सवालमा आम सहमति भएको थियो । ५ डिसेम्बर १९७१ (वि.सं. २०२८ मंसिर २०) काठमाडौँमा केन्द्रीय न्यूक्लीयसको गठन भयो । जसको महासचिव मनमोहन अधिकारी, सदस्यहरू मोहनविक्रम सिंह, निर्मल लामा, भरतमोहन अधिकारी, कमल कोइराला, भक्तबहादुर श्रेष्ठ, सिद्धिलाल सिंह, शम्भुराम श्रेष्ठ रहेका थिए । तर पुष्पलालसँग केन्द्रीय न्युकिलियसले पुष्पलालसँग वार्ता र एकता प्रक्रिया अगाडि बढाउनको निम्ति मनमोहन अधिकारी र शम्भुराम श्रेष्ठलाई जिम्मा दियो । तर पुष्पलाल त्यसमा सहमत हुन सकेनन् । पुष्पलालको देशभरि ७०/७१ जिल्लामा सङ्गठन छ, कहाँ त्यो दुई चारवटा जिल्लाका मान्छे जम्मा भएर बनाएको नयाँ न्युक्लियसमा जान्छु, बरु बुद्धि छ भने सबै यतै लागून् भन्ने सोचाइ थियो ।[3] केन्द्रीय न्युक्लियसबाट मनमोहन अधिकारीले पूरै दस्तावेजमा असहमति जनाएको, महाधिवेशनको कार्यक्रम 'एक्जपोज' गरेको, शम्भुराम श्रेष्ठले पार्टीको कार्यक्रम, राजनीतिक स्वतन्त्रता, मौलिक हक र अधिकार, पार्टीमाथिको प्रतिबन्ध हटाउने मागलाई संसदीय बताएको, संविधानसभाको नाराको विरोध गरेको, विद्यार्थी आन्दोलनमा सम्झौतापरस्त दृष्टिकोण अख्तियार गरेको कारण निष्काशित गरिए । भरतमोहन अधिकारी, कमल कोइराला, सिद्धिलाल सिंह स्वयम् चौथो महाधिवेशनको मिति र स्थान ठेगान गरेर पछि त्यसमा

[2] *पार्टी इतिहास सम्बन्धी प्रस्ताव*, वि.सं. २०५०, नेकपा (मसाल) केन्द्रीय कार्यालय, पृ. १४ ।

[3] चित्र बहादुर के.सी., "नेपाली कम्युनिष्ट आन्दोलनको अन्तर्विरोधबारे" *संवाहक*, वि.सं. २०६३ वैशाख, अंक ३, बुटवल : अनेरास्ववियु (एकीकृत), पश्चिमाञ्चल क्षेत्रीय समिति, पृ. २४ ।

अनुपस्थित भई पछाडि हटे ।[४] तीसको दशकमा नेपालको राजनीति, कम्युनिष्ट आन्दोलनमा साम्राज्यवाद, विस्तारवाद र सामन्तवादका विरुद्धमा सम्झौताहीन सङ्घर्ष गरेको, त्यति बेलाको प्रभावशाली नेकपा (चौथो महाधिवेशन) को सुरुवात नेकपा (केन्द्रीय न्युक्लियस) बाट नै सुरु भएको थियो । जसले मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधारालाई निर्देशक सिद्धान्तको रुपमा अगाडि बढायो । नयाँ जनवादलाई न्यूनतम कार्यक्रम र समाजवाद, साम्यवादलाई अधिकतम कार्यक्रमको रूपमा स्वीकार गऱ्यो ।

केन्द्रीय न्युक्लियसको आयोजनामा बनारसमा सेप्टेम्बर १९७४ (वि.सं. २०३१ भाद्र ३०-असोल ७) नेकपाको चौथो महाधिवेशन सम्पन्न भयो । पछि नेकपासँग (चौथो महाधिवेशन) जोडिएर नेकपा (चौथो महाधिवेशन) रूपमा नेपालको कम्युनिष्ट आन्दोलनमा देखापऱ्यो । कतिपयले अन्य वामपन्थी समूहहरूले चौथो महाधिवेशनलाई मान्यता नदिएको कारण चौथो महाधिवेशन जोडिन पुगेको बताएका छन् ।[5] यो महाधिवेशन तृतीय महाधिवेशनको करिव १२ वर्ष पश्चात् सम्पन्न भएको थियो । चौथो महाधिवेशनले केन्द्रीय न्युक्लियसका सेक्रेटरी मोहन विक्रम सिंहले प्रस्तुत गरेको “क्रान्ति र पार्टीका तत्कालीन समस्याहरू” दस्तावेजलाई पारित गऱ्यो । चौथो महाधिवेशनले तेस्रो महाधिवेशन पछिको १२ वर्षको अवधिमा विश्वको राजनीतिमा महत्वपूर्ण क्रान्तिकारी परिवर्तनहरू भएको बताउँदै सबै प्रकारका प्रतिक्रियावादी व्यवस्थाका विरुद्धमा विश्वभरिका शोषित, पीडित र मेहनतकश जनताको क्रान्तिकारी सङ्घर्षको गति तेज भएको छ । उत्पीडित, पराधीन जाति र राष्ट्रहरूको राष्ट्रिय मुक्ति सङ्घर्षले शानदार सफलता प्राप्त गर्दै गइरहेको, साना र मझौला देशहरूले सोभियत सामाजिक साम्राज्यवाद, अमेरिकी साम्राज्यवाद, विश्व प्रभुत्ववादका विरुद्ध सङ्घर्ष बढाएर लगेको, साम्राज्यवाद, आधुनिक संशोधनवाद र सबै प्रकारका प्रतिक्रियावादका विरुद्धको सङ्घर्षमा विश्वको वामपन्थी क्रान्तिकारी कम्युनिष्ट आन्दोलनले सफलता प्राप्त गर्दै गइरहेको विश्लेषण गऱ्यो ।

महाधिवेशनले मोहनविक्रम सिंहलाई महामन्त्री चयन गऱ्यो । १३ सदस्यीय केन्द्रीय समितिको पनि चयन गऱ्यो । जसमा ९ जना पूर्ण र ४ जना वैकल्पिक केन्द्रीय सदस्य रहने

---

[४] पार्टी इतिहास सम्बन्धी प्रस्ताव, *पूर्ववत्,* पा.टि.सं. २, पृ.. ३५ ।

[5] कात्यायनी, सत्यम, “नेपालको वामपन्थी आन्दोलन : संक्षिप्त अध्ययन”, *वामपन्थ,* वि.सं. २०६५, वर्ष ७, पूर्णाङ्क १-५, पृ. ४५ ।

ठहर गरियो । ५ सदस्यीय पोलिटब्युरो गठन गऱ्यो । जसअनुसार महामन्त्री मोहनविक्रम सिंह, पोलिटब्युरोमा निर्मल लामा, जयगोविन्द शाह, भक्तबहादुर श्रेष्ठ, वैकल्पिक पोलिटब्युरोमा खम्बा सिंह कुँवर रहनुभएको थियो । सदस्यहरू मोहन वैद्य, ऋषि देवकोटा (आजाद), सूर्यनाथ यादव, खुविराम आचार्य, चित्रबहादुर के.सी., गंगाधर घिमिरे, लालसिंह भण्डारी र भारध्वज रहनु भएको थियो ।

नेकपा (चौम) ले नेपाली कम्युनिष्ट आन्दोलनमा देखा परेका उग्र वामपन्थ र दक्षिण पन्थ भडकावका विरुद्धको सङ्घर्षको विचार धारात्मक कार्यदिशालाई अगाडि बढाएपश्चात् पार्टीले थोरै अवधिमा देशव्यापी रूपमा विकास गरेको थियो । चौथो महाधिवेशन त्यतिबेला नेपालको कम्युनिष्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलनमा अन्य वामपन्थी समूहभन्दा शक्तिशाली पार्टीका रूपमा देखा पऱ्यो । निरंकुश पञ्चायती व्यवस्थाको विरुद्धको जनसङ्घर्षमा पार्टीले उल्लेखनीय भूमिका निर्वाह गरेको थियो । चौथो महाधिवेशनको बारेमा एउटा अंग्रेजी भाषामा प्रकाशित पुस्तकमा उल्लेख गरिएको छ[6] :

> *In the 1974 Mohan Bikram set up his own '4th convention' group, which was probabily the most effective of the communist organization by the time of the referendum and enjoyed a reputation for uncompormising redicalism.*

नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा चौथो महाधिवेशनले माओत्सेतुङ विचारधाराको पक्षमा उभिएर आधुनिक संशोधनवाद, उग्रवामपन्थी भडकाव, जडसुत्रवाद, यान्त्रिक अन्धानुकरणको प्रवृत्तिको विरोध गऱ्यो । सशस्त्र सङ्घर्षको अनिवार्यता, भूमिगत पार्टी निर्माणमा जोड दिएको थियो । चौथो महाधिवेशनले त्यतिबेला सापेक्षतः सबै भन्दा बढी, सही क्रान्तिकारी धारको प्रतिनिधित्व गरेको भन्ने भनाइ पनि रहेको छ ।[7]

नेकपा (चौम) मा प्रधान अन्तर्विरोध, संयुक्त मोर्चा वा कार्यगत एकता, सशस्त्र सङ्घर्षको विषयमा तीव्र मतभेद, अन्तर्क्रिया र सैद्धान्तिक सङ्घर्ष देखापरेका थिए ।

---

[6] मार्टिन हफ्टन र अन्य, *पिपुल पोलिटिक्स एण्ड आइडोलोजी,* सन् १९९९, काठमाडौँ : मन्डला बुक प्वाइन्ट, पृ. २३७ ।

[7] कात्यानी, सत्यम्, *पूर्ववत्,* पा.टि.सं. ५, पृ. ४५ ।

चौथो महाधिवेशनले देशभरि छरिएर रहेका विभिन्न प्रान्तीय क्षेत्रीय तथा पार्टी कमिटि, व्यक्तिहरूलाई एकताबद्ध गरेर मार्क्सवाद-लनिनवाद-माओत्सेतुङ विचारधारा, नयाँ जनवाद, महान सर्वहारा सांस्कृतिक क्रान्तिको समर्थन गर्ने एकीकृत पार्टी निर्माणको प्रक्रियालाई अगाडि बढायो । चौथो महाधिवेशनको ऐतिहासिक महत्व नै त्यसले देशभरि टुक्रामा बाँडिएका समानान्तर कमिटिको रूपमा काम गरिरहेका पार्टी कमिटिलाई एक सूत्रमा बाँधेर केन्द्रीय पार्टीको निर्माण गऱ्यो ।

## ३.२ चौथो महाधिवेशनको नीति र कार्यक्रम

नेकपा (चौथो महाधिवेशन) ले मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधारालाई पार्टीको निर्देशक सिद्धान्त, देशभक्त र जनतान्त्रिक सरकारको कार्यनीतिक नारा, न्यूनतम कार्यक्रम नयाँ जनवाद, अधिकतम कार्यक्रम समाजवाद, साम्यवादलाई निर्धारण गऱ्यो । सशस्त्र सङ्घर्षलाई अनिवार्य बताए पनि त्यसको स्वरूप र प्रकृतिका विषयमा सुरुमा किटान नगरिए पनि त्यसभित्र चलेका विवाद, बहस र छलफलले सन् १९७८ (वि.सं. २०३५) को जिल्ला सेक्रेटरीहरूको सम्मेलनले "दीर्घकालीन जनयुद्ध" लाई पारित गऱ्यो । आजको क्रान्तिको आवश्यकता वर्तमान प्रतिक्रियावादी व्यवस्थामा आमूल परिवर्तन भएको बताउँदै चौमले कार्यनीति तय गऱ्यो । जसका मुख्य तत्वहरू निम्न थिए[८] :

क) देशभक्त र जनतान्त्रिक शक्तिको सरकार

ख) तत्कालीन न्यूनतम कार्यक्रम

ग) व्यापक संयुक्त मोर्चा

घ) व्यापक आर्थिक, राजनीतिक सङ्घर्ष र पार्टीको क्रान्तिकारी भूमिका

चौथो महाधिवेशनले दुई कार्यनीति तय गऱ्यो । जसमा (१) जनताको आर्थिक, राजनीतिक हितको रक्षाको प्रश्न, (२) देशको स्वतन्त्रता र सार्वभौमिकताको प्रश्न ।

चौथो महाधिवेशनले राजतन्त्र र भारतीय विस्तारवादसँगको अन्तर्विरोधलाई प्रधान अन्तर्विरोध, सन् १९५१ (वि.सं. २००७) लाई राजनीतिक घटना मात्र मान्ने, नेपाली

---

[८] 'क्रान्ति र पार्टीका तत्कालीन समस्याहरू', *रातो तरवार,* दस्तावेज विशेषाङ्क, २०५९, नेकपा (मसाल) केन्द्रीय कार्यालय, पृ. ५६ ।

कांग्रेसलाई दलाल, नोकरशाह वर्गको पार्टीको रूपमा विश्लेषण गरेको थियो । राजतन्त्र र कांग्रेसको विषयमा चौथो महाधिवेशनले देशमा कम्युनिष्ट पार्टी बाहेक अर्का दुई राजनीतिक शक्ति राजा र कांग्रेस रहेको बताउँदै दुवैको वर्गचरित्र मूलरूपमा समान र दुवै शक्तिले सामन्ती, नोकरशाह, दलाल, पूँजीपति वर्ग, विदेशी पूँजीपति र साम्राज्यवादका प्रतिक्रियावादी स्वार्थहरूको प्रतिनिधित्व गर्ने विश्लेषण गऱ्यो ।[९]

यही महाधिवेशनले ने.का. को वर्गचरित्र विश्लेषणलाई नेकपाले विगतमा बढी आत्मगत तरिका अपनाउने गरेको, उसको वर्गचरित्रबारे पार्टीमा स्पष्टता नरहेको, लामो समयसम्म ने.का. को वर्गस्वरूप ठम्याउन असमर्थ भएको समीक्षा गऱ्यो । तर ने.का.को वास्तविक चरित्र उदाङ्गिएर आएको, नयाँ अनुभव र जानकारीका आधारमा ने.का. सामन्तवाद र साम्राज्यवाद, विशेषगरी भारतीय विस्तारवादको प्रतिनिधित्व गर्ने दल हो भन्ने तथ्यमा अब कुनै संदेह बाँकी नरहेको बतायो ।

चौथो महाधिवेशनले देशमा राष्ट्रियता र जनतन्त्रमध्ये एउटालाई मात्र प्राथमिकता दिएर अर्कालाई गौण स्थानमा राख्ने प्रवृत्तिलाई गलत, अवैज्ञानिक, देश र काल अनुरूप नभएको बतायो । राष्ट्रियता र जनतन्त्रलाई अविभाज्य भएको, अर्थात् राष्ट्रियता र जनतन्त्रको निम्ति समान रूपले सङ्घर्ष गर्ने नीतिलाई अख्तियार गऱ्यो । जुन चौथो महाधिवेशनले अगाडि बढाएको देशको प्रधान अन्तर्विरोधसँगको नीतिसँग मेल खान्छ । संयुक्त मोर्चाको कुरा गरे पनि चौथो महाधिवेशनले नेपाली कांग्रेस र अन्य राजनीतिक दल (वामपन्थी समूह) सँग राजतन्त्र र पञ्चायती व्यवस्थाको अन्तको निम्ति सहकार्य, कार्यगत एकता र संयुक्त जनआन्दोलनलाई निषेध गऱ्यो । संयुक्त मोर्चाको बारेमा के स्पष्ट गरियो कि नेकपाले देशको राष्ट्रियता र प्रजातन्त्रको सङ्घर्षमा राजा वा कांग्रेससँगको राजनीतिक एकता वा संयुक्त मोर्चाको सम्भावनालाई दृढतापूर्वक अस्वीकार गर्दछ । नेपाली कांग्रेससँगको कार्यगत एकता वा संयुक्त मोर्चा कायम नगर्नुको कारणबारे स्पष्ट पाऱ्यो ।[१०] चौमले कुन कुरामा जोड दियो भने राजतन्त्र र विदेशी प्रतिक्रियावाद दुवैका विरुद्ध सम्झौताहीन सङ्घर्ष नेपालको क्रान्तिका अनिवार्य शर्त हुन् । नेपालको क्रान्तिलाई सही

---

[९] *ऐजन,* पृ. ४२ ।

[१०] *ऐजन,* पृ. ४३ ।

किसिमले अगाडि बढाउन ने.का. सँग एकता होइन, उसको तीव्र भण्डाफोरमा जोड दिनुपर्ने आवश्यकता छ । ऊसितको एकता बङ्गलादेश वा सिक्किमका लागि एकता हुनेछ ।

मनमोहनसँगको कार्यगत एकता गर्नु राजाको स्वार्थ पूरा गर्नको निम्ति कार्यगत एकता गर्नु भनियो । मनमोहनको राजा र टंकप्रसादसँगको पिछलगुपनलाई त्यसको आधार बनाइयो ।"[11] पुष्पलाललाई चौथो महाधिवेशनले गद्दार घोषणा गरेको थियो । मोहनविक्रम सिंहले सन् १९७१ मा लेखेको पुस्तक 'गद्दार पुष्पलाल' चौमको दस्तावेज जस्तै बनेको थियो । वास्तवमा नेकपा (चौम) को सैद्धान्तिक आधार मोहनविक्रम सिंहद्वारा लिखित उग्रवामपन्थी भडकावको खण्डन र 'गद्दार पुष्पलाल' पुस्तक थिए । 'उग्रवामपन्थी भडकावको खण्डन' सन् १९७१ मा सुरु भएको झापा 'विद्रोह' को सैद्धान्तिक आलोचनामा आधारित थियो । पुष्पलालले ने.का.लाई प्रजातान्त्रिक शक्ति र राष्ट्रिय पूँजीपति वर्गको पार्टीको रूपमा विश्लेषण गर्दै राजतन्त्र र पञ्चायती व्यवस्थाको अन्तको निम्ति ने.का. सँग कार्यगत एकता गरेर संयुक्त आन्दोलनलाई अगाडि बढाउने नीति अगाडि सारेको थिए । तर नेकपा (चौम) को भने ने.का. सँग राजतन्त्र र पञ्चायती व्यवस्थाका विरुद्धमा कार्यगत एकता गर्न नहुने, राजतन्त्र र ने.का.का विरुद्धमा समान प्रहार केन्द्रित गर्नुपर्ने अडान रहेको थियो । ने.का. लाई भारतीय शासकवर्गको समर्थन भएको कारण ने.का. सँग कार्यगत एकता गर्नु भनेको मुलुकलाई भारतमा विलय गराउनको निम्ति सहयोगी बन्नु हो भन्ने विश्लेषण नेकपा (चौम) को रहेको थियो । मूलतः नेकपा (चौम) को ने.का. नोकरशाह, दलाल, पूँजीपति वर्गको प्रतिनिधित्व गर्ने भएकाले नै त्यससँग कार्यगत एकताको नीति, पार्टी र क्रान्तिको अहितमा हुने भनाइ रह्यो । पुष्पलालको राजतन्त्र र पञ्चायती व्यवस्थाका विरुद्धमा ने.का. सँग कार्यगत एकता तथा संयुक्त जनआन्दोलनको विषयमा मोहन विक्रम सिंहको भनाइ रह्यो[12] –

> *"पि.एल. गुटले राजा र व्यवस्थाको विरोध गरेर आफूलाई क्रान्तिकारी देखाउन निकै प्रयत्न गरेको पाइन्छ । तर यस प्रकारको घोषित क्रान्तिवाद छद्म पलायनवाद हो । देशका अवसरवादी तत्वहरूबाट यो कुरा छिपेको छैन कि नेपालको क्रान्तिको साम्राज्यवाद विरोधी पक्षमा*

---

[11] *ऐजन*, पृ. ४२ ।

[12] मोहनविक्रम सिंह, *क्रान्ति वा भ्रान्ति*, वि.सं. २०५२, बुटवल : जनसाहित्य प्रकाशन, पृ. ५१ ।

*जोड दिनुको अर्थ सिधै भारतीय एकाधिकारको कपोभाजन बन्नु हो । त्यसका लागि अत्यन्त कष्ट साध्य र सुदीर्घ बाटोको बीच भएर अगाडि जानु पर्ने छ । त्यसका तुलनामा राजा र व्यवस्था सितको सङ्घर्षलाई धेरै सजिलो सम्पन्न हुन सक्ने कुरा सम्झनु । किनभने भारतको थोरै मद्दतले त्यसलाई पूरा गर्न सकिन्छ । ने.का. को राजाविरोधी सङ्घर्षको अर्थ नै भारतको आशीर्वाद प्राप्त गर्नलाई प्रयत्न हो । उनीहरूले सोच्दछन कि कुनै बेला भारतको मद्दत मिल्ने वित्तिकै उनीहरूले नेपालमा क्रान्ति गर्न सफल हुन सक्छन् । ने.का. को त्यो राजनीतिक असर पि.एल. मा पनि परेको छ । राजा र व्यवस्थाको विरोध गर्न उहाँलाई ने.का. को संरक्षण प्राप्त हुन्छ । भारतको सरकारको मौन आशीर्वाद, उहाँको लागि भारतमा सुरक्षित बसेर व्यवस्थाको विरोध गर्नु धेरै सजिलो चाहिँ हुनेछ । उहाँले त्यो गरिराख्नु भएको छ ।"*

चौथो महाधिवेशनले देशभक्त र जनतान्त्रिक शक्तिको सरकारको नारालाई तत्कालीन कार्यनीतिक नाराको रूपमा अगाडि सार्‍यो । जुन त्यतिबेलाको सबैभन्दा लोकप्रिय र विवादास्पद नारा बनेको थियो । तर झापाली समूहले देशभक्त र जनतान्त्रिक सरकारको नारालाई संशोधनवादी नारा र चौमलाई 'गद्दार मोहनविक्रम गुट' करार दियो ।[13]

चौथो महाधिवेशनले राजतन्त्रको अन्त र संविधानसभाको नारालाई अगाडि सारेको थियो । देशभक्त र जनतान्त्रिक सरकारको राजतन्त्र र पञ्चायती व्यवस्थाको अन्त भएपछि खडा गरिने, जुन तल (ग्रामीण) देखि उठेको वर्गसङ्घर्षमा आधारित हुने यो सरकारले संविधानसभाको चुनाव गर्ने, नयाँ संविधान निर्माण र नयाँ सरकारको गठन प्रक्रियालाई अगाडि बढाइने भनियो । यसका साथै देशभक्त र जनतान्त्रिक सरकारले न्यूनतम कार्यक्रम (नयाँ जनवाद) लाई पूरा गर्ने भनियो । चौमको देशभक्त र जनतान्त्रिक सरकारको औचित्य माथि प्रकाश पार्दै देशमा तुरुन्तै जनवादी सरकारको लागि नारा दिने परिस्थिति तयार नभएको, त्यस्तो परिस्थिति तयार नहुन्जेलसम्म बीचको कालको निम्ति सरकारको अन्य कुनै स्वरुपलाई स्पष्ट नीति नअपनाउनु अर्थ, त्यसकालको निम्ति प्रतिक्रियावादी सरकारको

---

[13] *वर्गसंघर्ष,* वर्ष १, अंक १, वि.सं. २०३२, अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटि, पृ. ४५ ।

अस्तित्वलाई स्वीकार गर्ने र उनीहरू अन्तर्गतका विभिन्न आर्थिक वा राजनीतिक मागहरू पूरा गराउने सङ्घर्ष सम्म मात्र आफूलाई सीमित राख्नु हुने घोषणा गरियो । यस्तो सरकार देशभक्त र जनतान्त्रिक शक्तिद्वारा संगठित तथा जनताका तत्कालीन न्यूनतम राष्ट्रिय आवश्यकताहरू अर्थात् तत्कालीन न्यूनतम कार्यक्रम (नयाँ जनवाद) पूरा गर्ने सरकार हुने कुरा पनि स्पष्ट गरियो ।

देशभक्त र जनतान्त्रिक शक्तिको सरकार भनिए पनि महाधिवेशनले देशभक्त र जनतान्त्रिक शक्तिहरूको किटान गरेन, तर सन् १९७१ मा केन्द्रीय न्युक्लियसले पारित राजनीतिक प्रस्तावमा देशभक्त र जनतान्त्रिक शक्ति भनेको पञ्चायती "प्रजातन्त्र" का अप्रजातान्त्रिक र अराष्ट्रिय पक्षको विरोध गर्ने, देशको सार्वभौमिकता र स्वतन्त्रताको लागि विदेशी प्रतिक्रियावादी शक्तिसँग सङ्घर्ष गर्न चाहनेलाई लिइने भन्ने किटान गरियो । तर त्यस किसिमको शक्तिको हो ? त्यो चौमको इतिहासमा अपूर्ण, रहस्यको गर्भ रह्यो । चौमले सन् १९७८ मा गठन भएको नेकपा (माले) लाई वामपन्थी शक्ति बताए पनि अन्य कुनै शक्ति वा व्यक्तिलाई देशभक्त, वामपन्थी र जनतान्त्रिक देखेको थिएन ।

नेकपा (चौथो महाधिवेशन) ले केन्द्रीय न्युक्लियसको समयदेखि नै नेपालमा क्रान्तिबारे अढाई प्रकारको विचारको आलोचना गरेको थियो । जसमा पहिलो, नेपालमा क्रान्तिको लागि चीन मुखापक्षी बन्ने, दोस्रो, भारतमा जनवादी क्रान्ति पछि नेपालमा क्रान्तिको आशा देख्ने, तेस्रो, आधा विचार भनेको भारतीय प्रतिक्रियावादको सहयोगमा नेपालमा तथाकथित पञ्चायती व्यवस्थाको अन्त गर्न खोज्ने प्रवृत्ति हो । भारतीय प्रतिक्रियावादको सहयोगमा नेपालमा पञ्चायती व्यवस्थाको विरुद्धमा क्रान्ति गर्ने विचारलाई प्रतिगामी र त्यस्तो क्रान्ति बङ्गलादेश वा सिक्किमको जस्तै हुने बताइयो ।[१५] विक्रमको तीसको दशकको पञ्चायती व्यवस्थाको कालमा नेपालमा राजतन्त्र र पञ्चायती व्यवस्थाको विरोधमा रहेका राजनीतिक शक्तिहरूको बीचमा सैद्धान्तिक मतभेद, शत्रुतापूर्ण सम्बन्ध रहेको देखिन्छ । पुष्पलालले नेपाली कांग्रेससँगको संयुक्त मोर्चा वा कार्यगत एकताको कुरा गरे पनि त्यस किसिमको परिस्थिति वा वातावरण भने त्यसबेला तयार थिएन ।

---

[१५] मोहनविक्रम सिंह, *पार्टी पुनःनिर्माणको समस्या,* वि.सं. २०६३, बुटवल : जनप्रकाशन प्रा.लि., पृ. ५७ ।

पुष्पलालको वामपन्थी समूहसँग टाढाको सम्बन्ध थियो । रायमाझी समूहसँग मिल्ने कुरा त थिएन । मनमोहनलाई पुष्पलालले नै राजावादी भनेर आलोचना गरेका थिए । चौम र झापाली समूहले पुष्पलाललाई 'गद्दार' को पगरी गुथाइ दिएको कारण कटुसम्बन्ध थियो । पुष्पलालसँग साह्रै कमजोर संगठन भएको कारणले कांग्रेस पनि उनीसँग कार्यगत एकता गर्ने पक्षमा थिएन ।[15]

## ३.३ राजतन्त्र र पञ्चायती व्यवस्थाका विरुद्ध सङ्घर्ष

विक्रमको तीसको दशकमा राजतन्त्र र पञ्चायती व्यवस्थाका विरुद्धमा कांग्रेस, नेकपा (चौथो महाधिवेशन) र अन्य वामपन्थी समूहले सङ्घर्ष गरेका थिए । जसमा झापामा भूमिगत रूपमा सञ्चालन गरिएको झापा विद्रोह, नेपाली कांग्रेसद्वारा सन् १९७३ (वि.सं. २०३०) को विमान अपहरण, सन् १९७९ मा सिंहदरबारको केन्द्रीय सचिवालयमा रहस्यमय ढंगले आगलागी, विराटनगरमा राजा वीरेन्द्रको भ्रमणमा भएको वमकाण्ड, सन् १९७९ को विद्यार्थी आन्दोलन, जनमतसंग्रह, पञ्चायती चुनाव बहिष्कार, पञ्चायती व्यवस्था विरोधी पर्चाबाजीमा सशस्त्र क्रान्तिको धम्की प्रमुख घटना थिए । सन् १९७३ (वि.सं. २०३०) को दशकमा जेलमा रहेका कम्युनिष्ट र कांग्रेसका नेताहरू रिहा भएर भारतबाट आफ्ना गतिविधिलाई अगाडि बढाइरहेका थिए । भारतको गोरखपुर, कलकत्ता, बनारस, दिल्लीलाई बहुदलीय व्यवस्थाका पक्षधर र कम्युनिष्ट नेताहरूले मुख्य केन्द्र बनाएका थिए ।

राजा वीरेन्द्रले पञ्चायती संविधान सन् १९६२ लाई दोस्रो पटक संशोधन गरेर गाउँ फर्क अभियान सञ्चालन गरेका थिए । गाउँ फर्क अभियानलाई केन्द्रीय, अञ्चल, जिल्ला स्तरमा गठन गरियो । पञ्चायतका विभिन्न तहको उम्मेदवारीको अनुमोदन, सर्वसम्मति, रिक्त स्थानमा सहवरणद्वारा पूर्ति गर्ने, पञ्चायतको सैद्धान्तिक आधारको व्याख्या र विश्लेषण लगायतका कार्यक्रम गरिएका थिए । एक दलीय पञ्चायती व्यवस्थाका झन् निरंकुश, भ्रष्टाचार क्रियाकलाप बढ्दै गएका थिए । त्यतिबेला नै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले "गलैंचा काण्ड" को रहस्य खुला गऱ्यो । जसमा तत्कालीन प्रधानमन्त्री डा. तुलसी गिरी, अर्थमन्त्री, उद्योग वाणिज्यमन्त्री, नेपाल राष्ट्र बैंकका गर्भनर पनि सो काण्डमा

---

[15] का. रोहितका समसामयिक विचारको सङ्कलन, *जेलदेखि प्रजातन्त्रसम्म,* वि.सं. २०४७ भाद्र, काठमाडौं : नेपाल मजदुर किसान संगठन, पृ. ३६ ।

मुछिएका थिए । यस किसिमका जनविरोधी भ्रष्ट, आपराधिक क्रियाकलापबाट पञ्चायती व्यवस्था जनताको बीचमा झन नाँङ्गिदै गयो । ३० डिसेम्बर १९७६ (वि.सं. २०३३ पौष १६) भारतमा निर्वासित भएका वि.पि. कोइराला, राष्ट्रिय मेलमिलापको नारा लिएर नेपाल फर्के । उनलाई काठमाडौँबाट बाहिर जान नदिन सार्वजनिक सुरक्षा ऐन अन्तर्गत स्थानहदको आदेश समेत जारी गऱ्यो । पञ्चहरूले वि.पि. लाई "अराष्ट्रिय तत्व" भनेर निन्दा गरेका थिए ।[16]

तीसको दशकमा पुनर्गठन गरिएको नेकपा (चौम) ले राजतन्त्रको अन्त, संविधानसभाको चुनाव, देशभक्त र जनतान्त्रिक सरकारको नारा सहित राजतन्त्र र पञ्चायती व्यवस्थाको विरुद्धमा सङ्घर्षलाई अगाडि बढाएको थियो । नेपाली कांग्रेस र अन्य राजनीतिक समूहले बेलायती मोडलको राजतन्त्र सहितको प्रजातान्त्रिक प्रणालीको मागलाई राजनीतिक अभिष्ट बनाएका थिए । तर त्यतिबेलाको शक्तिशाली वामपन्थी शक्ति नेकपा (चौम) ले पञ्चायती व्यवस्थाका साथै राजतन्त्रको अन्त गरी कम्युनिष्टहरूको नेतृत्वमा सरकार गठन गर्ने, पहिलो पटक कांग्रेस इतरको शक्तिको नेतृत्वमा राजतन्त्रको विकल्पमा गणतन्त्रको कार्यनीतिलाई अगाडि सारेको थियो । यद्यपि चौमद्वारा यस किसिमको गणतान्त्रिक सरकारको गठन तलैदेखि उठेको किसान/मजदुरको सहभागितामा आधारित सशस्त्र सङ्घर्षमा खडा हुने दावी गरिएको थियो ।[17]

पार्टीले आफ्नो सुरुवातको सङ्घर्षको कालमा पर्चा, बुकलेट र पोष्टरहरूद्वारा राजतन्त्र र पञ्चायती व्यवस्थाको विरोधमा सङ्घर्षलाई अगाडि बढायो । सन् १९७७ (वि.सं. २०३४) को पर्चा र पोष्टर काण्ड त्यसबेलाको चर्चित काण्ड मानिन्छ । जून १९७७ (वि.सं. २०३४ असार ७) देशव्यापी रूपमा राजतन्त्र, पञ्चायती व्यवस्था र वैदेशिक हस्तक्षेपको विरोधमा देशव्यापी रूपमा पर्चा वितरण गरिएको थियो । तत्कालीन पञ्चायती सरकारले पर्चा र पोष्टर वितरण गरेको आरोपमा पार्टीका नेता, कार्यकर्तालाई गिरफ्तार र धरपकड, निर्मम यातना दिएको थियो ।

---

[16] मिहिर कुमार ठाकुर, *नेपाली संविधान र राजनीति निर्णायक घटना र मोड*, वि.सं. २०५१, राजविराज : एम. आर. पब्लिकशेन्स, पृ. १२९ ।

[17] क्रान्ति र पार्टीका तत्कालीन समस्याहरू, *पूर्ववत्*, पा.टि.सं. ८, पृ. २८ ।

पार्टीको सातौँ बैठकमा पारित संयुक्त मोर्चाको क्रान्तिकारी स्वरूपमा उल्लेख गरियो, 'आषाढ ७ को आन्दोलनलाई दबाउनको लागि तानाशाह वीरेन्द्रले देशव्यापी रूपमा धरपकड गरिरहेको छ । गिरफ्तार व्यक्तिहरूलाई बर्बर यातना दिइरहेको छ । भर्खरका कलिला बालकहरू पनि यस्ता यातना र शारीरिक यन्त्रणाहरूबाट बचेका छैनन् । तर तानाशाही वीरेन्द्रलाई हामी के बताउन चाहन्छौं भने देशको सार्वभौमिकता, स्वतन्त्रता तथा जनतन्त्रको लागि लड्ने क्रान्तिकारी र किसान, युवक, विद्यार्थीहरू माथि वर्षाएका प्रत्येक लाठी, कोर्रा, मुक्का र लातहरू राजतन्त्र र सम्पूर्ण सामन्तवादी व्यवस्थाको जगलाई जरैदेखि उखेलेर फाल्नका लागि अमोध हतियार र वज्रमा बदलिने छन् ।' सो बैठकले 'राजा र विदेशी हस्तक्षेप विरुद्धमा सङ्घर्षमा उत्रौं' भन्ने नारा दियो ।'[18] यस पर्चा वितरण काण्डको सिलसिलामा गिरफ्तार गरिएका रामसिंह श्रीस लगायतलाई निर्मम यातना दिइएको थियो ।

नेकपा (चौम) को मुखपत्र मसाल जून १९७७ (वि.सं. २०३४ आषाढ) अंकमा उल्लेख गरेअनुसार आषाढ ७  ने.क.पा. का लडाकु कार्यकर्ता, किसान, युवक, विद्यार्थी र महिलाहरूले सामन्तीगढ र राजतन्त्र र विदेशी हस्तक्षेपको विरुद्ध झण्डा उठाएका थिए । शान्तिपूर्ण आन्दोलनको जवाफमा वीरेन्द्र शाहीले बर्बर धरपकडको नीति अपनायो ।

चौमले एकातिर जनसङ्घर्ष र अर्कोतिर ग्रामीण वर्गसङ्घर्षलाई सञ्चालन गरेको थियो । पार्टीले पञ्चायत, प्रशासन, सामन्त, जाली फटाह साहुहरूका विरुद्धमा विरोधीहरू माथि कुटपिट, जर्बजस्तीका विरुद्धमा त्यही किसिमका प्रतिरोधात्मक कार्वाहीलाई अगाडि बढाउनु पर्दछ भन्ने मान्यतामा ग्रामीण वर्गसङ्घर्षलाई संगठित गर्ने प्रयत्न गरेको थियो । यस बेला किसान आन्दोलन तथा ग्रामीण वर्गसङ्घर्षका विभिन्न रूप थिए । जसमा जाली फटाह विरोधी आन्दोलन, सामन्त र जाली फटाहा विरुद्ध कुटपिट आन्दोलन, अनिकाल विरोधी आन्दोलन, सुकम्बासी आन्दोलन भएका थिए । जसमा दुर्गा सुवेदी, दलबहादुर रजन, कुलबहादुर राना, ऋषि देवकोटा 'अजाद' सहिद भए । पार्टीका नेता/कार्यकर्तालाई ज्यान मारा, डाका मुद्दामा जेल पनि हालियो ।[19]

---

[18] *ऐजन,* पृ. ४७ ।

[19] *पार्टी इतिहास सम्बन्धी प्रस्ताव, पूर्ववत्,* पा.टि.सं. २, पृ. ३२ ।

पञ्चायतीकालमा नेकपा (चौम) ले शिक्षक, विद्यार्थी, मजदुर आन्दोलनलाई अगाडि बढाउन निकै प्रयत्न गरेको देखिन्छ । त्यसका साथै दुग्धकाण्ड, रङ्गशाला काण्ड, मेघालयबाट विस्थापित नेपालीहरूको आन्दोलनमा पनि चौमको पहल र सक्रियता थियो । तीसको दशकमा चौथो महाधिवेशनले सन् १९७९ (वि.सं. २०३६) को विद्यार्थी आन्दोलन, पञ्चायती चुनाव बहिष्कार आन्दोलनलाई राजतन्त्र र पञ्चायती व्यवस्थाका विरुद्धमा लैजाने प्रयत्न गरेको थियो ।

६ अप्रिल १९७८ (वि.सं. २०३५ चैत्र २४) जुल्फीकार अलि भुट्टोलाई रावलपिण्डीमा तत्कालीन पाकिस्तानी राष्ट्रपति जनरल जिया उल हकले फाँसी दिएको थियो । जसको विरोधमा राजधानीका विभिन्न क्याम्पसका विद्यार्थीहरूले राष्ट्रपति जनरल जिया उल हकको विरुद्धमा नारा लगाउँदै पाकिस्तानी दूतावासमा प्रदर्शन गरेका थिए । विद्यार्थीहरूलाई प्रहरीले रोक्न खोज्दा प्रहरी र विद्यार्थीको बीचमा झडप भयो । जसमा प्रहरीको निर्ममलाठी, बुट, प्रहारबाट कयौँ विद्यार्थीहरू घाइते भएका थिए । जसबाट देशव्यापी रूपमा विद्यार्थीहरू पञ्चायती व्यवस्थाका विरुद्ध आन्दोलनमा सहभागी भए । मार्चै १९७८ (वि.सं. २०३५ चैत्र २७) ९ जना विद्यार्थी नेताहरू रहेको केन्द्रीय संयुक्त सङ्घर्ष समिति गठन भयो । स्वतन्त्र विद्यार्थी युनियन, नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशन, नेपाल विद्यार्थी संघ लगायतका तीन सङ्गठन सहभागी थिए । जसमा प्रत्येक सङ्गठनको तीन तीन जना प्रतिनिधि रहेका थिए । केन्द्रीय संयुक्त सङ्घर्ष समितिले २५ सूत्रीय मागलाई अगाडि बढाएको थियो । अमृत साइन्स क्याम्पस, हेडौडा काण्ड, कलैया काण्डमा प्रहरीको निर्ममतापूर्वक दमनबाट विद्यार्थी आन्दोलन झन् तीव्र रूपमा अगाडि बढ्यो । हेटौडा काण्डमा प्रहरीले गोली चलाउँदा कैयौँ विद्यार्थीहरूको मृत्यु भयो । प्रहरीले चितवन क्याम्पसमा पनि गोली चलाएको थियो । विद्यार्थी आन्दोलनले थप उचाई लिँदै गएपश्चात् राजा वीरेन्द्रले शाही आयोग गठन गरेर शैक्षिक मागहरूको विषयमा छलफल अगाडि बढायो । तर नेकपा (चौम) र नेकपा (माले) निकट विद्यार्थीहरू यसमा सहमत भएनन् । २२ मई १९७९ (वि.सं. २०३६ वैशाख १०) पाटनमा किसान र विद्यार्थीहरूको संयुक्त बैठक भयो । उनीहरूले मौलिक अधिकारको बहाली बिना जनआन्दोलन नरोकिने चेतावनी दिए । यसैगरी अमृत साइन्स क्याम्पसमा तीन हजार विद्यार्थी भेला भएका थिए ।[२०]

---

२० हफ्टन र अन्य, *पूर्ववत्,* पा.टि.सं. ६, पृ. ८८ ।

अप्रिल १९७९ (वि.सं. २०३६ जेठ ९) विद्यार्थीहरूले शाही नेपाल वायु सेवा निगमको भवनको ऐना फुटाएका थिए । मिनिबसमा आगो लगाएर क्षति पुगाइयो । राजा वीरेन्द्रले २४ मई १९७९ (वि.सं. २०३६ जेठ १०) विहान नेपालको भावी राजनीतिक व्यवस्थाको सन्दर्भमा नेपाल अधिराज्यभरी बालिक मताधिकारको आधारमा जनमत संग्रहको घोषणा गरे । जनमत संग्रहको टंकप्रसाद आचार्य, विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, डिल्लीरमण रेग्मी, विष्णुबहादुर मानन्धर, मनमोहन अधिकारी, बलराम उपाध्याय, कृष्णदास श्रेष्ठ, तुलसीलाल अमात्य र केशरजंग रायमाझीद्वारा स्वागत र समर्थन गरियो । तर नेकपा (चौम) ले जनमत संग्रहलाई धोका र षडयन्त्र बताउँदै जनमत संग्रह बहिष्कार र सशस्त्र सङ्घर्षको तयारीमा जोड दिने घोषणा गऱ्यो । नेकपा (माले) ले पनि जनमत संग्रह बहिष्कार गर्ने घोषणा गऱ्यो । नेकपा (चौम) ले जनमत संहग्रहलाई पहिले धोका भनेर देशव्यापी रूपमा बहिष्कार आन्दोलन सञ्चालन गरेको थियो । तर अन्ततः नेकपा (चौम) ले पनि जनमत संग्रहलाई उपयोग गऱ्यो । नेकपा चौथो (महाधिवेशन) ले के भनेको छ भने पार्टीले सन् १९७९ को विद्यार्थी आन्दोलनको उठानको निम्ति सक्दो पहल गरिरहेको थियो । विद्यार्थी आन्दोलनको सुरु हुनुभन्दा पूर्व देशव्यापी रूपमा सरकारले घोषणा गरेको जग्गा करको विरोध किसान आन्दोलनको तयारी गरेको थियो । विद्यार्थी आन्दोलन र किसान आन्दोलनको बीचमा तालमेल मिलाउने प्रयत्न पनि गरेको थियो । जसमा पूर्वी तराईको किसान सङ्घर्ष, चितवनको संयुक्त जनसङ्घर्ष र काठमाडौँको जेठ ९ को क्रान्तिकारी सङ्घर्ष प्रमुख रहेका थिए ।[21]

जनमत संग्रह घोषणाको सुरुवातमा नेकपा (चौम) ले देशव्यापी रूपमा जनमत संग्रहको बहिष्कार, देशभक्त जनतान्त्रिक सरकारको नारालाई प्रचार गरेको थियो । सरकारले पूर्वका सिराहा, सप्तरी जिल्लामा सैनिक अप्रेसन गरेको थियो । सेनाले त्यस क्षेत्रका घर घरमा खान तलासी लियो ।[22]

चौमले पंचायती चुनावको बहिष्कारको माध्यमबाट राजतन्त्र र पंचायती तानाशाही व्यवस्थाको विरुद्धको जनआन्दोलनलाई अगाडि बढाउने प्रयास गरेको थियो । यस सन्दर्भमा

[21] राजनीतिक प्रतिवेदन, *पूर्ववत्,* पा.टि.सं. ८, पृ. ५७ ।

[22] भैरव रेग्मी, "राष्ट्रिय नीति निर्माणका पक्षधरका कृष्णकुमार", *लोप्चन स्मारिका,* वि.सं. २०६४, लोप्चन स्मृति प्रतिष्ठान, पृ. ६ ।

सन् १९७९ को सुधारिएको पञ्चायती व्यवस्थाको बालिग मताधिकारको आधारमा राष्ट्रिय पञ्चायतको चुनावको बहिष्कार सबैभन्दा उल्लेखनीय छ । नेकपा (चौम) को सत्रौं बैठकले "निर्दलीय तानाशाही पञ्चायती व्यवस्थालाई ध्वस्त पार्न चुनावलाई बहिष्कार गरी जनताको हक र अधिकारको सङ्घर्षलाई तीव्र पारौँ ।" भन्ने प्रस्ताव पारित गर्‍यो । सन् १९७९ (वि.सं. २०३८) को चुनावलाई भद्दा किसिमको नाटक र पञ्चायती अधिनायकवाद तानाशाही व्यवस्थालाई बचाउने चालबाजी र षडयन्त्र मात्र भएको, त्यसकारण निर्दलीय तानाशाही व्यवस्था अन्तर्गतका सबै चुनावहरूको सम्पूर्ण रूपले बहिष्कार गरेर "जनआन्दोलनलाई संगठित पार्नेतर्फ जोड लगाउनु पर्दछ" भनियो ।

सन् १९७९ (वि.सं. २०३८) को चुनाव बहिष्कारको निम्ति पार्टीले संयुक्त सङ्घर्ष समिति गठन गरेको थियो । चुनावको सक्रिय बहिष्कार गर्दै सन् १९७९ (वि.सं.२०३८ चैत्र २५) 'नेपाल बन्द' गरिएको थियो । "बहिष्कार सप्ताह" पनि यस सिलसिलामा सम्पन्न भएको थियो । जुन प्रवास (भारत) का विभिन्न शहर र देशभित्र पनि सम्पन्न भएका थिए । जसलाई नेकपा (माले) ले पनि समर्थन गरेको थियो । यो चुनाव बहिष्कार आन्दोलनको सिलसिलामा अर्घाखाँची राजस्थल नि.मा.वि. का शिक्षक टंकप्रसाद भुलाई पञ्चायती चुनावको बहिष्कारको आन्दोलनमा हिरासतमा क्रूर, अमानवीय यातना दिएर हत्या गरियो । त्यतिबेला भुले २७ वर्षको उमेरमा शहादत प्राप्त गरेका थिए । मृतक शरीरलाई चार दिन पश्चात् अर्घाका जनताले प्रहरीबाट खोसेर बजार परिक्रमा गरेर अन्त्येष्टि गरेका थिए । त्यस पश्चात् हत्याकाण्डको विरोधमा गाउँका कुना काप्चाको किसान, शिक्षक, विद्यार्थी जेलबन्दीहरूले पनि विरोध जनाएका थिए । प्रवासमा दिल्ली, फरिदाबाद, गाजियाबाद, पानीपत, हासी, चण्डीगढ आदि ठाउँमा एकता समाजका कार्यकर्ताले सो हत्याकाण्डको विरोधमा प्रदर्शन गरेका थिए ।[२३] सन् १९७९ को चुनाव बहिष्कारमा रोल्पा थवाङ गाउँको बहिष्कार विशेष रूपले उल्लनेखनीय छ । थवाङमा मतदान नै भएन । सरकारले सेना परिचालन गरेर जबर्जस्ती गर्दा, दमन, धरपकडलाई अगाडि बढाउँदा पनि थवाङका जनताले मतदान गरेका थिएनन् ।

[२३] गोविन्द सिंह थापा (सम्पा.), *नेपाली एकता दुई दशक विशेषाङ्क,* जुलाई २०००, नयाँ दिल्ली : अखिल भारत नेपाली एकता समाज, पृ. ५१ ।

## ३.४ नेकपा चौममा रहेका विवाद र अन्तर्विरोध

वि.सं. २०२८ मा केन्द्रीय न्युक्लियसको गठन भएदेखि नै त्यसभित्र अन्तर्विरोध विद्यमान थिए । केन्द्रीय न्युक्लियसले अगाडि सारेका कतिपय विषयहरूमा असमझदारीले, मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ, भरतमोहन अधिकारी, कमल कोइराला त्यसबाट बाहिरिएका थिए । मुख्यतः केन्द्रीय न्युक्लियसको गठनदेखि नै त्यसबेला मोहनविक्रम सिंह, निर्मल लामाको बीचमा पनि अन्तर्विरोध कायम थिए । भद्रगोल जेलमा (१) माओत्सेतुङ विचारधारा (२) पार्टी को-अर्डिनेशन (३) जनक्रान्ति र संयुक्त मोर्चाबारे तीन प्रस्ताव तयार पार्ने क्रममा निर्मल लामा र मोहनविक्रम सिंहका बीचमा विवाद देखापरेका थिए । सन् १९५१ (वि.सं. २००७) को सङ्घर्षलाई असफल पूँजीवादी क्रान्ति ठान्ने वा घटना मात्र ठान्ने भन्ने विषयमा निर्मल लामा र मोहनविक्रम सिंहको बीचमा विवाद थियो । संयुक्त मोर्चाको विषयमा पनि विवाद थियो । तर माओत्से तुङ विचारधारा, नयाँ जनवाद, महान सर्वहारा सांस्कृतिक क्रान्ति लगायतका सवालमा कुनै मतभेद, अन्तर्विरोध थिएन । सन् १९७१ (वि.सं. २०३४) मा महामन्त्री मोहन विक्रम सिंहलाई जलजला प्रकरणमा कारवाही गरियो ।[५४] जलजला (विद्या ढकाल) पार्टी कार्यकर्ता थिइन् । उनी र महामन्त्री मोहन विक्रम सिंहको बीचमा प्रेम र यौन सम्बन्ध थियो । महामन्त्री सिंह विवाहित थिए । उनले वि.सं. २०२८ मा शान्ता सिंहसँग विवाह गरेका थिए । पार्टीले आचरण सम्बन्धी विषयलाई लिएर मोहनविक्रम सिंहलाई महामन्त्री, पोलिटब्युरो, केन्द्रीय समिति र पार्टी सदस्यता समेत नरहने गरेर निष्कासित गऱ्यो । मोहनविक्रम सिंहको प्रस्तावमा पोलिटब्युरो सदस्य निर्मल लामालाई महामन्त्री बनाइयो । यही घटनासँग नेकपा (चौथो महाधिवेशन) मा अन्तर्विरोध, असहमति, गुटबन्दीको सुरुवात भयो । महामन्त्री, केन्द्रीय समिति, पार्टी सदस्यताबाट निष्कासित गरिएका मोहनविक्रम सिंहले महामन्त्री क. लामाको छायाँ भएर काम गर्ने, टेक (सशस्त्र संघर्षको तयारी सम्बन्धी कार्य गर्ने कमिटि) को जिम्मा लिने इच्छा व्यक्त गरेका थिए । त्यसबाट निर्मल लामाले आफ्नो व्यक्तित्वको अपमान भएको र आफूमाथि अविश्वास गरिएको अनुभूति गरेका थिए ।[५५]

---

[५४] बलराम पोखेल, *मोहन विक्रम सिंह, जीवनी र व्यक्तित्व,* वि.सं. २०५९, काठमाडौं : प्रगति पुस्तक सदन, पृ. ४४ ।

[५५] निनु चापागाई, क. निर्मल लामा, "के भनौं कति, भनौं" *सम्झनाको तरेलीमा निर्मल लामा,* वि.सं. २०२८, काठमाडौं : स्मारिका प्रकाशन समिति, पृ. २५१ ।

यससँगै पार्टी महामन्त्रीको जिम्मेवारी सुम्पदा मोहनविक्रम सिंहले एउटा फाइलमा मात्र तीनवटा कागज बुझाएका थिए । जसमा टेक (सशस्त्र संघर्षको तयारी सम्बन्धी कार्य गर्ने कमिटि) सम्बन्धी एउटा फाइल, साहित्यकार पारिजातको पार्टी सदस्यता सम्बन्धी आवेदन पत्र, पारिजातलाई पार्टी सदस्यता दिने कि नदिने भन्ने सम्बन्धमा राय माग गर्दा लामाले केही समय पर्खन अनुरोध गरेको कागज थिए ।[26] नेकपा (चौम) ले निर्मल लामा र एम.वी. सिंहका बीचमा देखापरेका केही व्यक्तिगत, सैद्धान्तिक मतभेदले पनि चौथो महाधिवेशनमा अन्तर्विरोधलाई जटिल र घनिभूत बनाउँदै लगेको देखिन्छ । सन् १९७५ (वि.सं. २०३४) तिरको अर्को घटना पनि पार्टीमा अन्तर्विरोधहरूको सृजना गर्ने किसिमले हुन गयो । सन् १९७५ तिर वाग्मती क्षेत्रीय सङ्गठन ब्युरोमा रहेका सबै सदस्यहरूले घरेलु प्रतिक्रियावादसँगको नेपाली जनताको अन्तर्विरोध हो भन्ने टुंगोमा पुगेर अधिकतम कार्यक्रम र न्यूनतम कार्यक्रम सम्बन्धी पार्टीले व्यक्त गलत विचारलाई समेत समावेश गरेर वाग्मती क्षेत्रीय सङ्गठन ब्युरोको तर्फबाट केन्द्रलाई प्रस्ताव बुझाइयो ।[27]

चौममा देखापरेका अन्तर्विरोधको सबैभन्दा ठूलो असर सन् १९७९ को विद्यार्थी आन्दोलन र जनमतसंग्रहमा पऱ्यो । सन् १९८० (वि.सं. २०३७) मा विद्यार्थी आन्दोलनलाई मत्थर पार्न घोषणा गरिएको जनमत संग्रहलाई चौमले सही ढंगले विश्लेषण गरेर, ठोस नीति लिन सकेन । यसको एउटा झलक "नेपाली संविधान र राजनीतिको निर्णायक घटना र मोड" मा पुस्तिकामा दिइएको छ .[28]

> *नेपाल कम्युनिष्ट पार्टी (चौथो महाधिवेशन) ले पनि जनमत संग्रहको घोषणालाई धोका भन्दै तत्कालै बहिष्कारको नारा दियो । तर भदौ वि.सं. २०३६ मा आएर जनतमत संग्रहको निष्पक्षताको निम्ति आवाज उठायो । फेरि त्यही वर्ष कार्तिक महिनामा यस समूहले जनसङ्घर्षहरूमा तीव्र स्तरले बढाई सक्रिय बहिष्कार तिर बढाउँदै लैजाने, जनमत संग्रहको भण्डाफोर गर्ने, तथा स्वच्छ र निष्पक्ष चुनाव*

[26] *ऐजन,* पृ. २५२ ।

[27] *ऐजन,* पृ. २४५ ।

[28] ठाकुर, पूर्ववत्, पा.टि.सं. १६, पृ. १२९ ।

*गराउन मन्त्रीमण्डल लगायत पञ्चायतका सबै निकायहरू खारेज गर्ने, जनभावना अनुकूल अन्तरिम सरकारको स्थापना गर्ने कुराहरू एक साथ अगाडि बढायो । यसै वर्ष माघ महिनामा पुनः यस समूहले सक्रिय बहिष्कारको नारा दियो । फेरि फाल्गुण महिनामा पुनः यस समूहले सक्रिय बहिष्कारको नारा दियो । फेरि फाल्गुण महिनामा आएर बिना शर्त जनमत संग्रहमा भाग लिने निर्णय गऱ्यो । यसरी साम्यवादी समूहमध्ये सबैभन्दा प्रभावकारी ठानिने माले र चौथो महाधिवेशनका जनमत संग्रह सम्बन्धी नीतिहरू अस्थिर र अस्पष्ट देखिए ।*

निर्मल लामा चौथो महाधिवेशनको नेता भए पश्चात् नै चौम भित्रका विवाद रहेका अन्तर्विरोध, जटिलता, वादविवादहरू बाहिर प्रकटीकरण हुन थाले । निर्मल लामा सन् १९५१ (वि.सं. २००७) को क्रान्तिलाई घटना मान्ने, पुष्पलाललाई गद्दार मान्ने कुरामा असहमति राख्दथे । मुलुकको कम्युनिष्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलनमा पुष्पलालले खेल्नु भएको भूमिकाको सकारात्मक भूमिकालाई संकीर्ण सोचबाट हेरिनु हुन्न भन्ने निर्मल लामाको मान्यता थियो ।[२९]

जुलाई १९७८ (वि.सं. २०३५ श्रावण ७) नयाँ दिल्लीमा पुष्पलालको निधन भयो । उनले नेकपा (चौम) को मुखपत्र मसालमा समवेदना प्रकट गर्दै पुष्पलाललाई 'कमरेड' सम्बोधन गरेका थिए । चौमद्वारा 'गद्दार' घोषणा गरिएका पुष्पलाललाई पार्टीका महामन्त्री बनेका निर्मल लामाले 'कमरेड' सम्बोधन गरेका कारण आलोचना बेहर्नु पऱ्यो । निर्मल लामाले सन् १९७६ .वि.सं. २०३५) मा पार्टीको मुखपत्र 'मसाल' मा जिल्ला पार्टीहरूलाई 'लडाकु दल गठन गर्नुहोस्, जनसङ्घर्षलाई छापामार दलमा बदल्नुहोस्, लडाकु दल गठन गरी हतियार जम्मा गर्ने बेला यही हो । जनसङ्घर्ष ठीक अर्थमा छापामार युद्धमा विकास गर्ने बेला संक्रमण गर्ने बेला यही हो, खुँडा, खुकुरी, भाला, बन्दुक, जे सम्भव छ, जम्मा गर्ने बेला यही हो' भनेर अपिल गरेका थिए । जसको उग्र "वामपन्थी" विचारको रूपमा आलोचना गरियो ।[३०]

---

[२९] माधव कुमार नेपाल, 'निर्मल लामा : प्रेरणा लिइरहनु पर्ने व्यक्तित्व', *पूर्ववत्,* पा.टि.सं. २५, पृ. १२१ ।

[३०] राजनीतिक सिंहावलोकन, *पूर्ववत्,* पा.टि.सं. ८ , पृ. १०३ ।

नेकपा (चौम) मा केन्द्रीय न्युक्लियसको गठनकालदेखि नै रहेका मतभेदहरू यसप्रकार छन् ।

1. सन् १९५१ (वि.सं. २००७) को मूल्यांकन
2. संयुक्त मोर्चा वा कार्यगत एकता
3. जनमत संग्रहको उपयोग कि बहिष्कार र पाँच पूर्वाधार
4. पञ्चायती चुनावको उपयोग कि बहिष्कार
5. प्रधान अन्तर्विरोध
6. पुष्पलालको प्रश्न

चौथो महाधिवेशन भित्रको सैद्धान्तिक विवादले मूर्तता चाहिँ राजाद्वारा घोषणा गरिएको जनमत संग्रहको बेला देखा पऱ्यो । राजाले जनमत संग्रहको घोषणा गरे पश्चात् पार्टीले निम्न नारालाई अगाडि बढायो :

- राजतन्त्रलाई ध्वस्त गरौं ।
- जनमत संग्रह केवल धोका हो ।
- देशभक्त र जनतान्त्रिक सरकार कायम गरौं ।

उपरोक्त नाराहरूको भित्ता पनि पोतिए । गाउँ गाउँमा पनि भाषण गरिए । तर पार्टीले नारा दिए पछाडि दुई किसिमका फरक विचारहरू देखा परेका थिए । पहिलो आन्दोलनलाई छोडेर जनमत संग्रहलाई सफल पार्ने कुरामा जोड दिने, दोस्रो निर्दलीय व्यवस्था र बहुदलीय व्यवस्थालाई एउटै सम्झेर विरोध गर्ने । तर नेकपा (चौम) ले जनमत संग्रहलाई उपयोग र बहिष्कारमा जोड दियो, मत विभाजन भयो । मोहनविक्रम सिंह पक्षले जनमत संग्रह बहिष्कारमा जोड दियो, निर्मल लामा पक्षले निष्पक्ष र स्वतन्त्र जनमत संग्रहको नारामा भाग लिनु पर्दछ भन्ने मत अगाडि साऱ्यो । निर्मल लामाले पाँच वटा वामपन्थीहरूसँग कार्यगत एकता गरी पाँच पूर्वाधारको विषयगत कुरा उठाए । जुन पाँच पूर्वाधारमा तथा शर्तहरूमा पञ्चायतका सबै निकायको खारेजी, राजनीतिक नेता र कार्यकर्ताको रिहाइ, १८ वर्ष उमेर पुगेका नेपालीलाई बालिग मताधिकारको ग्यारेण्टी, अन्तरिम सरकार लगायत थिए ।

सेप्टेम्बर (१९७९ (वि.सं. २०३६ भदौ २४) महामन्त्री निर्मल लामाको सक्रियतामा ६०,००० भन्दा बढीको मानवसागर सडकमा ओर्लियो । अन्तरिम सरकारको नारा रोहित, मनमोहन, सहाना प्रधानले नेतृत्व गरेको "वामपन्थी" समूहसँग कार्यगत एकता पार्टीको निर्णयको विपरीत भएको कारण निर्मल लामाको आलोचना भयो । निर्मल लामाले महामन्त्रीबाट राजीनामा दिए ।[31] नेकपा (चौम) को भाद्र २४ को सङ्घर्षलाई दमन गर्न पञ्चायती सरकारले 'क' श्रेणीको सुरक्षा व्यवस्था गरेको थियो । निर्मल लामाले महामन्त्रीबाट राजीनामा दिएपछि भक्तबहादुर श्रेष्ठलाई महामन्त्री बनाइयो । वि.सं. २०३६ मा केन्द्रीय समितिमा पुनर्स्थापना गरिएका मोहनविक्रम सिंहलाई "यौन आचरण" विषयलाई लिएर फेरि कार्वाही गरियो ।

मोहनविक्रम सिंहले पार्टी नियम विपरीत गएको बताउँदै "चौथो महाधिवेशन जिन्दावाद" भन्ने प्रस्ताव केन्द्रीय समितिमा पठाएका थिए । ऋषि देवकोटा 'आजाद' ले "क्रान्तिकारी स्प्रीट" नभएको, पार्टीलाई संशोधनवादी दिशामा लगेको आरोप लगाएका थिए । पार्टी केन्द्रमा कैयौँ पटक अल्पमतमा परेपश्चात् निर्मल लामाले राजीनामा दिएका थिए । निर्मल लामाले चौथो महाधिवेशनले पारित गरेको "तलैदेखि उठेको सशस्त्र विद्रोह" मूल राजनीतिक प्रस्ताव अनुसार गएको, अल्पमत पक्षले दीर्घकालीन जनयुद्धको वकालत गरेको बताएका थिए । एकथरीले सन् १९७८ मा निर्मल लामा महामन्त्री भएको बेला जिल्ला सेक्रेटरी सम्मेलनले मोहन वैद्य र ऋषि देवकोटासँगको छलफल पश्चात् दीर्घकालीन जनयुद्धको नारा पारित भएको बताएका छन् ।[32] अर्को थरीले सन् १९७८ को प्लेनमले दीर्घकालीन जनयुद्धको कार्यदिशालाई पारित गरेको बताइन्छ ।[33] मोहनविक्रम सिंहले तलदेखि उठेको किसान मजदुर "सशस्त्र सङ्घर्ष" लाई नै दीर्घकालीन जनयुद्ध बताएका थिए ।[34] सन् १९७८ को पञ्चायती चुनावको समयमा पनि पञ्चायतको उपयोग र बहिष्कारको विषयमा चौममा ठूलो मतभेद देखा पर्‍यो । नेकपा (चौम) को विभाजनको मुख्य

---

[31] इस्माली "यसरी बनेथे एउटा निर्मल लामा", *पूर्ववत्,* पा.टि.सं. २५, पृ. १९ ।

[32] चापागाई, *ऐजन,* पृ. २४७ ।

[33] भक्तबहादुर श्रेष्ठ, 'क. निर्मल लामा, मेरो सम्झनामा', *ऐजन,* २२, पृ. १५६ ।

[34] मोहन विक्रम सिंह, *उग्रवामपन्थी भडकावको खण्डन,* वि.सं. २०५१, काठमाडौं : निरन्तर प्रकाशन, पृ. ९९ ।

कारणमा पञ्चायती चुनावको उपयोग र बहिष्कारको विवाद पनि थियो । यति बेलासम्म चौथो महाधिवेशनमा मुख्य अन्तर्विरोध, प्रतिक्रियावादी संघ/संस्थामा भाग लिनेबारे संयुक्त जनआन्दोलनको बारेमा पनि विवाद थिए । निर्मल लामा पक्षले पञ्चायती चुनावको उपयोग गर्ने कुरामा जोड दियो । महामन्त्री भक्तबहादुर श्रेष्ठको पक्षले भने बहिष्कारको निम्ति जोड दियो ।

निर्मल लामाको गल्ती गर्ने, त्यसलाई तुरुन्तै आत्मालोचना गर्ने प्रवृत्ति थियो । सन् १९८३ (वि.सं. २०४०) मा गोरखपुरमा सम्पन्न तेस्रो राष्ट्रिय सम्मेलनको चौथो महाधिवेशनमा देखापरेका दक्षिणपन्थी अवसरवादको सिंहावलोकनमा निर्मल लामाले आत्म आलोचनालाई सधैं चालबाजीका रूपमा, निर्मल लामा नेतृत्वमा आएपछि पार्टीमा दक्षिणपन्थी विचारहरू जो कुनै बेला दक्षिणपन्थी स्वरूपमाथि पर्दा हाल्नको उग्रवामपन्थी भडकाव देखा परेको बताइएको छ ।

## ३.५ चौथो महाधिवेशनमा फुट र विभाजन

चौम भित्रका तीव्र सैद्धान्तिक, राजनीतिक र व्यक्तिगत मतभेदले सन् १९८३ मा पार्टी फुट र विभाजनमा पुग्यो । प्रारम्भदेखि नै चौममा अस्वस्थ प्रतिस्पर्धा, सैद्धान्तिक अन्तरविरोध, गुटबन्दी, अनुशासनविहीनता, अर्द्धअराजकता लगायतका प्रवृत्तिहरू थिए । सन् १९७९ को जनमत संग्रह, मोहनविक्रम सिंहलाई कारवाही प्रकरण, सन् १९८३ को राष्ट्रिय पञ्चायतको चुनावको बेलामा ती मतभेदहरूमध्ये अस्वस्थ तथा गालीगलौज किसिमका प्रतिस्पर्धात्मक क्रियाकलापमा परिणत भए । चौथो महाधिवेशनमा वामपन्थी, मध्यपन्थी र दक्षिणपन्थी धाराहरू विद्यमान थिए ।[35]

पञ्चायती चुनावको उपयोग र बहिष्कारको विवाद नै चौथो महाधिवेशनमा अत्यन्त पेचिलो बन्न गयो । पञ्चायती चुनावको विवाद मै पार्टी विभाजनको मुख्य कारण बनेको देखिन्छ । सन् १९५१ को प्रश्न, प्रधान अन्तर्विरोध, पुष्पलालको मूल्यांकनको प्रश्नमा

---

[35] सुरेन्द्र के.सी. *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास,* भाग २, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, पृ. ११६ ।

कहिलेकाहीँ मात्र विवाद हुन्थ्यो । राष्ट्रिय पञ्चायतको चुनाव बहिष्कार कि उपयोग भन्ने विवाद उग्ररूप लियो । चौममा विवादको सीमा कहाँसम्म पुग्यो भने मोहनविक्रम सिंहले निर्मल लामालाई सि.आई.डी. को आरोपको प्रसंग चर्चित बन्यो । तर कुनै सन्दर्भमा निर्मल लामाले अनावश्यक आरोप, लाञ्छना लगाउँदा मोहनविक्रम सिंहले तपाईंलाई पनि सि.आइ.डी. को आरोप लगाउँछन् भनेका हुन् । तर पटक/पटक सि.आई.डी. को भनिएको होइन ।[36]

सन् १९८० को केन्द्रीय समितिको विस्तारित बैठकले राष्ट्रिय पञ्चायतको चुनाव सक्रिय बहिष्कार गर्ने नीतिलाई अगाडि सार्‍यो । निर्मल लामाको पक्ष अल्पमतमा पर्न गयो । जसमा निर्मल लामा, सूर्यलाल उपाध्याय, जयगोविन्द शाह लगायत थिए । बहुमत पक्षमा भक्तबहादुर श्रेष्ठ, चित्रबहादुर के.सी., मोहन वैद्य, मोहनविक्रम सिंह थिए । सन् १९८१ पश्चात् चलेको विवादमा निर्मल लामाले आपसमा मतभेदका विषयमा जथाभावी बोलेको कारणले केन्द्रीय समितिमा ३१ वटा कुरामा स्पष्टीकरण लिइएको थियो । त्यसमा उनले सबै कुरा स्वीकार गरेका थिए । निर्मल लामालाई क्षेत्रीय समिति वा जिल्ला समितिमा राख्नु पर्दछ भन्ने मत पनि प्राप्त भयो । तर केन्द्रीय समितिले बहुमत पक्षको गुटबन्दी गरेको हुनाले र गर्ने आशंका भएको कारण सिलगढीमा सेल कमिटिमा राख्नु पर्दछ भन्ने निर्णय गर्‍यो । तर त्यसको कार्यान्वयन भएन ।[37]

चौथो महाधिवेशनको केन्द्रीय समितिमा पूर्ण सदस्य ९ र ४ जना वैकल्पिक गरी १३ जना थिए । पूर्ण सदस्यमा जम्मा ६ जना मात्र बाँकी थिए । राजीनामा र मृत्युका कारण पूर्ण सदस्यमा जम्मा ६ जना मात्र बाँकी रहेका थिए । केन्द्रीय समितिको २७ औं बैठकमा सूर्यनाथ उपाध्याय र जयगोविन्द शाहले राजीनामा दिए । त्यसैले चौममा अर्को विवाद खडा गर्‍यो । चौमको केन्द्रीय समिति विघटन हुन पुग्यो ।[38] नोवेम्बर १९८३ (वि.सं. २०४०

[36] के.सी., *पूर्ववत्,* पा.टि.सं. ३, पृ. २६ ।

[37] श्रेष्ठ, *पूर्ववत्,* पा.टि.सं. ३३, पृ. १५७

[38] के.सी., *पूर्ववत्,* पा.टि.सं. ३, पृ. ३५ ।

असोज) मा चौम फुट भएको, जसमा एकातर्फ निर्मल लामा, जयगोविन्द शाह, सूर्यनाथ यादव, दिलबहादुर श्रेष्ठ, नरबहादुर कर्माचार्य, निनु चापागाई, श्याम श्रेष्ठ र काइला बा (देवेन्द्रलाल श्रेष्ठ), अर्कोतिर भक्तबहादुर श्रेष्ठ, मोहनविक्रम सिंह, चित्रबहादुर के.सी., मोहन वैद्य, खम्पा सिंह, वाचस्वति देवकोटा, चन्द्रप्रकाश गजुरेल, भैरव रेग्मी र आर. श्रेष्ठ रहेको कुरा प्रकाशमा आयो ।[39] यस बीचमा सन् १९८३ मा सिराहा जिल्लामा प्रहरीले सूर्यनाथ यादवको प्रहरी हिरासतमा हत्या गऱ्यो । सन् १९८३ (वि.सं. २०४० श्रावण) मा नेकपा (चौम) का महामन्त्री भक्तबहादुर श्रेष्ठ पक्राउ परे । यस प्रकारले केन्द्रीय समिति विघटन भएपश्चात् निर्मल लामाले २/३ महिना भित्र जिल्ला भेलाद्वारा नयाँ केन्द्रीय तदर्थ समितिको चयन गर्ने प्रस्ताव अगाडि सारे । तर बहुमत पक्षले तत्कालीन केन्द्रीय समिति विघटन गर्ने बेलामा अल्पमत पक्षको समेत नाम राखेर नयाँ केन्द्रीय समिति निर्माण गर्ने प्रस्ताव राख्यो, नयाँ केन्द्रीय समिति निर्माण गरियो । केन्द्रीय समितिले मोहन वैद्यलाई महामन्त्री चयन गऱ्यो । निर्मल लामा र मोहनविक्रम सिंह कोही पनि त्यति बेला केन्द्रीय समितिमा थिएनन् ।[40]

सन् १९८३ मा निर्मल लामाले छुट्टै केन्द्रीय समिति गठन गरिसकेका थिए । केन्द्रीय तदर्थ समितिको आोजनामा सन् १९८३ मा गोरखपुरमा तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न भयो । सम्मेलनमा जनवर्गीय सङ्गठनका १० प्रवासका ७, केन्द्रका ७ र अन्य ३ गरी जम्मा २७ जना प्रतिनिधि र ३२ जना विभिन्न जिल्लाबाट प्रतिनिधि सहभागी थिए । जसमा ४ जना सहित निर्मल लामा पनि सम्मेलनमा शुभकामना मन्तव्य दिन उपस्थित भएका थिए । सम्मेलनले चित्रबहादुर के.सी. लाई महामन्त्री चयन गऱ्यो । पार्टीबाट 'पञ्चायत परस्त' र 'दक्षिणपन्थी तत्व' हरूलाई निष्कासित गरेको घोषणा पनि गरियो । सम्मेलनले पार्टीको नाम नेकपा (मसाल) राख्ने ठेगान पनि गऱ्यो । सम्मेलन पश्चात् निर्मल लामा, मोहन विक्रम र

---

[39] भीम रावल, *नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास,* वि.सं. २०४७, काठमाडौं : पैरवी प्रकाशन, पृ. ७७ ।

[40] के.सी., *पूर्ववत्,* पा.टि.सं. ३, पृ. ७८ ।

चित्रबहादुर के.सी. निकट भविष्यमा पुनः पार्टी एकीकृत गर्ने कुरा गर्दै विदा भएका थिए ।[51] निर्मल लामा पक्षले डिसेम्बर १९८३ (वि.सं. २०४० मंसिर २) मा राष्ट्रिय सम्मेलन गरेर नेकपा (चौम) लाई निरन्तरता दिएको दावी गऱ्यो । जसको महामन्त्री निर्मल लामा भए । सो सम्मेलनमा १७ जिल्लाका ३१ प्रतिनिधि, १७ पर्यवेक्षक र २ जना मसाल पक्षबाट आएका प्रतिनिधि पनि थिए । सम्मेलनले पार्टीको विभाजनको निम्ति मोहनविक्रम पक्षको सामन्तवादी, व्यक्तिवादी, हैकमवादी प्रवृत्ति र निम्न पूँजीवादी अर्धयता रहेको बतायो ।[52] यसरी सन् १९७१ मा एकीकृत पार्टी निर्माण गर्ने उद्देश्यले गठन भएको केन्द्रीय न्युक्लियस, सन् १९७४ मा चौथो महाधिवेशन गर्दै गठन भएको, कम्युनिष्ट आन्दोलन, प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पार्टी फुट र विभाजनमा परिणत भयो । चौथो महाधिवेशनमा भएको फुट र विभाजनको समीक्षा त्यसका अलग अलग धारहरूबाट फरक फरक किसिमले हुँदै आएको छ ।

---

[51] के.सी. *पूर्ववत्,* पा.टि.सं. ३, पृ. ३५ ।

[52] रावल, *पूर्ववत्,* पा.टि.सं. ३९, पृ. ७७ ।

# परिच्छेद – चार

# नेकपा (मसाल) को सङ्क्षिप्त परिचय

## ४.१ नेकपा (मसाल) को परिचय

नेकपा (मसाल) ले आफ्नो इतिहासलाई नेकपाको स्थापना कालदेखिको इतिहास बताएको छ । तर नेकपा (चौम) मा विभाजन आए पश्चात् बहुमत पक्षले नेकपा (मसाल) को गठन गऱ्यो । आफ्नो इतिहासलाई नेकपाको स्थापनाकालसँग जोड्यो । यस पक्षको दावी के रह्यो भने सन् १९४९ (वि.सं. २००६) मा स्थापना भएको नेकपाको राजनीतिक धारको निरन्तरता नेकपा (मसाल) ले दिएको छ ।

पार्टी इतिहास सम्बन्धी प्रस्तावमा भनिएको छ ।[1]

> *'हाम्रो पार्टीको नाममा "मसाल" वि.सं. २०४० मा सम्पन्न तेस्रो राष्ट्रिय सम्मेलनमा जोडिएको थियो । त्यसपछि हाम्रो पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी (मसाल), जसलाई नेपाल कम्युनिष्ट पार्टी (मशाल) पनि भनिन्छ । नेकपा (मसाल) को इतिहास भन्नाले त्यसको स्थापनाकाल देखिको नै इतिहास आउँछ । किनभने वि.सं. २०४० को तेस्रो राष्ट्रिय सम्मेलन पार्टीको नाममा "मसाल" मात्र जोड्ने थियो र कुनै नयाँ पार्टीको निर्माण गरिएको थिएन । यो कुरा त्यस्तै हो, जस्तो कि वि.सं. १९१७ को रुसको अक्टोबर क्रान्तिपछि रुसको पार्टीको नाम सामाजिक प्रजातान्त्रिक पार्टीलाई बदलेर "कम्युनिष्ट पार्टी (वो.)" राखिएको थियो ।'*

जेहोस्, नेकपा (मसाल) को राजनीतिक धारको सुरुवात भने सन् १९७१ मा पुनः गठन गरिएको केन्द्रीय न्युक्लियसबाट सुरु हुन्छ । जसको आयोजनामा सन् १९७४ मा चौथो महाधिवेशन सम्पन्न भए पश्चात् नेकपासँग चौथो महाधिवेशन जोडिन थाल्यो । नेकपा (चौथो महाधिवेशन) को एक दशक नपुग्दै सन् १९८३ मा पार्टी विभाजन भयो । पार्टीको एक धार नेकपा (चौथो महाधिवेशन), अर्को नेकपा (मसाल) को नाममा देखा पऱ्यो ।

---

[1] *पार्टी इतिहास सम्बन्धी प्रस्ताव,* आश्विन, २०५०, ने.क.पा. (मसाल) केन्द्रीय कार्यालय, पृ. ३ ।

नेपालको कम्युनिष्ट आन्दोलनमा धेरै वामपन्थी समूह भएकोले छुट्टै पहिचानको निम्ति पार्टीको मुखपत्र “मसाल” को नाम नेकपासँग “मसाल” जोडिएको हो ।[2]

नेकपा (मसाल) को गठन पश्चात् सम्पन्न पाँचौं महाधिवेशन पश्चात् एक वर्षको अवधिमा पुनः पार्टीमा फुट र विभाजन हुन गयो । नेपालको कम्युनिष्ट आन्दोलनमा मोहन वैद्यले नेतृत्व गरेको नेकपा (मशाल) र मोहन विक्रम सिंहले नेतृत्व गरेको नेकपा (मसाल) देखा परे । मोहनविक्रम सिंहले नेतृत्व गरेको पार्टी पातलो “स” मसाल र मोहन वैद्यले नेतृत्व गरेको मोटो “श” मशाल भनिन थाल्यो । सन् १९९१ (वि.सं. २०४८) नेकपा (मशाल), सर्वहारा श्रमिक सङ्गठन, नेकपा (चौम) बीचमा एकता गरेर नेकपा (एकता केन्द्र) गठन गरियो । त्यसपश्चात् नेपालको कम्युनिष्ट आन्दोलनमा मोहन विक्रम सिंह, चित्रबहादुर के.सी. लगायतको पक्षले नेतृत्व गरेको पार्टीलाई नेकपा (मसाल) को नामले चिनिन्छ ।

नेकपा (मसाल) को सन् १९९४ (वि.सं. २०५१) मा सम्पन्न छैठौं महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनले नेकपा (मसाल) लाई नेपालका सर्वहारा वर्गको एक मात्र पार्टी भएको बताइएको छ । तर सोही प्रतिवेदनमा पार्टीलाई सङ्गठनात्मक दृष्टिले त्यसको स्वरूप निम्न पूँजीवादी भएको, सैद्धान्तिक र राजनीतिक रूपले नै यसले सर्वहारा वर्गको प्रतिनिधित्व गरेको विश्लेषण गरेको छ । पार्टीका कयौं कमजोरी औंल्याउँदै विश्व स्तरमा र स्वयम् नेपालमा पनि सैद्धान्तिक र राजनीतिक दृष्टिकोणले विचलन देखापरेको अवस्थामा सैद्धान्तिक र राजनीतिक दृढताले ठूलो महत्व राख्दछ । तर पार्टीको सैद्धान्तिक, राजनीतिक पक्षमा र सङ्गठनात्मक पक्ष र कार्यप्रणालीका बीचमा ठूलो खाडल उत्पन्न भएको देखाएको छ । साथै कुन कुरा स्पष्ट पारियो भने पार्टी सदस्यहरूको कार्यप्रणालीमा सुधार गर्न नसके नेकपा (मसाल) को सैद्धान्तिक र राजनीतिक कारण सीमित रूप र अर्थमा रहन गएको वामपन्थी चरित्र छिट्टै नष्ट भएर जाने छ ।[3]

---

[2] चित्रबहादुर के.सी., “नेपाली कम्युनिष्ट आन्दोलनमा अन्तर्विरोध बारे”, वि.सं. २०६२ वैशाख, अंक ३, अनेरास्ववियु (एकीकृत), पश्चिममाञ्चल क्षेत्री समिति, संवाहक, बुटवल, पृ. ३५ ।

[3] *राजनीतिक प्रतिवेदन* (छैठौं महाधिवेशनबाट पारित), वि.सं. २०५१, नेकपा (मसाल) केन्द्रीय कार्यालय, पृ. ५६ ।

## ४.२ पार्टीको सङ्गठनात्मक ढाँचा र प्रणाली

सन् १९७४ (वि.सं. २०३१) मा पार्टी पुनः गठन गरेदेखि नै नेकपा (चौथो महाधिवेशन) भूमिगत रूपमा सक्रिय रहेको थियो । चौममा फुट र विभाजन, दलहरूमाथि प्रतिबन्धात्मक अवस्था पनि चौमको एउटा धारको रुपमा नेकपा (मसाल) भूमिगत नै रह्यो । सन् १९९० (वि.सं. २०४६) को महान जनआन्दोलन पश्चात् स्थापना भएको सीमित बहुदलीय व्यवस्था पश्चात् पनि नेकपा (मसाल) ले भूमिगत प्रणालीलाई अवलम्बन गऱ्यो । जनवर्गीय सङ्गठन, रणनैतिक मोर्चालाई खुला रूपमा अगाडि बढायो । सन् १९९४ सम्पन्न महाधिवेशनले पनि पार्टीको भूमिगत स्वरूप माथि नै जोड दियो । सो महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा सङ्गठनलाई भूमिगत राख्न विशेष परिपाटी मिलाउने, पार्टी सदस्यहरूको सैद्धान्तिक स्तर उठाउन विशेष ध्यान दिने र नेतृत्वको नयाँ पिढी र पेशेवर कार्यकर्ताहरू तयार पार्न योजनाबद्ध प्रकारले काम गर्ने कुरामा जोड दिइयो ।[4]


नेकपा (मसाल) ले सन् १९९१ को चुनावमा सार्वभौम सत्ता जनतामा हस्तान्तरण गर्नको निम्ति संविधानसभाको चुनावको माग गर्दै निर्वाचन बहिष्कार गऱ्यो । तर सन् १९९२ को स्थानीय चुनावलाई अखिल नेपाल किसान संघको नामबाट उपयोग गऱ्यो ।[5] सन् १९९४ को मध्यावधि चुनाव र सन् १९९९ को संसदीय चुनावलाई राष्ट्रिय जनमोर्चाको नामबाट उपयोग गऱ्यो । यसरी नेकपा (मसाल) ले बहुदलीय व्यवस्थामा अर्ध भूमिगत स्वरूप ग्रहण गऱ्यो । पार्टीले महामन्त्रीको नाम सार्वजनिक गर्न पाउने, प्रेस वक्तव्य प्रकाशित गर्ने, सञ्चार माध्यममा अन्तर्वार्ता दिन सक्ने, राजनीतिक भेटघाट गर्न सक्ने किसिमका नीतिलाई अगाडि साऱ्यो । पार्टीको केन्द्रीय, क्षेत्रीय, जिल्ला प्रवक्ता खुला राख्ने नीति तयार गरियो ।

सन् १९९० पश्चात् नेकपा (मसाल) को सम्पर्क कार्यालय पनि बुटवलमा राखेको थियो । नेकपा (मसाल) ले खुला गरेको स्वरूप र प्रणालीलाई हेर्दा पार्टीको सङ्गठनात्मक ढाँचा यसप्रकारको रहेको छ :

---

4 *ऐजन,* पृ. ५१ ।

5 बालाराम पोखेल, *मोहनविक्रम सिंह : जीवनी र व्यक्तित्व,* कार्तिक २०५९, काठमाडौँ : प्रगति पुस्तक सदन, पृ. ३० ।




## ४.३ न्यूनतम कार्यक्रम

**नयाँ जनवाद**

अर्ध सामन्ती - अर्ध उपनिवेशिक देशहरू तथा अर्ध सामन्ती, औपनिवेशिक देशमा सर्वहारा वर्गको नेतृत्वमा र चार वर्ग – मजदुर, किसान, निम्न पूँजीपति र राष्ट्रिय पूँजीपति वर्गको अधिनायकत्वमा, सामन्तवाद र साम्राज्यवादको विरोधमा सम्पन्न हुने क्रान्ति नयाँ जनवाद हो ।[६] चीनियाँ क्रान्तिका विशिष्टतामा आधारित नयाँ जनवादको सिद्धान्तको प्रतिपादन माओ-त्से-तुङले गर्नुभएको हो । लेनिनले अर्ध-उपनिवेश देशहरूमा पूँजीवादी क्रान्तिको नेतृत्व गर्नको निम्ति राष्ट्रिय पूँजीपति वर्ग असक्षम रहेको दावी गरेका छन् । माओ-त्सेतुङले चीनियाँ विशिष्टतामा मार्क्सवादको प्रयोग गर्दै नयाँ जनवादको सिद्धान्त (सन् १९४०) मा प्रतिपादन गरे । सन् १९४५ चीनियाँ कम्युनिष्ट पार्टीको कांग्रेसले नयाँ

---

[६] हो कान च, *चीन नव-जनवादी क्रान्तिको इतिहास,* (हिन्दी संस्करण), सन् १९९९, नयाँ दिल्ली : प्रोगेशिव पब्लिकेशन, पृ. ४०१ ।

जनवादको सिद्धान्तलाई पारित गऱ्यो ।[7] नयाँ जनवादलाई अर्धसामन्ती - अर्धउपनिवेश चरित्र भएका मुलुकमा कम्युनिष्ट पार्टीहरूले कार्यनीतिक तथा तत्कालीन कार्यक्रम बनाएका छन् । नेकपा (मसाल) ले पनि नयाँ जनवादलाई तत्कालीन न्यूनतम कार्यक्रमको रूपमा स्वीकार गरेको छ । नेकपा (मसाल) ले नयाँ जनवादमा लागू गर्ने राजनीतिक, आर्थिक, वैदेशिक लगायतका नीतिहरू निम्न छन् ।[8]

## (क) राजनीतिक कार्यक्रम

नयाँ जनवादी क्रान्तिपश्चात् निर्माण हुने नयाँ जनवादी सरकारले देश र जनतालाई सबै किसिमका देशी, विदेशी प्रतिक्रियावादी शक्तिहरूको शोषण, दमन र उत्पीडनबाट मुक्त 'जनवादी अधिनायकत्व' कायम गर्दै एउटा स्वाधीन राष्ट्रको हैसियतले कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने हुन्छ । जसको राजनीतिक कार्यक्रमहरु राजतन्त्रको अन्त गरी नयाँ जनवादी गणतन्त्रको स्थापना गर्ने, साम्राज्यवादी र विस्तारवादी शोषण, उत्पीडन र प्रभूत्वको अन्त्य गरी देशलाई पूर्ण स्वाधीन बनाउने, सामन्त, दलाल तथा नोकरशाही पूँजीपतिवर्गको राज्यसत्ता अन्त्य गरी जनताको जनवादी अधिनायकत्व कायम गर्ने, जनवादी केन्द्रीयताका आधारमा शासन व्यवस्था सञ्चालन गर्ने, अन्तरिम क्रान्तिकारी सरकारको मातहतमा नयाँ जनवादी गणतन्त्रलाई संस्थागत गर्ने, प्रतिक्रान्तिकारी र क्रान्तिविरोधी तत्वहरूमाथि अधिनायकत्व कायम गरी जनवादी अधिनायकत्व मजबूत पार्ने, नयाँ जनवादी गणतन्त्रात्मक राज्य व्यवस्थाका समर्थक तथा सहयोगी राजनीतिक दलहरूसँग सहयोगात्मक सम्बन्ध कायम गर्ने लगायत रहेका छन् ।

## (ख) आर्थिक कार्यक्रम

नयाँ जनवादी क्रान्ति सम्पन्न भएपछि स्थापना हुने जनवादी सरकारले राष्ट्र र जनताको बहुआयामिक विकास र प्रगतिका लागि समाजलाई आमूल परिवर्तनकारी दिशामा अगाडि बढाउन स्वाधीन र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्न आर्थिक कार्यक्रम सञ्चालन गर्नुपर्दछ । नेकपा (मसाल) ले नयाँ जनवादी क्रान्तिपश्चात् पार्टीको उद्देश्य अनुरुप समाजलाई समाजवाद र साम्यवादको दिशामा अगाडि बढाउने बताउँदै जनवादी

---

[7] सी.वाई. ह्यु, *द राइज अफ मोडर्न चाइना,* सन् २०००, न्यूयोर्क : अक्सफोर्ड, पृ. ५९३ ।

[8] *न्यूनतम कार्यक्रम,* वि.सं. २०६४, नेकपा (मसाल), केन्द्रीय कार्यालय, पृ. १६ ।

सरकारले निम्नानुसार कल्याणकारी तथा सामाजिक समानताका कार्यक्रमहरूलाई अगाडि बढाउने घोषणा गरेको छ ।[१]

## १) कृषि

राजपरिवार, ठूला भूमिपति र गुठीको स्वामित्वमा रहेको जमीन बिना मुआब्जा जफत गर्ने भूमिहीन तथा गरीब किसानवर्गलाई निःशुल्क वितरण गर्ने, जसको जोत उसको पोतको नीतिअनुसार जोताहाहरूलाई जमीन प्रदान गर्ने, मध्यम किसानहरूको हितको रक्षा गर्ने, क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्ने, धार्मिक प्रतिष्ठान तथा गुठीको स्वामित्वमा रहेको अचल सम्पत्ति राष्ट्रियकरण गर्ने, कृषि क्रान्तिको कार्यक्रम लागू गर्दै कृषि प्रणालीको आधुनिकीकरण (कृषि सामग्री तथा यन्त्रहरू, मल, बीउ, भण्डारण तथा कृषि माल उत्पादन आदि) गर्ने, कृषि मजदूरको उचित ज्याला निर्धारण गर्ने, सिंचाई, विद्युत, बाटोघाटो, यातायात लगायत कृषिका लागि पूर्वाधार तयार पार्ने, वन जंगलको समुचित संरक्षण गर्ने र प्रदूषण रोक्न जोड गर्ने ।

## २) उद्योग, वाणिज्य, पर्यटन र जलस्रोत

साम्राज्यवादी देशहरू र तिनीहरूको अगुवाइमा सञ्चालन गरिएका अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको ऋणप्रतिको उत्तरदायित्व वहन नगर्ने, समाजवाद उन्मुख मिश्रित आर्थिक नीति अवलम्बन गर्ने, नोकरशाही तथा विदेशी दलाल पूँजीपतिहरूको स्वामित्वमा रहेका सम्पूर्ण चल अचल सम्पत्ति पूर्ण रूपले राष्ट्रियकरण गर्ने, सामन्त, दलाल तथा नोकरशाही पूँजीपतिहरूको विदेशमा भएको सम्पत्ति राष्ट्रको सम्पत्ति घोषणा गरी फिर्ता गर्ने र राष्ट्रियकरण गर्ने, उद्योग, वाणिज्य लगायत देशको समग्र विकास सम्बन्धी विशेष राष्ट्रिय कार्यक्रम तय गरी आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने, आधारभूत राष्ट्रिय उद्योगहरूलाई राज्यको स्वामित्व र नियन्त्रणमा सञ्चालन गर्ने, देशको अर्थतन्त्रलाई विकसित गर्न राष्ट्रिय पूँजीपतिवर्गलाई प्रोत्साहित र संरक्षण गर्ने, राष्ट्रिय स्वार्थलाई मध्यनजर राखी व्यापार विविधीकरण गर्ने र वैदेशिक व्यापार पारस्परिक हितका आधारमा

[१] *ऐजन,* पृ. १७

गर्ने, भूपरिवेष्ठित देशको हैसियतले नेपालले पाउनु पर्ने पारवहन सुविधाको सुनिश्चितताका लागि आवश्यक पहल गर्ने, पर्यटन व्यवसायलाई राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने गरी आकर्षक ढंगले सञ्चालन गर्ने, देशमा प्रचुर मात्रामा रहेको जलस्रोतलाई राष्ट्रिय हितको पक्षमा अधिकतम प्रयोग गर्ने, कृषिमा आधारित उद्योगधन्दाहरूको विकास गर्ने, तेस्रो देशसँगको व्यापार बढाउने, मजदूरहरूको न्यूनतम मजदूरी निर्धारित गर्ने र महिला मजदुहरूको समान कामको समान ज्याला सुनिश्चित तथा उनीहरूको हितको रक्षा गर्ने, बाल मजदूरको शोषण अन्त गर्ने तथा महिला मजदूरका सम्पूर्ण हितको ग्यारेन्टी र समान ज्यालाको व्यवस्था गर्ने, मजदूर वर्गको सम्पूर्ण हितको रक्षा गर्ने । महिला मजदुर गर्भवती र सुत्केरी हुँदाको अवस्थामा विशेष सुविधाको व्यवस्था गर्ने, मजदूरहरूलाई ठेकेदारी प्रथा अन्तर्गत काम गराउने परिपाटीको अन्त्य गर्ने लगायतका रहेका छन् ।

## ४.४ परराष्ट्र नीति

अर्धसामन्ती, अर्धउपनिवेश अवस्थाको अन्तपश्चात् कुनै पनि मुलुक स्वाधीन र स्वतन्त्र बन्न सक्छ । नयाँ जनवादी क्रान्तिपश्चात् गठन हुने जनवादी सरकारले देशलाई स्वाधीन र स्वतन्त्र राष्ट्रका रूपमा उभ्याउनको निम्ति छिमेकी र अन्य राष्ट्रहरुसँगको परराष्ट्र नीतिले महत्वपूर्ण स्थान राख्दछ । नेकपा (मसाल) को नेतृत्वमा नयाँ जनवादी क्रान्ति पश्चात् निर्माण गरिने सरकारले सञ्चालन गर्ने परराष्ट्र नीति यसरी प्रस्तुत गरिएको छ ।[१०]

विदेशसँग सम्पन्न भएका सम्पूर्ण असमान सन्धि सम्झौता र समझदारीहरूको खारेजी तथा उनीहरूले उपभोग गर्दै आएका सबै विशेष सहुलियत र सुविधाहरूको अन्त्य गर्ने । चीन, भारत, पाकिस्तान, भुटान र बंगलादेश सित छिमेकी सम्बन्ध कायम गर्ने तथा त्यहाँका उत्पीडित जनता र तिनीहरूका पार्टीहरूसँग मैत्री सम्बन्ध बढाउने, देशको अन्तर्राष्ट्रिय सीमाको वैज्ञानिक रेखाङ्कन गर्ने र सीमा नियमित (Regular) गर्ने, विश्वका सबै राष्ट्रहरूसँग पारस्परिक समानता र सम्मानका आधारमा मैत्री सम्बन्ध कायम गर्ने, उत्पीडित राष्ट्र तथा जनताहरूको मुक्ति आन्दोलनलाई सहयोग र समर्थन गर्ने, साम्राज्यवादीहरूद्वारा निर्माण गरिएका राजनीतिक, सैनिक, आर्थिक र सांस्कृतिक

---

[१०] *ऐजन,* पृ. १८

गठबन्धनहरूको विरोध गर्ने, एशिया, अफ्रिका, ल्याटिन अमेरिका र ओसोनियाका विकासोन्मुख देशहरूसित मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने, जातिभेद तथा रङ्गभेदको विरोध गर्ने र रङ्गभेदविरुद्धको आन्दोलनमा समर्थन तथा ऐक्यबद्धता जाहेर गर्ने, कुनै पनि प्रकारको साम्राज्यवादी, विस्तारवादी तथा प्रभुत्ववादी नीतिको विरोध गर्ने, राष्ट्रिय हित अन्तर्गत स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्ने ।

## ४.५ समाजवाद र साम्यवाद

नेकपा (मसाल) ले समाजवाद र साम्यवादलाई अधिकतम कार्यक्रम बनाएको छ । पूँजीवादी मुलुकमा समाजवादी क्रान्ति न्यूनतम कार्यक्रम हुन्छ । नयाँ जनवाद समाजवादको पूर्व अवस्था हो । नयाँ जनवादलाई अर्ध समाजवाद पनि भनिन्छ । मार्क्स र एगेल्सले पहिलो पटक समाजवादलाई कल्पना भन्दा पनि सच्चा विज्ञान, सर्वहारा वर्गको सामान्य नियम, तरिका र रूपलाई समाजवादी क्रान्तिमा परिणत गरे ।[11] मार्क्स र एगेल्सले नै दुईवटा महत्वपूर्ण वैज्ञानिक खोज इतिहासको भौतिकवादी व्याख्या र अतिरिक्त मूल्यको सिद्धान्तको सैद्धान्तिक आधारमा वैज्ञानिक समाजवादको सिद्धान्तलाई अगाडि बढाएका थिए । सन् १८७१ मा पेरिस कम्युनको अनुभवलाई संश्लेषण गर्दै मार्क्स र एंगेल्सले सर्वहारा वर्गको अधिनायकत्व, मजदुर वर्गको अधिनायकत्व र मजदुर वर्गको राजकीय सत्ताको विषयमा जुन समाजवादी क्रान्तिको परिणाम प्राप्त हुन्छ, त्यसलाई प्रमाणित गरे ।

साम्यवाद समाजवादको उच्चतम अवस्था हो । नयाँ समाजको विकासक्रममा क्रमशः दुई अवस्था समाजवाद र साम्यवाद अगाडि बढ्छ । समाजको आर्थिक, राजनीतिक र सांस्कृतिक विकास अनुसार समाजवाद निम्न र साम्यवाद उच्चतम अवस्था हो ।[12] समाजवादमा सत्ता सर्वहारा वर्गको हातमा हुन्छ । उत्पादनको साधनमाथि व्यक्तिगत स्वामित्वलाई सामाजिक स्वामित्वमा बदलिन्छ । समाजवादमा योग्यता अनुसारको काम र काम अनुसारको दाम सिद्धान्त लागू गरिन्छ । साम्यवादको प्रथम चरण समाजवाद हो ।

---

11 o]=km= af]/L ;f]a (;Dkf=_, *समाज विज्ञान प्रवेशिका,* -हिन्दी संस्करण), ;g\ १९८७, df:sf] M प्रगति प्रकाशन, पृ. ६

12 *ऐजन,* पृ. ७

साम्यवाद भनको दोस्रो चरण तथा उच्चतम अवस्था हो । यो अवस्थामा पुग्नको निम्ति सर्वहारा वर्गको अधिनायकत्वमा निरन्तर क्रान्ति अगाडि बढाउनु पर्दछ ।[13]

## ४.६ जनवर्गीय सङ्गठन

नेपाल कम्युनिष्ट पार्टीले अविभाजित कालदेखि नै जनसङ्गठन निर्माण प्रक्रियालाई अगाडि बढाएको थियो । तेस्रो महाधिवेशन पश्चात् फुट, विभाजन र पुनर्गठनको प्रक्रियामा अगाडि बढेको कम्युनिष्ट आन्दोलनमा जनसङ्गठनहरूमा पनि विभाजन, फुट र पुनर्गठन देखा परेका छन् । नेकपा (मसाल) ले पार्टी निकट जनसङ्गठनको निर्माण, परिचालन गरेको छ । जसमा (१) अखिल नेपाल युवक संघ (२) अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (छैठौं) (३) अखिल नेपाल किसान संघ (४) अखिल नेपाल ट्रेड युनियन महासंघ (अन्टुक) (५) जातीय समता समाज (६) अखिल नेपाल जनजाती सम्मेलन (७) रक्तिम सांस्कृतिक अभियान (८) अखिल नेपाल बुद्धिजीवी संघ (९) अखिल नेपाल महिला संघ लगायत रहेका छन् ।

## ४.७ प्रवासमा जनसङ्गठन

नेकपा (मसाल) ले प्रवासमा मुख्यतः भारत र अन्य देशहरूमा पनि जनसङ्गठन निर्माणलाई अगाडि बढाएको छ । नेपालबाट रोजगारी, अध्ययनका निम्ति प्रवास गएका मजदुर विद्यार्थी, युवकहरूलाई संगठित गर्ने गरिएको देखिन्छ । सन् १९७९ मा ७ नोभेम्बरमा अखिल भारत नेपाली एकता समाजको स्थापना भएको थियो ।[14]

मोहन विक्रम सिंह दक्षिण भारतमा गएको समयमा मद्रासमा नेपालीहरूको सङ्गठनको दिशामा प्रारम्भिक काम सुरु गर्नु भएको थियो । उनले दिल्ली र कलकत्तामा पनि नेपालीहरूको बीचमा काम गरेका थिए । मोहनविक्रम सिंह र चित्रबहादुर के.सी. ले केरलामा पनि प्रवासी नेपालीहरूको सङ्गठन निर्माणको निम्ति महत्वपूर्ण भूमिका निर्वाह गरे । दिल्लीको सङ्गठनमा निर्माणमा निर्मल लामाको पनि महत्वपूर्ण योगदान रहेको

---

[13] रेशम, "पार्टी क्लासका नोटहरू", *मसाल,* ०५५, भाद्र/असोज, नेकपा (मसाल) को मुखपत्र, पृ. ३२ ।

[14] गोविन्द सिंह थापा (सम्पा.), *नेपाली एकता, दुई दशक विशेषाङ्क,* जुलाई २०००, नयाँ दिल्ली : अखिल भारत नेपाली एकता समाज, पृ. २५ ।

थियो ।[15] उपरोक्त प्रयत्नको कारण भारतमा प्रवासी नेपालीहरूको सङ्गठन अखिल भारत नेपाली एकता समाज (मूल प्रवाह) को स्थापना सम्भव भयो ।

अखिल भारत नेपाली एकता समाजको संस्थापकहरूमा सभापति गोविन्द सिंह थापा (गोरखपुर), उपसभापति रामचन्द्र शर्मा (पाण्डेचरी), मन्त्री पदम राना (फरिदाबाद),उपमन्त्री दण्डपाणि न्यौपाने (गोरखपुर) तथा सदस्यहरू राजु नेपाली (नयाँ दिल्ली, रत्नबहादुर (कलकत्ता) र दुर्गाप्रसाद शर्मा (मद्रास) रहेका थिए ।[16] त्यस्तै भारतमा अखिल भारत नेपाली विद्यार्थी संघ, वामपन्थी युवक मोर्चा, जातीय समता समाज, अखिल भारत नेपाली जनजाती सम्मेलन पनि भारतमा क्रियाशील रहेका छन् । त्यस्तै विश्वका अन्य देशहरूमा कतार नेपाली एकता समाज, मलेशिया नेपाली एकता समाज, संयुक्त अरब इमिरेट्स नेपाली एकता समाज, बहराइन नेपाली एकता समाज रहेका छन् । विश्वभरिका प्रवासी नेपालीहरूको साझा सङ्गठन अन्तर्राष्ट्रिय नेपाली एकता समाज पनि गठन गरिएको छ ।[17]

## ४.८ राष्ट्रिय जनमोर्चा

राष्ट्रिय जनमोर्चाको स्थापना कालदेखि नै नेकपा (मसाल) सँग घनिष्ट भाइचारा सम्बन्ध रहेको छ ।[18] राष्ट्रिय जनमोर्चा सन् १९९५ मा गठन भएको हो । सन् १९८९ (वि.सं. २०४५) मा नेकपा (मसाल) का प्रवक्ता चित्रबहादुर केसीको अध्यक्षतामा अखिल नेपाल राष्ट्रिय जनमोर्चाको स्थापना भएको थियो । जसमा नेकपा (मसाल) का जनवर्गीय सङ्गठनहरूको पनि सहभागिता रहेको थियो । नेकपा (मसाल) ले सन् १९९४ मा अ.ने.रा.ज.मो. को तर्फबाट मध्यावधि चुनावमा भाग लिएको थियो । जसमा दुई वटा स्थान विजय हासिल गरेको थियो । सन् १९९९ को चुनावमा ५ स्थानमा विजय हासिल गरेको थियो ।[19]

---

15 *ऐजन,* पृ. ३४ ।

16 *ऐजन,* पृ. ३५ ।

17 "संविधानसभामा प्रतिनिधित्व र मतदानको लागि अन्तर्राष्ट्रिय सम्मेलन (टिप्पणी)" *अन्तर्राष्ट्रिय नेपाली एकता,* मासिक, २०४९ भाद्र, अंक २, वर्ष १, पृ. १५ ।

18 *राजमो : चुनाव घोषणा पत्र,* वि.सं. २०६४, काठमाडौं : राजमो केन्द्रीय कार्यालय, पृ. ६ ।

19 *ऐजन* ।

राष्ट्रिय जनमोर्चाको प्रथम राष्ट्रिय सम्मेलन नोवेम्बर १९९९ (वि.सं. २०५६ कार्तिक २८-३०) बुटवलमा सम्पन्न भएको थियो । सम्मेलनमा ५३ जिल्लाका ३२५ प्रतिनिधि, पर्यवेक्षकहरूको सहभागिता रहेको थियो ।[20] प्रथम राष्ट्रिय सम्मेलनले चित्र बहादुर के.सी. को अध्यक्षतामा १७ पूर्ण र ४ वैकल्पिक गरी ४१ सदस्यीय केन्द्रीय समितिको चयन गऱ्यो । जसको उपाध्यक्षमा रश्मीराज नेपाली, महासचिव नवराज सुवेदी, सचिव हिमलाल पुरी, कोषाध्यक्ष राजेन्द्र श्रेष्ठ, सदस्यहरूमा वेदनिधि अधिकारी, हरि आचार्य, नन्दराज भट्ट, मनोज भट्ट, लीलाबहादुर थापामगर, के.वि. फुदुङ, कलाधर देवकोटा, वीरबहादुर गोले, सागर के.सी., जनकराज शर्मा, केशमान वि.क., यमुना भु, वैकल्पिक सदस्यहरूमा दधिराम आचार्य, देवजंग शाही, जीवन राना, लोकेन्द्र लम्साल रहेका थिए । केन्द्रीय सचिवालयमा चित्र बहादुर के.सी., रश्मिराज नेपाली, नवराज सुवेदी, हिमलाल पुरी, राजेन्द्र श्रेष्ठ रहनु भएको थियो ।[21]

सन् २००२ (वि.सं. २०५९) मा राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चाको बीचमा एकीकरण भएर जनमोर्चा, नेपालको गठन भयो । पाँच दल, सात दलको संयुक्त जनआन्दोलनमा सहभागी भएको जनमोर्चा, नेपाल सन् २००६ (वि.सं. २०६२/०६३) को जनआन्दोलन पश्चात् विभाजन भयो । सन् २००७ वैशाख ३ निर्वाचन आयोगमा दर्ता गर्ने समयमा राष्ट्रिय जनमोर्चाको पुनर्स्थापना गरियो ।[22]

## ४.९ पार्टीको मुखपत्र

अविभाजित नेपाल कम्युनिष्ट पार्टीले मुखपत्रको रूपमा 'नयाँ युग' सञ्चालन गरेको थियो । नयाँ जमाना साप्ताहिक (हिन्दी भाषा), जनमत साप्ताहिक, मशाल साप्ताहिक पनि नेकपा निकट थिए । नेकपा (चौम) ले मुखपत्रको रूपमा "मसाल" प्रकाशन गरेको थियो ।[23] नेकपा (मसाल) ले पनि पार्टी मुखपत्रको रूपमा "मसाल" प्रकाशन गरिरहेको छ । विचार

---

[20] "राजमोको प्रथम राष्ट्रिय सम्मेलन (टिप्पणी)", *मसाल,* २०५६ पौष/माघ, नेकपा (मसाल) को मुखपत्र, पृ. ३२ ।

[21] *ऐजन* ।

[22] चुनावको घोषणापत्र, पूर्ववत्, पा.टि.सं. १८, पृ. ७ ।

[23] "पार्टी एकताको लागि ठोस कदम उठाऔँ (सम्पादकीय)", *मसाल,* २०५७ आषाढ-श्रावण, नेकपा (मसाल) को मुखपत्र, पृ. २ ।

धारात्मक मुखपत्र "रातो तरवार" प्रकाशन गरिरहेको छ ।[24] हाँक साप्ताहिक (काठमाडौँ), विश्व नेपाली साप्ताहिक (नयाँ दिल्ली), नेकपा (मसाल) निकट छन् । नयाँ दिशा दैनिक (बुटवल) हिन्दी भाषामा विश्व नेपाली साप्ताहिक (गोरखपुर) पनि नेकपा (मसाल) निकट थिए ।

## ४.१० पार्टी स्कुल

नेकपा (मसाल) को पाँचौं, छैठौं र सातौं महाधिवेशनले पार्टी स्कुलको व्यवस्था गर्ने नीति बनाएको छ । पार्टीले नियमित स्कुलको निम्ति पहल गर्ने बताइए पनि त्यसको अभाव रहेको छ । तर पार्टीले केन्द्रीय क्षेत्रीय, जिल्ला स्तरमा विभिन्न जनसङ्गठनका क्लास, शिविर, प्रशिक्षण लगायतका कार्यक्रम नियमित रूपमा सञ्चालन गर्दै आएको छ ।

## ४.११ नेपाली समाजको वर्ग विश्लेषण

नेकपा (मसाल) ले देशको अवस्था अर्धसामन्ती र अर्द्धउपनिवेश रहेको विश्लेषण गरेको छ । मित्र वर्गमा सर्वहारा (औद्योगिक मजदुर, खेत मजदुर, होटल व्यवसाय, ठेला गाडा, रिक्सा र मोटर चालक, क्लिनर, कम्पोजिटर, सिकर्मी र डकर्मी आदि), गरीब, मध्यम र धनी किसान, निम्न पूँजीपति र राष्ट्रिय पूँजीपतिलाई लिएको छ ।[25] शत्रुवर्गमा सामन्ती, जमिन्दार र दलाल-नोकरशाही पूँजीपतिलाई लिइएको छ ।

ग्रामीण क्षेत्रको वर्ग विश्लेषणमा सामन्त, धनी किसान, मध्यम किसान, खेत मजदुरलाई लिइएको छ । (१) जसको आय पूरैजसो शोषणद्वारा हुन्छ, सामन्त, (२) आयको प्रधान अंश शोषणको तर कमाइको सानो अंश आफ्नो श्रमको कमाईबाट हुन्छ-धनी किसान (३) स्वयं आफ्नो परिश्रम माथि निर्भर रहने-मध्यम किसान (४) प्रधान रूपमा श्रमको विक्रीद्वारा गौण रूपमा आफ्नै जमीनमा श्रम गरेर निर्वाह गर्ने-निम्न मध्यम वा गरीब

[24] *रातो तरवार,* दस्तावेज विशेषाङ्क, वि.सं. २०५९ श्रावण, नेकपा (मसाल) केन्द्रीय कार्यालय, पृ. १ ।

[25] भीम रावल, *नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास,* वि.सं. २०४७, काठमाडौं : पैरवी प्रकाशन, पृ. १०४ ।

किसान (५) आफ्नो जीवन निर्वाहका लागि पूरै जसो श्रमको बिक्री माथि निर्भर रहन सर्वहारा मजदुर ।[26]

## ४.१२ अन्तर्राष्ट्रिय सम्बन्ध

नेकपा (चौथो महाधिवेशन) ले रुसलाई सोभियत सामाजिक साम्राज्यवाद र सन् १९७६ मा भएको प्रतिक्रान्ति पश्चात् चीनमा पूँजीवादको पुनर्स्थापना भएको बताएको थियो । चौमको कुनै पनि विदेशी कम्युनिष्ट पार्टीसँग सम्बन्ध देखिँदैन । तर अमेरिकाको क्रान्तिकारी कम्युनिष्ट पार्टी र भारतको सेन्ट्रल टि अर्गनाइजेशन कमिटि भाकपा (माले) जस्ता समूहसँग सम्बन्ध रहेको थियो ।[27]

सन् १९५६ मा रुसको कम्युनिष्ट पार्टीको बीसौं कांग्रेसबाट खुश्चेवको नेतृत्वमा "शान्तिपूर्ण संक्रमण", "शान्तिपूर्ण सहअस्तित्व" को नीति पारित गऱ्यो । जसले विश्व कम्युनिष्ट आन्दोलनमा ठूलो धक्का पुग्यो । चीनमा सन् १९६६ देखि माओ त्से तुङले "पूँजीवादी हेडक्वाटर माथि बम वर्षा गर" भन्ने नाराका साथ महान सर्वहारा सांस्कृतिक क्रान्तिको सुरुवात गरे । तर सन् १९७६ मा माओ त्से तुङको देहान्त पश्चात् चीनमा प्रतिक्रान्ति भयो । सन् १९७६ मा "चीनमा प्रतिक्रान्ति" ले विश्वको कम्युननिष्ट शिविरमा ठूलो हलचल ल्यायो । विश्वका ठूलो समाजवादी मुलुक रुस र चीनमा छद्म रूपमा पूँजीवादको स्थापना भयो । विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा पुग्यो । चीनमा प्रतिक्रान्तिको विश्वका धेरै जसो कम्युनिष्ट पार्टीले नै विरोध गरे । सन् १९८० मा आर.सी.पी. अमेरिका, चीली कम्युनिष्ट पार्टी लगायतको पहलमा मार्क्सवादी-लेनिनवादीहरूको प्रथम अन्तर्राष्ट्रिय सम्मेलन भयो । जसले चीनको प्रतिक्रान्तिको विरोध गर्दै विश्वका अन्य कम्युनिष्ट पार्टीहरूलाई संगठित हुनको लागि आह्वान गरे । जसमा स्पेन, चिली, अमेरिका, डेनमार्क, सिलोन, द सेल गाल, ब्रिटेन, इटली, भारत, फ्रान्स लगायतका कम्युनिष्ट पार्टीहरूको सहभागिता रहेको थियो । नेपाल, जापान र अस्ट्रेलियाका

---

[26] मोहन विक्रम सिंह, *चार दशक* (दोस्रो खण्ड), वि.सं. २०५६, गोरखपुर : जनसाहित्य प्रकाशन, पृ. ६१ ।

[27] रावल, *पूर्ववत्,* पा.टि.सं. २५, पृ. १३६ ।

कम्युनिष्ट पार्टीहरूले प्रथम अन्तर्राष्ट्रिय सम्मेलनको समर्थन गरेका थिए ।[28] सन् १९८४ मा विश्वका कम्युनिष्ट पार्टी र सङ्गठनहरूको सम्मेलन द्वितीय अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भयो । द्वितीय अन्तर्राष्ट्रिय सम्मेलनले रिम क्रान्तिकारी कम्युनिष्ट आन्दोलन (Revolutionary International Movement) को स्थापना गऱ्यो । रिमको घोषणापत्र जारी गर्ने तथा रिममा सहभागी पार्टीहरूमा सिलोन कम्युनिष्ट पार्टी (माओवादी), अफगानिस्तान कम्युनिष्ट पार्टी, बंगलादेश कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी), पेरु कम्युनिष्ट पार्टी, तुर्की कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी), क्रान्तिकारी अन्तर्राष्ट्रियवादी समूह, मार्क्सवादी-लेनिनवादी कम्युनिष्ट सङ्गठन, तान्जेनिया, नेपाल कम्युनिष्ट पार्टी (मसाल), नेकपा कम्युनिष्ट पार्टी (एकता केन्द्र), न्युजील्याण्ड रातो झण्डा समूह, पूर्व बंगाल सर्वहारा पार्टी, लाल श्रमिक, कम्युनिष्ट सङ्गठन, इटली, क्रान्तिवादी कम्युनिष्ट ग्रुप, कोलम्बिया, क्रान्तिकारी कम्युनिष्ट पार्टी, अमेकिरा, इरान कम्युनष्टि संघ (सारवरदन) लगायत रहेका थिए ।[29] रिमले "माओवाद" लाई मार्क्सवादको नयाँ, तेस्रो र उच्च चरण बतायो । जबकि रिमले आफ्नो स्थापना कालमा मार्क्सवाद-लेनिनवाद र माओ त्से तुङ विचारधारालाई निर्देशक सिद्धान्तको रूपमा अगाडि सारेको थियो ।[30]

रिमले स्थापना कालेदखि नै आफ्नो मुखपत्र 'A world to win' प्रकाशन गर्दै आएको छ । नेकपा (मशाल) को विभाजन पश्चात् रिममा नेकपा (मशाल) र नेकपा (मसाल) दुवै समूह रहेका थिए । तर नेकपा (मसाल) सहितका अन्य वामपन्थी समूहहरूको एकता प्रक्रियाबाट नेकपा (एकता केन्द्र) को निर्माण भए पश्चात् केही समयका निम्ति नेकपा (मसाल) मात्र रिम कमिटिको सदस्यमा रहन गयो ।

नेकपा (मसाल) ले रिमलाई ट्राटस्कीवादी सङ्गठनमा परिणत गर्ने आर.सि.पी. अमेरिकाको विचार, 'माओवाद' को पदावली सम्बन्धी मतभेद राख्दै रिममा दुई लाइनको सङ्घर्ष सञ्चालन गरेको थियो । श्रीलंका, टर्की, भारत, ग्रीसका पार्टीहरूले पनि त्यस

---

[28] *ऐजन,* पृ. १३७ ।

[29] "डिक्लारेजशन अफ रिम", *अ वर्ल्ड टु वीन,* जनवरी, अंक २०, सन् १९९५, रिमको मुखपत्र, पृ. १३ ।

[30] मोहन विक्रम सिंह, *रिम र माओवादीहरूको कथित जनयुद्ध,* वि.सं. २०५८ चैत्र, काठमाडौँ : जनशिक्षा गृह, पृ. ५४ ।

सङ्घर्षमा भाग लिएका थिए ।[31] रिमबाट निष्काशन गरिए पश्चात पनि नेकपा (मसाल) ले विश्वस्तरमा विश्वका अन्य रिम कमिटि भन्दा बाहिरका वामपन्थी मार्क्सवादी-लेनिनवादी सङ्गठनहरूसँगको सहकार्य र सम्बन्धलाई अगाडि बढाएको छ । मसालले युरोप, रुस र दक्षिण पूर्वी एशियाका कयौँ मार्क्सवादी-लेनिनवादी पार्टी सङ्गठन, जनवादी शक्तिहरू वा क्रान्तिकारी आन्दोलनहरूसित सम्पर्क कायम गरेको छ । र अफ्रिका, ल्याटिन अमेरिका देशहरूमा त्यसका लागि आधार तयार पार्ने प्रयत्न भइरहेको छ ।[32] जर्मनको मार्क्सवादी-लेनिनवादी पार्टी डच (MLPD) ले विश्वका मार्क्सवादी-लेनिनवादीहरूको अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्दै आएको छ । जसको एउटा को-अर्डिनेशन ग्रुप पनि बनेको छ । त्यसले मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ विचारधारालाई आधार बनाएको छ । जसको नाम मार्क्सवादी-लेनिनवादीहरूको अन्तर्राष्ट्रिय सम्मेलन रहेको छ । जसको अहिलेसम्म ९ वटा अन्तर्राष्ट्रिय सम्मेलन भइसकेका छन् । त्यसमा ४० वटा भन्दा बढी देशका कम्युनिष्ट पार्टी वा सङ्गठन संलग्न रहेका छन् ।

[31] *ऐजन,* पृ. ६, ७

[32] "अन्तर्राष्ट्रिय सम्पर्कको विस्तार (टिप्पणी)", *मसाल,* वि.सं. २०५६ पौष/माघ, नेकपा (मसाल) को मुखपत्र, पृ. ३१

# परिच्छेद – पाँच

# नेकपा (मसाल) को उदय र पाँचौं महाधिवेशन

## ५.१ नेकपा (मसाल) को पाँचौं महाधिवेशन

नेकपा (चौथो महाधिवेशन) को कालमा नै पार्टी तीन वटा वैचारिक समूहमा विभाजन भएको थियो । जसमा एउटा निर्मल लामा पक्ष, दोस्रो भक्तबहादुर श्रेष्ठ, मोहन वैद्य पक्ष, तेस्रो मोहन विक्रम सिंह, चित्रबहादुर के.सी. पक्ष थिए । जसमा पहिलो दक्षिणपन्थी, दोस्रो मध्यपन्थी र तेस्रो वामपन्थी धारको रूपमा अन्तर सङ्घर्षमा थिए ।[1]

सन् १९८३ मा चौममा भएको फुटबाट निर्मल लामाले नेतृत्व गरेको नेकपा (चौम) लाई दक्षिणपन्थी र पञ्चायत परस्त समूहको रूपमा हेरियो । सन् १९८३ मा नै चित्र बहादुर के.सी. को नेतृत्वमा नेकपा (मसाल) को पुनर्गठन गरियो । तर नेकपा (मसाल) को पुनर्गठन प्रक्रियासँग त्यसमा पनि मतभेद, फरक विचारको प्रकटीकरण हुन थाल्यो । जुन सन् १९८५ मा सम्पन्न भएको पाँचौं महाधिवेशनमा खुला रूपमा देखा पर्‍यो । नेकपा ( मशाल) को पाँचौ महाधिवेशन नोभेम्बर १९८४ (वि.सं. २०४१ कार्तिक) मा अयोध्यामा सम्पन्न भएको थियो । महाधिवेशनमा देश र प्रवासका गरी करिव २०० प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।[2]

महाधिवेशनमा विश्वभरिका अन्य मार्क्सवादी-लेनिनवादी पार्टी वा सङ्गठनका प्रतिनिधिहरूको पनि उपस्थित थियो । नेकपा (मसाल) ले सन् १९८४ द्वितीय अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिएको थियो । जसबाट विश्वभरिका मार्क्सवादी-लेनिनवादी समूहहरूको सम्पर्क मंचको रूपमा रिम (क्रान्तिकारी कम्युनिष्ट आन्दोलन) को गठन गरिएको थियो ।

---

[1] सुरेन्द्र के.सी., *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास* (भाग २), वि.सं. २०६०, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, पृ. ११६ ।

[2] भीम रावल, *नेपालमा साम्यवादी आन्दोलनको उद्‌भव र विकास,* वि.सं. २०४७, काठमाडौँ : पैरवी प्रकाशन, पृ. ७९ ।

नेकपा (मसाल) को पाँचौँ महाधिवेशनमा रिम सम्बद्ध पार्टीका प्रतिनिधिहरूले भाग लिएका थिए ।

पाँचौँ महाधिवेशनमा (१) राजनीतिक प्रतिवेदन (२) कार्यक्रम सम्बन्धी राजनीतिक प्रस्ताव (३) तत्कालीन राजनीतिक प्रस्ताव (४) अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन सम्बन्धी प्रस्ताव (५) नेकपा (मशाल) को विधान (६) जनजाति सम्बन्धी प्रस्ताव (७) २००७ को घटनाक्रम सम्बन्धी प्रस्ताव प्रस्तुत र पारित भएका थिए ।[3]

पाँचौँ महाधिवेशनले मोहनविक्रम सिंहको राजनीतिक लाइनलाई पारित गरेको थियो । तर सोही महाधिवेशनले मोहनविक्रम सिंहलाई ६ महिनाको निम्ति निष्काशन गरेको थियो । नेकपा (मसाल) को पाँचौ महाधिवेशनमा नेकपाको अविभाजित कालको द्वितीय महाधिवेशनको इतिहास दोहरियो । द्वितीय महाधिवेशनले पुष्पलालको गणतन्त्र र संविधानसभाको प्रस्ताव पारित गरेको थियो । तर नेतृत्वमा डा. केशरजङ्ग रायमाझीलाई चयन गरियो । महाधिवेशनमा भएको छलफलमा मोहनविक्रम सिंहलाई "यौन नैतिकताको कमजोरी, आलोचना नसहने प्रवृति, केही व्यक्तिहरूलाई धुरी बनाएर हेर्ने प्रवृत्ति, पक्ष लिने दृष्टिकोण लगायतका आरोप लगाएको देखिन्छ ।"[4] महाधिवेशनमा पक्ष/विपक्षमा मतदान हुँदा भक्तबहादुर श्रेष्ठ, मोहन वैद्यको पक्ष बहुमत र मोहनविक्रम सिंहको पक्ष अल्पमतमा परेको थियो । जुन थोरै मतको फरक मात्र थियो ।[5]

पाँचौँ महाधिवेशनले मोहनविक्रम सिंहलाई हलबाट निष्कासित गरे पश्चात मोहन वैद्यलाई महामन्त्रीमा चयन गऱ्यो । महाधिवेशनले ११ जना पूर्ण, ४ जना वैकल्पिक गरी १५ सदस्यीय केन्द्रीय समितिको चयन गऱ्यो । ५ जनाको पोलिटब्युरो पनि चयन गऱ्यो । महाधिवेशनबाट चयन गरिएको पोलिटब्युरोमा मोहन वैद्य, चित्रबहादुर के.सी., खम्बा सिंह कुँवर, भक्तबहादुर श्रेष्ठ, चन्द्रप्रकाश गजुरेल रहेका थिए ।

---

[3] /fhg]Lts k|ltj]bg, *रातो तरवार,* दस्तावेज विशेषाङ्क, वि.सं. २०५९, श्रावण, नेकपा (मसाल) केन्द्रीय कार्यालय, पृ. २२० ।

[4] *ऐजन,* पृ. ३२३ ।

[5] चित्रबहादुर के.सी, 'नेपालको कम्युनिष्ट आन्दोलनका अन्तर्विरोध बारे', *संवाहक,* वैशाख २०६३, अंक ३, बुटवल : अनेरास्ववियु (एकीकृत), पश्चिमाञ्चल क्षेत्रीय समिति, पृ. ३६ ।

केन्द्रीय सदस्यमा चित्रबहादुर के.सी., रामसिंह श्रीस, भैरव रेग्मी, गोविन्द सिंह थापा, पुष्पकमल दहाल, खम्बासिंह कुँवर, वाचस्पति देवकोटा, सी.पी. गजुरेल, देव गुरुङ, ईश्वरी दहाल, विष्णु पोखरेल र भक्तबहादुर श्रेष्ठ (पछि थप) चयन गरिएका थिए ।[6]

पाँचौं महाधिवेशनमा मोहनविक्रम पक्षले तत्कालीन नेतृत्व महामन्त्री भक्तबहादुर श्रेष्ठले चौममा देखा परेका अनुशासन विहीनता, अराजकता, नियन्त्रण गर्न सकेको भए केन्द्रीय समिति विघटन नहुने, पार्टीमा निर्मल लामाको पञ्चायत परस्त धार हावी हुन नसक्ने कुरा उठायो । नेतृत्वको वैचारिक रूपमा वामपन्थी धार र व्यावहारिक रूपमा दक्षिणपन्थी अवसरवादलाई मद्दत पुऱ्याउने "मध्यपन्थी" भूमिकाको कारण केन्द्रीय समिति विघटनको अवस्थामा पुग्यो भन्ने मतभेद प्रकट गरिए ।[7] महाधिवेशनले मोहन विक्रम पक्षले उठाएको यो कुरालाई स्वीकार गऱ्यो । तर मोहन वैद्य र भक्तबहादुर श्रेष्ठ पक्षले पार्टीमा फुट आउनुको कारण नेतृत्वको "मध्यपन्थी" भूमिकाको कारणले मात्र होइन, मोहनविक्रम सिंहको चरित्रको कारणले हो भन्ने कुरामा जोड दियो । उनीहरूले मोहनविक्रम सिंहले आफ्नो गल्तीको ढाकछोप गर्नको निम्ति नेतृत्वलाई "मध्यपन्थी" को आरोप लगाएको दावी गरे ।[8]

पाँचौं महाधिवेशनमा मोहन विक्रम सिंह माथि भएको कारवाही प्रकरणले अन्ततः नेकपा (मशाल) लाई पुनः विभाजन र फुटको दिशातर्फ धकेल्यो । कालान्तरमा मोहन विक्रम सिंह र मोहन वैद्य पक्षले पाँचौं महाधिवेशन पश्चात् नेकपा (मशाल) मा भएको फुटको विषयमा आ-आफ्नै ढंगले विश्लेषण गरेका छन् ।

नेकपा (मसाल) ले सो फुट र विभाजनलाई विशलेषण गर्दै मध्यपन्थीहरूको फरक राजनीतिक लाइन नभएको, व्यक्तिगत चरित्र हत्या नै उनीहरूको लाइन बनेको, गुटबन्दी गरेर पाँचौ महाधिवेशनमा नेतृत्व माथि कब्जा जमाउन सफल भएको बतायो । यो पक्षको भनाइ के पनि रह्यो भने राजनीतिक लाइन अगाडि ल्याएको भए महाधिवेशनमा मुख्य

---

[6] लेखननाथ न्यौपाने, *अखिल ज्ञान,* वि.सं. २०५६, काठमाडौं : भिजन पब्लिकेशन पृ. ७ ।

[7] *राजनीतिक प्रतिवेदन, पूर्ववत्,* पा.टि.सं. ३, पृ. ३१४ ।

[8] *ऐजन,* पृ. ३१६ ।

सङ्घर्ष त्यही विषयमा केन्द्रित हुने, उनीहरूले (मोहन वैद्य पक्ष) प्रमुखता दिएको व्यक्तिगत चरित्र हत्याको राजनीति गौण हुने, पार्टी नेतृत्वमा बहुमत प्राप्त गर्नु सम्भव हुने थिएन ।[9]

## ५.२ नेकपा (मसाल) मा फुट र विभाजन

सन् १९६२ को तेस्रो महाधिवेशन पश्चात् नेकपा फुट, विभाजन र अन्ततः विसर्जनवादको दिशा संक्रमण भएको थियो । सन् १९७१ मा मोहनविक्रम सिंह, निर्मल लामा लगायतको अगुवाइमा पार्टी पुनः निर्माणको दिशामा महत्वपूर्ण कदम अगाडि बढाउँदै केन्द्रीय न्युक्लियस गठन भयो । जसको पृष्ठभूमिमा विक्रमको तीसको दशकमा सबै भन्दा ठूलो कम्युनिष्ट घटकको रुपमा विकास भएको नेकपा (चौम) सन् १९८३ मा पुनः फुट र विभाजनतर्फ धकेलियो । जसमा निर्मल लामा पक्षले नेकपा (चौथो महाधिवेशन) लाई नै निरन्तरता दिए । मोहनविक्रम सिंह पक्षले नेकपा (मसाल) को नाममा पार्टीका पुनर्गठन गरेका थिए तर सन् १९८४ को पाँचौँ महाधिवेशनमा देखा परेका मतभेद र विवादले सो पार्टीमा पुनः विभाजनको स्थितिलाई सृजना गर्‍यो ।

पाँचौँ महाधिवेशनले मोहन विक्रम सिंहलाई यौन नैतिकताको आरोप लगाउँदै निष्कासन गर्‍यो । त्यसपश्चात् मोहनविक्रम सिंह पक्षका चित्रबहादुर के.सी., गोविन्दसिंह थापा, भैरव, रेग्मी सहित तीन जना मात्र केन्द्रीय समितिमा चुनिए । जसलाई अल्पमत पक्ष भनियो । अल्पमत पक्षले पाँचौँ महाधिवेशनका दस्तावेज प्रकाशन गर्दा गरेको फेरबदल, तरोडमरोडको तथ्य सहित पुनः दस्तावेज प्रकाशन गर्‍यो । बहुमत पक्षलाई महाधिवेशनबाट पारित दस्तावेजलाई आफू अनुकूल तरोडमरोड, फेरबदल गरेको आरोप लगाइयो ।[10] नेकपा (मशाल) को पाँचौँ केन्द्रीय समितिको बैठकमा चित्रबहादुर के.सी., भैरव रेग्मी र गोविन्द सिंह थापाले संयुक्त र एकल रूपमा फरक मतको प्रस्ताव राखे ।

जसमा भैरव रेग्मीले केन्द्रीय नेतृत्वका नीति र कार्यप्रणालमिा देखा परेका अनुशासन विहीनता बारे सि.सि. मा विचारर्थ प्रस्ताव, चित्रबहादुर के.सी., भैरव रेग्मी र गोविन्द सिंह थापाले "राजनीतिक प्रतिवेदन" मा गरिएका परिवर्तनबारे, पाँचौँ महाधिवेशनबाट पारित

---

9 *राजनीतिक प्रतिवेदन, पूर्ववत्,* पा.टि.सं. ३, पृ. ३३७ ।

10 *ऐजन,* पृ. ३०९ ।

"सङ्गठनात्मक प्रस्ताव" बाट हटाइएको अंशबारे फरक मत प्रस्तुत गरेका थिए । तर सोही बैठकले फरक मतका प्रस्तोता तीन जनालाई केन्द्रीय समितिबाट निष्कासन गऱ्यो ।[11] महाधिवेशनको नियम विपरीत केन्द्रीय समिति र पोलिटब्युरोको औपचारिक निर्णय बिना अन्य कतिपय निर्णय पनि गर्न थालिए । नेतृत्वका यस किसिमका कारवाही विरुद्ध आवाज उठाउनेलाई पार्टी पंक्तिबाट बहुमतले शत्रुतापूर्ण र तानाशाही व्यवहार मात्र होइन, पार्टीबाट निष्कासन गर्न थाल्यो ।[12]

नेकपा (मशाल) मा उत्पन्न अन्तर्विरोध, जिल्ला इलाका र गाउँसम्म पुग्यो । नेतृत्वको विरोध गर्ने व्यक्ति वा जिल्ला समिति विघटनमा पर्न थाले । रामसिंह श्रीस सेक्रेटरी रहेको वाग्लुङ जिल्ला समितिले लिखित रूपमा महाधिवेशन अनुरूप दस्तावेज प्रकाशन गर्न माग गरेको थियो । तर केन्द्रीय समितिले वाग्लुङ जिल्ला समितिलाई नै विघटन गऱ्यो । त्यसैगरी अन्य जिल्ला समितिहरूलाई पनि विघटन गऱ्यो ।[13]

मोहन विक्रम सिंहले पाँचौं महाधिवेशनको एक वर्षमा 'पार्टीभित्र दुश्मनका एजेन्ट र सि.आई.डी हरूको भूमिका' 'बहुमतले अल्पमतलाई दवाएको र पार्टीमा विद्रोहको आवश्यकता' लगायतका लेख रचना प्रकाशन गरेका थिए । नेकपा (मशाल) को नेतृत्वले सन् १९८५ मा भाद्रमा मोहन विक्रम सिंहको आलोचना गरेको थियो ।[14] सन् १९८५ मा रामराजा प्रसाद सिंहको जनवादी मोर्चाको अगुवाइमा भएको बमकाण्ड घटना पनि नेकपा ( मशाल) मा विवादको विषय बन्यो । मोहन विक्रम सिंहले सन् १९८५ को बमकाण्डको प्रकृति जुनसुकै रहेको भए पनि राजा र त्यसको कथित पञ्चायती व्यवस्थाको प्रतिक्रियावादी, जनविरोधी र विभिन्न राजनीतिक शक्तिहरूको राजनीतिक दिवालियापनलाई ठीकसित बुझ्नको लागि नकारात्मक किसिमले विशेष योग दिएको बताए ।[15] यसरी

---

[11] *ऐजन,* पृ. ३०८ ।

[12] के.सी., *पूर्ववत्,* पा.टि.सं. १, पृ. १२० ।

[13] के.सी., *पूर्ववत्,* पा.टि.सं. ५, पृ. ३६ ।

[14] रावल, *पूर्ववत्,* पा.टि.सं. २, पृ. ७९ ।

[15] मोहन विक्रम सिंह, *चारदशक,* दोस्रो खण्ड, वि.सं. २०५६, गोरखपुर : जनसाहित्य प्रकाशन, पृ. ११४

अन्तरविरोध चर्कँदै गए पश्चात् नेकपा (मशाल) मा विभाजन र फुटका सम्भावनाहरू देखा पर्दै गए । अल्पमत पक्षले नेकपा (मसाल) केन्द्रीय आयोजक समितिको गठन गऱ्यो । जसको सेक्रेटरी चित्रबहादुर के.सी. रहनुभएको थियो । केन्द्रीय आयोजक समितिको पहलमा सन् १९८५ (वि.सं. २०४२ मा चैत्र २५-२८) सम्म चौथो राष्ट्रिय सम्मेलनको आयोजना गऱ्यो । जसमा २४ जिल्लाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।[16] सम्मेलनले १२ सदस्यीय केन्द्रीय तदर्थ समिति चयन गऱ्यो । जसको महामन्त्रीमा मोहन विक्रम सिंह चुनिए भने केन्द्रीय समितिमा मोहनविक्रम सिंह, चित्रबहादुर के.सी., रामसिंह श्रीस, गोविन्द सिंह थापा, भैरव रेग्मी, कलानिधि देवकोटा, हरिबोल गजुरेललगायत रहेका थिए ।[17] यसरी सन् १९८३ मा नेकपा (चौम) को विभाजन भएर बनेको नेकपा (मशाल) पुनः वि.सं. २०४२ मा विभाजित हुन पुग्यो । नेपालको कम्युनिष्ट आन्दोलनमा मोहन वैद्यले नेतृत्व गरेको नेकपा ( मशाल) र मोहन विक्रम सिंहले नेतृत्व गरेको नेकपा (मसाल) पनि थपिन गए ।

## ५.३ नेकपा (मसाल) को सैद्धान्तिक पक्ष

चौथो महाधिवेशनको एक दशक पछाडि नेकपा (मसाल) को पाँचौ महाधिवेशन सम्पन्न भएको थियो । त्यस अवधमा राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थिति, विश्व कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण परिवर्तन भए । सन् १९७६ मा चीनमा माओ-त्से-तुङको निधन पश्चात् प्रतिक्रान्ति भयो । चीनमा पूँजीवादको स्थापना भयो । जसले विश्व कम्युनिष्ट आन्दोलनलाई ठूलो धक्का र चुनौती दिएको थियो । यस किसिमको राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिमा नेकपा (चौम) को विभाजन पश्चात् पुनर्गठन गरिएको नेकपा (मसाल) ले मार्क्सवाद-लेनिनवाद-माओ-त्सेतुङ विचारधारालाई निर्देशक सिद्धान्त, नयाँ जनवादलाई तत्कालीन न्यूनतम कार्यक्रम, समाजवाद र साम्यवादलाई अधिकतम कार्यक्रमको रुपमा निरन्तरता दियो ।

तर तत्कालीन व्यावहारिक विषयमा राजनीतिमा दूरगामी महत्व राख्ने निर्णय र नीति निर्धारण गऱ्यो । पाँचौ महाधिवेशनबाट नेकपा (मसाल) ले सन् सत्तरीको दशकको

---

16 रावल, *पूर्ववत्,* पा.टि.सं. २, पृ. ११५ ।

17 केदारनाथ गौतम, "नेपाली कम्युनिष्ट आन्दोलन", *लाल रक्षक* मासिक, अंक २, वि.सं. २०६५, माघ/फागुन, पृ. ३३ ।

कार्यनीतिक नारा देशभक्त र जनतान्त्रिक सरकारको नारालाई परित्याग गऱ्यो । देशभक्त र जनतान्त्रिक सरकारको नारा सिद्धान्त गलत नभए पनि व्यवहारिक रूपमा अगाडि बढाउन सही नहुने तर्क पेश गरियो । पार्टी र क्रान्तिको तत्कालीन नीति र कार्यक्रममा उल्लेख गरे अनुसार देशभक्त र जनतान्त्रिक सरकारको नारालाई दुई रूपमा प्रस्तुत गर्न सकिन्छ । पहिलो, विद्यमान राजतन्त्रको मातहतमा, द्वितीय, राजतन्तको अन्त पश्चात् । पहिलो अवस्थामा यो एउटा दक्षिणपन्थी नारा बन्न जान्छ । दोस्रो अवस्थामा समानान्तर रणनैतिक नारा । सर्वहारावर्गको नेतृत्वको अभावमा दे.ज.स. को नारा रणनैतिक रूपमा एउटा दक्षिणपन्थी नारा बन्ने रणनीतिक नारालाई कार्यनीतिक नारा बनाउँदा त्यो उग्रवामपन्थी पनि हुने बताइयो । दे.ज.स. को नारा न कार्यनीतिक, न रणनैतिक हुने, यो नाराले क्रान्तिको कार्यनीतिक वा रणनैतिकमध्ये कुनैको पनि हितको सेवा नगर्ने भएकोले त्यो नारा तत्कालीन सङ्घर्षको नारा बन्न नसक्ने घोषणा गरियो ।

पाँचौं महाधिवेशनले देशभक्त र जनतान्त्रिक शक्तिको सरकारको नारालाई फिर्ता लिएर नयाँ जनवादी सरकारको नारालाई राजा र तानाशाही व्यवस्थाको विकल्पको रूपमा प्रस्तुत गऱ्यो । 'जनतामा सत्ता हस्तान्तरण गर' भन्ने नारालाई अगाडि बढायो ।[18]

महाधिवेशनले स्पष्ट पाऱ्यो कि नयाँ जनवादी कार्यक्रमको प्रचार/प्रसार सङ्गठन र त्यसका लागि सङ्घर्षको मुख्य रूपमा धयान दिनु पर्दछ । तत्कालीन सबै आन्दोलनहरूलाई त्यसको तयारीको माध्यमको रूपमा अगाडि बढाउनु पर्दछ । जनतामा आधारभूत समस्याको समाधानको लागि वर्तमान प्रतिक्रियावादी राजनीतिक व्यवस्थामा 'सुधार वा संसदीय प्रणालीको स्थापना होइन, विद्यमान राजतन्त्र र तानाशाही पञ्चायती व्यवस्थाको अन्त र नयाँ जनवादी व्यवस्थाको स्थापना आवश्यक छ ।' नेकपा (मसाल) ले सशस्त्र सङ्घर्षको तयारी र सङ्गठनमा जोड दियो ।[19] तर तत्कालीन रूपमा जनआन्दोलनलाई प्रधान रूपमा विश्लेषण गरियो । सशस्त्र सङ्घर्षको निम्ति वस्तुगत पक्ष तयार भएको, आत्मगत पक्ष कमजोर भएकोले तत्काल जनआन्दोलनले नै प्रधान रूप लिने बताइयो । सशस्त्र सङ्घर्षबाट अलग जनआन्दोलनमा एकतर्फी रूपमा जोड दिनु । अन्ततः त्यो जनआन्दोलन दक्षिणपन्थी

---

[18] राजनीतिक प्रतिवेदन, *पूर्ववत्,* पा.टि.सं. ३, पृ. २५२ ।

[19] *ऐजन,* पृ. २४५ ।

अवसरवादी तत्वहरूका गैरक्रान्तिकारी महत्वाकांक्षा र स्वार्थहरूको पूर्तिको माध्यम बन्ने कुरामा पनि जोड दिइयो ।

नेकपा (मसाल) को पाँचौ महाधिवेशनले देशका राजनीतिक शक्तिहरूको विश्लेषण निम्न रूपमा गऱ्यो ।

1_ प्रतिक्रियावादी – राजतन्त्र र नेपाली कांग्रेस

2_ दलाल र गद्दार – रायमाझी गुट

3_ राजा र कांग्रेस परस्त – मनमोहन, पि.एल. र रोहित गुट

4_ दक्षिणपन्थी अवसरवादी – झापाली, विघटित अल्पमत समूह (निर्मल लामा पक्ष)

5_ निम्न पूँजीवादी क्रान्तिकारीहरू – स्थानीय ग्रुपहरू

6_ सर्वहारा वर्गको राजनीतिक पार्टी – नेकपा (मसाल)

नेकपा (मसाल) को राजनीतिक शक्तिहरूको विश्लेषणमा गरिएको परिवर्तनमा महत्वपूर्ण कुरा थियो - ने.का. लाई गौण दुश्मन र राजतन्त्रलाई प्रधान दुश्मनको रूपमा गरिएको विश्लेषण । यस अवधिमा केन्द्रीय न्युक्लियस काल देखि राजतन्त्र र ने.का. लाई समान दुश्मनका रूपमा लिइएको थियो, समान किसिमको प्रहारको नीति अपनाइएको थियो । राजतन्त्र र भारतीय विस्तारवादसँगको प्रधान अन्तरविरोध फेरि राजतन्त्र र ने.का. लाई समान प्रहारको नीतिको विश्लेषण अनौठो समिश्रण थियो ।

पाँचौं महाधिवेशनले ने.का. गौण दुश्मन हुनुको अर्थ अवश्य पनि, वर्गीय दृटिष्कोणले पनि गौण दुश्मन भएको तर ने.का. को प्रतिक्रियावादी राजनीतिक चरित्रमा सुधार नभएको, वर्गीय रूप ने.का. ले पनि राजाले झैँ प्रतिक्रियावादी देशी/विदेशी शक्तिको प्रतिनिधित्व गर्ने भएकाले वर्गीय दृष्टिकोणले ने.का. राजा झैँ मुख्य दुश्मन नै कायम रहेको बतायो । तर तत्कालीन राजनीतिक दृष्टिले समग्ररूपमा विचार गर्दा राजाको तुलनामा ने.का. को शक्तिमा कमी आएकोले ने.का. गौण दुश्मन भएको विश्लेषण पनि गऱ्यो । नेकपा (मसाल) को पाँचौ महाधिवेशनले मनमोहन, पि.एल. गुटलाई राजा र कांग्रेस परस्त बताए पनि पि.एल. र मनमोहनलाई प्रतिक्रियावादी शक्तिका दलाल र गद्दार घोषणा गऱ्यो ।

मनमोहन गुटले राजा, कांग्रेस र भारतीय विस्तारवाद र सोभियत सामाजिक साम्राज्यवादको दलाली गरेको विश्लेषण गरियो भने पि.एल. गुट सोभियत सामाजिक साम्राज्यवादको पक्षमा उभिएको, पि.एल. को गद्दारीको परम्परालाई अगाडि बढाएको उल्लेख गरियो ।[20]

## ५.४ मशाल र मसालको बीचको विवाद

सन् १९८५ मा जिल्ला प्रतिनिधिहरूको भेला पश्चात नेकपा (मसाल) को पुनर्गठन भयो । औपचारिक रूपमा नेकपा (मशाल) को विभाजन हुन पुग्यो । मोहन वैद्य महामन्त्री रहेको नेकपा (मशाल) र मोहनविक्रम सिंह महामन्त्री रहेको नेकपा (मसाल) गरी दुईवटा समूह देखा परे । तर नेकपा (मसाल) र नेकपा (मशाल) को बीचमा वैचारिक रूपमा आधारभूत फरक थिएन । दुवैले पाँचौ महाधिवेशनले पारित गरेको नीति र कार्यक्रम, राजनीतिलाई आफ्नो उद्देश्य र लक्ष्य बताएका थिए । सुरुवातमा दुवै पक्षले पाँचौं महाधिवेशन प्रति नै दृढ र इमान्दार रहेको बताए ।

तर नेकपा (मसाल) को पुनर्गठनसँगै नेकपा (मशाल) र नेकपा (मसाल) को बीचमा मतभेद, बहस, वादविवाद तीव्र रूपमा बढेर गए । नेकपा (मशाल) को सन् १९८५ मा सम्पन्न केन्द्रीय समितिको बैठकले 'अराजकतावादी व्यक्तिवाद : दक्षिणपन्थी अवसरवादको नेपाली आयाम' को दस्तावेज पारित गऱ्यो ।[21] जसलाई पुस्तिकाको रूपमा समेत पारित गरियो । सो दस्तावेज मोहनविक्रम सिंहको आलोचना र व्यक्तिगत टीकाटिप्पणीमा केन्द्रित थियो । जसमा मोहनविक्रम सिंहलाई "छट्टु", "वकवास गर्ने चरित्र", "दक्षिणपन्थी पाखण्डको घृणित उदाहरण", "हद दर्जाको बेइमान", "पूँजीवादी तत्व" "पार्टीभित्र पस्न सफल भएको सामन्त वर्गको प्रतिनिधि", "घृणित तत्व", "छाडा", "फ्रायडवादी", "राजा त्रिभुवनको वर्गबन्धु", "रुसको मार्तोभको नेपालमा पुनर्जन्म" लगायत आरोप

---

[20] *ऐजन*, पृ. २४४-२४९ ।

[21] मोहनविक्रम सिंह, *रिम र माओवादी कथित जनयुद्ध*, वि.सं. २०५८, काठमाडौं : जनशिक्षा प्रकाशन गृह, पृ. २४८ ।

लगाएका थिए ।[22] मोहनविक्रम सिंहले सो दस्तावेजको खण्डन गर्दै "इतिहासले सुम्पेको महान जिम्मेवारी वा इतिहासले गरेको मजाक" पुस्तिका प्रकाशन गरेका थिए ।[23]

नेकपा (मशाल) र नेकपा (मसाल) को बीचको विवाद त्यतिमा मात्र सीमित रहेन । जुन राजनीतिक, सैद्धान्तिक सङ्गठनात्मक रूपमा पनि लिन पुगेका थियो । वि.सं. २०४३ मा मोहन वैद्यले पाँचौं महाधिवेशनले अगाडि सारेको नीति र कार्यक्रमलाई नेकपा (मसाल) ले छोड्दै गएको बताउँदै "पाँचौं महाधिवेशन जिन्दावाद" पुस्तिका प्रकाशन गरेका थिए । यता मोहनविक्रम सिंहले "पाँचौं महाधिवेशन जिन्दावाद वा घोर अवमुल्यन" पुस्तिका प्रकाशन गरे । नेकपा (मशाल) र नेकपा (मसाल) बीचका मतभेद रिम "अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन" मा पनि देखा परे । सन्१९८९ मा नेकपा (मशाल) को नेतृत्वमा भएको "सेक्टर काण्ड" को कारण महामन्त्री पदबाट मोहन वैद्यले राजीनामा दिए । पुष्पकमल दाहाल (प्रचण्ड) पार्टीको महामन्त्री भए । सन् १९९० (वि.सं. २०४७ मंसिर ४) नेकपा (मशाल), नेकपा (चौम) र सर्वहारावादी श्रमिक सङ्गठनको बीचमा एकता प्रक्रियाद्वारा नेकपा (एकता केन्द्र) को निर्माण गरियो । नेकपा (मसाल) ले सन् १९९० (वि.सं. २०४७ पौष १८ र १९) केन्द्रीय समितिको बैठकले पार्टीको नाममा भाषागत अन्तर अर्थात् पातलो 'स' र मोटो 'श' को अन्तर मात्र रहेको "मसाल" र "मशाल" दुवै शब्द प्रयोग गर्ने निर्णय गऱ्यो । देशमा नेपाल कम्युनिष्ट पार्टी (मसाल) एउटै मात्र भएको जानकारी गरायो ।[24]

---

[22] *ऐजन,* पृ. २५१ ।

[23] के.सी., *पूर्ववत्,* पा.टि.सं. १, पृ. २५६ ।

[24] गोविन्द सिंह थापा (सम्पा.), *नेपाली एकता, दुई दशक विशेषाङ्क,* जुलाई २०००, नयाँ दिल्ली : अखिल भारत नेपाली एकता समाज, केन्द्रीय कार्यालय, पृ. २१३ ।

# परिच्छेद – छ

# २०४६ को जनआन्दोलन र नेकपा (मसाल)

## ६.१ २०४६ को जनआन्दोलनको पृष्ठभूमि

सन् सत्तरीको दशक राजतन्त्र पञ्चायती व्यवस्थाका विरुद्धमा सङ्घर्षको दृष्टिकोणले महत्वपूर्ण रह्यो । तर तत्कालीन व्यवस्थाका विरुद्धमा सङ्घर्ष गर्ने नेपाली कांग्रेस र कम्युनिष्टहरूको बीचमा सम्बन्ध भने चिसो नै रह्यो । खास गरेर राजतन्त्र र पञ्चायती व्यवस्थाको विरुद्धमा सहकार्य, कार्यगत एकता तथा संयुक्त मोर्चा कायम गरेर संयुक्त जनआन्दोलनलाई अगाडि बढाउने सवालमा कांग्रेस र कम्युनिष्टहरूको बीचमा दूरी नै रह्यो । यद्यपि दुवै वृतमा पञ्चायती व्यवस्थाका विरुद्धमा कांग्रेस र कम्युनिष्टहरूको बीचमा सहकार्य गरिनु पर्दछ भन्ने मत विद्यमान रहेका थिए । तर चालीसको दशकमा कांग्रेस र कम्युनिष्टहरूको बीचमा पञ्चायती व्यवस्थाको विरुद्धमा बहुदलीय व्यवस्थाको पक्षमा सहकार्य गरिनु पर्दछ भन्ने विचार प्रबल भयो । तीसको दशकमा सबै भन्दा ठूलो र क्रान्तिकारी भनिएको नेकपा (चौम) र सन् १९७६ मा पुनर्गठन गरिएको नेकपा (माले) को नेपाली कांग्रेससँग सहकार्य गर्ने नीति नै थिएन । त्यसैगरी सन् १९७४ मा राष्ट्रिय मेलमिलापको नीति लिएर नेपाल फर्केका वि.पी. कोइराला राष्ट्रियताको सवालमा राजासँग मेललिाप नीति अख्तियार गरे । तर प्रजातन्त्रको सवालमा कम्युनिष्टहरूसँगको दूरीलाई थाँती नै राखे । वि. पि. को राष्ट्रिय मेलमिलापको नीतिले कम्युनिष्टहरूलाई ने. का. ले राजतन्त्रसँग घाटी जोड्दै गरेको आशंका गरायो ।

ने.का. मा गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईले वि. पि. को मृत्यु पश्चात् फरक धारको विकास गर्ने प्रयत्न गरेको देखिन्छ । तर ने.का. का गिरिजाप्रसाद कोइराला दरबारसँग मेलमिलापको नीति र पञ्चायती चुनावमा भाग लिने पक्षमा नै दृढ रहेका थिए । गणेशमान सिंह, कृष्णप्रसाद भट्टराइले ने.का. र वामपन्थीहरू बीचमा सहकार्य गरेर मात्र पञ्चायती व्यवस्थाको अन्त हुन सक्दछ भन्ने विचारलाई अगाढि बढाए ।[1]

---

[1] पुष्पराज चालिसे, *जनआन्दोलन २०४६ सत्तापक्षको प्रतिवाद र प्रतिरोध*, वि.सं. २०५९, उदय बुक्स, पृ. ७३ ।

ने.का. ले सन् १९८५ (वि.सं. २०४२ जेठ १०) देखि सत्याग्रह गर्ने निर्णय गऱ्यो । सत्याग्रहमा ने.का. ले राजनीतिका दहहरूमाथि प्रतिबन्ध हटाउनु पर्ने, मौलिक हक अकुण्ठित राख्ने, पूर्ण प्रजातन्त्र स्थापना हुनुपर्ने, पूर्ण प्रेस स्वतन्त्रता, राजबन्दीको रिहाइ, वर्गीय सङ्गठनको स्वतन्त्रता लगायत माग राखेको थियो । नेकपा (चौम), नेमकिपा, नेकपा (अमात्य), नेकपा (वर्मा) र नेकपा (मार्क्सवादी) लगायतका ५ वटा वामपन्थी समूहले पनि जेठ १४ देखि बहुदलीय व्यवस्था, राजबन्दीको रिहाइ, मौलिक हकको बहाली, मजदुरीको निश्चितता, मोहियानी हक, सुकुम्बासीहरूको व्यवस्थापन लगायतका माग राखेर सत्याग्रहमा सहभागी भयो ।[२] तर सन् १९८६ (वि.सं. २०४३ आषाढ ६) अन्नपूर्ण होटल, सिंहदरबार गेट, राष्ट्रिय पञ्चायतको भवन, नारायणहिटी राजदरबारको दक्षिणी र पश्चिमी ढोकामा गरी पाँच ठाउँमा बम विस्फोट भए । यस शृङ्खलाबद्ध बम विस्फोटमा एक दर्जन भन्दा बढी मानिसहरू मारिएका थिए । असार ६  नै पोखरा, भैरहवा, धनगढी, नेपालगञ्ज, जनकपुर र वीरगञ्ज आदि ठाउँमा विस्फोटक पदार्थ फेला परे ।

सो बमकाण्डको जिम्मेवारी नव जनवादी मोर्चाका अध्यक्ष रामराजा प्रसाद सिंहले 'राजतन्त्रको समाप्ति' र 'प्रजातान्त्रिक गणतन्त्रको स्थापना' को निम्ति भन्दै दिल्लीबाट वक्तव्य मार्फत लिए । बमकाण्ड पश्चात सरकारले दमन, धरपकडलाई तीव्र पारेको थियो । यस क्रममा १ हजार ७ सय ५० जनालाई सोधपुछका निम्ति भनेर गिरफ्तारी १०१ जनालाई थुनामा राखिएको थियो ।[३] "विध्वंशतात्मक अपराध गतिविधि नियन्त्रण ऐन" पारित गराएर नव जनवादी मोर्चाका अध्यक्ष रामराजा प्रसाद सिंह लगायत ४ जनालाई फरार रहेको अवस्थामा नै मृत्युदण्डको सजाय सुनाइयो । डा. लक्ष्मीनारायण झा, ईश्वर र पदम लामा, महेश्वर चौलागाई, साकेत मिश्रलाई बेपत्ता पारियो । सन् १९८५ को बमकाण्डले देशभरी नै सन्त्रास फैलियो । नेपाली कांग्रेसले "बमकाण्ड" सत्याग्रहको भावना, आदर्श र मर्ममाथि प्रहार भएको बतायो, सत्याग्रह आन्दोलनलाई फिर्ता लियो । पाँच वामपन्थी समुह नेकपा (चौम), नेकपा (मार्क्सवादी), नेपाल मजदुरकिसान पार्टी, नेकपा (अमात्य), नेकपा (वर्मा) ले पनि सङ्घर्षका कार्यक्रम फिर्ता लिए ।

---

[२] *ऐजन,* पृ. ५५ ।

[३] *ऐजन,* पृ. ५६ ।

वि.सं. २०४२ चैत्रमा नेपाली कांग्रेसले प्रतिबन्धित दलको नामबाट चुनाव सामग्री प्रकाशित गर्न पाउनु पर्ने, चुनावी सभा गर्न पाउनुपर्ने र सबै आफ्ना उम्मेदवारहरूलाई एउटै चुनाव चिह्न दिइनु पर्ने, वर्गीय सङ्गठनको सदस्यताको अनिवार्यता, दल विहीनताको बाध्यता हटाएमा सन् १९८६ को 'राष्ट्रिय पञ्चायत' को चुनावमा भाग लिने आशयको साथ पञ्चायती सरकारसँग वार्ता गर्‍यो । तर नेपाली कांग्रेसको मागको सुनुवाइ भएन ।

नेपाली कांग्रेसले सन् १९८६ को राष्ट्रिय पञ्चायतको चुनावलाई बहिष्कार गर्‍यो । सन् १९८६ को राष्ट्रिय पञ्चायतको चुनावमा नेकपा (माले), नेमकिपा, नेकपा (चौम), नेकपा (मार्क्सवादी) लगायतका वामपन्थी समूहहरूले भाग लिएका थिए । नेकपा (माले) ले ३२ जिल्लाबाट उम्मेदवारी दिएको थियो । जसमा इलाम, झापा, चितवन, कास्की लगायत ६ स्थानमा विजय पनि भयो । नेमकिपा, नेकपा (मानन्धर) ले पनि एक/एक स्थानमा विजय हासिल गरेका थिए । नेकपा (मसाल) ले सन् १९८६ को राष्ट्रिय पञ्चायतको चुनावको सक्रिय बहिष्कार गरेको थियो । सो पार्टीले कथित आम चुनावलाई बहिष्कार गरेर देशमा विद्यमान सामन्ती पञ्चायती व्यवस्थाका विरुद्ध सङ्घर्षलाई तीव्र पार्ने कुरामा जोड दिँदै सबै देशभक्त, जनतान्त्रिक र वामपन्थी तत्वहरूसँग कार्यगत एकताको निम्ति अपिल गरेको थियो । मसालले बहिष्कारको राजनीतिले देशको राजनीति र जनआन्दोलनलाई सही दिशामा अगाडि बढाउँदै लैजाने बतायो । विभिन्न प्रतिक्रियावादी, दक्षिणपन्थी र 'मध्यपन्थी' अवसरवादी गुटहरूले पञ्चायत र चुनावप्रति सम्झौता परस्त अवसरवादी र ढुलमुल नीति अपनाएर तानाशाही व्यवस्थालाई मजबुत पार्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपले काम गरेको पनि बतायो । नेकपा (माले), नेकपा (चौम) लगायतका वामपन्थी समूहको पञ्चायती चुनावको उपयोगको आलोचना पनि गर्‍यो । राष्ट्रिय पञ्चायतको चुनाव बहिष्कारको अभियानमा नेकपा (मसाल) ले देश/प्रवासमा कयौँ कार्यक्रम सञ्चालन गरेको थियो ।[५]

पञ्चायती चुनाव बहिष्कार अन्तर्गत १२ मईको आन्दोलनले विशेष महत्व राख्दछ । १२ मई सन् १९८६ (वि.सं. २०४३ वैशाख २९) नेपालमा पञ्चायती चुनाव भइरहेको दिनमा चुनाव बहिष्कारको समर्थनमा दिल्लीमा अखिल भारत नेपाली एकता समाजद्वारा विरोध प्रदर्शन गरियो । जनप्रदर्शनमा ७०० जना सहभागी थिए । ९५ जनालाई भारत सरकारले

---

५ गोविन्द सिंह थापा (सम्पा.), *नेपाली एकता दुई दशक विशेषाङ्क*, सन् २००० जुलाई, नयाँ दिल्ली : अखिल भारत नेपाली एकता समाज, पृ. १९८ ।

गिरफ्तार गऱ्यो । जसमा १० महिला थिए । गिरफ्तार व्यक्तिहरूमाथि भारतीय दण्ड संहिताका १४७, १४८, १४९, १८६, ३०६, ३३२, ३५२, ३५३, ३०७ र ४२९ अनुसार मुद्दा चलाइयो ।[5] चालीसको दशकमा पञ्चायती व्यवस्थाभित्रबाट समेत व्यवस्थाको आलोचना गरिन थालियो । यसमा सन् १९८३ मा महाभियोग लगाएर निलम्बित गरिएका तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापा सबै भन्दा अगाडि देखिए । सूर्यबहादुर थापाले "भूमिगत गिरोह", "नयाँ भारदार", "गैर संवैधानिक केन्द्र" आदिको नाउँमा प्रतिक्रियावादी शासक विरुद्ध आक्रोश पोखेका थिए । यहाँसम्म कि उनले "भूमिगत गिरोह" ले राष्ट्रिय पञ्चायत र सरकार समेत सञ्चालन गरिरहेको आरोपसम्म लगाए । राजेश्वर देवकोटा, डि.पि. अधिकारी लगायतका पञ्चायतका समर्थकहरूले पनि तत्कालीन व्यवस्थाको खुलेर आलोचना गरेका थिए ।

पञ्चायती व्यवस्थाका विरुद्धमा कांग्रेस र कम्युनिष्टहरूको बीचमा कार्यगत एकता तथा संयुक्त मोर्चा गरेर संयुक्त जनआन्दोलनलाई अगाडि बढाउनु पर्दछ भन्ने कुराले विस्तारै महत्व पाउन थाल्यो । विक्रमको तीसको दशकमा सबै भन्दा ठूलो वामपन्थी शक्तिका रूपमा देखापरेका नेकपा (चौम) मा फुट भएर पुनर्गठन गरिएको नेकपा (मसाल) ले पनि संयुक्त जनआन्दोलन राजतन्त्र र पञ्चायती व्यवस्थाको विरुद्धमा ने.का. सँग सहकार्य गरिनु पर्ने धारणालाई अगाडि ल्यायो । तीसको दशकको समयमा ने.का. र राजतन्त्रलाई समान दुश्मन, ने.का. सँगको कार्यगत एकता तथा संयुक्त जनआन्दोलनको कार्यदिशालाई निषेध गरेको नेकपा (मसाल) ले यस्तो निर्णय गर्नु गुणात्मक फड्को नै थियो । यसले स्पष्ट रूपमा राजतन्त्र र पञ्चायती व्यवस्थाका विरुद्धमा वामपन्थी, देशभक्त तथा जनतान्त्रिक शक्ति, प्रतिक्रियावादी दक्षिणपन्थीहरूसँग पनि कार्यगत एकता गर्न सकिन्छ भन्ने दृष्टिकोणलाई अगाडि साऱ्यो । सन् १९८९ मा भारतको कुशिनर (गोरखपुर) मा सम्पन्न भएको नेकपा (मसाल) को राष्ट्रिय सम्मेलनले नेपाली कांग्रेससँग पनि कार्यगत एकता गर्न सक्ने निर्णय गऱ्यो ।

पञ्चायती कालमा वास्तवमा नेकपा (मसाल) को कार्यगत एकताको नीतिमा संकीर्ण चिन्तन थियो । चौममा दक्षिणपन्थी पि.एल., मनमोहनसँग पनि कार्यगत एकता गर्नु हुन्न भन्ने नीति रहेको थियो । तर पञ्चायती कालको अनुभवहरूले कार्यगत एकता सम्बन्धी

[5] *ऐजन,* पृ. ८९

सम्पूर्ण नीतिले एकलकाटे हुने, सङ्घर्ष सञ्चालन गर्न नसकिने कुरा देखायो । देशभक्त र जनतान्त्रिक शक्तिहरूसँग कार्यगत एकता गर्ने कुरा छँदैछ । पञ्चायती व्यवस्थाको विरुद्धको सङ्घर्षमा नेपाली कांग्रेस पनि आउँछ भने ऊसँग पनि कार्यगत एकता गर्नु पर्दछ भन्ने नीति गोरखपुर सम्मेलनले पास गऱ्यो । सम्मेलनले सो निर्णय पारित गरी सकेपश्चात् त्यसको सम्मेलनमा नै पार्टी पंक्तिबाट व्यापक विरोध भयो । टोपबहादुर रायमाझी, बिनबहादुर कुँवर, मेघराज ज्ञवाली लगायतले जोडदार रूपमा पार्टी अब दक्षिणपन्थी दिशामा गयो, पुनरुत्थानवादी ग्याँग, कांग्रेसको हाराहारीमा गयो भन्ने विचार प्रकट गरे ।[6]

नेकपा (मसाल) ले पञ्चायती व्यवस्थाका विरुद्धमा नेपाली कांग्रेसँग कार्यगत एकता गर्नु पर्दछ भन्ने निर्णयले पार्टीमा भूकम्प ल्यायो । किनभने यस पार्टीमा देशभक्त र जनतान्त्रिक शक्ति बाहेक अन्यसँग केन्द्र, बीच र तल कहीँ पनि कार्यगत एकता गर्नु हुँदैन भन्ने धारणा थियो । करिव १५ वर्ष भन्दा बढी समय यस किसिमका नीति र विचारबाट प्रशिक्षित भएका कार्यकर्तालाई नेपाली कांग्रेससँग पनि कार्यगत एकता गर्नु पर्दछ भन्ने नीति बन्दा आश्चर्य लाग्नु स्वाभाविक नै थियो ।[7]

नेकपा (मसाल) को कार्यगत एकता सम्बन्धी नीतिको नेकपा (मशाल) वैद्य समूहले आलोचना गरेको थियो । मोहन वैद्यले सन् १९९० मा भएको मोहन विक्रम गुटको विस्तारित बैठकले कार्यगत एकता सम्बन्धी पाँचौँ महाधिवेशनको निर्णय विपरीत भएको, पाँचौ महाधिवेशनको नीतिमा फेर वदल गरी दलाल, गद्दार नेपाली कांग्रेससँग कार्यगत एकता गर्न गइरहेकोमा मोहन विक्रमजीमा एक रत्ति पनि शर्मिन्दा नभएको, आफूहरू नेपाली कांग्रेस र गद्दार दलालसँग कार्यगत एकता गर्नु हुन्न भन्ने पाँचौ महाधिवेशनको लाइनको दृढताका साथ कार्यान्वयन र रक्षा गर्न गइरहेका दावी गरे ।[8] तर नेकपा (मसाल) का महामन्त्री मोहन विक्रम सिंहले दलाल, गद्दार र नेपाली कांग्रेससँग कार्यगत एकताको विरोध गर्नुलाई वामपन्थी संकीर्णतावादी नीति बताए । वामपन्थी संकीर्णतावादले

---

[6] रणबहादुर, “नेपालको जन आन्दोलनबारे”, *मसाल,* २०५५ पौष/माघ, नेकपा (मसाल) को मुखपत्र, पृ. ७

[7] *ऐजन,* पृ. ८ ।

[8] मोहन वैद्य, *पाँचौ महाधिवेशन जिन्दावाद,* वि.सं. २०४३, गोरखपुर : जनसाहित्य प्रकाशन, पृ. १३ ।

प्रतिक्रान्तिको सेवा गर्ने पनि बताए ।[१] सन् १९९० (वि.सं. २०४६ भाद्र ९-१४) सम्म नेकपा (माले) को चौथो महाधिवेशन सम्पन्न भयो । नेकपा (माले) ले निर्दलीय पञ्चायती व्यवस्थाको अन्त र राजनीतिक दलहरूमाथिको प्रतिबन्ध हटाउन सबै प्रतिपक्षहरूसँग संयुक्त भएर जनआन्दोलन सञ्चालन गर्ने ठेगान गऱ्यो ।

झापा विद्रोहको पृष्ठभूमिबाट निर्माण भएको नेकपा (माले) ले बहुदलीय प्रतिस्पर्धा नीति पनि यसै महाधिवेशनबाट तय गऱ्यो । चीनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिको विरोध गऱ्यो भने रुसलाई समाजवादी देश घोषणा गऱ्यो । ने.का. सँग कार्यगत एकताको नीति खुला गर्दै नेकपा (माले) को पहिलो बैठकले निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापनाको नारा तय गऱ्यो ।

जनआन्दोलनको पूर्व बेलामा राजतन्त्र र पञ्चायती व्यवस्था विरोधी राजनीतिक दलहरूको बीचमा निकटता बढ्दै गएको देखिन्छ । मुख्यतः कांग्रेस र वामपन्थीहरूको निकटताले संयुक्त जनआन्दोलनको समभाव्यतालाई देखाउँदै थियो । सन् सत्तरीको दशकमा पञ्चायती व्यवस्थाको विरुद्धमा लड्ने कम्युनिष्ट र कांग्रेसको बीचमा करिव/करिव शत्रुतापूर्ण नीतिको कारणले गर्दा संयुक्त जनआन्दोलनको विषयमा प्रष्टता आउन सकेको थिएन । त्यसमा नेपाली कांग्रेसमा कम्युनिष्ट विरोधी उग्र विचार समेत रहेको थियो । त्यस्तै कतिपय कम्युनिष्ट समूहमा 'वामपन्थी' संकीर्णतावादी नीति रहेको थियो । वामपन्थी समूहहरूमा बहुदलीय व्यवस्था र निर्दलीय व्यवस्थामा तात्विक फरक नदेख्ने प्रवृत्ति विद्यमान रहेको थियो ।

नयाँ जनवादी गणतन्त्र (जनगणतन्त्र) लाई मात्र राजतन्त्र र पञ्चायती व्यवस्थाको विकल्पको रूपमा लिने गरिएको थियो । जसको कारण तीसको दशकमा वामपन्थी र कांग्रेसको बीचमा कार्यगत एकता वा संयुक्त आन्दोलनको सम्भावना देखा पर्न सकेन । तर जनआन्दोलनको पूर्व बेलामा राजतन्त्र र पञ्चायती व्यवस्था विरुद्धको सङ्घर्षको निम्ति कांग्रेस र वामपन्थीहरूको बीचमा सहकार्यको लागि कयौं महत्वपूर्ण, दूरगामी र ऐतिहासिक निर्णयहरू भएका थिए । जसको कारण सन् १९९० को ऐतिहासिक जनआन्दोलनको उठान

---

[१] मोहनविक्रम सिंह, *चार दशक* (दोस्रो खण्ड), वि.सं. २०५६, गोरखपुर (उ.प्र.) : जनसाहित्य प्रकाशन, पृ. ३४४ ।

सम्भव भयो । यद्यपि कांग्रेस र कम्युनिष्ट बीचको सहकार्य कार्यगत एकता तथा संयुक्त जनआन्दोलनको ऐतिहासिक आवश्यकता र औचित्यको बारेमा पुष्टि हुन अझै बाँकी छ ।

## ६.२ २०४६ को ऐतिहासिक जनआन्दोलन र नेकपा (मसाल) को भूमिका

सन् १९९० को ऐतिहासिक जनआन्दोलनको पूर्वबेलामा कांग्रेस र कम्युनिष्टहरूको बीचमा पञ्चायती व्यवस्थाको विरुद्धमा सहकार्यको वातावरण बन्दै गइरहेको मात्र थिएन, पञ्चायती व्यवस्थामा बाह्य र आन्तरिक संकट दुवै देखा परेका थिए । राजाद्वारा नेतृत्व गरिएको पञ्चायती व्यवस्था चौतर्फी संकटमा फस्दै गइरहेको थियो । पञ्चायती व्यवस्था नै उदारवादी र अनुदारवादी गुट देखा परेका थिए । वि.सं. २०४४ दरबार भित्रको "भूमिगत गिरोह" को पोल खुल्न गयो । जसमा भरत गुरुङ, डि.वि. लामा, भीमप्रसाद गौचन, जगत गौचन लगायतले औषधि तस्करी, विदेशमा मुद्रा ओसारपसार गरेको हल्ला फैलियो । पत्रकार पदम ठकुराठीको हत्याको प्रयास यही समूहले गरेको ठहर गरी जेल बन्द गरियो । जसमा राजा वीरेन्द्रको भाइ धीरेन्द्र शाहको समेत संलग्नता रहेको बताइन्छ ।[10] यसैगरी मार्च १९८८ (वि.सं. २०४४ फागुन २७) मा दशरथ चन्द रङ्गशालाकाण्ड हुन गयो । जसमा ७० जना भन्दा बढी व्यक्तिले ज्यान गुमाउनु पर्‍यो । सरकार र खेलकुद परिषद्को यस लापरवाहीको विरोधमा उपत्यका बन्द, देश, प्रवासमा विरोध भयो ।[11] डिसेम्बर १९८८ ( वि.सं. २०४४ मंसिर) मा मेघालय (पूर्वोत्तर भारत) बाट प्रवासी नेपालीहरूलाई लखेटिन थालियो । मेघालयबाट नेपालीहरूलाई लखेटिने कार्यको विभिन्न राजनीतिक दलका जनसङ्गठनहरूले खुल्ला मञ्च, मंसिर २७ मा देशव्यापी रूपमा विरोध प्रदर्शन गरे ।[12]

अगस्त १९८८ (वि.सं. २०४४ भाद्र ५) भक्तपुरमा "होजु काण्ड" भयो । त्यति बेलाको भूकम्पमा ठूलो धनजनको क्षति भयो । जसको प्रभाव भक्तपुर र पूर्वाञ्चलमा बढी पर्न गएको थियो । भक्तपुरमा राहत वितरणको घोटालामा पूर्व रापस कर्णप्रसाद "होजु" को

---

[10] मार्टिन हफ्टन र अन्य, *पोलिटिक्स र आइडोलोजी,* सन् १९९९, काठमाडौं : मन्डला बुक्स प्वाइन्ट, पृ. २०७ ।

[11] पुष्पराज चालिसे, *जनआन्दोलन २०४६ : सत्ता पक्षको प्रतिवाद र प्रतिरोध,* वि.सं. २०५९, उदय बुक्स, पृ. ६४ ।

[12] *ऐजन* ।

हत्या हुन गयो । सो हत्याकाण्डमा नेमकिपाका अध्यक्ष नारायणमान विजक्छे “रोहित” सहित ४ जनालाई झुठा मुद्दामा जेल हालियो । रोहितलाई फाँसी दिनु पर्दछ भनियो ।[13] यस किसिमका कयौँ घटनाहरूले पञ्चायती व्यवस्थाको अप्रजातान्त्रिक र निरंकुश चरित्रको विषयमा प्रष्ट हुँदै गयो । पञ्चायती सरकारले शान्तिपूर्ण कार्यक्रममा पनि हस्तक्षेप गर्न थाल्यो ।

यसै बीचमा १ मार्च १९८८ मा नेपाल र भारतको बीचमा सम्पन्न व्यापार तथा पारवहन सन्धिको समयावधि समाप्त भयो । ६/६ महिनाको अवधिमा दुई पटक नेपाल-भारत पक्षबाट समयावधि थपियो । नेपाल-भारतको बीचमा आपसी सम्बन्ध ठूलो संकट देखा पऱ्यो । २७ मार्च १९८९ (वि.सं. २०४४ चैत्र १०) देखि नेपाल-भारत बीचमा आयात-निर्यात बन्द हुन गयो । सोही दिन देखि नेपाल-भारतको बीचमा व्यापार र पारवहन सन्धि समाप्त भएको घोषणा भारतीय पक्षबाट गऱ्यो । २३ मार्च १९८९ देखि नै भारत सरकारले जोगवनी र रक्सौल बोहकका अन्य सबै नाकाहरू बन्द गरेर भारतीय वस्तुको नेपाल प्रवेशमा रोक लगाएको थियो । भारतबाट नून, कपडा, दाल, पेट्रोलियम पदार्थ जस्ता दैनिक उपभोग्य सामग्रीहरू नेपाल आउन बन्द गरिएको कारणले आपूर्तिको कमी हुन गयो । सम्पूर्ण नेपाली जनताको जनजीवन नै अस्तव्यस्त भयो । जुन नेपालको राजनीतिक इतिहासमा नेपाली जनताले भोग्नु परेको अद्भुत पूर्व संकट थियो ।[14]

मुलुकको यही दुर्दशा पूर्ण अवस्थामा नेपाली कांग्रेसको सन् १९८९ (वि.सं. २०४६ कार्तिक) मा बसेको केन्द्रीय समितिको बैठकले पञ्चायती व्यवस्थाको विरुद्धमा आन्दोलन गर्ने निर्णय गऱ्यो । सोही बैठकले माघ महिनामा पार्टीको राष्ट्रिय सम्मेलनको ठेगान पनि गऱ्यो । यसै बीचमा माघ २ सहाना प्रधानको अध्यक्षतामा संयुक्त वाम मोर्चाको गठन भयो । संयुक्त वाममोर्चामा नेकपा (माले), नेकपा (मार्क्सवादी), नेकपा (चौम), नेकपा ( अमात्य), नेकपा (वर्मा), नेकपा (मानन्धर), नेपाल मजदुर किसान पार्टी रहेका थिए । १८-२० जनवरी १९९० (वि.सं. २०४६ माघ ५, ६ र ७) सम्म भएको नेपाली कांग्रेसको तेस्रो राष्ट्रिय सम्मेलनले १८ जनवरी १९९० (वि.सं. २०४६ फागुन ७) देखि देशव्यापी रूपमा

---

13 *रोहितका समसामयिक विचार संकलन, जेलदेखि प्रजातन्त्रसम्म,* वि.सं. २०४७, काठमाडौँ : नेपाल मजदुर किसान संगठन, पृ. ४८ ।

14 हफ्टन, *पूर्ववत्,* पा.टि.सं. १०, पृ. ११० ।

अहिंसात्मक जनआन्दोलन प्रारम्भ गर्ने निश्चित गऱ्यो । नेपाली कांग्रेसको राष्ट्रिय सम्मेलनमा भारतीय जनता दलका नेता तथा सांसद चन्द्रशेखर, कांग्रेस (आई) का एम.जी. अखवर तथा हरिश रावत, भाकपा (मार्क्सवादी) का हरि किशन सिंह सुरजित, भाकपाका डा. एम. फारुखी, जनता पार्टीका सुब्रह्म स्वामी, समाजवादी नेता वेणि माधव, भारतीय जनता दलका सांसद यशवन्त सिन्हा, कमल मुरार, रविन्द्रमान चन्द उपस्थित भएका थिए । भारतीय नेता राजीव गान्धी, केन्द्रीय मन्त्रीहरू प्रो. मधु दण्डवते र शरद यादवहरूले शुभकामना समेत पठाएका थिए । राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै भारतीय जनता दलका नेता तथा सांसद चन्द्रशेखरले "आफ्नो मनबाट डर निकाली दिनुहोस्, संसारको कुनै पनि राजनीतिक शक्तिले तपाईंलाई हल्लाउन सक्दैन", "चाउ चुस्के, मार्कोस र इरान शाह जस्ता तानाशाहको पतनबाट साहस लिएर अगाडि बढ्नुहोस् भनेका थिए ।"[15] नेकपा (मसाल) ले सन् १९९० को जनआन्दोलनको तयारीको निम्ति भूमिगत रूपमा भैरव रेग्मी, दिनानाथ शर्मा, डा. बाबुराम भट्टराईलाई जिम्मेदारी दिएको थियो ।

फरवरी १९९० .वि.सं. २०४६ माघ ३१) संयुक्त वाममोर्चासँग "बहुदल" को नारामा सहमत हुन नसकेको त्यसबाट फरक रहेको वामपन्थी समूह नेकपा (मसाल), नेकपा (मशाल), सर्वहारा श्रमिक सङ्गठन, नेकपा (मालेमा), सहितले संयुक्त राष्ट्रिय जनआन्दोलन (Untied National People's Movement) गठन भयो ।[16] नेकपा (मशाल) र नेकपा (मसाल) सँग सम्बद्ध विद्यार्थी सङ्गठन अनेरास्ववियुले पनि संयुक्त वाम मोर्चा निकट विद्यार्थी संगठनहरुभन्दा भिन्न रूपमा संयुक्त जनआन्दोलनमा सहभागी भएका थिए ।

ने.वि.संघ, अनेरास्ववियु (पाँचौं), ने.क्रा.वि.संघ, अखिल (के.स.), नेराविफे (मानन्धर समूह), नेराविफे (वर्मा समूह) र ने.प्र.वि.यु. सहित सातवटा विद्यार्थी सङ्गठनहरूको बीचमा प्रजातान्त्रिक आन्दोलन विद्यार्थी समन्वय समितिको गठन भयो ।

जनवरी १९९० (वि.सं. २०४६ माघ ५-७) सम्म सम्पन्न भएको नेपाली कांग्रेसको राष्ट्रिय सम्मेलनले १८ फरवरी (फागुन ७) देखि देशव्यापी रूपमा अहिंसात्मक आन्दोलन गर्ने निर्णय गरेको थियो । ७ फरवरी १९९० (वि.सं. २०४६ माघ १९) नेपाली कांग्रेस र

---

[15] पुष्पराज चालिसे, *पूर्ववत्,* पा.टि.सं. १, पृ. ७२ ।

[16] *ऐजन,* पृ. ३२१

संयुक्त वाममोर्चाको बीचमा समन्वय समितिको गठन भयो । १८ फरवरी (फागुन ७) देखि जनआन्दोलन सुरुवात गर्ने निर्णय गरियो । नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराई र संयुक्त वाममोर्चाका अध्यक्ष सहाना प्रधानले हस्ताक्षर गर्नु भएको संयुक्त वक्तव्य जारी गरेका थिए । सो वक्तव्यमा 'निरंकुश पञ्चायती व्यवस्था नेपाली माथि लादिएको २९ वर्षमा नेपाली जनताका अधिकार खोसिएका, मुख थुनिएको, बिना हातहतियार भेला हुने, सभा गर्ने र जुलुस गर्ने सम्मका राजनीतिक लगायतका सबै प्रकारका स्वतन्त्र संस्था माथि बन्देज लगाएको' 'आज के कांग्रेस, के कम्युनिष्ट सबैको एउटै तात्कालीन राजनीतिक लक्ष्य छ । एउटै नारा छ, निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना' उल्लेख गर्दै नेपाली जनतालाई संयुक्त जनआन्दोलन सरिक हुन अपिल गरियो ।

नेपाली कांग्रेस र संयुक्त वाममोर्चाद्वारा घोषणा गरिएको प्रथम चरणको कार्यक्रम भने यस प्रकार थियो :- १८ फरवरी (फागुन ७) का दिन देशव्यापी रूपमा दुवैले आ-आफ्ना झण्डाका साथ आफ्नो दल लिएर जुलुस प्रदर्शन र आम सभा गरी विगत २९ वर्षदेखिको प्रतिबन्धलाई तोड्ने, १९ फरवरी (फागुन ८) का दिन नेपाल बन्द अन्तर्गत सम्पूर्ण यातायात, शिक्षण संस्था, व्यापार, कलकारखाना, उद्योगधन्दा र पसल बन्द गर्ने । २५ जनवरी (फागुन १४) का दिन सारा देशभरी वर्तमान पञ्चायती व्यवस्थाको विरोधमा कालो दिवस मनाउने, कालो झण्डा, कालो पट्टी बाँधी प्रदर्शन र आम सभा गर्ने । ३० जनवरी (फागुन १९) पुनः नेपाल बन्द गर्ने ।[17]

पञ्चायती व्यवस्थाको विरुद्धमा १८ फरवरी १९९० (वि.सं. २०४६ फागुन ७) देखि सञ्चालन गरिएको संयुक्त जनआन्दोलन ४९ दिनसम्म जारी रहेको थियो । संयुक्त जनआन्दोलनमा विद्यार्थी, शिक्षक, प्राध्यापक, वकिल, चिकित्सक लगायतका पेशागत जनसमूहहरूले ऐक्यबद्धता प्रकट गर्दै विरोधका कार्यक्रम सम्पन्न गरेका थिए । १८ फरवरी (फागुन ७) प्रजातन्त्र दिवसको अवसरमा नै संयुक्त जनआन्दोलनको पहिलो दिन पञ्चायती व्यवस्थाको विरोधमा बहुदलको समर्थनमा नारा सहित जुलुस प्रदर्शन, कालो झण्डा प्रदर्शन गरिएका थिए । राजधानीबाट मनमोहन अधिकारी, तुलसीलाल अमात्य गिरफ्तार भएका थिए । पहिलो दिनमा नै चितवनमा ४ जना, हेटौडा, नवलपरासी, पाल्पा र तनहुमा १/१

---

[17] मिहिरकुमार ठाकुर, *नेपाली संविधान र राजनीति निर्णायक घटना र मोड*, वि.सं. २०५१, राजविराज-८ : एम. आर. पब्लिकेशन, पृ. १३३ ।

जना गरी ८ जनाले शहादत प्राप्त गरे । यस घटनाबाट नै निरंकुश पञ्चायती व्यवस्थाको विरुद्धमा जनआक्रोश सुरुवात भएको थियो । १९ फरवरी र मार्च २ (फागुन ८ र १९) नेपाल बन्द पनि तनावपूर्ण र प्रतिरोधात्मक किसिमका रहे ।

मार्च १८ (चैत्र ५) संयुक्त राष्ट्रिय जनआन्दोलनको आहवानमा देशव्यापी रूपमा तथा प्रवास (भारत) मा कालो झण्डा देखाएर विरोध प्रदर्शन गरिएको थियो । तर जनआन्दोलन उच्चतम अवस्था चाहिँ ६-९ अप्रिल (चैत्र २३/२४) को बीचमा देखा पऱ्यो । चैत्र २४ संयुक्त राष्ट्रिय जनआन्दोलनले तीन हप्ता अगाडि नै नेपाल बन्दको आह्वान गरेको थियो ।

> *The clamix of the revolution came between 6 and 9 April. The allince of most redical communist groups united national people's movement had three weeks peruosly the were calling for a Nepal Band.*[18]

जन आन्दोलन चरमउत्कर्षमा पुग्नुभन्दा अगाडि अप्रिल ६ (चैत्र १९) पाटनमा ठूलो जनप्रदर्शन गरिएको थियो । यसका स्थानीय जनतालाई नियन्त्रण गर्न समेत प्रशासन असफल भएको थियो । त्यसै निरन्तरतामा अप्रिल ६ (चैत्र २०) उपत्यका बन्द गरियो । स्थानीय जनताले पाटनलाई "मुक्त क्षेत्र" घोषणा गरेका थिए । कीर्तिपुरमा जनप्रदर्शन माथि सेनाको हेलिकोप्टरबाट अश्रुग्यास प्रहार गरियो । त्यसबाट ४ जनाको मृत्यु भयो । कीर्तिपुरका हजारौँ जनता चैत्र २१ शहीदहरूको शवयात्रामा भाग लिए । प्रहरीलाई नियन्त्रणमा लिएर कीर्तिपुर र त्यस वरिपरिका सात गाउँ पञ्चायती शासनबाट मुक्त गरिए ।[19]

९ अप्रिल (चैत्र २४) संयुक्त राष्ट्रिय जनआन्दोलनको पूर्व घोषित "नेपाल बन्द" कार्यक्रम रहेको थियो । तर यस "नेपाल बन्द" लाई नेपाली कांग्रेस र संयुक्त वाममोर्चाले समर्थन गरेका थिएनन् । अप्रिल ९ विहान राजा वीरेन्द्रबाट शाही घोषणा जारी भयो । जसअनुसार मरिचमान सिंहको मन्त्रीमण्डललाई जनआन्दोलनमा जनताको जीउधनको

---

[18] ह्फ्टन, *पूर्ववत्,* पा.टि.सं. १०, पृ. ११५ ।

[19] ठाकुर, *पूर्ववत्,* पा.टि.सं. १७, पृ. १३० ।

सुरक्षा गर्न नसकेको आरोपमा विघटन गरी लोकेन्द्र बहादुर चन्दको प्रधानमन्त्री, अन्य ४ जना मन्त्री गरी मन्त्रीमण्डलको पुनः गठन गरियो । सो मन्त्रीमण्डलले वार्ता प्रक्रिया अगाडि बढाउने, राष्ट्रिय पञ्चायतको अधिवेशन बोलाउने, संविधान सुधार सुझाव आयोग र जनधनको क्षति बारे छानबीन गर्न आयोग गठन गर्ने घोषणा गरियो ।

शाही घोषणाको व्यापक रूपमा विरोध भयो । नेपाल अधिराज्यका सम्पूर्ण शहर, नगरमा विरोध प्रदर्शन गरिए । राजतन्त्रको विरुद्धमा चर्को नाराबाजी गरिएका थिए । राजाको शाही घोषणापश्चात काठमाडौं, कीर्तिपुर, पाटनका जनता सडकमा निस्किए । सडकमा निस्किएका जनताको संख्या अनुमान गरिए अनुसार दुई लाखदेखि आधा करोडको बीचमा रहेको थियो । जुन नेपालको इतिहासमा नै सबैभन्दा ठूलो संख्यामा सडकमा जनता उत्रेका थिए, जनतामा विजय उल्लास थियो । लाखौं लाख जनता टुँडीखेलको खुल्ला मञ्चमा भेला भए । तर नाटकीय रूपमा जनताको भीड तितर वितर भयो । पुतलीसडक, बागबजार, प्रदर्शनी मार्गमा जनप्रदर्शनहरू भए । जनताको ठूलो तप्का राजतन्त्रका विरुद्ध सडकमा नारा लगाउँदै दरबार मार्गतर्फ लाग्यो । प्रदर्शनकारीहरूले राजातन्त्र, राजा, रानीका विरुद्धमा चर्को नारा लगाए ।

प्रदर्शनकारीहरू राजा महेन्द्रको दरबार मार्ग स्थित शालिक निकट पुगे । शालिक तोडफोड गर्न लाग्दा शाही सेनाले स्वचालित मेशिनगन चलायो । कान्तिपथ, असन, वीर अस्पताल र बागबजार क्षेत्रमा पनि बन्दुक र मेशिनगनको आवाज निरन्तर सुनियो । यस दिन काठमाडौंमा ५०० सय जना मारिएको अनुमान गरिन्छ । दरबारमार्ग गोलीकाण्डमा कति जना व्यक्ति मारिए भन्ने कुरामा यकिन हुन सकेन । बि.बि.सी. समाचारदाताका अनुसार ५० जना घटना स्थलमा नै मारिएका थिए । सो घटनामा ६३ जना मारिएको कुरा बहुदलीय व्यवस्थाको पूर्ण स्थापना पश्चात् प्रकाशमा ल्याइयो । दरबार मार्गमा भएको हत्याकाण्ड पश्चात् प्रदर्शनकारीहरूले उपत्यकाव्यापी रूपमा प्रदर्शन जरी राखेका थिए ।

११ अप्रिल विहानैदेखि अनिश्चितकालीन कर्फ्यू घोषणा गरियो । जेलमा हिरासतमा रहनु भएका सहाना प्रधान, मनमोहन अधिकारीलाई जेलबाट सोझै मन्त्रीहरूसँग भेट गराइयो । प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले वीर अस्पतालमा जनआन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंहलाई भेट गर्नु भएको थियो । गणेशमान सिंहले “बहुदल” घोषणा नभई वार्ता नगर्ने प्रत्युत्तर दिनु भएको थियो ।

११ अप्रिल १९९० (वि.सं. २०४६ चैत्र २६) बेलुकी नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला तथा संयुक्त वाममोर्चाका सहाना प्रधान, राधाकृष्ण मैनालीले, राजा वीरेन्द्रले नारायणहिटी राजदरबारमा प्रत्यक्ष वार्ता गरे । जसमा नेपालको संविधानमा रहेको "दलविहीन" शब्द हटाइने र राजनीतिक दल माथि लगाई राखेको प्रतिबन्ध फुकुवा गरिएको कुरा जनाइयो । संविधानबाट "दलविहीनता" शब्द निकाल्ने, पार्टीहरू माथिको लगाई राखेको प्रतिबन्ध फुकुवा गर्ने आश्वासन पाएकोले जनआन्दोलन रोक्ने सहमति भएको थियो । ११ अप्रिल १९९० (वि.सं. २०४६ चैत्र २६) को राजदरबारको विज्ञप्तिबाट नेपालको संविधान सन् १९६२ (वि.सं. २०१९) को प्रस्तावनामा रहेको "दलविहीन पंचायती" प्रणाली भन्ने शब्दहरू यथावत् रहेका थिए ।[२०]

राजा र आन्दोलनकारीहरूको बीचमा सम्झौता कायम गर्नको निम्ति पशुपति शमशेर राणाले आन्दोलनका पक्षधर नेताहरूलाई दरबारमा लैजाने कार्य गरेका थिए । संयुक्त राष्ट्रिय जनआन्दोलनका नेताहरूलाई पनि राजदरबारमा वार्ताका निम्ति लैजाने कोशिश गरिएको थियो । तर संयुक्त राष्ट्रिय जनआन्दोलनका पक्षधर नेताहरूले सडकमा शाही सेना राखेर[२१] दरबारमा वार्तामा जान नसकिने शर्त राखेका थिए । यसले दरबार र नेपाली कांग्रेस, संयुक्त वाममोर्चा बीचको सम्झौतालाई जनता र जनआन्दोलनसँग धोका र गद्दारी बताएको थियो । त्यतिबेला राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना हुने अवस्था थियो । तर कांग्रेस र संयुक्त वाममोर्चाका नेताहरूले धोका दिए भन्ने ठहर उक्त गठबन्धनको रह्यो ।[२२] 'दरबार, कांग्रेस र संयुक्त वाममोर्चाको सम्झौता धोका हो ।' 'जनआन्दोलन अगाडि बढाऔँ' भन्दै यस गठबन्धनले आन्दोलनलाई अगाडि बढाउने प्रयास गर्‍यो । यसै क्रममा १२ अप्रिल (चैत्र २७) बहुदल घोषणा भए पश्चात् अम्बिका रायमाझीको छोरा राजन रायमाझी शहीद भए ।[२३]

[२०] *ऐजन,* पृ. १३५ ।

[२१] रणबहादुर, *पूर्ववत्,* पा.टि.सं. ६, पृ. ५ ।

[२२] *ऐजन* ।

[२३] *ऐजन* ।

अप्रिल १९९० (वि.सं. २०४७ वैशाख २) पूर्व निर्धारित कार्यक्रम अनुसार प्रज्ञा भवनमा सरकार र आन्दोलनकारी जनताका प्रतिनिधिहरूको बीचमा वार्ताको सुरुवात भयो । द्विपक्षीय वार्तामा पञ्चायती सरकारको पक्षबाट प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, मन्त्री पशुपति शमशेर जबरा, अच्युतराज रेग्मी, केशबहादुर बिष्ट, पदमसुन्दर लावती र आन्दोलनकारी पक्षबाट योगप्रसाद उपाध्याय, दमननाथ ढुङ्गाना, निलाम्बर आचार्य, कृष्णराज बर्मा सम्मिलित भएका थिए । वार्तास्थलमा फेरि दरबारले षडयन्त्र, जालझेल गर्ने सम्भावना रहेको ठहर गर्दै हजारौं जनताले प्रज्ञा भवन वरिपरि गगनभेदी नारा लगाउँदै घेरा हालेका थिए ।

जनताको दबावको कारण बैसाख ३ राजाबाट नेपालको संविधान सन् १९६२ को धारा ८१ (२) अन्तर्गतको अधिकार प्रयोग गरी राष्ट्रिय पञ्चायत, पञ्चायत नीति र जाँचबुझ समिति र वर्गीय सङ्गठनहरू समेतका निकाय विघटन गर्दै संविधान अन्य कयौं धाराहरू निलम्बित गरियो । अन्ततः जनआन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंह राजासँग प्रत्यक्ष वार्ता गर्न राजदरबार गए । झण्डै दुई घण्टासम्म राजासँगको वार्ता पश्चात् जनप्रतिनिधि सम्मिलित भएको अन्तरिम सरकारको गठन, बहुदलीय व्यवस्था अनुरूप संविधानमा सुधार गरी सो का आधारमा आम निर्वाचन गराउने कुरा तय गरियो ।

# परिच्छेद – सात
# २०४८ को संसदीय चुनावको बहिष्कार र त्यस पश्चात्को एक दशकको मूल्याङ्कन

## ७.१ संसदीय चुनावको बहिष्कार

सन् १९९० को जनआन्दोलन पश्चात् १८ अप्रिल १९९० (वि.सं. २०४७ वैशाख ६) राजाबाट नेपाली कांग्रेसका कार्यवाहकका अध्यक्ष कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री रहेको अन्तरिम सरकारको गठन भयो । सो मन्त्रीमण्डलमा नेपाली कांग्रेसबाट कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री, राजदरबार सम्बन्धी रक्षा र परराष्ट्र योगप्रसाद उपाध्याय (गृह र सञ्चार), महेन्द्र नारायण निधि (जलस्रोत र स्थानीय विकास), मार्शल जुलुम शाक्य (आपूर्ति, निर्माण तथा यातायात), संयुक्त वाममोर्चाका तर्फबाट सहाना प्रधान (उद्योग तथा वाणिज्य), निलाम्बर आचार्य (कानुन तथा न्याय, श्रम तथा समाज कल्याण र पर्यटन), झलनाथ खनाल (कृषि, भूमि सुधार तथा वन तथा भु-संरक्षण) रहनु भएको थियो । राजाको तर्फबाट अच्युत राज रेग्मी (आवास तथा भौतिक योजना), केशरजंग रायमाझी (शिक्षा र संस्कृति र सामान्य प्रशासन) हुनु हुन्थ्यो । स्वतन्त्र बुद्धिजीवीबाट देवेन्द्रराज पाण्डे (अर्थ) र डा. मथुराप्रसाद श्रेष्ठ (स्वास्थ्य) रहनु भएको थियो ।

नेपाली कांग्रेस र वाममोर्चा अन्तरिम संविधान र संविधानसभाबाट नयाँ संविधान निर्माण गर्ने पक्षमा देखिएनन् । तर नेकपा (मसाल) सहितका अन्य वामपन्थी समूहहरू संविधानसभाको पक्षमा थिए ।[1]

तर दरबारबाट जून १९९० (वि.सं. २०४७ वैशाख २८) मन्त्री परिषद्को सल्लाह र सुझाव बिना नै सर्वोच्च अदालतका प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा

---

[1] मिहिरकुमार ठाकुर, *नेपाली संविधान र राजनीति, निर्णायक घटना र मोड,* वि.सं. २०५१, राजविराज : एम.आर. पब्लिकेशन, पृ. १४३ ।

सात सदस्यीय संविधान सुधार सुझाव आयोग गठन भयो । जसमा भरतमोहन अधिकारी, दमननाथ ढुङ्गाना, कमल राणा, हिरा प्रसाद जोशी, रमानन्द प्रसाद सिंह र सूर्यनाथ उपाध्याय लगायत सदस्य रहेका थिए । तर दरवारबाट मनोनयन गरिएको यस आयोगको व्यापक रूपमा विरोध भयो । जनविरोध, जनदबावको कारण संविधान सुधार सुझाव आयोगबाट विश्वनाथ उपाध्यायले राजीनामा दिनु भयो ।

त्यसपश्चात् मन्त्री परिषद्को सल्लाह र सम्मति, सुझाव अनुसार राजा वीरेन्द्रबाट प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले सिफारिस गर्नु भए बमोजिम विश्वनाथ उपाध्यायको अध्यक्षतामा नौ सदस्यीय संविधान सुझाव आयोगको गठन गरियो । जसमा नेपाली कांग्रेसको प्रतिनिधित्व दमननाथ ढुङ्गाना, लक्ष्मणप्रसाद अर्याल र मुकुन्द रेग्मी, संयुक्त वाममोर्चाको प्रतिनिधित्व तीन जना भरतमोहन अधिकारी, माधवकुमार नेपाल र निर्मल लामा तथा स्वतन्त्रबाट विश्वनाथ उपाध्याय, रमानन्दप्रसाद सिंह र प्रद्युम्नलाल राजभण्डारीले प्रतिनिधित्व गर्नु भएको थियो ।[२]

संविधान सुझाव आयोगलाई तीन महिनाको समय दिइएको थियो । जेठ १७ देखि नै यसले आफ्नो कार्य प्रारम्भ गरेको थियो । संविधान सुझाव आयोगले नेपाल अधिराज्यका विभिन्न जिल्ला, सदरमुकाम स्थानको स्थलगत भ्रमण गरेर सुझाव संकलन गरेको थियो । संविधान सुझाव आयोग विभिन्न चरणमा संविधानको निर्माण गर्ने कार्य गऱ्यो । आयोगको उद्देश्य नै संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको सुदृढीकरणका निम्ति संविधानको मस्यौदा तयार गर्ने रहेको थियो । ९ नोवेम्बर १९९० (वि.सं. २०४७ कार्तिक २३) दिनको १२ बजे आयोजित एक विशेष कार्यक्रममा नेपाल अधिराज्यको संविधान वि.सं. २०४७ को घोषणा गरी संविधान जारी गरियो ।

संयुक्त जनआन्दोलनका कमाण्डर गणेशमान सिंह, प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई, मन्त्री, संविधान सुझाव आयोगका अध्यक्ष, विभिन्न पार्टीका प्रमुख नेताहरू तथा संवैधानिक निकायका प्रमुखहरू समेत ३० जना विशिष्ट व्यक्तिहरूको उपस्थितिमा संविधान घोषणा भएको थियो ।

---

[२] *ऐजन,* पृ. १३८ ।

तर नेकपा (मसाल) को संविधान सुझाव आयोगबाट संविधान निर्माण गर्ने प्रक्रियामा नै आपत्ति रह्यो । अगस्त १९९० (वि.सं. २०४७ श्रावण) मा सम्पन्न नेकपा (मसाल) को केन्द्रीय समितिको बैठकले संविधान सुझाव आयोगद्वारा संविधानको निर्माण गरेर त्यसद्वारा सार्वभौमसत्ता र जनतामा हस्तान्तरण हुने कुरामा विश्वास नभएको बताउँदै संविधानसभाको चुनाव गरेर त्यसद्वारा संविधानको निर्माण र सार्वभौम सत्ता जनतामा हस्तान्तरण गर्नु पर्ने कुरामा जोड दियो । चौमको पोष्टरबाट अगाडि ल्याइएका तथ्यबाट संविधान सुझाव आयोगभित्र राजाको स्थितिलाई मजबुत बनाउन षडयन्त्र भइरहेको ठहर गऱ्यो । आयोगमा निर्मल लामाले लिएको अडानलाई स्वागत गरियो ।[3]

नेकपा (मसाल) ले डिसेम्बर १९९० (वि.सं. २०४७ मंसिर) मा वक्तव्य जारी गर्दै राजाद्वारा घोषणा गरिएको नेपाल अधिराज्यको संविधान २०४७ लाई “कालो संविधान” घोषणा गऱ्यो । मसालले संविधानका कयौं आधारभूत विशेषता जस्तै कि संवैधानिक राजतन्त्र, हिन्दु अधिराज्य भित्र आफ्नो पार्टीको मौलिक प्रकारको मतभेद रहेको बताउँदै सार्वभौम सत्ता जनतामा हस्तान्तरण नभइकन बहुदलीय व्यवस्था तथा संसदीय प्रजातन्त्र पनि सुनिश्चित हुन सक्दैन । वि.सं. २०१७ को पुनरावृत्तिको सम्भावना रहेको, ने.का. र वाम मोर्चाले राजाका अगाडि आत्म समर्पण गरेर जनतालाई धोका दिएको, संविधानमा रहेका धाराहरूमा देखा परेका कैयौं विसंगतिहरूलाई खोक्रो र षडयन्त्रमूलक, उत्तराधिकारी सम्बन्धी कानुनमा आवश्यक परिवर्तन गर्ने अधिकार राजालाई मात्र दिइएको र त्यो कानुनलाई संविधानभन्दा माथि राखेको हुँदा सर्वाभौम सत्ता जनतामा निहित हुनेछ भन्ने कुरा गौण महत्वको हुन गएको बतायो ।[4]

नोवेम्बर १९९० (वि.सं. २०४७ मंसिर १) राजाद्वारा घोषणा गरिएको संविधानलाई कालो संविधानको रूपमा विरोध गर्दै देशव्यापी रूपमा विरोध प्रदर्शन गरिएको थियो । काठमाडौं, पोखरा, अर्घाखाँची, बुटवल, पाल्पा, गुल्मी, कपिलवस्तु, प्यूठान, नवलपरासी, नुवाकोट, धादिङ, सिन्धुपलाञ्चोक, सिन्धुली, पर्वत, बाग्लुङ, नेपालगञ्ज, कालीकोट, धनकुटा, तेह्रथुम, सप्तरी, दोलखा, दाङमा प्रदर्शन गरिएका थिए । भारतमा लुधियाना, चण्डीगढ,

---

[3] गोविन्द सिंह थापा (सम्पा.), *नेपाली एकता दुई दशक विशेषाङ्क,* सन् २०००, नयाँ दिल्ली : अखिल भारत नेपाली एकता समाज, पृ. २०२ ।

[4] *ऐजन,* पृ. २१२ ।

होशियारपुर, रोपड, जलान्धर, नवाशहर, दिल्ली लगायतका शहरमा प्रदर्शन गरिए । यी प्रदर्शनहरूमा घोषित संविधान धोका हो, संविधानसभाको चुनाव हुनै पर्छ, राजतन्त्र नाश होस् लगायत नारा लगाइएका थिए । [5]

सरकारले नेपाल अधिराज्यको संविधान सन् १९९० (वि.सं. २०४७) अनुसार प्रतिनिधि सभाको २०५ सदस्यको निम्ति सन् १९९१ (वि.सं. २०४८ वैशाख २९) आम निर्वाचनको घोषणा गऱ्यो । तर सार्वभौम सत्ता जनतामा हस्तान्तरणको निम्ति संविधानसभाको चुनाव, संविधानसभा मार्फत संविधान निर्माणको माग गर्दै आएको नेकपा (मसाल) ले सन् १९९१ (वि.सं. २०४८) को आम निर्वाचनलाई बहिष्कार गऱ्यो । अक्टुबर १९९० (वि.सं. २०४७ आश्विन २०-२३) सम्म सम्पन्न भएको नेकपा (मसाल) को पाँचौं राष्ट्रिय सम्मेलनले आगामी संसदीय चुनावको बहिष्कार गरेर सार्वभौम सत्ता जनतामा हस्तान्तरणको निम्ति संविधानसभाको चुनाव, संसदीय प्रणालीको भण्डाफोर, चुनावमा भाग लिने पार्टी र समूहहरूको भण्डाफोर तथा जनवादी क्रान्तिको प्रचारात्मक आन्दोलनमा जोड दिने निर्णय गऱ्यो ।[6]

यसैगरी मार्च १९९१ (वि.सं. २०४७ फागुन १९–२१) सम्मको नेकपा (मसाल) को केन्द्रीय समितिको बैठकले सन् १९९१ को चुनावको घोषणा पत्र, बहिष्कारको ठोस कार्यक्रम, राजनीतिक प्रस्ताव पारित गऱ्यो । सोही बैठकले 'सार्वभौम सत्ता जनतामा हस्तान्तरणको लागि संसदीय चुनावको बहिष्कार गरौं ।' भन्ने नारा तय गऱ्यो ।[7]

बहिष्कार आन्दोलनको पूर्वमा मंसिर १ देशव्यापी विरोध प्रदर्शन, पुस महिनामा जन जागरण सप्ताह र माघ महिना कांग्रेसी गुण्डागर्दीको विरोध सप्ताह, फागुनमा गाउँ गाउँ जगाऊ कार्यक्रम सञ्चालन गरिएका थिए ।[8]

---

[5] *ऐजन,* पृ. २११, २१२ ।

[6] *ऐजन,* पृ. २०९ ।

[7] *ऐजन,* पृ. २१४ ।

[8] *ऐजन,* पृ. २१३ ।

नेकपा (मसाल) ले संसदीय चुनाव बहिष्कारमा सार्वभौमसत्ता राजाबाट जनतामा हस्तान्तरण, त्यसका लागि संविधानसभाका पक्षमा जनमत तयार गर्न र जन आन्दोलनलाई अगाडि बढाउनको निम्ति, पूँजीवादी प्रजातन्त्रका विरुद्ध नयाँ जनवादी क्रान्तिको प्रचारात्मक आन्दोलनलाई अगाडि बढाउनका लागि, र कम्युनिष्ट विरोधी र संशोधनवादी लहरहरूका विरुद्ध विश्व समाजवादी आन्दोलनको प्रचारमा जोड दिनका लागि आगामी संसदीय चुनावको बहिष्कार गर्नुपर्छ भन्ने नारा दिएको थियो । त्यस मुख्य नारा "सार्वभौम सत्ता राजाबाट जनतामा हस्तान्तरणको लागि संसदीय चुनावको बहिष्कार गरौं" ठेगान गरियो ।

ने.क.पा. (मसाल) को मई १९९१ (वि.सं. २०४८ जेठ ८ देखि १०) सम्म बसेको केन्द्रीय समितिको बैठकले सरकारको बहिष्कार आन्दोलनका विरुद्ध चौतर्फी आक्रमणको बावजुद बहिष्कार आन्दोलनको सफलता अत्यन्त उत्साहप्रद रहेको, मसाल संसदवादका विरुद्ध उभिने, जनतन्त्रका लागि वास्तविक रूपमा सङ्घर्ष गर्ने, नयाँ जनवादी क्रान्ति तथा क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूको रक्षाको निम्ति सङ्घर्षरत देशको एउटा मात्र मार्क्सवादी-लेनिनवादी पार्टी हो भन्ने कुरा प्रष्ट भएको बतायो ।[१]

## ७.२ एक दशकको मूल्याङ्कन

सन् १९९१ को संसदीय चुनावमा नेपाली कांग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईको पराजय हुन गयो । तर ने.का. ले स्पष्ट रूपमा बहुमत प्राप्त गऱ्यो । ने.का. का महामन्त्री गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री रहेको सरकार गठन भयो । ने.का. को बहुमतको सरकार गठन भए पनि त्यस पश्चात्को नेपालको राजनीति अस्पष्ट, विवादित, अस्थिर रहन गयो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणमा गरिएको टनकपुर सम्झौता नै बहुदल प्राप्त भए पश्चात्को आम निर्वाचनबाट बनेको ने.का. को सरकारको निम्ति पहिलो गाँस मै ढुङ्गा सावित भयो ।

सन् १९९१ को आम निर्वाचन पश्चात करिव एक दशकमा नेपालीको संसदीय राजनीतिमा महाकाली सन्धी, दासढुङ्गा हत्याकाण्ड, दरबार हत्याकाण्ड लगायतका अत्यन्त विवादित घटनाहरू घटे । बहुदलीय व्यवस्थाको स्थापना भए पश्चात्को ९ वर्षको अवधिमा

---

[१] *संसदीय चुनाव बहिष्कारको घोषणापत्र,* वि.सं. २०४८, नेकपा (मसाल) केन्द्रीय कार्यालय, पृ. १ ।

नेकपा (मसाल) ले राष्ट्रियता, जनजीविका र अन्य विभिन्न विषयलाई लिएर आन्दोलन सञ्चालन गऱ्यो ।[10] जनवरी १९९१ (वि.सं. २०४८ पौष) महिनामा टनकपुर सम्झौता लगायतका राष्ट्रियता, जनतन्त्र र जनजीविका सम्बन्धी १० सूत्रीय मागहरूलाई लिएर नेकपा (मसाल), संयुक्त जनमोर्चा, नेपाल, नेकपा (एमाले), नेपाल मजदुर किसान पार्टीले संयुक्त आन्दोलन सञ्चालन गरेका थिए । जसअन्तर्गत जुलुस, आमसभा र अप्रिल १४ (चैत्र १) उपत्यका बन्द समेत गरियो ।[11]

जुन १९९३ (वि.सं. २०५० जेठ २९) मदन भण्डारी र जीवराज "आश्रित" को दासढुङ्गामा रहस्यमय ढंगले हत्या गरियो । सरकारद्वारा गठन गरिएको अनिल आयोगले दासढुङ्गा हत्याकाण्डलाई स्वाभाविक दुर्घटना बताएको थियो । अनिल आयोगको प्रतिवेदनका विरुद्धमा नेकपा (एमाले) ले आषाढ ११ उपत्यका बन्द आह्वान गरेको थियो । सो उपत्यका बन्द को सिलसिलामा दर्जनौं व्यक्तिहरूको हत्या गरिएको थियो । ७ वामपन्थी समूहले गिरिजा सरकारको राजीनामा माग गर्दै सङ्घर्षलाई अगाडि बढाएका थिए । तर नेकपा (एमाले) ले सरकारसँग सम्झौता गरेर आन्दोलनबाट पछाडि हटेको थियो । तत्पश्चात् दासढुङ्गा हत्याकाण्डको विरोधमा नेकपा (मसाल) सहितका ४ वटा वामपन्थी समूहले जनआन्दोलनलाई निरन्तरता दिए ।

अगस्त १९९३ (वि.सं. २०५० श्रावण ४ र ५) को चक्काजाम कार्यक्रमको सन्दर्भमा ४ नै नवलपरासी जिल्लाको डण्डा बजारमा प्रहरीको गोलीबाट नेकपा (मसाल) निकट अखिल नेपाल युवक संघका यमबहादुर कार्कीले शहादत प्राप्त गरे । सोही दिन चितवन जिल्लाको नारायणघाटमा अखिल नेपाल राष्ट्रिय जनमोर्चाका बुद्धिमान श्रेष्ठले पनि शहादत प्राप्त गरे ।[12]

---

[10] रणबहादुर, "नेपालको जनआन्दोलनबारे", *मसाल,* वि.सं. २०५५ पौष/माघ, अंक ५३, नेकपा (मसाल) को मुखपत्र, पृ. ७ ।

[11] गोविन्द सिंह थापा (सम्पा.), *पूर्ववत्,* पा.टि.सं. ४, पृ. ३०८ ।

[12] *समाचार टिप्पणी मसाल,* श्रावण, वि.सं. २०५०, अंक २८, नेकपा (मसाल) को मुखपत्र, अन्तिम पृ. ।

नेकपा (मसाल), नेकपा (मार्क्सवादी), नेकपा (माले), नेकपा (मालेमा), नेकपा (संयुक्त), नेकपा (एकता केन्द्र), नेमकिपा, संयुक्त राष्ट्रिय जनआन्दोलन र संयुक्त जनमोर्चा, नेपालको बीचमा मई १९९५ (वि.सं. २०५२ जेठ ५) संयुक्त बैठक बस्यो । जसले राष्ट्रियता, जनतन्त्र र जनजीविका सम्बन्धी प्रथम चरणको संयुक्त आन्दोलनको घोषणा गऱ्यो । जसअन्तर्गत गोष्ठी, पर्चा वितरण, स्थानीय रूपमा कोण सभा, विरोध सभा, परराष्ट्र मन्त्रालय देखि भारतीय दूतावाससम्म साङ्ले जुलुसको आयोजना आदि कार्यक्रम रहेको थियो ।[13]

नौ वामको संयुक्त आन्दोलनमा "राज्य विररुद्ध अपराध र सजाय ऐन २०४६" लाई संशोधन गर्न बनेको विधेयक जनआन्दोलनको उपलब्धिहरूको विरुद्ध भएको वर्तमान संविधानमा उल्लेखित मानव अधिकारको मर्म विपरीत भएको हुँदा अविलम्ब फिर्ता गर्नुपर्ने, नेपालको भूभाग कालापानीबाट भारतीय सेना फिर्ता गर्नुपर्ने, सम्पूर्ण असमान सन्धि सम्झौता खारेज हुनुपर्ने, अतिक्रमित भूमि तुरुन्त फिर्ता हुनु पर्ने, भ्रष्टाचार, कालाबजार, तस्करी र कमिशन तन्त्रलाई नियन्त्रण गर्नुपर्ने, महँगी नियन्त्रण गर्नुपर्ने, राज्य आतंकबन्द गर्नुपर्ने आदि मागहरु रहेका थिए ।

नौ वाम समूहले सरकारले अन्धाधुन्ध पक्राउ, हत्या र झुट्ठा मुद्दा लगाएर व्यापक रूपमा चलाएको राज्य आतंकको भर्त्सना, कालापानी थप भूमिको अतिक्रमणको विरोध, नेपाली भूमिबाट भारतीय सेना फर्काउने माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापन पत्र, बुद्धिजीवीहरूबीच अन्तर्क्रिया, संयुक्त राष्ट्र संघ काठमाडौं स्थित आवासीय कार्यालयमा कालापानीमा रहेको भारतीय सेना हटाउन अन्तर्राष्ट्रिय जनमत तयार गर्नको निम्ति अपील दिएको थियो । यसका साथै जनवर्गीय सङ्गठनहरूको ऐक्यबद्धता कार्यक्रम, बुद्धिजीवी तथा सांस्कृतिक कर्मीहरूको ऐक्यबद्धता स्वरूप हस्ताक्षर अभियान, सडक सांस्कृतिक कार्यक्रम तथा कवि गोष्ठी जस्ता प्रचारात्मक गतिविधिहरू सञ्चालन गरेका थिए । नौ वामको आन्दोलनले सरकारलाई वार्ता गर्न बाध्य गरायो । करिव ११ पटकसम्म सरकार र नौ वामका प्रतिनिधिहरूको बीचमा वार्ता सम्पन्न भएको थियो । सरकारले नौ वाम समूहको

---

[13] "नौ वामको आन्दोलन सम्बन्धी दस्तावेज", *कम्युनिष्ट,* मासिक, वर्ष ३, अंक १, वि.सं. २०५५ श्रावण भदौ, पृ. २९ ।

माग पूरा गर्ने प्रतिबद्धता जाहेर गरेको थियो ।[14] नेकपा (मसाल) को एक दशक अवधिमा शहरीया जनसङ्घर्ष, ग्रामीण वर्गसङ्घर्ष, अन्य जनवर्गीय सङ्गठनहरूका विविध कार्यक्रमसहित अगाडि बढेको थियो । त्यसमा पनि सन् १९९१ को संसदीय चुनाव बहिष्कार गरे पनि सन् १९९२ को स्थानीय चुनावमा अखिल नेपाल किसान संघको मार्फत उपयोग गरेको थियो ।

नेकपा (मसाल) को छैठौँ महाधिवेशन पश्चात्को पहिलो बैठकले संसदीय चुनावलाई उपयोग गर्ने नीति तयर गऱ्यो । बैठकले देशको विशिष्ट अवस्था माथि ध्यान दिँदै आगामी संसदीय चुनावलाई अखिल नेपाल राष्ट्रिय जनमोर्चाद्वारा उपयोग गर्ने निर्णय गऱ्यो । नेकपा (मसाल) ले सन् १९९१ को संसदीय चुनावलाई संविधानसभा र सार्वभौम सत्ता जनतामा हस्तान्तरणको नारा सहित बहिष्कार गरेको थियो । तर तत्कालको बदलिएको परिस्थितिमा पार्टीले चुनावको उपयोग नीतिद्वारा नै जनआन्दोलनमा बढी मद्दत पुग्ने निर्णयमा सो बैठक पुग्यो । सन् १९९४ को मध्यावधि संसदीय चुनावमा नेकपा (मसाल) ले 'फाँसीवादलाई हराऔँ' भन्ने नारा दिएको थियो ।

सन् १९९४ को मध्यावधि चुनावमा मसालको तर्फबाट झण्डै ४० जनाले भाग लिएका थिए । तर वाग्लुङ-३ बाट परि थापा र प्युठानबाट नवराज सुवेदी मात्र विजयी भए । दुवै जनाले क्रमशः १२,४७७ र ९,७४० मत प्राप्त गरेका थिए ।[15] मध्यावधि चुनाव पश्चात् संसदमा थुप्रै विकृति र विसंगतिहरू देखा परे । तर संसदमा रहेका नेकपा (मसाल) निकट सांसद र नेमकिपाका संसादहरू विकृति र विसंगतिबाट टाढा रहे । दलगत रूपमा नेमकिपा र राजमोले मात्र पजेरो सुविधा लिएन ।[16]

मसाल समर्थित सांसदहरूले तीनवटा गैर सरकारी विधेयक संसदमा प्रस्तुत गरेका थिए । जसमध्ये जनजातिको स्थानीय स्वायत्त सम्बन्धी विधेयक, महिला विरुद्ध सबै

---

14 *ऐजन* ।

15 सुरेन्द्र के.सी, *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास* (भाग २), वि.सं. २०६०, भोटाहिटी, काठमाडौँ : विद्यार्थी पुस्तक सदन, पृ. ३०६ ।

16 विपिन, 'दोस्रो प्रतिनिधि सभामा मसाल समर्थित सांसदहरूको भूमिका : एक विश्लेषण', *मसाल*, वि.सं. २०५५, फागुन, चैत, नेकपा (मसाल) को मुखपत्र, पृ. ११ ।

किसिमका भेदभाव उन्मूलन सम्बन्धी विधेयक र छुवाछुतको भेदभाव उपरको अपराध र सजाय सम्बन्धी विधेयक रहेका थिए ।[17] नेकपा (मसाल) ले राष्ट्रिय जनमोर्चा मार्फत सन् १९९८ को संसदीय चुनावलाई पनि उपयोग गऱ्यो । सन् १९९८ (वि.सं. २०५६) को संसदीय चुनावमा नेकपा (एमाले) र राष्ट्रिय जनमोर्चाको बीचमा १३ वटा स्थानमा तालमेल भएको थियो । राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चा, नेपालको बीचमा ३७ स्थानमा तालमेल भएको थियो ।[18]

सन् १९९८ को संसदीय चुनावमा नेकपा (मसाल) निकट राजामोले ५ स्थानमा विजय प्राप्त गऱ्यो । जसमा प्यूठान–१ हरि आचार्य, प्यूठान–२ नवराज सुवेदी, वाग्लुङ – ३ मा परी थापा, वाग्लुङ–२ मा चित्रबहादुर के.सी., अर्घाखाँची – १ मा डिलाराम आचार्यले विजय हासिल गर्नु भएको थियो ।[19]

नेकपा (मसाल) को आठौं राष्ट्रिय सम्मेलनले संसदमा पार्टीको संसदीय भूमिकालाई मूल्याङ्कन गर्दै स्थानीय निकाय तथा संसदभित्रका कामहरूको मूल्यांकन गर्दा कतिपय कमजोरीका बावजुद संसदमा निर्वाचित मसाल समर्थित सांसदहरूले सामान्यतः पार्टीको निर्देशन अनुसार नै काम गरेका छन् । संसदभित्र जनताका प्रगतिशील र न्यायपूर्ण मागहरूको पक्षमा आवाज उठाउनेबारे, राजनीतिक भण्डाफोरको कार्यमा मसालका सांसदहरूको सन्तोषजनक भूमिका रहेको, सम्मेलनले अगस्त १९९९ (वि.सं. २०५७ भाद्र) मा पारित भएको राष्ट्रघाती नागरिकता विधेयकका विरुद्धको सङ्घर्षमा भने गल्ती र कमजोरी उल्लेख गऱ्यो । नागरिक विधेयक संसदमा प्रस्तुत भएदेखि संसदमा पारित हुँदासम्मको सन्दर्भमा सशक्त भण्डाफोर र सङ्घर्ष गर्न नसक्नु सांसदहरू, संसदीय फ्याक्सन र पार्टी केन्द्रको गल्ती रहेको, राष्ट्रघाती नागरिकता ऐनका विरुद्ध पार्टीको स्वतन्त्र पहल वा अन्य पक्षहरूसित संयुक्त भएर त्यसलाई खारेज गराउन सशक्त आन्दोलन अगाडि बढाउनु पर्ने आवश्यकता पनि नेकपा (मसाल) ले ठहर गऱ्यो ।

---

17 *ऐजन,* पृ. १२ ।

18 *रातो तरवार,* दस्तावेज विशेषाङ्क, वि.सं. २०५९ श्रावण, नेकपा (मसाल), केन्द्रीय कार्यालय, पृ. ६४७ ।

19 थापा, *पूर्ववत्,* पृ. ३२५ ।

## ७.३ छैठौं महाधिवेशन

नेकपा (मसाल) को छैठौं महाधिवेशन दाङ्ग देउखुरीमा सन् १९९४ मा सम्पन्न भएको थियो । महाधिवेशनले निम्न दस्तावेजहरू पारित गरेका थिए[20]

1_ राजनीतिक प्रतिवेदन

2_ सङ्गठनात्मक प्रतिवेदन

3_ पार्टी इतिहास सम्बन्धी प्रस्ताव

4_ मओ-त्से-तुङ विचारधारा सम्बन्धी प्रस्ताव

5_ स्टालिनको पुनः मूल्याङ्कन सम्बन्धी प्रस्ताव

महाधिवेशनमा ४१ वटा जिल्ला र १५ जनवर्गीय सङ्गठनका प्रतिनिधि, पर्यवेक्षक सहित १३३ जनाको सहभागिता रहेको थियो । आमन्त्रित प्रतिनिधि, पर्यवेक्षक गरी महाधिवेशन १४२ प्रतिनिधि, ३६ पर्यवेक्षक रहेका थिए ।[21] महाधिवेशनको उद्घाटन कार्यक्रमको सभापतित्व चित्रबहादुर के.सी. (क. प्रताप) स्वागत भाषण का. राजन (रामसिंह श्रीस), उद्घोषण भाषण मोहनविक्रम सिंह (दमदम) ले गर्नुभएको थियो ।

महाधिवेशनमा का. प्रताप, का. प्रबलले संसदीय चुनाव बहिष्कार गल्ती भएको छ भन्ने प्रस्ताव राखेका थिए । दिनानाथ शर्मा (चिन्तन) ले स्थानीय चुनावको उपयोग गल्ती हो भन्ने प्रस्ताव राखेका थिए । का. प्रताप, का. प्रबल, का. मदनको संसदीय चुनावको बहिष्कार गल्ती थियो भन्ने २८ मत विरुद्ध ११० ले स्वीकृत भएको थियो ।[22] मोहन विक्रम सिंहले प्रस्तुत गर्नु भएको राजनीतिक प्रतिवेदन संशोधन सहित पारित भएको थियो । नेकपा (मसाल) को छैठौं महाधिवेशनले विस्तारित बैठकमा स्थायी प्रतिनिधिको लागि ६० जनाको संख्या निर्धारित गर्‍यो । जसमा केन्द्रीय समितिले ४५ जना सदस्यलाई निर्वाचित गर्‍यो । १५

---

[20] *छैठौं महाधिवेशन जिन्दावाद,* मसाल छैठौं महाधिवेशन विशेषाङ्क, अंक ३६, ७ आषाढ, वि.सं. २०५१, भित्री आवरण ।

[21] *छैठौं महाधिवेशनको सर्कुलर,* वि.सं. २०५१, नेकपा (मसाल), केन्द्रीय कार्यालय ।

[22] *ऐजन* ।

जनालाई बैठकको बेलामा अस्थायी रूपमा बोलाइने भएको छ । महाधिवेशनले राजनीतिक शक्तिहरूको विश्लेषण यस प्रकार गऱ्यो :–

1_ प्रतिक्रियावादी शक्ति – राजा, कांग्रेस, राप्रपा

2_ देशभक्त र जनतान्त्रिक शक्ति – एकता केन्द्र, एमाले

3_ वामपन्थी – नेकपा (मसाल)

महाधिवेशनले मोहनविक्रम सिंहलाई महामन्त्री चयन गऱ्यो । तीन सदस्यीय पोलिटब्युरो, १३ सदस्यीय केन्द्रीय समिति, वैकल्पिक केन्द्रीय सदस्यको नेतृत्व निर्माण गरियो । जसअनुसार पोलिटब्युरो मोहनविक्रम सिंह, चित्रबहादुर के.सी., रामसिंह श्रीस बुढाथोकी, केन्द्रीय सदस्यमा युवराज पन्थी, कमल चौधरी, सन्तबहादुर नेपाली, नारायण जोशी, के.बी. गुरुङ, केशव नेपाल, गोविन्द सिंह थापा, दीनानाथ शर्मा, कृष्ण पौडेल, भैरव रेग्मी, वैकल्पिक केन्द्रीय सदस्यमा विमल शर्मा रहेका थिए ।

महाधिवेशनले दीर्घकालीन रूपमा नयाँ जनवादी क्रान्तिको निमित सशस्त्र सङ्घर्ष नै सङ्घर्षको प्रधान रूप हुन्छ । तत्काल देशको वस्तुगत र आत्मगत परिस्थिति माथि ध्यान दिँदा जनसङ्घर्षलाई नै सङ्घर्षको प्रधान रूपमा विश्लेषण गऱ्यो ।[23] पार्टीले विगतका अन्तर्राष्ट्रिय प्रश्न, विश्व कम्युनिष्ट आन्दोलन, रिम, विभिन्न राष्ट्रिय प्रश्न र जनसङ्घर्ष, संसदीय चुनावको बहिष्कार, स्थानीय चुनावको उपयोग, संयुक्त मोर्चा र कार्यगत एकता, पार्टी एकता, विभिन्न फुटपरस्त र अवसरवादीतत्व विरुद्ध सङ्घर्ष, पार्टी र जनवर्गीय सङ्गठनहरूका सङ्गठन सम्बन्धी नीतिहरूलाई मूलतः सही ठहऱ्याएको थियो ।

पार्टीको विगतको भूमिकाको विषयमा छलफल गर्दै कुन कुरा स्पष्ट पारिएको छ भने पार्टीका गतिविधि तत्कालीन समस्याहरूसँग मात्र सीमित गरे भने नेकपा (मसाल) पनि सुधारवादी पार्टी अन्तमा दक्षिणपन्थी बन्न जाने अर्थात् प्रतिक्रान्तिको पंक्तिमा उभिने छ ।

[23] *ऐजन* ।

त्यस कारण समाजवाद र साम्यवादको पक्षमा प्रचार (Propaganda) र नयाँ जनवादी क्रान्तिको पक्षमा प्रचारात्मक आन्दोलन (Agitational movement) लाई व्यावहारिक रूप दिन नेकपा (मसाल) ले गम्भीरतापूर्वक काम गर्नु पर्दछ, ती कुरालाई आधार बनाएर तिनीहरूलाई मद्दत पुग्ने गरेर नै तत्कालीन नीति र कार्यक्रम निर्धारित गर्नु पर्ने कुरामा जोड दिइयो ।"[२५]

---

[२५] मोहनविक्रम सिंह, 'छैठौँ महाधिवेशनको सैद्धान्तिक र राजनीतिक महत्व', *मसाल,* अंक ३६, वि.सं. २०५१, पृ. ७ ।

# परिच्छेद – आठ
# २०६२/०६३ को जनआन्दोलन र नेकपा (मसाल) को सातौँ महाधिवेशनको पृष्ठभूमि

## ८.१ २०६२/०६३ को जनआन्दोलन र नेकपा (मसाल)

नेकपा (मसाल) सहतिको संयुक्त राष्ट्रिय जनआन्दोलनले १२ अप्रिल १९९० (वि.सं. २०४६ चैत्र ६) त्रिपक्षीय सम्झौता, दरबार, नेपाली कांग्रेस र वाममोर्चा बीचको सम्झौतालाई धोका बताएको थियो । नेकपा (मसाल) ले संविधानसभाको चुनाव र राजतन्त्रको अन्तमा जोड दियो । संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थाको निम्ति पनि सार्वभौमसत्ता जनतामा हस्तान्तरण हुनु पर्दछ भन्ने कुरालाई पनि जोडदार रूपमा उठायो । सार्वभौम सत्ता राज्यको प्रमुख अंग सेनासँग जोडिएको हुन्छ । सेना राजतन्त्रको मातहतमा रहँदासम्म सार्वभौम सत्ता जनतामा हस्तान्तरण भएको हुँदैन । कुनै पनि बेला फेरि १५ डिसेम्बर १९६० (वि.सं. २०१७ पौष १) को पुनरावृत्ति हुन सक्दछ भन्ने कुरा पनि यो पार्टी दृढ रहेको देखिन्छ । सन् १९९१ को संसदीय चुनावको बहिष्कार घोषणापत्रमा नै जनआन्दोलनको बेलामा ने.का. र वाममोर्चाले संवैधानिक राजतन्त्रका न्यूनतम आवश्यक शर्तहरू सार्वभौम सत्ता जनतामा हस्तान्तरणको निश्चित व्यवस्था नगरीकन सम्झौता गरेर देश र जनतालाई धोका मात्र दिए । स्वयम् आफ्नै हित माथि पनि कुठाराघात गरे । जसको बारेमा सन् १९९८ को चुनाव र १५ डिसेम्बर १९६० को काण्डले प्रष्ट पारिसकेका छन् । तर ने.का. र वाममोर्चा इतिहासबाट शिक्षा लिन अस्वीकार गरिरहेको विश्लेषण गरियो ।[1]

नेकपा (मसाल) ले छैठौँ महाधिवेशन, प्लेनम वा राष्ट्रिय सम्मेलनहरूबाट बारम्बार निरंकुश राजतन्त्र वा राजाको सक्रिय शासनको पुनर्स्थापना तथा राजावादी खतराका विरुद्धमा बारम्बार सचेतता अपनाउन अपिल गरेको देखिन्छ । जनवरी १९९६ (वि.सं. २०५४ माघ ११-१४) मा सम्पन्न नेकपा (मसाल) को केन्द्रीय समितिको विस्तारित बैठकले पनि देशमा सीमित प्रकारको भए पनि बहुदलीय व्यवस्थाका अन्त भएर निरंकुश राजतन्त्र वा

---

[1] संसदीय चुनाव बहिष्कारको घोषणा पत्र, वि.सं. २०४७ चैत्र, नेकपा (मसाल), केन्द्रीय कार्यालय, पृ. ३ ।

राजाको प्रत्यक्ष शासन कायम हुने खतरा बढ्दै गएको निष्कर्ष निकाल्यो । १ जून २००१ ( वि.सं. २०५८ जेठ १९) रहस्यमय ढंगले दरबार हत्याकाण्ड हुन गयो । जसमा राजा वीरेन्द्रको वंश विनाश भयो । दरबार हत्याकाण्ड पश्चात् ज्ञानेन्द्र शाह राजा घोषित भए । राजा ज्ञानेन्द्रले सन् १९९० को संविधानमा उल्लेख गरिएको राजकीय सत्ता र सार्वभौम सत्ता आफूमा निहित रहेको बताउँदै ४ अक्टुबर २००२ (वि.सं. २०५९ असोज १८) प्रतिगामी कदम चाले । ४ अक्टुबर राती शाही घोषणा मार्फत प्रधानमन्त्री देउवालाई असक्षम घोषणा गरियो । उनले कार्यकारिणी अधिकार स्वयम्मा निहित रहेको घोषणा पनि गरे । वास्तवमा शाही घोषणा मार्फत ऐतिहासिक जनआन्दोलनबाट पुनः स्थापित बहुदलीय व्यवस्थाको अन्तको सुरुवात गरियो । दरबार, नेपाली कांग्रेस र वाममोर्चा बीचको त्रि-पक्षीय सम्झौतालाई उल्लंघन गर्ने कार्य गरियो । नेकपा (एकताकेन्द्र–मसाल) ले सो घटनालाई सन् १९९० को महान् ऐतिहासिक आन्दोलनका विरुद्ध लामो समय देखि भइरहेको प्रतिगामी षडयन्त्र तथा खतराको परिणाम बतायो । त्यो घोषणाले देशलाई गम्भीर रूपमा प्रतिगामी षडयन्त्र, १२ फरवरी १९६० (वि.सं. २०१७ पुष १) को स्थितिको सृजना गरिएको समेत बताइयो ।[२]

४ अक्टुबरको शाही घोषणालाई जनमोर्चा नेपालले सन् १९९० को जनआन्दोलन र संविधान माथिको सोझो अतिक्रमणको रूपमा लिँदै राजाको यस दुस्साहसिक प्रतिगामी कदम विरुद्ध सम्पूर्ण क्रान्तिकारी एवम् जनअधिकारका पक्षधर शक्तिहरूलाई एकजुट हुन आह्वान गऱ्यो । ४ अक्टुबरको शाही घोषणा विरुद्धमा मंसिरदेखि अप्रिल २००३ (वि.सं. २०६० वैशाख) सम्म जनमोर्चा, नेपाल एक्लैले सडक आन्दोलन सञ्चालन गऱ्यो । असोज १८ को शाही घोषणाका विरुद्धमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेमकिपा, जनमोर्चा, नेपाल, नेपाल सद्भावना पार्टीले संयुक्त आन्दोलनलाई अगाडि बढाएका थिए ।

पाँच दलले मई २०६० (वि.सं. २०६० वैशाख २१) खुला मञ्चबाट संयुक्त आन्दोलनको घोषणा गरे । पाँच दलले १८ बुँदे अग्रगामी राजनीतिक एजेण्डा तय गरे । जुलाई २००३ (वि.सं. २०६०) असार २३ मा पाँचदलले वि.सं. २०४७ को संविधानमा

---

[२] घनश्याम शर्मा पौडेल, '२०६२।०६३ को जनआन्दोलनमा जनमोर्चा, नेपाल', *स्मारिका,* वि.सं. २०६४ असार, काठमाडौं : जनआन्दोलन शहीद परिवार तथा घाइते केन्द्रीय समन्वय समिति, पृ. १५ ।

संशोधन वा संविधानसभाको चुनावमध्ये जे गरेर भए पनि अग्रगमनको निम्ति पारित गरेका १८ बुँदा मध्ये राजाको स्वविवकेमा ऐन बन्ने व्यवस्था खारेज गर्ने, राजदरबार सम्बन्धी व्यवस्थापन र दरबारको कर्मचारी सेवा, सो सम्बन्धी मन्त्रालय हेर्ने, राजाको स्वविवेकीय अधिकार वा प्रावधानको अन्त्य, राजाले आफ्नो सम्पत्ति नियमित रूपमा सार्वजनिक गर्नु पर्ने, श्री ५ को उपाधि राजा, रानी र युवराजले मात्र पाउने, त्यसपछिको मर्यादा क्रममा प्रधानमन्त्री रहने, राजपरिषद्को व्यवस्था खारेज गर्नु पर्ने आदि मुख्य रहेका थिए । तत्कालीन परिस्थितिमा १८ बुँदे प्रस्तावले क्रान्तिकारी हलचल ल्याएको थियो ।[3]

३० मई २००४ (वि.सं. २०६१ जेठ १७) मा राजदरबारले आन्दोलनरत दलहरूसँग पत्राचार गरी २१ घण्टा भित्र "स्वच्छ छवि भएका" व्यक्तिको नाम पठाउन माग गऱ्यो । जेठ १८ साँझसम्म १३५ जनाले प्रधानमन्त्रीका निम्ति आवेदन दिएका थिए । यसै बीचमा वि.सं. २०४७ को संविधान धारा १२७ को आधारमा अक्टुबर २००२ (वि.सं. २०५९ असोज १८) मा "असक्षम" को आरोप लगाउँदै वर्खास्त गरिएका शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गऱ्यो । शेरबहादुर देउवा प्रधानमन्त्री रहेको मन्त्रीमण्डलमा नेकपा ( एमाले) पनि प्रतिगमन आधा सच्चियो भनेर सहभागी भयो ।[4]

१ फरवरी २००५ (वि.सं. २०६१ माघ १९) विहान १० बजे राजा ज्ञानेन्द्रले १२ फरवरी १९६० (वि.सं. २०१७ को पुस १) शाही कदमको पुनरावृत्ति गर्दै शाही घोषणा गरे । शाही घोषणा गर्दागर्दै टेलिफोन, मोबाइल, इन्टरनेट, केबुल टि.भी. जस्ता सञ्चारका माध्यमहरूलाई मृत बनाइयो । जनवरी ३१ (माघ १८) साँझ भेटघाटका लागि दरबार गएका प्रधानमन्त्री शेरबहादुर देउवा "राजा तानाशाह भइसके" भन्ने निष्कर्ष लिएर फर्किएका थिए । राजा ज्ञानेन्द्रले प्रधानमन्त्रीको राजीनामा माग गरेका थिए । देउवाले राजीनामा दिएनन् । माघ १९ विहान सवा नौ बजे तत्कालीन ब्रिटिश राजदूत ब्रुमफिल्डले प्रधानमन्त्री देउवालाई प्रम निवासमा भेटेका थिए । उनलाई भेटेर फर्कि नसक्दा प्रधानमन्त्री देउवा अपदस्त भइसकेका थिए ।

---

[3] केदार नरसिंह के.सी. (सम्पा.), जनआन्दोलनको प्रारम्भकाल, *ऐजन,* पृ. ३६ ।

[4] *ऐजन,* पृ. ४४ ।

मुलुकमा संकटकालीन स्थितिको सृजना भए पश्चात् संविधानका मौलिक हक तथा स्वतन्त्रता सम्बन्धी धाराहरू निलम्बित गरियो । पत्रपत्रिका तथा सञ्चार माध्यममा कडा सेन्सर गरियो । देशभरिका धेरै पत्रपत्रिकाको कार्यालयमा तालाबन्दी, एफ.एम., रेडियो स्टेशनबाट उपकरण लुटेर लगिनु, एफ.एम. हरूलाई समाचारमूलक कार्यक्रम प्रसारण गर्न बन्देज, निजामति र प्रशासनका अंगहरूमा पनि सैनिक हस्तक्षेपले सैनिक शासनको परिचय दिएको थियो । नेकपा (एकताकेन्द्र–मसाल) ले माघ २० नै वक्तव्य प्रकाशित गर्दै राजाको माघ १९ को घोषणा पुष १ पुनरावृत्ति बताएको थियो ।

महामन्त्री मोहनविक्रम सिंहले फरवरीमा राजाको माघ १९ को घोषणा पुष १ को पुनरावृत्ति बताए । पुनरुत्थानवादी शक्तिहरू लामो समयदेखि राजाको निरंकुश शासन कायम गर्न प्रयत्नशील थिए । ४ अक्टुबर २००२ (वि.सं. २०५९ असोज १८) को शाही घोषणा त्यही दिशामा उठाएको कदम थियो । त्यो पुनरुत्थानवादी क्रियाकलाप अब माघ १९ को शाही घोषणाको रूपमा प्रकट भएको छ । त्यसरी माघ १९, पुष १ जस्तै कालो दिवसको रूपमा जानिनेछ उल्लेख गर्दै शाही कदमको विरोध गरे । राजनीतिक दलका नेताहरू गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, सूर्यबहादुर थापा, सी.पी. मैनाली, वामदेव गौतम, अमीक शेरचन, अर्जुन नरसिंह के.सी., प्रदीप नेपाल, नरहरि आचार्य, लीलामणि पोखेल, निलाम्बर आचार्य, रामचन्द्र पौडेललाई सेना, प्रहरीको निवासमा उपस्थितसँगै नजरबन्दमा राखियो । मुलुकमा संकटकाल लागू भयो, संविधानका मौलिक हक र स्वतन्त्रता सम्बन्धी धाराहरू निलम्बित भएका थिए । मुलुकमा संकटकालको नाममा तानाशाही व्यवस्था कायम भएको थियो ।

अप्रिल २००६ (वि.सं. २०६२ वैशाख ५) नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा, नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दी देवी), संयुक्त वाममोर्चा, नेपाल लगायतका सात दलले राष्ट्रिय संकट समाधानका लागि सहमति र प्रतिबद्धताको घोषणा जारी गरेका थिए । जसमा फरवरी २००५ को शाही घोषणा राजाद्वारा निरंकुश रूपमा प्रत्यक्ष शासन चलाउन गरिएको

घोर अप्रजातान्त्रिक, असंवैधानिक र प्रतिगामी कदमका विरुद्ध सात राजनीतिक दलले शान्तिपूर्ण, संयुक्त र सशक्त जनआन्दोलनको आवश्यकतामा सहमत भएको घोषणा गरे ।[5]

१ फरवरी २००५ को शाही कदमको विरुद्धमा राजनीतिक दल, नागरिक समाज, जनसङ्गठन, सञ्चारकर्मीहरू मात्र देखा परेनन् । भारत, अमेरिका, बेलायत, युरोपियन युनियनले कडा प्रक्रियामा व्यक्त गरे । दातृ राष्ट्र र संस्थाहरूले मानवीय र विकास सहायता कार्यक्रम स्थगित गरिदिए । जुन एक किसिमको नाकाबन्दी थियो । राजा ज्ञानेन्द्र अध्यक्ष रहेको मन्त्रीमण्डलका उपाध्यक्ष तुलसी गिरीले प्रजातन्त्रको नाममा उनीहरू आफ्नो सहयोग रोक्न चाहन्छन् भन्ने हामी हाथ फिँजाएर भीख माग्न सक्दैनौँ भन्ने प्रतिक्रिया दिए । पूर्व प्रधानसेनापति सच्चित शमशेर जबरा र राजाका शाही पाश्वर्ती भरतकेशरी सिंहले "पार्टीमाथि प्रतिबन्ध लाग्न सक्दछ", "भारतीय राजदूतलाई देश निकाला गर्नु पर्दछ" सम्म भनेका थिए ।

राजा ज्ञानेन्द्रको माघ १९ को शाही घोषणाका विरुद्धमा देशभित्र र बाहिर ध्रुवीकरण हुँदै गएको थियो । सेप्टेम्बर २००६ (वि.सं. २०६२) को असोजमा रुकुमको चुनवाङमा नेकपा (माओवादी) को विस्तारित बैठक (प्लेनम) सम्पन्न भयो । चुनवाङ प्लेनमले लोकतान्त्रिक गणतन्त्रको कार्यनीति तय गऱ्यो । "राजतन्त्रात्मक पुरानो सामन्ती सत्ताका विरुद्ध राजनीतिक र फौजी प्रत्याक्रमणलाई अझ घनीभूत रूपले अगाडि बढाऔँ !!!" भन्ने निर्णय गऱ्यो । यही प्लेनमले "अन्तरिम सरकार, संविधानसभाको निर्वाचन र गणतन्त्रको संस्थागत विकास" मा जोड दियो । बैठकद्वारा पारित प्रस्तावका अनुसार नेकपा (माओवादी) ले संविधानसभा र गणतन्त्रका पक्षमा एक जुट भएर आन्दोलन अघि बढाउन जोड दिँदै पार्टीले विभिन्न संसदवादी दलहरूसँग केन्द्रीय स्तरमा छलफल अघि बढाएको र घरेलु शक्ति सन्तुलनलाई विचार गरी अघि सारिएको अग्रगामी राजनीतिक निकासको नारा तय गरेको दावी गऱ्यो ।"[6]

---

5 सूर्य थापा, *नेपालमा राजतन्त्र र दलहरूबीचको संघर्ष,* वि.सं. २०६२, काठमाडौँ : नवयुग प्रकाशन प्रा. लि. पृ. २१४ ।

6 *नेकपा (माओवादी) का ऐतिहासिक दस्तावेजहरू,* वि.सं. २०६४ जेष्ठ, काठमाडौँ : प्रतगतिशील अध्ययन केन्द्र, पृ. २७२ ।

नेकपा (एकताकेन्द्र–मसाल) को अगस्त २००६ (वि.सं. २०६२ श्रावण १६-१९) सम्म बसेको पोलिटब्युरो बैठकले सात दलको राष्ट्रिय संकट समाधानको लागि साझा सहमति र प्रतिबद्धताको घोषणालाई मूलतः स्वीकार गर्दै पार्टीको नीति आन्दोलनलाई त्यहीँसम्म सीमित रहन दिने हुने छैन, आन्दोलनलाई अरु अग्रगामी र उच्च दिशामा अर्थात् गणतन्त्र स्थापनाको दिशामा अगाडि बढाउने, त्यसको लागि जनमत तयार पार्ने, त्यो दिशामा चल्ने सबै आन्दोलनलाई दृढतापूर्वक समर्थन दिने हुनेछ भन्ने निर्णय गऱ्यो ।[7]

नेकपा (माओवादी) र सातदल बीचमा निरंकुश राजतन्त्रका विरुद्धमा सहकार्य विभिन्न चरणमा वार्ता, संवाद, अन्तर्क्रिया मार्फत अन्ततः १२ बुँदे दिल्ली सहमति मार्फत हुन पुग्यो । अगस्त २००१ (वि.सं. २०५८ श्रावण) मा नेकपा (माओवादी) सहितका वामपन्थी समूहको सिलिगुढी वार्ता, अप्रिल २००१ (वि.सं. २०५८ चैत) मा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालासँग प्रचण्ड र डा. बाबुराम भट्टराईको भेटवार्ता, नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल र माओवादी उच्च स्तरीय नेताहरूसँगको लखनउ भेटवार्ता, मई २००१ (वि.सं. २०६२ जेठ) मा गिरिजाप्रसाद कोइराला र वामदेव गौतमसँग माओवादीका उच्चस्तरयि नेताहरूसँगको भेटघाट हुँदै अन्ततः २२ नोवेम्बर २००६ (वि.सं. २०६२ मंसिर ७) सात दल र नेकपा (माओवादी) को बीचमा भारतको राजधानी दिल्लीमा १२ बुँदे सहमति भयो । जसलाई नयाँ 'दिल्ली सम्झौता' पनि भनिन्छ । १२ बुँदे दिल्ली सहमतिमा निरंकुश राजतन्त्रका विरुद्ध आ-आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्ने, जनआन्दोलनको शक्तिले संसदको पुनःस्थापना गर्ने, त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता, निरंकुश राजतन्त्रको अन्त्यपछि माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्र संघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राखी संविधानसभाको चुनावालई स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गर्ने, माओवादीले प्रतिस्पर्धात्मक बहुदलीय शासनप्रणाली लगायत पूर्ण लोकतन्त्रका सम्पूर्ण मूल्य मान्यता र सिद्धान्तलाई आत्मसात गर्दै तदनुरूप गतिविधि गर्ने कुरा उल्लेख गरिएका थिए ।[8]

---

[7] *ऐजन* ।

[8] पुष्पराज कँडेल, *राज्यको पनुः संरचना अर्थराजनीतिक सन्दर्भ र संघीयताको प्रश्न,* वि.सं. २०६३, काठमाडौं : एशिया पब्लिकेशन प्रा.लि., पृ. २८५ ।

तर नेकपा (एकताकेन्द्र–मसाल) को पूर्व मसाल पक्षले १२ बुँदे सहमतिको बुँदा नं. ३ को आलोचना गऱ्यो । १२ बुँदे सहमतिको बुँदा नं. ३ मा उल्लेखित शाही सेना र माओवादी लडाकुहरूलाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय शक्तिको सुपरिवेक्षणमा राख्ने कुराले देशको राष्ट्रियता, सार्वभौमिकता र राष्ट्रिय अखण्डतामाथि नै आँच पुऱ्याउने दावी मसाल पक्ष रहेको थियो । तर निरंकुश राजतन्त्रका विरुद्धको सङ्घर्षलाई दृढतापूर्वक समर्थन गर्दै संयुक्त जनआन्दोलनलाई गणतन्त्रको दिशामा लैजानु पर्ने जोड मसाल पक्षको रह्यो ।[१]

मार्च २००६ (वि.सं. २०६२ फागुन २३) सात दल र नेकपा (माओवादी) बीचको १२ बुँदे सहमतिमा छलफल गर्नको निम्ति तयार भएका थिए । फागुन ७ सम्म प्रथम चरणको वार्ता प्रक्रिया पूरा भयो । यस बीचमा सात दल र नेकपा (माओवादी) को बीचमा एक अर्काको संयुक्त आन्दोलनको कार्यक्रममा बाधा नपुऱ्याउनको निम्ति सहमति भएको थियो । यसरी वार्ता प्रक्रिया अनुसार नै ९ अप्रिल २००६ (चैत्र २४) देखि आम हडताल सुरु गर्ने सहमति भयो ।

९ अप्रिल २००६ देखि सुरुको आमहडताल तथा जनआन्दोलनलाई नेकपा (एकताकेन्द्र–मसाल) को पूर्व मसाल पक्षले ऐक्यबद्धता, समर्थन गरेको थियो । नेकपा (एकताकेन्द्र–मसाल), जनमोर्चा, नेपाल सहित मजदुर, किसान, युवक, विद्यार्थी, महिला, जनजाति समेत मिलेर बनेको नेकपा (एकताकेन्द्र–मसाल) का प्रवक्ता चित्रबहादुर के.सी. संयोजक रहेको केन्द्रीय संयुक्त सङ्घर्ष समिति थियो । केन्द्रीय संयुक्त सङ्घर्ष समितिले जनआन्दोलनको पूर्व सन्ध्यामा मेची महाकाली अभियान सञ्चालन गरेको थियो । मार्च २००६ (फागुन १९) महेन्द्रनगरमा उद्घाटन गरिएको सो मेची महाकाली अभियान ९ अप्रिल २००६ बुटवलमा समापन भएको थियो । जस अन्तर्गत देशका विभिन्न भागहरूमा हजारौँ जनताको सहभागितामा जनसभा, पत्रकार सम्मेलन, भेटघाट, अन्तर्क्रिया आदि सम्पन्न भएका थिए । सो अभियान निरंकुश राजतन्त्रको अन्त्यको लागि सङ्घर्ष गरौँ, सार्वभौम सत्ता जनतामा हस्तान्तरणका लागि सङ्घर्ष गरौँ, आन्दोलनलाई संविधानसभाको

[१] मोहनविक्रम सिंह, वक्तत्व, *मसाल,* अंक २, फागुन २०६३, नेकपा (एकता केन्द्र–मसाल) को मुखपत्र, पृ. ३ ।

उचाइमा पुऱ्याऔँ, विदेशी हस्तक्षेप विरुद्ध सङ्घर्ष गरौँ, माओवादीका सामाजिक फासीवादी र सैन्यवादी कार्यहरूको भण्डाफोर गरौँ । भन्ने नाराका साथ सञ्चालन गरिएको थियो ।[10]

जनआन्दोलन अप्रिल २००६ (वि.सं. २०६३-६३) मा जनमोर्चा नेपालका हजारौँ नेता, कार्यकर्ता सहभागी भए । शाही सत्ताको चरम दमन, यातना र पक्राउका शिकार देश भरका नेता, कार्यकर्ताहरू भएका थिए । जनमोर्चा, नेपालप्रति शाही सत्ताले विशेष निगरानी राख्ने गर्दथ्यो । पक्राउ परेका नेताहरूको स्थानसम्म बताइएन । यस अप्रिल २००६ को जनआन्दोलनमा जनमोर्चा, नेपालका १२०० जति नेता कार्यकर्ता पक्राउ परेका थिए । सुदूरपश्चिमको कैलाली, कर्णालीको जुम्लादेखि पूर्वमा उदयपुर इलामसम्म जनमोर्चा, नेपालका कार्यकर्ताहरू घाइते पारिए वा गिरफ्तार गरिए । अप्रिल २००६ (वि.सं. २०६३ वैशाख ७ )मा प्रहरीको गोलीबाट जनमोर्चाका कार्यकर्ता दीपक कामी शहीद भए ।[11]

नेकपा (एकताकेन्द्र–मसाल) को गठन भएपछि पार्टीको वैधानिक मोर्चा (जनमोर्चा, नेपाल) ले पाँच दलमा सहभागी भएर संयुक्त आन्दोलनको निर्माणको निम्ति महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । यस पार्टीले पाँच दल र पछि सात दलको संयुक्त आन्दोलनमा सहभागी हुन पहल गऱ्यो । तर अन्य पक्षले नेकपा (एकता केन्द्र - मसाल) लाई संयुक्त आन्दोलनमा सहभागी गराउन स्वीकार गरेनन् । त्यो अवस्थामा यो पार्टी दुई किसिमले जनआन्दोलनमा सहभागी भएको थियो । पहिलो, जनमोर्चा नेपाल सहित अन्य भाइचारा सङ्गठनहरू समेत मिलेर केन्द्रीय संयुक्त सङ्घर्ष समितिको अगुवाइमा आन्दोलन अगाडि बढाउने र दोस्रो, सात दलको संयुक्त आन्दोलनमा पनि सक्रिय रूपमा भाग लिने गरेको देखिन्छ । मेची–महाकाली अभियान संयुक्त आन्दोलन भन्दा बाहिर स्वतन्त्र रूपमा सञ्चालन गरिएको थियो ।[12]

---

[10] *ऐजन,* पृ. २८ ।

[11] नवराज सुवेदी, 'जनआन्दोलनमा जनमोर्चा नेपालको भूमिका', *पूर्ववत्,* पा.टि.सं. २, पृ. १७ ।

[12] मोहनविक्रम सिंह, *पूर्ववत्,* पा.टि.सं. ९, पृ. ४ ।

## ८.२ नेकपा (मसाल) को सातौँ महाधिवेशनको पृष्ठभूमि

नेकपा (मसाल) को छैठौँ महाधिवेशनले विभिन्न समूहहरूमा रहेका वामपन्थी वा मार्क्सवादी-लेनिनवादीहरूसँग पार्टी एकता वा एकीकृत पार्टी निर्माणको दिशामा पहल गर्नको निम्ति नीति तय गरेको थियो । सन् १९९६ (वि.सं. २०५४) मा समपन्न नेकपा (मसाल) को विस्तरित बैठक (प्लेनम) ले नेकपा (एकताकेन्द्र) लाई मार्क्सवादी-लेनिनवादी समूहको रूपमा स्वीकार गर्ने निर्णय गरेको थियो ।[13]

नेकपा (मसाल) को डिसेम्बर १९९७ (वि.सं. २०५७ मंसिर १६-१७) आठौँ राष्ट्रिय सम्मेलन सम्पन्न भयो । सो सम्मेलनमा सन् १९९६ (वि.सं. २०५४ माघ) को केन्द्रीय समितिको बैठकको निर्णय अनुसार नेकपा (एकता केन्द्र) सँग एकता सम्बन्धी वार्तामा निकै प्रगति भएको, विगतमा दुवै समूहका बीचमा आधारभूत सैद्धान्तिक प्रश्नहरूमा सहमति भए पछि असहमतिका बुँदाहरू बारेमा छलफल गर्ने र तिनीहरूलाई टुङ्ग्याउने काम भएको समीक्षा गऱ्यो । पार्टी एकताको निम्ति क्रममा को-अर्डिनेशन समिति बन्यो र दुवै पक्षका बीचमा मतभेदहरू बारे कयौँ चरणमा वार्ता सम्पन्न भए । मतभेदहरूबारे संयुक्त दस्तावेज बनाएर त्यसलाई छलफलको लागि तलसम्म पठाउने काम पनि भयो, को-अर्डिनेशन समितिमा ती मतभेदहरूबारे छलफल गरेर सहमतिमा पुग्ने, सहमतिमा पुग्न नसकेका विषयहरूको समाधान गर्ने वा टुङ्ग्याउने उपायहरूबारे समझदारी कायम गर्न को-अर्डिनेशन समितिको मातहतमा वार्ता समिति समेत बन्यो । कयौँ चरणमा वार्ता समितिका बैठकहरू सम्पन्न भए ।[14]

सोही आठौँ राष्ट्रिय सम्मेलनमा मोहनविक्रम सिंह र दुर्गा पौडेलको बीचमा भएको विवाह सम्बन्धी विवादको विषयमा छलफलको सुरुवात भयो । विवाह सम्बन्धी छलफल सञ्चालन गर्न अनिल, आकाश र अजय सहितको तीन जनाको आयोग बन्यो । आयोगले

---

[13] 'राजनीतिक प्रतिवेदन', *मसाल,* पुष माघ २०५७/६२, नेकपा (मसाल) को मुखपत्र, पृ. ९, १० ।

[14] *ऐजन,* पृ. ११

विवाद सम्बनधी छलफललाई अगाडि बढायो । छलफल पछि हाउसबाट विभिन्न प्रस्तावहरू पारित भए । जसलाई मतदान गरेर टुङग्याइएका थिए ।[15]

सम्मेलनले मोहनविक्रम सिंह र दुर्गा पौडेलको विवाह सिद्धान्त सही भए पनि अहिलेको सन्दर्भमा उचित छैन । अतः पार्टी केन्द्र र मोहनविक्रम सिंहको सर्वाजनिक रूपमा आलोचना गर्नु पर्दछ भन्ने प्रस्ताव पारित गऱ्यो । तर मोहनविक्रम सिंहले नैतिकताको आधारमा महामन्त्री, पोलिटब्युरो, केन्द्रीय समितिबाट राजीनामा दिए । केन्द्रीय समितिले मोहनविक्रम सिंह, महामन्त्री र पि.वि बाट हट्ने प्रस्तावलाई स्वीकार गऱ्यो तर केन्द्रीय सदस्यबाट हट्ने प्रस्तावलाई अस्वीकार गऱ्यो । रामसिंह श्रीसलाई महामन्त्रीमा चयन गऱ्यो ।[16] पार्टी एकता भन्दा पूर्व पनि नेकपा (मसाल) र नेकपा (एकताकेन्द्र–मसाल) को बीचमा निम्न मतभेदहरू रहेका थिए ।[17]

1_ मुख्य अन्तरविरोधको प्रश्नबारे
2_ पार्टी इतिहास मुख्यतः फुटको बारे
3_ २००७ को विश्लेषण बारे
4_ पुष्पलालको बारेमा
5_ २०४६ को आन्दोलन एकता केन्द्र पक्षको भूमिकाबारे
6_ कतिपय राजनीतिक प्रश्नहरू
7_ कार्यशैली

माओवादी ‘जनयुद्ध’ लाई हेर्ने सवालमा नेकपा (मसाल) र नेकपा (एकताकेन्द्र) को बीचमा गम्भीर किसिमका मतभेदहरू विद्यमान रहेका थिए । एकता केन्द्र पक्षको माओवादीहरूको सशस्त्र कारवाही उग्रवामपन्थी भडकाव भन्ने विश्लेषण त थियो तर त्यसलाई क्रान्तिकारी स्प्रिटद्वारा प्रेरित भएको पनि बताइएको थियो । नेकपा (मसाल) ले सशस्त्र सङ्घर्षको पछाडि आम कार्यकर्ता क्रान्तिकारी स्प्रिटद्वारा प्रेरित भए पनि नेतृत्व

---

15 *ऐजन,* पृ. २ ।

16 *ऐजन* ।

17 *मतभेद सम्बन्धी संयुक्त दस्तावेज,* वि.सं. २०५६, नेकपा (मसाल), केन्द्रीय कार्यालय, पृ. ३१ ।

दक्षिणपन्थी अवसरवादी, चुनावपरस्त, क्यारेरिष्ट भावनाद्वारा प्रेरित भएर नै काम गरिरहेको छ भन्ने विश्लेषण गरेको थियो ।[18]

नेकपा (मसाल) र नेकपा (एकताकेन्द्र) को बीचमा माओवादी जनयुद्धलाई विश्लेषण गर्ने सवालमा रहेको मतभेद यथावत रह्यो । मुख्य अन्तर्विरोधको समेत निर्क्यौल नगरी वि.सं. २०५९ श्रावण २६ दुवै पार्टीको बीचमा एकता गरिएको घोषणा गरिएको थियो । नेकपा (मसाल) ले एकातिर, राजतन्त्र र भारतीय विस्तारवाद, अर्कातिर, नेपाली जनताका बीचको अन्तर्विरोधलाई प्रधान ठान्ने सोचाइ नै सही हो भन्ने विश्लेषण रहेको थियो भने नेकपा (एकताकेन्द्र) को सामन्त, दलाल, तथा नोकरशाही पूँजीपति वर्ग मिलि बनेको घरेलु प्रतिक्रियावादसँगको अन्तर्विरोध नै नेपाली समाजको आजको प्रधान अन्तर्विरोध हो भन्ने सोचाइ थियो ।[19] पार्टी एकता प्रक्रियालाई अगाडि बढाउनको निम्ति संयुक्त–अधिवेशन सम्पन्न भएको थियो । संयुक्त अधिवेशनले एकीकृत पार्टीलाई नेकपा (एकताकेन्द्र–मसाल) नामकरण गर्दै एकीकृत पार्टीको नाम नेकपा (एकताकेन्द्र–मसाल) घोषणा गऱ्यो । केन्द्रीय तदर्थ समितिको निर्वाचन गऱ्यो । केन्द्रीय तसर्थ समितिले मोहनविक्रम सिंहलाई महामन्त्री र प्रकाशलाई सहमहामन्त्री चयन गरेको थियो ।[20]

नेकपा (एकताकेन्द्र–मसाल) को केन्द्रीय तदर्थ समितिको सातौं बैठकले चित्रबहादुर के.सी. रस्वनाम (शशी शेरचन) लाई प्रवक्ताहरू चयन गरेको थियो ।[21]

नेकपा (एकताकेन्द्र–मसाल) मा माओवादी "जनयुद्ध" र तत्कालीन राजनीतिक विषयमा गम्भीर मतभेद देखा पर्दै गए । माओवादी "जनयुद्ध", "उग्रवामपन्थी" भडकाव भएको विषयमा आम सहमति भए पनि एकता केन्द्र पक्षले माओवादी कार्यनीतिलाई अनुसरण गरेको, पार्टीलाई माओवादीको सहायक सङ्गठनमा परिणत गर्न खोजेको विवाद एकता केन्द्र-मसालमा देखा परे ।

---

[18] *ऐजन*, पृ. ३७ ।

[19] *ऐजन*, पृ. १२ ।

[20] संयुक्त वक्तव्य, क. प्रकाश, क. राम सिंह श्रीस, *मसाल* अंक १, २०६२ कार्तिक, नेकपा (एकता केन्द्र–मसाल) को मुखपत्र, पृ. १५ ।

[21] *ऐजन*, पृ. ३२ ।

वि.सं. २०५९ मा करिव ४ वर्षको सहकार्य पश्चात् नेकपा (मसाल) ले तत्कालीन नेकपा (एकताकेन्द्र) सँग पार्टी एकता गरेको थियो । नेकपा (मसाल) र नेकपा (एकताकेन्द्र) को बीचमा पार्टी एकीकरण पश्चात् मसाल पक्षको दावी के रह्यो भने एकता केन्द्र पक्षले माओवादी परस्त नीति अख्तियार गऱ्यो । एकता केन्द्र पक्षको जोड पार्टीलाई माओवादीको सहायक सङ्गठनमा परिणत गर्ने तथा पार्टीको भूमिकालाई गौण बनाउने नै रह्यो । एकता केन्द्र पक्षको माओवादी परस्त नीतिको कारणले पार्टीको भूमिका कमजोर हुन गयो । नेपालको कम्युनिष्ट आन्दोलन, राष्ट्रिय राजनीतिमा नेकपा (एकता केन्द्र - मसाल) को स्वतन्त्र भूमिका कमजोर बन्ने अवस्था देखा परेको अवस्थामा पार्टीभित्र अन्तर सङ्घर्ष वैचारिक रूपमा सीमित नराखी सङ्गठनात्मक प्रणालीको आधारमा समेत अगाडि बढाउनु पर्ने अवस्था सृजना भयो । पूर्व मसाल पक्षले को-अर्डिनेशन प्रणाली मार्फत सङ्गठनात्मक रूपमा दुई लाइनको सङ्घर्ष सञ्चालन गरेको कारण नेकपा (मसाल) को इतिहास, सिद्धान्त र विचारको रक्षा गर्न सकिएको भन्ने दावी गऱ्यो ।"[22]

नेकपा (एकताकेन्द्र–मसाल) को केन्द्रीय तदर्थ समितिको विशेष बैठकमा प्रकट रूपमा तीनवटा प्रस्ताव प्रस्तुत भए । जसमा महामन्त्री मोहनविक्रम सिंह सह महामन्त्री प्रकाश र पि.वि. राजवीर सहित ८ जनाको प्रस्ताव । यसरी नेकपा (एकताकेन्द्र–मसाल) मा तीनवटा धारहरू देखा परे ।[23] नेकपा (एकताकेन्द्र–मसाल) को बीचमा मतभेद र विवाद बढ्दै जाँदा पूर्व मसाल पक्षले वि.सं. २०६२ मंसिरमा गोरखपुरमा "राष्ट्रिय भेला" आयोजना गरी को-अर्डिनेशन कमिटिको गठन गऱ्यो । यो पक्षले न सम्बन्ध न सम्बन्ध विच्छेदको तथा "एक पार्टी, दुई कार्यनीति" अख्तियार गऱ्यो । यसरी नेकपा (एकताकेन्द्र–मसाल) मा अनौपचारिक विभाजनको सुरुवात भयो ।

नेकपा (एकताकेन्द्र–मसाल) को कपिलवस्तु जिल्ला समितिले पार्टीको विशेष महाधिवेशनको माग गरेर केन्द्रमा पत्र पठायो । पार्टीको विधानको दफा १०, उपदफा (३) अनुसार कुनै जिल्लाले गरेको त्यस प्रकारको मागलाई तीन महिनाभित्र बहुमत जिल्ला समितिहरूले हस्ताक्षर गरेर अनुमोदन गरेमा ९ महिनामा विशेष महाधिवेशन गर्नु पर्ने

---

[22] वक्तव्य, चित्रबहादुर के.सी. प्रवक्ता, नेकपा (एकता केन्द्र–मसाल), वि.सं. २०६२ पुस ।

[23] सातौं महाधिवेशन जिन्दावाद, *मसाल,* नेकपा (मसाल) को मुखपत्र अंक ६७, मंसिर २०६५, भित्री कभर पृ. ।

व्यवस्था रहेको छ । त्यसअनुसार परिपत्र को-अर्डिनेशन पक्षले जिल्ला समितिहरूलाई पठाएको थियो । परिपत्रको जवाफमा ४० प्रतिशत पार्टी सदस्यहरूको हस्ताक्षर प्राप्त भएको छ । र त्यसरी पार्टीको विधान अनुसार महाधिवेशन सम्पन्न गर्न वैधानिक स्वीकृति प्राप्त भएको कुरा प्रकाशमा ल्याइयो ।[24]

सेप्टेम्बर २००६ (वि.सं. २०६३ असोज १२) जारी वक्तव्यमा आवामी ९ महिना भित्र नेकपा (एकताकेन्द्र–मसाल) को विशेष महाधिवेशन हुने जानकारी गराइयो ।[25] नेकपा (मसाल) को सातौं महाधिवेशन मार्च २००७ (वि.सं. २०६३ फागुन २६-३०) मा सम्पन्न भयो । महाधिवेशनको प्रारम्भ नेकपा (एकताकेन्द्र–मसाल) को विशेष महाधिवेशनको रूपमा भएको थियो । तर त्यसको समापन नेकपा (मसाल) को सातौं महाधिवेशनको रूपमा भयो । महाधिवेशनको उद्घाटन मोहन विक्रम सिंहले मशाल बालेर गर्नु भएको थियो । कार्यक्रमको स्वागत भाषण अविराम र सञ्चालन विश्वासले गर्नुभएको थियो । महाधिवेशनमा भारतीय कम्युनिष्ट पार्टी (माले) का तर्फबाट के.एन. रामचन्द्रनले शुभकामना दिनु भएको थियो । जर्मनीको एम.एल. पि.डी. को तर्फबाट पठाइएको शुभकामना पढेर सुनाइएको थियो । महाधिवेशनले राजनीतिक प्रतिवेदन, न्यूनतम कार्यक्रम, राजनीतिक शक्तिहरूको विश्लेषण, तत्कालीन ठोस कार्यक्रम, सङ्गठनात्मक प्रस्ताव, विधान पारित गरेको थियो ।[26]

महाधिवेशनले मोहन विक्रम सिंहलाई महामन्त्रीमा चयन गरेको थियो । चित्रबहादुर के.सी. लाई प्रवक्तामा चयन गरेको थियो । बन्द सत्रमा आत्मआलोचना कार्यक्रम सम्पन्न भएपश्चात नयाँ केन्द्रीय समिति र राष्ट्रिय परिषद्को चुनाव प्रक्रियालाई अगाडि बढाएको थियो । निर्वाचन आयोगको गठन पश्चात् त्यसको मातहतमा जनवादी तरिकाले नयाँ केन्द्रीय समिति, राष्ट्रिय परिषद्को चुनाव भयो । पार्टीको नयाँ पारित विधानमा केन्द्रीय सम्पर्क कार्यालय राख्ने र जिल्ला स्तरमा पनि प्रवक्ता राख्ने ठेगान गर्‍यो ।[27]

---

[24] विचार प्रवाह, मतभेदहरूको सँगालो, वि.सं. २०६२, बुटवल : जनप्रकाशन प्रा.लि., पृ. ५५ ।

[25] मोहनविक्रम सिंह, वक्तव्य, महामन्त्री, नेकपा (एकता केन्द्र–मसाल), वि.सं. २०६३ असोज ।

[26] सातौं महाधिवेशन जिन्दावाद, *पूर्ववत्,* पा.टि.सं. २३ ।

[27] *ऐजन,* पृ. ३१ ।

सातौं महाधिवेशनले पार्टीको इतिहासलाई निरन्तरता दिएको, नेकपा (मसाल) को इतिहासको टुटेको कडीलाई पुनः जोडिएको, महाधिवेशनले पार्टी एकता सम्बन्धी गरेको गल्तीलाई सच्याउने काम गरेको बताइयो । नेकपा (एकता केन्द्र) सँगको पार्टी एकता गलत भएको बताउँदै एकता केन्द्र पक्षका कुनै नेता वा पार्टी सदस्यलाई कारवाही नगरिएको, महाधिवेशनले मसाल र एकता केन्द्रको पार्टी एकतालाई गलत ठहऱ्याएकोले दुवै पक्ष एक अर्काबाट अलग भएको घोषणा गऱ्यो । महाधिवेशनमा सहभागी नभएका सदस्यहरू स्वतः पार्टीबाट अलग भएको बताइयो ।[28]

यसरी नेकपा (मसाल) र नेकपा (एकताकेन्द्र) बीच भएको पार्टी एकता औपचारिक रुपमा विभाजन भयो । मसाल पक्षले नेकपा (मसाल) को नाममा नै पार्टी सञ्चालन गऱ्यो भने एकता केन्द्र पक्षले नेकपा (एकता केन्द्र-मसाल) नै निरन्तरता थियो । १० अक्टोबर २००२ (वि.सं. २०५९ श्रावण २६) भएको पार्टी एकता करीव तीन वर्षमा नै विभाजित भयो । एकता केन्द्र पक्ष भनेको सन् १९८३ मा चौथो महाधिवेशनमा विभाजन हुँदा निर्मल लामाले नृतत्व गरेको एउटा धार थियो । निर्मल लामाको देहान्त पश्चात् सन् १९८३ को फुटको समीक्षा गर्दै भएको पार्टी एकता छिट्टै विभाजनमा पुग्यो ।

---

28 *ऐजन* ।

# परिच्छेद – नौ

# उपसंहार

## ९.१ विषय प्रवेश

नेपाल एउटा प्राचीन देश हो । नेपालमा किरात, लिच्छवी, मल्ल वंश, शाहवंशको राजतन्त्रात्मक शासन प्रणाली विद्यमान रहेको थियो । यसरी नेपालको इतिहास प्राचीनकाल, मध्यकाल र आधुनिककाल पनि विभाजन गरेको पाइन्छ । प्राचीनकाल र मध्यकालमा पनि नेपालको सीमा फराकिलो हुने तथा खुम्चिने प्रक्रिया निरन्तर चलिरहेको थियो । भारत र चीनको बीचमा अवस्थित नेपालको प्राचीनकालदेखि नै दुवै मुलुकसँग राजनीतिक, सामाजिक, आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्ध कायम भएको पाइन्छ ।

आधुनिक नेपालको एकीकरण हुनुभन्दा पूर्व ईसाको १८ औँ शताब्दीको मध्यमा तिब्बतको दक्षिणी भागमा रहेका हिम शृङ्खलामा स-साना राज्य रहेका थिए । जसको संख्या करिव ५२ वटा जति रहेको छ । अन्य केही स्वशासित क्षेत्रहरु पनि रहेका थिए । पश्चिम नेपालमा बाइसे चौबीसे राज्यहरु थिए भने उपत्यकामा भक्तपुर, ललितपुर र कान्तिपुर लगायतका राज्यहरु थिए । जसलाई 'नेपाल' भनिन्थ्यो । सन् १७६८ मा गोरखाका राजा पृथ्वीनारायण शाहले कान्तिपुर राज्यमाथि विजय गरेर नेपाल एकीकरण अभियानलाई अगाडि बढाएका थिए । नेपालको एकीकरणमा पृथ्वीनारायण शाह, बहादुर शाह, राजेन्द्रलक्ष्मी देवी, अन्य भारदार, नेपाली जनताको महत्वपूर्ण योगदान रहेको छ ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरणको सुरुवात गरिरहेको बेला भारतमा ब्रिटिश साम्राज्यले आफ्नो अधिपत्य कायम गर्दै लगिरहेको थियो । यसकारण नेपालको एकीकरण अभियान सन् १८१४ मा अंग्रेजसँग भएको युद्धसम्म मात्र रह्यो । त्यसबेला नेपालको भू-भाग पूर्वमा टिष्टा, पश्चिममा कुमाउ, गढवाल हुँदै काँगडासम्म पुगेको थियो । तर नेपाल अंग्रेज युद्ध (सन् १८१४-१८१६) मा भएको नेपाल पक्षको पराजयले पूर्वमा मेची पारी र पश्चिममा काली पारीको भूभाग गुमाउनु पर्‍यो । सन् १८१६ को नेपाल अंग्रेज सुगौली सन्धि र सन् १८६० को प्रत्यावर्तन सन्धिले नै नेपालको सीमाङ्कन गरेको छ ।

सन् १८१६ को सुगौली सन्धिले एउटा स्वतन्त्र, सार्वभौम राष्ट्र नेपाल ब्रिटिश भारत (अंग्रेज) को अर्द्ध उपनिवेशमा परिणत भयो । झन भीमसेन थापाको षड्यन्त्रमूल ढंगले पतन गराए पश्चात् नेपालको राजनीतिक इतिहासमा काटमार, षड्यन्त्रले प्रश्रय पाएको थियो । सन् १८४६ सेप्टेम्बर १४-१५ मा नेपालको इतिहासमा डरलाग्दो रक्तरञ्जित हत्याकाण्ड हुन गयो । जसलाई कोतपर्व हत्याकाण्ड भनिन्छ । यो कोतपर्व हत्याकाण्ड पश्चात् नेपालको राजनीतिक इतिहासमा जंगबहादुर राणाको उदय भयो । जंगबहादुर राणा प्रधानमन्त्री र श्री ३ भए । नेपालमा राणा शासनको सुरुवात गराए । नेपालमा राणा शासन झण्डै १०४ वर्ष सम्म जारी रहेको थियो । राणा कालमा शक्तिविहीन राजा, राज्यको सर्वेसर्वा राणा प्रधानमन्त्री, प्रधानमन्त्री रोलक्रम अनुसार बन्ने, जुन राणा परिवारमा मात्र सीमित रहने व्यवस्था थियो । जंगबहादुर राणाले नेपालको विदेश नीतिलाई ब्रिटिश भारतको अधीनमा पारेका थिए । राणा प्रधानमन्त्रीहरु ब्रिटिश भारतप्रति वफादार हुन्थे । अंग्रेजहरुको आडमा निरंकश र तानाशाही व्यवस्था सञ्चालन गरेका थिए । तर विश्वको राजनीतिमा भइरहेको परिवर्तन तथा जनजागरणले नेपाली जनता पनि राणा शासनको ‘अन्धकारको युग’ बाट मुक्त हुने कोशिश गर्न थाले । यस सन्दर्भमा वि.सं. १९९३ मा काठमाडौँको ओम बहालमा दशरथ चन्द, धर्मभक्त माथेमा, टंकप्रसाद आचार्य, रामहरि शर्मा, जीवराज शर्मा लगायतले ‘नेपाल प्रजा परिषद्’ को स्थापना गरेका थिए । जसको उद्देश्य नेपालमा राजाको संवैधानिक नेतृत्वमा बेलायतको जस्तै प्रजातन्त्र स्थापना गर्नु थियो ।

यस सन्दर्भमा राणा शासनको विरुद्धमा संघर्ष गर्ने उद्देश्यले नेपाल राष्ट्रिय कांग्रेस, नेपाल प्रजातन्त्र कांग्रेसको स्थापना गरिए । २२ सेप्टेम्बर १९४९ मा कलकत्तामा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो । राणा शासनका विरुद्धमा भएका संघर्षको परिणाम सन् १९५१ मा नेपाल प्रजातन्त्रको स्थापना भयो ।

## ९.२ विश्व कम्युनिष्ट आन्दोलनका रक्षात्मक अवस्था

मार्क्स, ऐगेल्सले सन् १८४८ मा कम्युनिष्ट पार्टीको घोषणापत्र प्रकाशित गरेर वैज्ञानिक समाजवाद, साम्यवादको सिद्धान्तलाई प्रतिपादन गरेपश्चात् त्यसको विश्वव्यापी रुपमा प्रभाव पर्‍यो । सन् १८७२ का पेरिस कम्युनमा कम्युनिष्ट मार्क्स ऐंगेल्सका सिद्धान्तहरुको परीक्षण भयो, ७२ दिन पश्चात् विघटन भएको पेरिस कम्युनको अनुभवबाट नै मार्क्स, एंगेल्सले सर्वहारा वर्गको अधिनायकत्वको सिद्धान्तको प्रतिपादन गरेका थिए ।

पेरिस कम्युनको असफलतापश्चात् पहिलो सफल समाजवादी क्रान्ति सन् १९१७ रुसमा लेनिन नेतृत्वमा भयो । रुसमा समाजवादको सिद्धान्तको व्यावहारिक प्रयोग भयो । द्वितीय विश्वयुद्धमा रुसले मित्र राष्ट्रहरुको पक्षमा उभिएर जर्मनको हिटलर नाजीवादका विरुद्धमा युद्धमा भाग लियो । स्टालिनको मृत्यु पश्चात् सन् १९५६ को बीसौँ कांग्रेसमा सोभियत संघको कम्युनिष्ट पार्टी (वोल्शेविक) ले शान्तिपूर्ण संक्रमणको दिशा समात्यो । सन् १९५६ मा नै रुसमा समाजवादको ठाउँमा पूँजीवादको पुनः स्थापना भयो । चीनमा सन् १९४९ मा नयाँ जनवादी क्रान्ति भएको थियो । माओ त्से तुङले रुसी कम्युनिष्ट पार्टीले समातेको शान्तिपूर्ण संक्रमणको कडा आलोचना गरे । विश्व कम्युनिष्ट आन्दोलन चीन र रुसको ध्रुवमा बाँडियो । सन् १९७६ मा चीनमा पनि प्रतिक्रान्ति भयो, पूँजीवादको पुनर्स्थापना भयो । पूर्वी युरोपका समाजवादी देशहरुले पनि रुसको शान्तिपूर्ण संक्रमणको बाटो समातिसकेका थिए ।

चीनमा प्रतिक्रान्ति पश्चात् अहिलेको विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा रहेको छ । सन् १९९० मा सोभियत संघको विघटन पश्चात् भने विश्वमा एकल ध्रुवीय अमेरिकी साम्राज्य कायम रहेको छ । विश्व पूँजीवाद भूमण्डलीकरण, निजीकरण र उदारीकरण नयाँ आवरणमा देखापरेको छ । सन् १९७६ मा चीनमा प्रतिक्रान्ति तथा पूँजीवादको पुनर्स्थापना भएपश्चात् विश्वका अन्य मुलुकहरुमा रहेका कम्युनिष्ट पार्टीहरुले समाजवाद, साम्यवादको लक्ष्यलाई परित्याग गरेका थिए । उनीहरुले नव संशोधनवाद तथा संसदीय व्यवस्थालाई नै आफ्नो अभीष्ट बनाएका छन् । चीनमा प्रतिक्रान्ति पश्चात् पेरु, कोलम्बिया, एल सल्माडोर, भारत, निकरागोआ, टर्की, फिलिपिन्समा माओत्से तुङ विचारधारा तथा माओवादको सिद्धान्तबाट निर्देशित “जनयुद्ध” ले ठूलो धक्का खाएको छ । अथवा उग्रवामपन्थी भडकावबाट निर्देशित कम्युनिष्ट पार्टीहरुले पनि अन्ततः संशोधनवाद, संसदवादको बाटो समातेका छन् । यस अवस्थामा नेपालको कम्युनिष्ट आन्दोलनको ठूलो तप्का पनि उग्रवामपन्थ जडसूत्रवाद र अन्धानुकरण अन्ततः संसदवादको बाटो समातेका दृष्टान्तहरु छन् । मार्क्सवाद-लेनिनवाद-माओत्से तुङ विचारधाराबाट निर्देशित एकीकृत कम्युनिष्ट पार्टीको निर्माण र कम्युनिष्ट आन्दोलनलाई संगठित गर्नु पनि प्रायः मुश्किल भइरहेको छ । सन् १९७१ मा उग्रवामपन्थी कार्यदिशाको आधारमा खडा भएको झापा “विद्रोह” बाट नेकपा (माले) को गठन भयो । सन् १९७८ मा कयौँ वामपन्थी समूहहरुसँगको एकता पश्चात् नेकपा (माले) ले सांगठनिक रुपमा महत्वपूर्ण विकास गऱ्यो ।

तर सन् १९८७ को चौथो महाधिवेशनबाट 'बहुदलीय प्रतिस्पर्धा' नीतिलाई पारित गऱ्यो । नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीचको एकता पश्चात् सन् १९९२ नेकपा (एमाले) पुनः गठन गरियो । सन् १९९३ को पाँचौं महाधिवेशनबाट नेकपा (एमाले) ले मदन भण्डारीको नेतृत्वमा 'बहुदलीय जनवाद' को नीति र कार्यक्रम पारित गऱ्यो ।

सन् १९७१ मा झापा "विद्रोह" को समयमा लिएको महान् सर्वहारा सांस्कृतिक क्रान्ति, माओत्सेतुङ विचारधारा, नयाँ जनवाद, सशस्त्र संघर्ष सम्बन्धी अडान र समर्थनलाई परित्याग गऱ्यो । घोषित रुपमा संसदवाद, शान्तिपूर्ण संघर्ष, संशोधनवादलाई आफ्नो लक्ष्य र उद्देश्य बनायो । विक्रमको तीसको दशकमा नेपालको कम्युनिष्ट आन्दोलनमा क्रान्तिकारी धारको रुपमा देखापरेको नेकपा (चौथो महाधिवेशन) एक दशकको अवधिमा तीनवटा धारमा विभाजन भयो । चौथो महाधिवेशनको एउटा धार नेकपा (माओवादी) ले फरवरी १९९६ (वि.सं. २०५२ फागुन १) विद्यमान प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त गरी नयाँ जनवादी राज्यसत्ता स्थापना गर्ने घोषणा सहित "जनयुद्ध" को घोषणा गऱ्यो । करिव १५ हजार कार्यकर्ताहरुको बलिदानी, शहादत पश्चात् नेकपा (माओवादी) ले पनि सशस्त्र संघर्ष तथा "जनयुद्ध" को नीतिलाई परित्याग गऱ्यो । दश वर्षको निरन्तर सशस्त्र संघर्ष तथा 'जनयुद्ध' पश्चात् नेकपा (माओवादी) ले सन् २००६ को चुनवाङ प्लेनमबाट निरंकुश राजतन्त्रका विरुद्धमा लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिलाई पारित गऱ्यो । बहुदलीय प्रतिस्पर्धा र २१ औँ शताब्दीको जनवादको नीतिलाई निरन्तरता दियो । अन्ततः झापा "विद्रोह" मा नेकपा (माले) को इतिहासलाई दोहऱ्याउँदै नेकपा (माओवादी) ले पनि नेकपा (एमाले) को मार्ग समात्यो । नोवेम्बर २००६ (वि.सं. २०६२ मंसिर ७) निरंकुश राजतन्त्रका विरुद्धमा संघर्षरत सात दलसँग नयाँ दिल्लीको मध्यस्ततामा १२ बुँदे सहमति गऱ्यो । यसरी नेकपा (माओवादी) को जनगणतन्त्रको कार्यदिशा पनि उग्रवामपन्थी भडकावबाट दक्षिणपन्थी अवसरवाद पुगेर टुंगियो । आजको साम्राज्यवादको युगमा विश्वव्यापी रुपमा कम्युनिष्ट आन्दोलन माथि संशोधनवादबाट नै बढी क्षति पुगिरहेको छ । नेपालको सन्दर्भमा पनि त्यसको पुष्टि हुँदै गइरहेको छ । नेपालको कम्युनिष्ट आन्दोलनको ठूलो जनसमूहले संशोधनवादलाई अँगालेको छ । यस अवस्थामा विश्वव्यापी रुपमा मात्र होइन, नेपालको कम्युनिष्ट आन्दोलन पनि विसर्जनवाद, अन्ततः संशोधनवादमा पतन हुने दिशामा छ ।

## ९.३ टुटफुट र विभाजनको निरन्तर सिलसिला

२२ अप्रिल १९४९ मा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीमा सन् १९६२ को तेस्रो महाधिवेशन पश्चात् टुटफुट र विभाजनका शृङ्खलाहरु देखापरे । तेस्रो महाधिवेशनले नेकपा भित्र रहेको राजापरस्त धारलाई पार्टीबाट निष्काशित गरेको थियो । तर तेस्रो महाधिवेशनले तत्कालीन सोभियितसंघको कम्युनिष्ट पार्टी (बो.) को 'राष्ट्रिय जनवाद' लाई पारित गऱ्यो । तेस्रो महाधिवेशनपश्चात् नेकपाका विभिन्न समूह, उपसमूहमा विभाजन भएको थियो । सन् १९६७ मा डा. केशरजंग रायमाझीले छुट्ट नेकपाको गठनबारे सन् १९६५ मा नेकपाका संस्थापक महासचिव पुष्पलालले नयाँ जनवादलाइ समर्थन गर्दै नेकपाको गठन गरेका थिए । सन् १९७१ मा जेलबाट छुटेपश्चात् मोहनविक्रम सिंह, निर्मल लामा लगायतले केन्द्रीय न्युक्लियस गठन गर्दै नेकपा (चौथो महाधिवेशन) को पुनर्गठन गरेका थिए । सन् १९७१ मा पूर्वकोशी प्रान्तीय कमिटिको नेतृत्वमा झापा "विद्रोह" को सुरुवात भएको थियो । जुन नेकपा (माले) का रुपमा विकास भयो । यसबाहेक नेपालमा छुट्टै कैयौँ कम्युनिष्ट पार्टीको नाममा थुप्रै समूहहरु देखापरे । कहाँसम्म फुट र विभाजनका घटनाहरु देखा परे भने द्वितीय महाधिवेशनबाट निर्वाचित प्रायःजसो केन्द्रीय सदस्यहरुको नेतृत्वमा नेकपा गठन गरिए । नेकपा (मान्धर), नेकपा (वर्मा), नेकपा (अमात्य), नेकपा (रायमाझी), नेकपा (मार्क्सवादी) लगायतका अनेकौँ समूह/उपसमूह देखा परे । विक्रमको तीसको दशकमा नेकपा (चौम) ले सांगठनिक र वैचारिक रुपमा महत्वपूर्ण विकास गऱ्यो । तर पञ्चायती चुनाव उपयोग र बहिष्कारको विषयमा मतभेद उत्पन्न भए पछि त्यही विवादले सन् १९८३ मा नेकपा (चौम) विभाजन भयो । सन् १९८३ को फुट र विभाजन पश्चात् नेकपा (चौम) र नेकपा (मशाल) रुपमा दुईवटा छुट्टै पार्टी गठन भए । सन् १९८३ मा सम्पन्न पाँचौ महाधिवेशन पश्चात् नेकपा (मशाल) पनि विभाजित भएर नेकपा (मशाल) र नेकपा (मसाल) गठन गरिए ।

नेकपा (मसाल) पातलो 'स' को नेतृत्व मोहनविक्रम सिंह गरेका थिए भने नेकपा (मशाल) मोटो 'श' को नेतृत्व मोहन वैद्यले गरेका थिए । तर मोहनविक्रम सिंहले नेतृत्व गरेको सन् १९९० पुनः विभाजन भयो । नेकपा (मसाल) का केन्द्रीय सदस्य हरिबोल गजुरेल (शीतलकुमार) को नेतृत्वमा डा. बाबुराम भट्टराई, हिसिला यमी, राम कार्की, टोपबहादुर रायमाझी, बिनकुमार कुँवर लगायतले विद्रोही नेकपा मसाल गरे ।

यता नेकपा (मशाल), नेकपा (चौम), सर्वहारा श्रमिक संगठन, विद्रोही नेकपा (मसाल) ले सन् १९९० मा एकता प्रक्रियाद्वारा पुष्पकमल दाहाल (प्रचण्ड) को नेतृत्वमा नेकपा (एकता केन्द्र) गठन गरे । नेकपा (एकता केन्द्र) को खुला मोर्चाको रुपमा संयुक्त जनमोर्चाले सन् १९९१ को चुनावमा भाग लिएर ९ वटा स्थानमा विजय हासिल गरेको थियो । तर नकेपा (एकता केन्द्र) तत्काल कार्यनीति "दीर्घकालीन जनयुद्ध" कि शान्तिपूर्ण जनसंघर्ष भन्ने सवालमा विवाद हुँदा विभाजन पुग्यो । जसको परिणम नेकपा (माओवादी) र नेकपा (एकताकेन्द्र) गठन गरिए । सन् १९९८ मा नेकपा (मसाल) का प्रवक्ता दिनानाथ शर्माले सशस्त्र संघर्ष, पुष्पलालको प्रश्नबारे मतभेद राख्दै विद्रोही नेकपा (मसाल) गठन गरे । दिनानाथ शर्माले नेतृत्व गरेको विद्रोही नेकपा (मसाल) पनि सन् २००० मा नेकपा (माओवादी) सँग एकता प्रक्रियामा अगाडि बढेको थियो । यता नेकपा (एकता केन्द्र) ले नेकपा (माओवादी) सँग गम्भीर किसिमका मतभेदहरु राख्दै आएको थियो । नेकपा (एकताकेन्द्र) ले माओवादी 'जनयुद्ध' लाई उग्रवामपन्थी भडकाव र अराजकतावादी गतिविधि रुपमा विश्लेषण गरेको थियो ।

नेकपा (मसाल) को नेकपा (माओवादी) ले संचालन गरेको "जनयुद्ध" लाई उग्रवामपन्थी भडकाव तथा क्यारेरिष्ट, महत्वाकांक्षी, चुनावपरस्त दृष्टिकोणले अभिप्रेरित भएको विश्लेषण गरेको थियो । नेकपा (मसाल) को विश्लेषणमा उग्र 'वामपन्थी' भडकावको परिणाम दक्षिणपन्थी अवसरवाद नै हुन्छ भन्ने थियो । नेकपा (एकताकेन्द्र) को इतिहास सन् १९८३ मा भएको फुटसँग जोडिएको थियो । निर्मल लामा महामन्त्री रहेको नेकपा (चौम) नै नेकपा (मशाल) मोटो "श" सँगको एकता प्रक्रियासँग जोडिएर अन्ततः सन् १९९६ को फुटबाट बनेको थियो । नेकपा (मसाल) र नेकपा (एकताकेन्द्र) को बीचमा छलफल, सहकार्य पश्चात् सन् २००३ मा एकता प्रक्रियाद्वारा नेकपा (एकता केन्द्र - मसाल) गठन गरियो । तर नेकपा (एकता केन्द्र - मसाल) मा माओवादी "जनयुद्ध" र तत्कालीन राजनीतिमा गम्भीर मतभेदहरु उत्पन्न हुँदै गएपश्चात् त्यसभित्र तीनवटा धारहरु देखापरेका थिए । पहिलो, मोहनविक्रम सिंहले नेतृत्व गरेको पूर्व मसाल, दोस्रो नारायणकाजी श्रेष्ठ (प्रकाश) ले नेतृत्व गरेको पूर्व एकता केन्द्र र दुवै समूहबाट बनेको रामसिह श्रीस (राजवीर) को नेतृत्वको धार । अन्ततः २०६२।०६३ को जनआन्दोलनपश्चात् नेकपा (एकता केन्द्र - मसाल) पनि तीनवटा समूहमा विभाजन भयो । जसमा मोहनविक्रम सिंहले नेतृत्व गरेको नेकपा (मसाल), नारायणकाजी श्रेष्ठ (प्रकाश) ले नेतृत्वको नेकपा (एकता केन्द्र) र रामसिंह श्रीस

राजवीरले नेतृत्व गरेको नेकपा (एकीकृत) गठन गरिए । नेकपा (एकता केन्द्र) ले सन् २००८ मा नेकपा (माओवादी) सँगको एकता गऱ्यो ।

यसरी हेर्दा नेकपा (मसाल) मा करिव अढाई दशक यता लगातार फुट र विभाजनहरु देखा परेका छन् । पटक/पटकको फुट र विभाजन पनि नेकपा (मसाल) नेपालको राजनीतिमा निरन्तर क्रियाशील नै रहेको छ । यी फुट र विभाजनका पछाडि सैद्धान्तिक मतभेद देखिए तापनि त्यसको मुख्य कारण नेकपा (मसाल) मा रहेको निम्न पूँजीवादी चरित्र नै रहेको छ । कयौँ फुटहरु व्यक्तिगत मतभेदका रुपमा देखापरेका छन्, तर ती फुटहरुले सैद्धान्तिक रुपमा विकास गरेका छन् । सिद्धान्ततः नेकपा (मसाल) ले आफूलाई साचो अर्थमा कम्युनिष्ट पार्टी बनाए पनि त्यसको मूल चरित्र निम्न पूँजीवादी नै रहेको छ । नेतृत्वको बनोटमा पनि निम्न पूँजीवादी समाज, चिन्तन, संस्कृतिबाट नै हुर्केका व्यक्तिहरु रहने गरेका छन् । धनी किसान, जमिन्दार तथा मध्यम वर्गबाट नै नेतृत्व खडा भएको कारण सर्वहारा वर्गीय चिन्तन र व्यवहारमा कयौँ कमजोरीहरु देखापर्ने गरेका छन् । नेकपाको गठन प्रक्रियामा नै धनी किसान, जमिन्दार, किसान वर्गबाट आएका निम्न पूँजीवादी चिन्तन भएका कयौँ जना सहभागी भएका थिए । प्रारम्भमा प्रथम, द्वितीय महाधिवेशनबाट गठन गरिएको नेतृत्वमा धनी किसानको आधार क्षेत्रबाट आएका व्यक्तिहरु थिए । नेकपाबाट विभाजित भएका सबैजसो वामपन्थी घटकहरुमा पनि यस किसिमको नेतृत्वको बनोट र चयन रह्यो ।

## ९.४ प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान

नेपालको कम्युनिष्ट आन्दोलनले निरंकुश राजतन्त्र विरुद्धको संघर्ष र बहुदलीय व्यवस्थाको स्थापनामा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ अर्थात् प्रजातान्त्रिक आन्दोलनको अभिन्न अंगको रुपमा भूमिका निर्वाह गरेको छ । नेपालको कम्युनिष्ट आन्दोलनको एउटा धारको रुपमा रहेको नेकपा (मसाल) को पनि प्रजातान्त्रिक आन्दोलनमा उल्लेखनीय योगदान रहेको छ । खासगरी संविधानसभा र गणतन्त्रको नारामा करिव ६ दशक लामो अडान पनि यस पार्टी र नेतृत्वसँग जोडिएको इतिहासको महत्वपूर्ण पक्ष हो । नेकपा (मसाल) विक्रमको तीसको दशकमा पुनर्गठन गरिएको नेकपा (चौथो महाधिवेशन) को निरन्तरता हो । नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम सिंह, सन सत्तरीको दशकदेखि अधिकांशको रुपमा नेतृत्व नै रहेका छन् । उनी अविभाजित नेपाल कम्युनिष्ट

पार्टीको सन् १९५७ को द्वितीय महाधिवेशनदेखि केन्द्रीय सदस्य पनि रहेका थिए । नेकपाले संविधानसभाको नारालाई परित्याग गरेको समयमा मोहन विक्रमसिंह मात्र केन्द्रीय समितिमा संविधानसभाको पक्षमा रहेका थिए । १२ फरवरी १९६० (वि.सं. २०१७ को पुष १) को शाही घोषणाबाट प्रजातान्त्रिक प्रणालीको अन्त भएपश्चात् नेकपाको दरभंगा प्लेनममा मोहनविक्रम सिंहले संविधानसभाको पक्षमा केन्द्रीय समितिको तर्फबाट एक्लै अडान लिएका थिए । उनको अन्तिम सरकार, संविधानसभाको प्रस्ताव बहुमतले पारित भएको थियो ।

मोहनविक्रम सिंह, निर्मल लामाको नेतृत्वमा पुनर्गठन गरिएको केन्द्रीय न्युक्लियस, चौथो महाधिवेशनले पनि संविधानसभाको नारालाई अगाडि सारेको थियो । सन् १९९१ को पहिलो संसदीय चुनावलाई नेकपा (मसाल) ले संविधान सभाको माग गर्दै बहिष्कार गऱ्यो । अक्टुबर २००२ (वि.सं. २०५९ असोज १८) र फरवरी २००५ (०६१ माघ १९) ज्ञानेन्द्र शाहको प्रतिगामी कदम पश्चात् नेकपा (मसाल) ले निरंकुश राजत्नत्रको अन्त, संविधानसभा र गणतन्त्रको पक्षमा संघर्ष गरेको छ । जसले नेकपा (मसाल) को नेपालको प्रजातान्त्रिक आन्दोलनमा रहेको महत्वपूर्ण योगदानलाई नै बताउँछ । विभाजित नेकपाका विभिन्न धारहरुमा नेकपा (मसाल) ले राजतन्त्र प्रति सही, सटिक विश्लेषण गरेको देखिन्छ । यस पार्टीको उद्देश्य नयाँ जनवाद, समाजवाद, साम्यवाद भए तापनि नेकपा (मसाल) ले निरंकुश राजतन्त्रको तुलनामा वैधानिक राजतन्त्र, वैधानिक राजतन्त्रको तुलनामा लोकतान्त्रिक गणतन्त्रलाई प्रगतिशील बताएको छ । तत्कालको निम्ति बहुदलीय व्यवस्थाको सुदृढीकरणमा नै जोड दिएको छ । नेपालको राजनीतिक इतिहासा सन् १९५१ देखि नै राजनीतिक दल र राजतन्त्रका विरुद्धमा कुनै न कुनै किसिमको संघर्ष चलि नै रहेको देखिन्छ । इतिहासमा कयौं कम्युनिष्ट घटक र प्रजातान्त्रिक शक्तिहरुले राजतन्त्रका विरुद्धमा निर्ममतापूर्वक संघर्ष गर्न सकेनन् । तर नेकपा (मसाल) सैद्धान्तिक र व्यावहारिक रुपमा सही, स्पष्ट अडान राख्यो । यद्यपि नेकपा (मसाल) को संगठन, जनसमर्थनका दृष्टिकोणले अन्य राजनीतिक दलहरुको बराबरीको हैसियत राख्दैन । तर नेकपा (मसाल) ले गरेको राजनीतिक शक्तिहरुको विश्लेषण र अडान भने महत्वपूर्ण रहेका छन् । सन् १९९० को जनआन्दोलन को र सन् २००६ को जनआन्दोलन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेकपा (मसाल) ले पञ्चायती चुनावको निरन्तर बहिष्कार, निरंकुश राजतन्त्र र पञ्चायती व्यवस्थाका विरुद्धमा जनचेतना, जनजागरण तथा जनतालाई सचेत पार्नको निम्ति महतवपूर्ण भूमिका निर्वाह गरेको थियो ।

सन् १९९१ को संसदीय चुनावलाई बहिष्कार, संविधानसभाको मागलाई पनि नेकपा (मसाल) ले देश, काल र परिस्थिति अनुरुप उठाएको देखिन्छ । सन् १९९० को जनआन्दोलन पश्चात् संविधान सभाको चुनावालई अस्वीकार गरेका नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी) ले पनि अन्ततः संविधानसभालाई स्वीकार गर्नुपऱ्यो । नेकपा (माओवादी) ले पछिल्लो पटक संविधानसभालाई नै आफ्नो मुख्य नारा बनायो । अन्ततः नेपालको राजनीतिक इतिहासमा अप्रिल २००८ (वि.सं. २०६४ चैत्र २८) संविधानसभाको चुनाव भयो । २७ मई २००८ (वि.सं. २०६५ जेठ १४) संविधानसभाको पहिलो बैठकले राजतन्त्रको विदाई गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको युगान्तकारी फैसला गऱ्यो । यसरी नेकपा (मसाल) ले नयाँ जनवाद, समाजवाद, साम्यवादप्रति राणनीतिक दृढता देखाउँदै नेपालको प्रजातान्त्रिक आन्दोलन तथा राजतन्त्र अन्त, संविधासभाको चुनाव र गणतन्त्रको स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । २७ मई २००८ (वि.सं. २०६५ जेठ १४) नेपालबाट ऐतिहासिक रुपमा शाहवंशीय राजतन्त्रको विदाई भए पश्चात् नेकपा (मसाल) ले गणतन्त्रको सुदृढीकरण र राष्ट्रियताको रक्षामा जोड दिने कार्यनीति तय गरेको छ । जसको अर्थ तत्काल बहुदलीय व्यवसथालाई सुदृढ पार्नु नै हो ।

# सन्दर्भसामग्री


## दस्तावेज तथा घोषणापत्र

नेकपा (माओवादी) का ऐतिहासिक दस्तावेजहरु, वि.सं. २०६४, काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

पार्टी इतिहास सम्बन्धी प्रस्ताव, आश्विन, वि.सं. २०५०, नेकपा (मसाल) केन्द्रीय कार्यालय ।

संसदीय चुनाव बहिष्कारको घोषणा पत्र, वि.सं. २०४८, नेकपा (मसाल), केन्द्रीय कार्यालय ।

रातो तरवार, दस्तावेज विशेषाङ्क, अंक २, वि.सं. २०५९, श्रावण, नेकपा (मसाल) केन्द्रीय कार्यालय ।

राष्ट्रिय जनमोर्चाको चुनाव घोषणा पत्र, वि.सं. २०५५, काठमाडौँ, राजमो केन्द्रीय कार्यालय ।

विचार प्रवाह मतभेदहरुको सँगालो, वि.सं. २०६२, बुटवल, जनप्रकाश प्रा.लि. ।

## पुस्तकहरु

अधिकारी, भरतमोहन (संयोजक), *स्मारिका, सातौँ राष्ट्रिय महाधिवेशन,* वि.सं. २०५९, काठमाडौँ : नेकपा (एमाले) ।

आचार्य, भीमार्जुन *संविधान सभा प्रक्रिया र अनुभवहरु,* वि.सं. २०६३, काठमाडौँ : राष्ट्रिय शान्ति अभियान ।

एंगेल्स, मार्क्स, *कम्युनिष्ट पार्टीको घोषणापत्र* (हिन्दी संस्करण), सन् १९६०, मास्को : प्रगति प्रकाशन ।

कँडेल, पुष्पराज, *राज्यको पुन:संरचना अर्थराजनीतिक सन्दर्भ र संघीयताको प्रश्न,* वि.सं. २०६३, काठमाडौँ : एशिया पब्लिकेशन प्रा.लि. ।

के.सी., सुरेन्द्र, *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास,* वि.सं. २०५८, भोटाहिटी, काठमाडौँ : विद्यार्थी पुस्तक सदन ।

---, *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास,* भाग २, काठमाडौँ : विद्यार्थी पुस्तक सदन ।

ठाकुर, मिहिर कुमार, *नेपाली संविधान र राजनीति निर्णायक घटना र मोड,* वि.सं. २०५१, राजविराज : एम. आई. पब्लिकेशन ।

थापा, सूर्य, *नेपालमा राजतन्त्र र दलहरूबीचको संघर्ष,* वि.सं. २०६२, काठमाडौँ : नवयुग प्रकाशन प्रा. लि. ।

थापा, कृष्णबहादुर र अन्य, *आधुनिक नेपालको आर्थिक इतिहास,* वि.सं. २०५४, काठमाडौँ : नेपाल एशियाली अनुसन्धान केन्द्र ।

थापा, गोविन्द सिंह (सम्पा.), *नेपाली एकता दुई दशक विशेषाङ्क,* जुलाई २०००, नयाँ दिल्ली : अखिल भारत नेपाली एकता समाज ।

देवकोटा, ग्रीष्मबहादुर, *नेपालको राजनीतिक दर्पण* (भाग १), वि.सं. २०३६, काठमाडौँ : अर्जुन देवकोटा ।

न्यौपाने, लेखननाथ, *अखिल ज्ञान,* वि.सं. २०५६, काठमाडौँ : भिजन पब्लिकेशन ।

पुष्पलाल, *नेपाल कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास,* वि.सं. २०४६, काठमाडौँ : पुष्पलाल स्मृति प्रतिष्ठान ।

पोखेल, बलराम, *मोहनविक्रम सिंह : जीवनी र व्यक्तित्व,* वि.सं. २०५९, काठमाडौँ : प्रगति पुस्तक सदन ।

बोरीसोब, ये.फ. (सम्पा.), *समाज विज्ञान प्रवेशिका* (भाग २), सन् १९८७, मास्को : प्रगति प्रकाशन ।

मानेफ्रेव, प्रा. अ.ज., *संक्षिप्त विश्व इतिहास* (हिन्दी संस्करण), सन् १९८०, मास्को : प्रगति प्रकाशन ।

*महान् बहस,* (हिन्दी संस्करण), सन् १९९८, मुजफ्फरनगर ( उ.प्र.) : अन्तर्राष्ट्रिय प्रकाशन ।

*मार्क्स, एंगेल्स संकलित रचना* (भाग १), सन् १९७८, मास्को : प्रगति प्रकाशन ।

रावल, भीम, *नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास* (द्वितीय संस्करण), वि.सं. २०४७, काठमाडौँ : पैरवी प्रकाशन ।

रोहितका समसामयिक विचार संकलन, *जेलदेखि प्रजातन्त्रसम्म,* वि.सं. २०४७ भाद्र, काठमाडौँ : नेपाल मजदुर किसान संगठन ।

*लोप्चन स्मारिका,* वि.सं. २०६४, लोप्चन स्मृति प्रतिष्ठान ।

सिंह, मोहन विक्रम, *उग्रवामपन्थी भडकावको खण्डन,* वि.सं. २०५१, काठमाडौँ : निरन्तर प्रकाशन ।

---, *क्रान्ति वा भ्रान्ति,* वि.सं. २०५२, बुटवल : जनसाहित्य प्रकाशन ।

---, *पार्टी पुनःनिर्माणको समस्या,* वि.सं. २०६३, बुटवल : जनप्रकाशन
प्रा. लि. ।

---, *द्वितीय महाधिवेशनदेखि दरभंगा प्लेनमसम्म,* २०४७, गोरखपुर ( उ.प्र.) : जनशिक्षा गृह ।

---, *चार दशक* (भाग १), वि.सं. २०४९, काठमाडौँ : जनसाहित्य प्रकाशन ।

---, *चार दशक* ( भाग २), वि.सं. २०५६, काठमाडौँ : जनसाहित्य प्रकाशन ।

---, *माओवादी कथित जनयुद्ध र रिम,* वि.सं. २०६० काठमाडौँ : जनशिक्षा प्रकाशन गृह ।

ह्यु, सी.वाई., *द राइज अफ मोडर्न चाइना,* सन् २०००, न्यूयोर्क : अक्सफोर्ड ।

**पत्रपत्रिका**

काकत्यानी, सत्यम, "नेपालको वामपन्थी आन्दोलन : संक्षिप्त अध्ययन", वर्ष ७, पूर्णाङ्क १-५, वि.सं. २०६५, वामपन्थ, काठमाडौँ ।

के.सी, केदारसिंह (सम्पा.), *स्मारिका,* वि.सं. २०६४, असार, जनआन्दोलन शहीद परिवार तथा घाइते केन्द्रीय समन्वय समिति ।

के.सी, चित्रबहादुर "नेपाली कम्युनिष्ट आन्दोलनको अन्तर्विरोधबारे" संवाहक, वि.सं. २०६३, वैशाख, अंक ३, बुटवल : अनेरास्ववियु (एकीकृत) पश्चिमाञ्चल क्षेत्रीय समिति ।

गौतम, केदारनाथ "नेपाली कम्युनिष्ट आन्दोलन", *लाल रक्षक* मासिक, अंक २, वि.सं. २०६५ माग, फागुन ।

भट्टराई, बाबुराम (सम्पा.) "नेकपा भित्रको राजावादी धार" *झिल्को* त्रैमासिक, वि.सं. २०४७ ।

रणबहादुर "नेपालको जनआन्दोलन बारे" *मसाल,* वि.सं. २०४५ पौष/माघ, नेकपा (मसाल) को मुखपत्र ।

रेशम, "पार्टी क्लासका नोटहरु", *मसाल,* वि.सं. २०५५ भाद्र/ असोज, नेकपा (मसाल) को मुखपत्र ।

रायमाझी, केशजंग "कम्युनिष्ट राजनीति र सत्ताको अप्ठेरो", *समय* साप्ताहिक, जेठ १६, वि.सं. २०६४ ।

सिंह, मोहनविक्रमत्र "छैठौं महाधर्विशनको सैद्धान्तिक र राजनीतिक महत्व", *मसाल,* वि.सं. २०५१, अंक ३६, नेकपा (मसाल) को मुखपत्र ।

"अन्तर्राष्ट्रिय सम्पर्कको विस्तार" *मसाल,* वि.सं. २०५६, पौष/माघ, नेकपा (मसाल) को मुखपत्र ।

"छैठौं महाधिवेशन जिन्दावाद", *मसाल छैठौ महाधिवेशन विशेषाङ्क*, अंक ३६, ७ आषाढ, वि.सं. २०५१ ।

"डेक्लारेजेशन अफ रिम" अ वर्ल्ड टु विन, जनवरी, अंक २०, सन् १९९५, रिमको मुखपत्र, पृष्ठ १३ ।

"पार्टी एकताको लागि ठोस पहलकदमी उठाऔँ" *मसाल,* वि.सं. २०५७, आषाढ-श्रावण, नेकपा (मसाल) को मुखपत्र ।

"नेहरुलाई नेकपाको खुलापत्र", *कम्युनिष्ट* मासिक, वर्ष ३, अंक १, वि.सं. २०५५ श्रावण-भदौ ।

## अन्तर्वार्ता

सिंह, मोहनविक्रम "माओवादीलाई सत्तामा लैजानु दरबारका लागि सम्भव थिएन" चन्द्रसूर्य माकि, वर्ष १, अंक १, वि.सं. २०६० असोज ।

# परिशिष्ट

1. छैठौं महाधिवेशनको सर्कुलर, वि.सं. २०५१, नेकपा (मसाल)
2. नेहरुका नाम कम्युनिष्ट पार्टीको खुला पत्र
3. मतभेद सम्बन्धी संयुक्त दस्तावेज, वि.सं. २०५९, नेकपा (मसाल) र नेकपा (एकता केन्द्र)